वार्षिक प्रतिवेदन

आ.व. २०७७-२०७८

राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

राष्ट्रिय मानव अधिकार आयोगको
वार्षिक प्रतिवेदन
(२०७७–२०७८)

राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर

आयोगका पदाधिकारीहरू

अध्यक्ष

मा. तप बहादुर मगर

सदस्यहरू

मा. डा. सूर्य ढुङ्गेल

मा. मिहिर ठाकुर

मा. मनोज दुवाडी

मा. लिली थापा

का.मु. सचिव

मुरारिप्रसाद खरेल

प्रकाशक : राष्ट्रिय मानव अधिकार आयोग
पो.ब.न. ९१८२, काठमाडौं, नेपाल
प्रकाशन मिति : मङ्सिर, २०७८
प्रकाशन प्रति : १०००
प्रतिवेदन न : २८४ /२०७८ (केन्द्रीय कार्यालय)
मुद्रण :
सर्वाधिकार : राष्ट्रिय मानव अधिकार आयोग

संयोजन/लेखन :
कैलाशकुमार सिवाकोटी
पवन भण्डारी

आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई पुन:उत्पादन एवम् मुद्रण गर्ने गरी संग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको संरक्षण, संवर्धन र यसको सुनिश्चित कार्यान्वयको लागि राष्ट्रिय संस्थाको रूपमा स्थापित स्वतन्त्र र स्वायत्त संवैधानिक निकाय हो । स्थापनाकालदेखि आयोग नै मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र संस्कृति विकासको लागि क्रियाशील रहिआएको छ । संविधान, ऐन र आयोगबाट निर्मित रणनीतिक योजनाको परिधिभित्र रही यसले आफना कार्यक्रमहरू सम्पादन गर्दै आएको छ । संविधानको धारा २४९ (१) (३) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा आयोगको काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिएको छ ।

राज्यलाई मानव अधिकारको संरक्षक तथा अविभावकको रूपमा हेरिन्छ । अतः मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र परिपूर्ति गर्ने पहिलो दायित्व राज्यमाथि रहेको हुन्छ । मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पक्षराष्ट्र हो । हाल नेपाल संयुक्त राष्ट्रसङ्घीय निकायको रूपमा रहेको मानव अधिकार परिषद्को सदस्य पनि रहेको छ । यस अर्थमा नेपालको राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय दायित्व रहेको हुन्छ । राज्यले निर्वाह गर्नुपर्ने दायित्वलाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज र राष्ट्रिय कानुनहरूमा पनि उल्लेख गरिएको छ । यस सम्बन्धमा राज्य आफ्नो दायित्वबाट चुकेको अवस्थामा उसलाई जिम्मेवार बनाउनु आयोगको कर्तव्य हो । संविधानतः यो दायित्व आयोगको काँधमा रहेको छ । संविधान, कानुन र रणनीतिक योजनामा आधारित भई आयोगले मानव अधिकारको सवालमा सरकारसँग आश्यकताअनुसार साझेदारी र खबरदारी गर्दै आएको छ ।

नेपालको संविधानको धारा २९४ (१) मा संवैधानिक निकायले आफूले गरेको कामकारबाहीसम्बन्धी वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने प्रावधान छ । यस आयोगबाट पनि सोहीअनुरूप प्रतिवेदन पेस हुँदै आएको छ । प्रतिवेदनभित्र विशेषतः आयोगमा वार्षिक रूपमा परेका उजुरी, ती उजुरीउपर छानबिन, अनुसन्धान विवरण, सरकारलाई गरेका सिफारिस आदि समावेश गर्नुपर्ने व्यवस्था छ । यसका अतिरिक्त मानव अधिकारको संरक्षण र संवर्धनका लागि भविष्यमा गर्नुपर्ने सुधारसम्बन्धी विवरणहरू प्रतिवेदनमा समावेश गर्नुपर्ने उल्लेख छ । यस आ.व.को वार्षिक प्रतिवेदन पनि मुलुकको मानव अधिकार अवस्था, आयोगबाट सम्पादित कामकारबाहीलाई समावेश गर्ने प्रयत्न गरिएको छ ।

विगत वर्षमा झैँ यस आर्थिक वर्षमा पनि मानव अधिकारको संरक्षण र संवर्धनको क्षेत्रमा विविध कार्यक्रम भएका छन् । विशेषतः उजुरी ग्रहण, मानव अधिकार अवस्था अनुगमन र उजुरीमाथि अनुसन्धान सम्पन्न भएका छन् । अनुसन्धान गरिएको उजुरीहरूमाथि निर्णय गरी सिफारिस गरिएको छ । यसको साथै तालिम, गोष्ठी, अन्तर्क्रिया, छलफलजस्ता संवर्धनसम्बन्धी कार्यक्रमले निरन्तरता पाएका छन् । मानव अधिकारमैत्री कानुन निर्माण, पुनरावलोकन वा संशोधनको लागि कार्यहरू भइरहेका छन् । विविध विषयगत प्रतिवेदन,

पुस्तिका र जर्नल प्रकाशन गर्नुको साथै प्रेस-नोट र प्रेस-विज्ञप्तिमार्फत मानव अधिकारका विविध विषयमा चासो र चिन्ता व्यक्त गरिएको छ । यसको साथै सञ्चारमाध्यममार्फत आयोगको धारणा सार्वजनिक गर्ने, मानव अधिकारसम्बन्धी सार्वजनिक सरोकारका सन्देशमूलक सामग्रीहरू प्रकाशन र प्रसारणजस्ता कार्यले निरन्तरता पाएका छन् । यस वर्ष आयोगले गरेको अर्को महत्त्वपूर्ण कार्य भनेको छैटौँ रणनीतिक योजनाको निर्माण हो ।

मानव अधिकारको सम्मान, संरक्षण र संस्कृति विकासको लागि आयोगले यस आ.व.मा पनि आवश्यकता र औचित्यताको आधारमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सरोकारवालाहरूसँग सहकार्य र समन्वयमा कार्य सम्पन्न गरेको छ । विशेषत: संसदीय समिति, नेपाल सरकार, संवैधानिक निकाय, राजनीतिक दल, नागरिक समाज, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा कार्यरत गैसस एवम् मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था र दातृ निकायहरूसँगको सहकार्य निरन्तर चलिरहेको छ ।

अहिले मुलुक सङ्घीय संरचनाअनुरूप सञ्चालित छ । सङ्घ, प्रदेश र स्थानीय तहमा सरकार निर्माण भई संविधान कार्यान्वयनमा गइसकेको छ । मौलिक हकसम्बन्धी अधिकांश कानुनहरू निर्माण भइसकेका छन् । सरकारद्वारा पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा आइसकेको छ । यी विविध पाटोलाई हेर्दा नीतिगतरुपमा सन्तोष गर्ने ठाउँ छ ।

यी सकारात्मक प्रयत्नका बाबजुद् पनि मानव अधिकारको संरक्षणमा प्रशस्त चुनौतीहरू देखिएका छन् । शान्ति-प्रक्रिया (सङ्क्रमणकालीन न्याय) लाई निष्कर्षमा पुऱ्याउने सरकारी प्रतिबद्धताले अहिले पनि मूर्तरूप लिन नसकेको अवस्था छ । लामो समय व्यतित हुँदा पनि पीडितले न्याय पाउन सकेका छैनन् । मौलिक हकसँग सम्बन्धित कानुनको निर्माण गरिए पनि सबै नियमावलीहरु बन्न सकेको अवस्था छैन ।

सङ्घीय संरचनाअनुसार आयोगले २०७५ असार ८ मा तय गरेको आयोगको साङ्गठानिक संरचना अहिले पनि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा छलफलमा छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई आयोगको स्वतन्त्रता र स्वायत्तताको मर्मलाई सम्बोधन हुने गरी समयसापेक्ष सम्बोधन गर्न ढिलाइ भइसकेको छ ।

नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायत समग्र मानव अधिकारको कार्यान्वयन अवस्था अपेक्षित मात्रामा सन्तोषजक देखिएको छैन । समाजमा जातीय भेदभावको विद्यमानता, स्वास्थ्य सेवामा सबैको पहुँच नहुनुबाट संविधान प्रदत हक प्रचलनमा अझै सहज वातावरण बन्न नसकेको आभास हुन्छ । वैदेशिक रोजगारमा गएकाहरूमाथि भएको श्रम शोषण, बढ्दो घरेलु हिंसा आदि कारण जनजीवनमा असहज अवस्था छ । सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, अल्पसङ्ख्यक, जेष्ठ नागरिकको, अधिकारको संरक्षणमा राज्यले विशेष ध्यान दिन सकेको छैन । फलत: ती वर्ग एवम् समुदायका अधिकारहरू व्यवहारत: सुरक्षित हुन सकेका छैनन् ।

यस आर्थिक वर्षमा कोभिड १९ महामारीको कारण पनि अपेक्षित कार्यक्रमहरू सम्पन्न हुन सकेनन् । भौतिक रूपमा सम्पन्न हुनुपर्ने कतिपय कार्यक्रम जुमविधिमार्फत सम्पन्न भएका छन् । यी विविध चुनौतीबीच पनि मानव अधिकारको संरक्षण र संवर्धनात्मक प्रकृतिका कार्यहरूबाट विभिन्न उपलब्धिहरू हासिल गरेको

छ । यस आ.व.मा मानव अधिकार उल्लङ्घन भएको भनी आयोगमा जम्मा १८६ उजुरीहरू दर्ता भएका छन् । आयोगमा दर्ता भएका र दर्ता गरिएका पुराना र नयाँ गरी २६० उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ । मानव अधिकारको अवस्था एवम् विविध विषयमा २१२ अनुगमन सम्पन्न भएका छन् । अनुसन्धान गरिएका उजुरीमाथि जम्मा १८८ निर्णय भएका छन् । आयोगबाट "सबैको लागि घर-घरमा मानव अधिकार: शान्ति र विकासको आधार" भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखी संवर्धनसम्बन्धी जम्मा १३८ कार्यक्रम भएका छन् । यस अवधिमा आयोगबाट २४ प्रकाशन, ४८ प्रेस विज्ञप्ति र २० प्रेस नोट जारी गरिएका छन् ।

उल्लिखित उपलब्धि हासिल भए पनि आयोग अहिले पनि चुनौतीको बीचमा छ । आयोगका सिफारिस पूर्णत: कार्यान्वयन हुन सकेका छैनन् भने सरकारबाट अपेक्षित सहयोग प्राप्त नभएको अवस्था छ । भूकम्पबाट क्षतिग्रस्त आयोगको केन्द्रीय कार्यालयको भवन निर्माण हुन नसक्दा सबै प्रदेश कार्यालयहरु भाडामा रहेकोले कार्य सम्पादनमा कठिनाइ हुँदै आएको छ । विद्यमान चुनौतीलाई सम्बोधन गर्न आयोगले सरकार एवम् सरोकारवालाहरूलाई घच्घच्याइरहेको छ । यी चुनौतीका बीच पनि आयोग सविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित भई विगतको अनुभवबाट सिक्दै आफ्ना कामकारबाहीहरूलाई समयानुकूल अगाडि बढाइरहेको अवस्था छ ।

अन्त्यमा, आयोगलाई प्राप्त सहयोग र सद्भावप्रति राष्ट्रपति कार्यालय, संसद्, सरकार, राजनीतिक दल, नागरिक समाज, मानव अधिकार समुदाय, सञ्चारजगत, पेशाव्यावसायी सबैप्रति आभार व्यक्त गर्दछु । त्यसैगरी अन्तर्राष्ट्रिय सङ्घसंस्था, कुटनीतिक निकाय, दातृ निकायप्रति पनि धन्यवाद ज्ञापन गर्दछु । मेरा सहकर्मी माननीय सदस्यहरू, आयोगका सचिव, सहसचिव, अधिकृत एवम् सम्पूर्ण कर्मचारीहरूप्रति पनि कृतज्ञ छु । आयोगलाई आगामी दिनमा पनि सबै पक्षबाट निरन्तर सहयोग रहिरहने छ भन्ने अपेक्षा एवम् विश्वास लिएको छु ।

धन्यवाद !

तप बहादुर मगर
अध्यक्ष

सङ्क्षिप्त रूप

अअ	–	अनुसन्धान अधिकृत
आव	–	आर्थिक वर्ष
आसासांअ	–	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
इप्रका	–	इलाका प्रहरी कार्यालय
उअ	–	उच्च अदालत
ऐ	–	ऐजन
ऐऐ	–	ऐजन-ऐजन
उमनपा	–	उपमहानगरपालिका
उमावि	–	उच्च माध्यमिक विद्यालय
उवाम	–	उद्योग वाणिज्य महासङ्घ
काजि	–	काठमाडौं जिल्ला
काजिअ	–	काठमाडौं जिल्ला अदालत
कामनपा	–	काठमाडौं महानगरपालिका
किमि	–	किलोमिटर
केका	–	केन्द्रीय कार्यालय
कोलेनिका	–	कोष तथा लेखा नियन्त्रण कार्यालय
गापा	–	गाउँपालिका
गैसस	–	गैरसरकारी संस्था महासङ्घ
चन	–	चलानी नम्बर
जक	–	जबरजस्ती करणी
जिअ	–	जिल्ला अस्पताल
जिजका	–	जिल्ला जनस्वास्थ्य कार्यालय
जिशिअ	–	जिल्ला शिक्षा अधिकारी
जिशिका	–	जिल्ला शिक्षा कार्यालय
जिसस	–	जिल्ला समन्वय समिति
नपा	–	नगरपालिका
नविस	–	नगर विकास समिति
नेकपा (नेकपा)	–	नेपाल कम्युनिष्ट पार्टी
नेका	–	नेपाली काङ्ग्रेस

नेपम	–	नेपाल पत्रकार महासङ्घ
नेवाए	–	नेपाल बार एशोसिएसन
नं	–	नम्बर
प्रअ	–	प्रधानाध्यापक
प्रका	–	प्रदेश कार्यालय
प्रज	–	प्रहरी जवान
प्रजिअ	–	प्रमुख जिल्ला अधिकारी
प्रका	–	प्रदेश कार्यालय
प्रशाका	–	प्रदेश शाखा कार्यालय
प्रनामनि	–	प्रहरी नायव महानिरीक्षक
प्रस	–	पत्र सङ्ख्या
प्रसनि	–	प्रहरी सहायक निरीक्षक
प्रह	–	प्रहरी हवल्दार
प्रावि	–	प्राथमिक विद्यालय
भूपू	–	भूतपूर्व
मनपा	–	महानगरपालिका
मबाका	–	महिला तथा बालबालिका कार्यालय
मविअ	–	महिला विकास अधिकृत
मा	–	माननीय
माअअ	–	मानव अधिकार अधिकृत
माावि	–	माध्यमिक विद्यालय
राप्रपा	–	राष्ट्रिय प्रजातन्त्र पार्टी
रु.	–	रुपियाँ
वप्रका	–	वडा प्रहरी कार्यालय
सअ	–	सर्वोच्च अदालत
क्षेका	–	क्षेत्रीय कार्यालय
क्षेनि	–	क्षेत्रीय निर्देशक

विषयसूची

विषय	पेज न.
आयोगको वार्षिक कार्य-विवरण: एक झलक	१
परिच्छेद–१	
आयोग, साङ्गठनिक संरचना एवम् काम, कर्तव्य र अधिकार	३
परिच्छेद–२	
मानव अधिकारको अवस्था	६
परिच्छेद–३	
आयोगबाट सम्पादित कार्यहरू	३४
परिच्छेद–४	
प्रदेशगतरूपमा मानव अधिकारको अवस्था	५९
परिच्छेद–५	
आयोग र सरोकारवालाहरूबीच सम्बन्ध	९७
परिच्छेद–६	
उपलब्धि, चुनौती, समाधानका उपाय र भावी कदमहरू	१०३
अनुसूचीहरू	
अनुसूची–१	
साङ्गठनिक संरचना तालिका	११२
अनुसूची–२	
आयोगका पदाधिकारी र कर्मचारीहरू	११३
अनुसूची–३	
आ.व. २०७७/७८ मा आयोगमा परेका उजुरीहरू	१२२
अनुसूची–४	
प्रदेशगतरूपमा सम्पादित कार्यहरू	१२६
अनुसूची–५	
आयोगका प्रकाशनहरू	१९६
अनुसूची–६	
आयोगबाट जारी प्रेस-विज्ञप्ति/पेस- नोटहरू	१९७
अनुसूची–७	
आयोगको वार्षिक आयव्यय विवरण	२०३

आयोगको वार्षिक कार्य-विवरण : झलक

आयोगको वार्षिक कार्य-विवरण : झलक

क्र. स.	कामको प्रकृति	सङ्ख्या	विषय	कैफियत
१. मानव अधिकार संरक्षण				
१.१	उजुरी	१८६	• राजनीतिक तथा नागरिक अधिकार • आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार • यातनाविरुद्धको अधिकार • महिला अधिकार • बाल अधिकार • जातीय विभेदविरुद्धको अधिकार • अपाङ्गता भएका व्यक्तिको अधिकार • व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको अधिकार • आप्रवासी कामदार र तिनका परिवारको अधिकार	
१.२	अनुगमन	२१२	• राजनीतिक तथा नागरिक अधिकार: समग्र मानव अधिकार अवस्था, कैदीबन्दीहरूको अधिकार, न्याय-प्रशासन, आदि । • आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार: स्वास्थ्यको अधिकार, वातावरणको अधिकार, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो)-बाट विस्थापितहरूको अधिकार, आदि । • ज्येष्ठ नागरिक, महिला, बालबालिका, जातीय विभेद/सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अधिकार, मानव बेचबिखनको अवस्था आदि ।	

१.३	अनुसन्धान	२६०	• नागरिक तथा राजनीतिक अधिकार: जीवनको अधिकार, यातना, बेपत्ता, बलात्कार • आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार: विस्थापित, पुन:स्र्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति, • महिला अधिकार, बाल अधिकार, जातीय विभेदविरुद्धको अधिकार आदि ।	
१.४	निर्णय	१८८	राजनीतिक तथा नागरिक अधिकार, न्याय-प्रशासन, अपहरण, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातना, जातीय विभेद, महिला अधिकार, आदि ।	
२. **मानव अधिकार संवर्धन**				
२.१.	प्रशिक्षाण, अन्तरक्रिया, छलफल, गोष्ठी, तालिम, सचेतना, प्रभातफेरि, प्रदर्शनी आदि	१३८	मानव अधिकारको अवस्था, शान्ति-सुरक्षा, बेपत्ता पारिएका व्यक्तिको अधिकार, सङ्क्रमणकालीन न्याय, खाद्य अधिकार, स्थानीय तहमा विवाद निरूपण, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, बाल अधिकार, महिला अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, कोभिड १९ र स्वास्थ्य अधिकार, ज्येष्ठ नागरिकको अधिकार, अल्पसङ्ख्यकको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारको अधिकार, सामूहिक अधिकार आदि ।	
३. **प्रकाशन**				
३.१	प्रतिवेदन/ जर्नल	२४	प्रतिवेदन, पुस्तिका, जर्नल आदि	
३.२	प्रेसविज्ञप्ति/ प्रेसनोट	४८/२०	मानव अधिकारका विविध विषयहरू	
४. **मानव संसाधन**				
४.१	अध्यक्ष/सदस्य	१/४		
४.२	कर्मचारी	२२७	आयोगका सम्पूर्ण कार्यालयमा कार्यरत	

आयोग, साङ्गठनिक संरचना एवम् काम, कर्तव्य र अधिकार

१.१ आयोगको पृष्ठभूमि

विश्वव्यापी रूपमा मानव अधिकारको विकास दोस्रो विश्वयुद्धपछि भए पनि राष्ट्रिय र क्षेत्रीय स्तरमा यसको विकास त्यसभन्दा अगाडिबाट नै भएको पाइन्छ । नेपालमा मानव अधिकारका मुद्दाहरू कुनै न कुनै रूपमा विगतदेखि नै उठ्दै आएका थिए र उठिरहेका छन् । संवैधानिक रूपमा भने नेपाल सरकार वैधानिक कानुन २००४ बाट यसको सम्बोधन भएको मान्न सकिन्छ । नेपालको अन्तरिम विधान, २००७, नेपाल अधिराज्यको संविधान, २०१५ तथा नेपालको संविधानमा मौलिक हकका रूपमा मानव अधिकारसँग प्रत्यक्ष/अप्रत्यक्ष जोडिएका कतिपय मुद्दालाई स्थान दिएको पाइन्छ । सक्रिय राजतन्त्रात्मक पञ्चायती शासन व्यवस्था लागु भएपछि मानव अधिकारका मुद्दा ओझेलमा पर्नु स्वाभाविकै थियो । वि.स. २०१९ मा जारी संविधानमा मौलिक हकसम्बन्धी व्यवस्था गरिए पनि दलीय स्वतन्त्रतलाई कुनै पनि स्थान थिएन । त्यस विषम् परिस्थितिमा पनि न्यायिक निकायबाट मानव अधिकारको संरक्षण एवम् संवर्धन हुने प्रकृतिका कतिपय विशेष फैसलाहरू भएका थिए, जसबाट मानव अधिकारको संरक्षण र संवर्धनमा एक हदसम्म टेवा पुगेको थियो । यसबीचमा प्रजातन्त्र र मानव अधिकारका लागि भनी राजनीतिक दल, तिनका भातृ सङ्गठन, पेसा-व्यावसायिक सङ्घ-सङ्गठनहरूबाट विभिन्न स्वरूपमा प्रयत्नहरू गरिएको पाइन्छ ।

वि.स. २०४६ को जनआन्दोलनबाट पञ्चायती व्यवस्थाको अन्त्यपछि जारी नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा पहिलो पटक मानव अधिकार शब्दावली समावेश गरियो । नेपालको अन्तरिम संविधान, २०६३ र वर्तमान संविधानले पनि यसलाई निरन्तरता दिइएको छ । मौजुदा नेपालको संविधानको मौलिक हकसम्बन्धी भागमा विगतका संविधानमा उल्लिखित राजनीतिक अधिकारको अलावा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ । मौलिक अधिकारको प्रचलनमा अवरोध आएको खण्डमा अदालतको असाधारण क्षेत्राधिकारमार्फत न्यायिक उपचार प्राप्तिको स्पष्ट व्यवस्था संविधानमा नै गरिएको छ । यसको साथै संविधानमा नै नागरिकका कर्तव्यसमेतलाई किटान गरिएको छ ।

सन् १९४६ देखि नै संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्मा मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको आवश्यकताको सम्बन्धमा विभिन्न तह र चरणमा छलफल चलेको थियो । अन्ततः निकै लामो प्रयत्नपछि सन् १९९१ को संयुक्त राष्ट्रसङ्घको आह्वानमा पेरिसमा सम्पन्न बृहत् अन्तर्राष्ट्रिय सम्मेलनले आत्मसात गरेका कार्यहरुलाई संयुक्त राष्ट्र संघको महासभाले सन् १९९३ मा मूर्तरूपम दियो । सम्मेलनमार्फत सदस्य राष्ट्रहरूलाई राष्ट्रिय तहमा मानव अधिकारसम्बन्धी संस्थाहरू स्थापनाको लागि विशेष आग्रह गरिएको थियो । त्यस प्रकृतिका संस्थाहरूको चरित्र स्वतन्त्र, स्वायत्त, सक्षम, बहुलतामा आधारित हुनुपर्ने लगायतका प्रावधान समावेश गरिएको थियो, जसलाई पेरिस सिद्धान्त पनि भनिन्छ । नेपालको राष्ट्रिय मानव अधिकार आयोग यही सिद्धान्तको जगमा स्थापित एक स्वतन्त्र र स्वायत्त निकाय हो ।

वि.स. २०४६ मा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् मानव अधिकारसम्बन्धी चर्चा-परिचर्चा भए पनि राज्यको तहमा राष्ट्रिय संस्थाको स्थापनासम्बन्धी मुद्दा प्राथमिकता पर्न सकेन । यसको विशेषत: अधिकारकर्मी, कानुन-व्यावसायी, सञ्चारजगत्, नागरिक समाज, बौद्धिक समुदाय तथा पेसागत सङ्घसंस्थाहरू सक्रिय हुन पुगे । मुद्दामा केन्द्रित रही बहस, छलफल, अन्तर्क्रियाको साथै दबाबमूलक कार्यक्रमहरूसमेत आयोजना हुन थाले । अन्तत: तत्कालीन प्रतिनिधिसभाका माननीय सदस्यबाट पेस भएको निजी (प्राइभेट) विधेयकले ऐनको रूपमा आएपछि मानव अधिकार आयोग ऐन, २०५३ जारी भयो । सरकारी उदाशीनताको कारण ऐन जारी भएको करिब ४ वर्षसम्म पनि आयोग को गठन हुन सकेन । शान्तिपूर्ण आन्दोलन, सञ्चारमाध्यमको खबरदारी, अन्तर्राष्ट्रिय समुदायको चासो र सरोकार निरन्तर चली नै रह्यो । विविध प्रयत्नका बावजुद् पनि आयोग स्थापना हुन नसकेपछि गठनको माग गर्दै सम्मानित सर्वोच्च अदालतमा रिट दर्ता हुन पुग्यो । प्रस्तुत रिटमाथिको सुनुवाइ गर्दै अदालतबाट विपक्षीको नाममा वि.सं. २०५६ मा परमादेश जारी भयो । अन्तत: २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना हुन पुग्यो ।

मानव अधिकार आयोग ऐन २०५३ द्वारा स्थापित आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ द्वारा संवैधानिक अङ्गका रूपमा स्तरोन्नति गरियो । नेपालको मौजुदा संविधानले उक्त व्यवस्थालाई निरन्तरता दिएको छ । संविधानको धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी नियुक्ति र कार्यादेश तोकिएको छ । सो कार्यादेशबमोजिम आयोगले वर्षभरि गरेका कार्यहरू समावेश गरी राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेस गर्ने दायित्व धारा २९४ मा उल्लेख छ ।[1]

यो वार्षिक प्रतिवेदन संविधान, ऐन र आयोगको रणनीतिक योजनाभित्र रही तयार पारिएको छ । प्रस्तुत प्रतिवेदनलाई ७ परिच्छेद र ७ अनुसूचीमा विभक्त गरिएको छ । प्रतिवेदनमा मूलत: मानव अधिकार अवस्था, आयोगमा परेका उजुरी, उजुरीउपर अनुसन्धान, अनुगमन, संवर्धन, आयोगका निर्णय, सिफारिस आदिसम्बन्धी कार्यहरूको विवरण समावेश छ । यसको साथै आयोगको सम्बन्ध, उपलब्धि, चुनौती र भावी कदमहरूको चर्चा गरिएको छ । संविधानत: सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरी सङ्घीय संसद्मा छलफल गर्ने प्रयोजनका लागि समेत प्रतिवेदन तयार गरिएको हो ।

१.२. साङ्गठनिक संरचना

संविधानको धारा २८३ ले संवैधानिक अङ्ग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गरिनेछ भनी उल्लेख गरेको छ ।[2] संविधानको धारा २४८ बमोजिम आयोगमा अध्यक्ष १ र ४ जना

---

1. धारा २९४.संवैधानिक निकायको वार्षिक प्रतिवेदन: (१) यस संविधानबमोजिमका संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन सङ्घीय संसद्समक्ष पेस गर्न लगाउने छ ।
   (२) उपधारा १ बमोजिम वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू सङ्घीय कानुनबमोजिम हुनेछ ।
   (३) उपधारा (१) जुनसुकै कुरा लेखिएको भए पनि संवैधानिक निकायले प्रत्येक प्रदेशको कामकारबाहीको सम्बन्धमा अलग-अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्नेछ ।
2. धारा २८३. समावेशी सिद्धान्तबमोजिम नियुक्ति गर्नुपर्ने: संवैधानिक अङ्ग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गरिनेछ ।

सदस्य गरी ५ जना पदाधिकारी रहने प्रावधान छ । विगतमा आयोगअन्तर्गत १ केन्द्रीय कार्यालय, ५ क्षेत्रीय र ३ उपक्षेत्रीय गरी ९ कार्यालय रहेका थिए । मुलुक सङ्घीय प्रणालीमा गएपछि आयोगले पनि सोहीअनुरूप साङ्गठनिक संरचना तयार गरी नेपाल सरकारसमक्ष स्वीकृतिको लागि पठाइएको छ ।[3] हाल आयोगमा केन्द्रीय कार्यालय ललितपुरसहित विराटनगर, जनकपुर, सानेपा, पोखरा, बुटवल, धनगढीमा प्रदेश कार्यालयहरू रहेको अवस्था छ । सुर्खेतमा खोल्ने भनिएको प्रादेशिक कार्यालय सञ्चालनमा ल्याउन सकिएको छैन । यसको साथै खोटाङ, नेपालगञ्ज र जुम्लामा प्रदेश शाखा कार्यालयहरू सञ्चालनमा रहेका छन् । जम्मा ३०९ जना कर्मचारीको दरबन्दी रहेकोमा यस आवमा आयोगमा रहेका कर्मचारी सङ्ख्या २२७ रहेको छ । र आयोगको साङ्गठनिक संरचना र यस आवमा आयोगमा कार्यरत कर्मचारीहरूको विवरण क्रमशः अनुसूची १ र २ मा राखिएको छ ।

१.३. आयोगको काम, कर्तव्य र अधिकार

नेपालको मौजुदा संविधानको धारा २४९ मा 'मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।' भनी उल्लेख गरिएको छ । मानव अधिकारको संवर्धन र संरक्षण गर्नु राज्यको प्राथमिक दायित्व मानिन्छ । राज्यले यस दायित्व सन्तोषजनक रूपमा निर्वाह नगरेको अवस्थामा आयोगले नेपालको राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा संविधान र ऐनमा उल्लिखित कार्यदेशभित्र रही राज्यलाई सजग र उत्तरदायी बनाउन प्रयत्नशील रहनुपर्दछ । फलतः आयोगबाट मानव अधिकार संरक्षण/संवर्धन, कानुनसम्बन्धी कार्यमा केन्द्रित रही आएको छ । संरक्षणअन्तर्गत उजुरी ग्रहण, अनुगमन, उजुरीमाथि अनुसन्धान, मानव अधिकार उल्लङ्घनका दोषीउपर कारबाही तथा मुद्दा चलाउन सिफारिसलगायतका कार्यहरू हुने गर्दछन् । मानव अधिकारको संवर्धनका सम्बन्धमा आयोगबाट कार्यक्रमहरू सम्पादन गरिन्छ । राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा आवश्यकता एवम् विषयवस्तुको गाम्भीर्यताको आधारमा सहकार्यमा समेत कार्यक्रमहरू सम्पन्न हुन्छन् । यसमा सचेतना अभिवृद्धि, छलफल, बैठक, तालिम, प्रशिक्षण, गोष्ठी तथा सभा-सम्मेलन, भ्रमण/अनुभव आदानप्रदान, प्रकाशन/प्रसारण, प्रेसविज्ञप्ति विधि अवलम्बन गरिन्छ । मानव अधिकारमैत्री कानुन निर्माणमा पनि आयोगको भूमिका रहेको छ । मानव अधिकारसँग सम्बन्धित कानुन निर्माण, पुनरावलोकन र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको नेपाल पक्ष बन्नुपर्ने कारणसहित सरकारसमक्ष सिफारिसहरू गर्ने दायित्व आयोगलाई रहेको छ ।

3. मिति २०७५ असार ८ मा बसेको आयोगको बैठकले आयोगको साङ्गठनिक संरचनालाई सङ्घीय ढाँचामा परिवर्तन गरी स्वीकृतिको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाएको थियो । प्रदेश कार्यालय र प्रदेश शाखा कार्यालयको व्यवस्था गरिएको सो साङ्गठनिक संरचना नेपाल सरकारबाट हालसम्म पनि स्वीकृत हुन नसकेको अवस्था छ ।

परिच्छेद-२

मानव अधिकारको अवस्था

मानव अधिकार विश्वव्यापी प्रकृतिको हुन्छ । मानव अधिकारको सम्मान, संरक्षण र परिपालन गर्ने सन्दर्भमा पक्षराष्टका राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय दायित्व रहेको हुन्छ । संयुक्त राष्ट्रसङ्घको सदस्य, मानव अधिकारसम्बन्धी विभिन्न महासन्धिको पक्षराष्ट्र, लोकतान्त्रिक मुलुकको हैसियतमा मानव अधिकारमैत्री कानुन निर्माण, संशोधन र कार्यान्वयनको अभिभारा मूलत: राज्य/सरकारमा रहेको हुन्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व सम्बन्धमा यहाँ सङ्क्षेपमा उल्लेख गर्ने प्रयत्न गरिएको छ ।

राष्ट्रिय दायित्व

राज्य/सरकारलाई सम्पूर्ण नागरिकको अविभावकको रूपमा चित्रण गरिन्छ । मानव अधिकारको संरक्षाक, परिपालक र परिपूर्तिकर्ता पनि हो, । अत: लोकतान्त्रिक प्रणालीमा मानव अधिकारको सम्मान, संरक्षाण, संवर्धन र परिपूर्ति गर्नु राज्यको दायित्वभित्र पर्दछ । संविधान, ऐन, नीति, नियम मानव अधिकारमैत्री हुनु एउटा पक्ष हो भने प्रभावकारी कार्यान्वयन अर्को पाटो हो । मानव अधिकार सिद्धान्त वा प्रतिबद्धताभन्दा पनि व्यवहारत: देखिनुपर्ने हुन्छ । संविधानको प्रस्तावनाले नै मानव अधिकारको सकारात्मक चित्रण गरेको पाइन्छ । विशेषत: सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य, बहुजाति, बहुभाषा, बहुधर्म, भौगोलिक विविधयुक्त विशेषतालाई आत्मसात गरी सामाजिक एवम् सांस्कृतिक एकतामा जोड दिइएको छ । आर्थिक समानता, समृद्धि र सामाजिक न्यायलाई सम्बोधन गर्न समानुपातिक समावेशी सिद्धान्तलाई अवलम्बन गरिएको पाइन्छ । प्रतिस्पर्धामा आधारित लोकतान्त्रिक शासन-प्रणाली, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, पूर्ण प्रेस स्वतन्ता, निष्पक्ष, सक्षम न्यायपालिकाको मान्यतालाई आत्मसात गरेको छ । यसरी हेर्दा कानुनी पक्ष सबल देखिए पनि व्यवहारत: सरकारका कतिपय कामकारबाहीलाई हेर्दा मानव अधिकारको पूर्णरुपमा अनुभूति गर्न सकिएको अवस्था छैन् ।

संविधानत: बालिग मताधिकारको आधारमा निर्वाचित प्रतिनिधिमार्फत शासन-व्यवस्था सञ्चालन हुने व्यवस्था गरिएको छ । पटक पटक संसद विघटन भई पुनर्स्थापना हुँदा आवधिक अर्थात पाँच वर्ष शासन-सञ्चालनको जिम्मेवारी पाएको जननिर्वाचित सरकारबाट जनसरोकारसँग सम्बन्धित विषयको बारेमा छलफल हुन सकेको छैन भने विधेयकहरू पारित पनि पारित हुन नसकेको अवस्था छ ।

नेपाल सन् २०१८ देखि हालसम्म पनि संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को सदस्य रहिआएको छ । यसबीचमा सरकारी पक्षबाट मानव अधिकारको अवस्था सकारात्मक रहेको, त्यसको दृष्टान्त आयोग स्थापनाकालदेखि नै "क" श्रेणीमा रहिरहन सफल भएको दृष्टान्त पेस गरिएको छ । संविधानमा नै मानव अधिकारसम्बन्धी विषयगत आयोगहरू (महिला, दलित, समावेशी, आदिवासी जनजाति, मधेसी, मुस्लिम र थारू) को व्यवस्था कार्यान्वयमा आइसकेको उल्लेख छ । सङ्क्रमणकालीन न्यायको माध्ययमबाट द्वन्द्वकालीन घटनासँग सम्बन्धित पीडितका मुद्दालाई सम्बोधन गर्न सरकार क्रियाशील रहिआए पनि पीडितमुखी देखिन सकेको छैन । दोस्रो पटक सन् २०२१ मा मानव अधिकार परिषद्को सदस्यमा दाबी

प्रस्तुतताका पनि यी विषयलाई प्राथमिकताका साथ उठाइएको थियो । सरकार मानव अधिकारको संरक्षण र संवर्धनप्रति पूर्ण प्रतिबद्ध रहेको जनाइएको थियो ।

अन्तर्राष्ट्रिय समुदायसमक्ष जाहेर गरिएका माथि उल्लिखित सबै प्रतिबद्धता अहिले पनि पूर्णरूपमा कार्यान्वयनमा आउन सकेको पाइँदैन । कानुन निर्माण संसद्को दायित्वभित्रको विषय भए पनि स्वतन्त्रता, स्वायत्तता र सङ्घीय संरचनाको मर्मअनुसार अपेक्षित रूपमा सरकार क्रियाशील नहुँदा आयोग ऐन निर्माणको कार्यले गति लिन सकेको छैन । आयोगबाट २०७५ असार ८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्ताव गरी स्वीकृतिको लागि पठाइएको साङ्गठानिक संरचना अहिले पनि छलफलकै क्रममा रहेको छ । फलतः आयोगका कामकारबाहीहरूलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाउन साथै कार्यालय बिस्तारमा समेत कठिनाइ भएको छ ।

संविधान कार्यान्वयनको अवस्था

सरकार मानव अधिकार, संविधान, कानुनको संरक्षकमात्र होइन, परिपालक पनि हो । सरकार लोकतान्त्रिक छ-छैन भन्ने मापनको एउटा आधार हो–मानव अधिकारमैत्री संविधानको निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन । विशेषतः मानव अधिकारको दृष्टिकोणबाट हेर्दा प्रस्तावना, मौलिक हक लगायत मानव अधिकारसँग सम्बन्धित प्रावधानप्रति राज्य व्यवस्था कति उदार छ भन्ने कोणबाट हेरिने गरिन्छ । यहाँ यस पाटोबाट पनि हेर्न खोजिएको छ ।

मौलिक हक

मौलिक हक सामान्यतः सम्बन्धित देशका नागरिकको हकमा लागु हुने विषय हो । सामान्यतया मौलिक हक नागरिकको पक्षमा र सरकारको विपक्षामा परिलक्षितजस्तो देखिन्छ । मौलिक हकको कार्यान्वयन गर्नु राज्य वा सरकारको पहिलो दायित्व पनि हो । यस हकको उल्लङ्घन हुन पुगेको अवस्थामा उपचार उपलब्ध गराउँन आदेश दिने अधिकार न्यायालयमा निहित रहन्छ । मानव अधिकारको दृष्टिकोणबाट हेर्दा नेपालको वर्तमान संविधानलाई मानव अधिकारमैत्री संविधान मान्न सकिने प्रशस्त आधारहरू छन् । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, संमृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै[1] भन्ने उल्लेख छ । त्यसैगरी प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र समक्ष न्यायपालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न[2] भनिएको छ । यसको साथै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा

1. संविधानको प्रस्तावना
2. ऐ.ऐ.

पूरा गर्ने उल्लेख छ । संविधानको धारा १६ देखि ४६ सम्म मौलिक हकसम्बन्धी व्यवस्था गरिएको छ । धारा ४७ मा मौलिक हकको कार्यान्वयन र धारा ४८ मा नागरिकका निर्वाह गर्नुपर्ने कर्तव्यको सम्बन्धमा चर्चा गरिएको छ । विशेषत: सम्मानपूर्वक बाँच्न पाउने अधिकार, अभिव्यक्ति, सङ्घसंस्था खोल्न पाउने स्वतन्त्रताको सुनिश्चित गरिएको छ । निवारक नजरबन्दविरुद्ध, यातनाविरुद्ध, कुनै पनि आधारमा गरिने विभेदविरुद्धका हकलाई स्थान दिइएको छ । महिला, बालबालिका, दलित, उपभोक्ता, ज्येष्ठ नागरिकका अधिकार सुरक्षित गरिएको छ । सम्पत्ति, शिक्षा, स्वास्थ्य, भाषा, संस्कृतिसम्बन्धी अधिकारको व्यवस्था गरिएको छ । विगतका संविधानहरूमा उल्लेख नगरिएका आर्थिक र सामाजिक अधिकारलाई मौजुदा संविधानभित्र मौलिक हकका रूपमा समावेश गरिएबाट विशेष मान्न सकिन्छ ।

यी सकारात्मक व्यवस्थाका बाबजुद् पनि मौलिक हक कार्यान्वयनको अवस्था अपेक्षित रूपमा सन्तोषजनक छैन । मौलिक हकलाई तत्काल लागु हुने अधिकारको रूपमा लिइन्छ तर संविधानमा ३ वर्षभित्र कानुन बनाई लागु गर्ने भन्ने व्यवस्था गरिने भन्ने व्यवस्था गरिएको थियो । संसद्बाट मौलिक हकसम्बन्धी कानुन निर्माण भए पनि कार्यान्वयन तहमा विभिन्न चुनौती देखिएका छन् । ऐनले पनि प्रष्ट रूपमा कार्यान्वयनको लागि दिशानिर्देश गर्न सकेको छैन । निर्मित ऐनभित्र पनि "...गर्न सक्नेछ ।...तोक्न सक्नेछ ।...लगाउन सकिनेछ । ...तोकिएबमोजिम हुनेछ ।"[3] जस्ता वाक्यांशको प्रयोगले विषयगत नियमावली निर्माणको आवश्यकता देखिएको छ । अपराध पीडित संरक्षण, अपाङ्गता भएका व्यक्ति, उपभोक्ता, आवासको अधिकारजस्ता मौलिक हकसम्बन्धी नियमावली बन्न नसक्नुको साथै भएका प्रावधान पनि लागु नहुँदा मौलिक हक पूर्णत: कार्यान्वयनमा आउन सकेको छैन । व्यवहारमा पनि मौलिक हकभित्रका व्यवस्थाहरू प्रभावकारी रूपमा लागु हुन नसकेको अवस्था छ ।

नागरिकताको सवाल

योग्यता पुगेको व्यक्तिलाई नागरिकताबाट वञ्चित गराइनु संविधानको उल्लङ्घन हो । नागरिकताबाट वञ्चित नगरिने: (१) कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन । (२) नेपालमा प्रादेशिक पहिचानसहितको एकल सङ्घीय नागरिकताको व्यवस्था गरिएको छ ।[4] नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयकले हालसम्म पनि ऐनको रूप लिन नसकेको स्थिति छ । वि.सं. २०७५ साउन २२ संसदमा पेस भएको विधेयक राज्य व्यवस्था तथा सुशासन समितिबाट लामो छलफलपछि बहुमतबाट पारित भएको थियो । संसद्बाट पारित भई कानुन बन्नुपर्ने यति संवेदनशील मुद्दा अझसम्म पनि निष्कर्षमा पुग्न सकेको छैन । पटक-पटक प्रतिनिधिसभा विघटन हुनु, पुन:स्थापित सभा पनि सुचारु हुन नसक्नुबाट यो मुद्दा अझै अन्यौलमा छ । फलत: योग्यता पुगेका कतिपय नागरिकहरूले विभिन्न कठिनाइ झेल्नुपर्दा मौलिक हकको उपभोग गर्नबाट पनि वञ्चित हुन पुगेको अवस्था छ । अत: यस पाटोमा सरकार, संसद्, राजनीतिक दलहरू बढी संवेदनशील हुनुपर्ने देखिन्छ ।

3. वातावरण संरक्षण (पहिलो संशोधन) ऐन, २०७५ को दफा १० र ११
4. नेपालको वर्तमान संविधान धारा १० (१ र २)

सङ्घ र प्रदेश र स्थानीय तहबीचको साझा अधिकार

संविधानतः अहिले मुलुकको शासन-व्यवस्था सङ्घीय प्रणालीमा आधारित छ । सङ्घ, प्रदेश र स्थानीय गरी ३ तहको संरचना रहेको छ । यस संरचनालाई मूर्तरूप दिन संविधानको भाग २० मा सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्धको बारेमा व्यवस्था गरिएको छ । धारा २३१ मा सङ्घ र प्रदेशबीच व्यवस्थापकीय अन्तरसम्बन्ध र धारा २३२ (१) मा सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भनी उल्लेख छ । धारा २३३ मा प्रदेश-प्रदेशबीचको सम्बन्ध र धारा २३४ मा तीन तहको बीचमा कुनै राजनीतिक विवाद उत्पन्न भएमा समाधानको लागि प्रधानमन्त्रीको अध्यक्षतमा गृहमन्त्री, अर्थमन्त्री र प्रदेशका मुख्य मन्त्री रहने गरी एक अन्तर प्रदेश परिषद्को व्यवस्था गरिएको छ । । त्यसै गरी धारा २३५ मा सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वयसम्बन्धी प्रावधान छ । यस धारामा तीन ओटै निकायबीच समन्वय कायम गर्न सङ्घीय संसद्ले कानुन बनाउने भनिएको छ ।

संविधानको अनुसूची ५ सङ्घ र ६ प्रदेश र ८ अन्तर्गत स्थानीय तहको एकल अधिकारको सूची समावेश गरिएको छ । अनुसूची ७ मा (धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७ सँग सम्बन्धित) सङ्घ र प्रदेशको साझा अधिकारको सूची राखिएको छ । यसमा फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र सपथ (कानुनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया), अन्तरप्रादेशिक रूपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग, भूमिनीति र सोसम्बन्धी कानुनसहित २५ ओटा विषय राखिएका छन् । त्यसैगरी अनुसूची ९ (धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित) सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची समावेश गरिएको छ । यसमा सहकारी, स्वास्थ्य, कृषि, विद्युत्, खानेपानी, सिँचाइ, प्राकृतिक स्रोत-साधनलगायतका १५ ओटा विषय छन् ।

सङ्घीय, प्रदेश र स्थानीय तहमा सरकार गठन भएको झण्डै ४ वर्ष व्यतित हुँदा पनि साझा विषयमा सङ्घ, प्रदेश र सङ्घ, प्रदेश र स्थानीय तहबीचको अधिकार बाँडफाँडसम्बन्धी पर्याप्त कानुन निर्माण हुन सकेको छैन । प्रदेश-प्रदेश, प्रदेश र स्थानीय तहबीच समन्वयको अभाव, राजनीतिक (दलीय) स्वार्थ, राजनीतिक असहिष्णुता आदि कारण कार्यान्वयन तहमा समस्याहरू देखिएका छन् । प्राकृतिक स्रोतसाधनलाई लिएर तीन तहबीचको विवाद सतहमा आउन थालेका छन् भने कतिपय विवाद अदालतले निरुपण गर्नुपर्ने अवस्थामा पुगेको देखिन्छ । चलअचल सम्पत्ति, जल, सीमा, शान्तिसुरक्षा, राजस्व सङ्कलनजस्ता विषयमा तीन तहका सरकारबीच बढी विवाद देखिएको छ

केन्द्रिकृत मानसिकता, कानुनलाई आफू अनुकूल प्रयोग गर्ने परिपाटी, सङ्घीयताको नवीन प्रयोग, कर्मचारी व्यवस्थापनमा समन्वयको कमी, दोहोरो कर सङ्कलन, स्पष्ट क्षेत्राधिकारको अभाव, कानुनी रिक्तता र अस्पष्टता, दुरदर्शी नेतृत्वको अभाव आदि कारण पनि संविधानका यी प्रावधानहरूको कार्यान्वयन सहज देखिएको छैन । यी समग्र अवस्थालाई हेर्दा आगामी दिनहरूमा संविधानअनुसार कानुन निर्माण र कानुन कार्यान्वयनमा जटिलता थपिन सक्ने छ । देखिएका यी कमीकमजोरी/बाधाव्यवधानहरूलाई सम्बोधन नगर्ने

हो भने भोलिका दिनहरूमा यो समस्या हल हुनेभन्दा पनि थप बल्झिने देखिन्छ । अत: यसतर्फ विशेषत: राजनीतिक दल, सरकार, संसद्ले ध्यान केन्द्रित गर्नुपर्ने अवस्था छ ।

अन्तर्राष्ट्रिय दायित्व

नेपाल सन् १९५५ देखि संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र रहिआएको छ । संयुक्त राष्ट्रसङ्घले पारित गरेका विभिन्न मानव अधिकारसम्बन्धी महासन्धिहरूको पक्षराष्ट्र पनि हो । लोकतान्त्रिक मुलुकको हैसियतमा नेपाल हाल संयुक्त राष्ट्रसङ्घको मानव अधिकार परिषद्को सदस्यमा निर्वाचित भई कार्यरत छ । यस अर्थमा पनि मानव अधिकारसम्बन्धी दायित्वहरू पूरा गर्ने अभिभारा सरकारमा निहित रहन्छ । मानव अधिकारको सम्मान र संरक्षणअन्तर्गत राज्यले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय दायित्व निर्वाह गर्नुपर्दछ । नेपाल प्रत्यक्षत: मानव अधिकार र मानवीय कानुनसम्बन्धी अन्तर्राष्ट्रिय र क्षेत्रीय गरी ६० ओटा महासन्धि एवम् इच्छाधीन आलेखहरूको पक्षराष्ट्र बनेको छ । यसभित्र मूलभूत मानव अधिकार २३ (९ मध्ये ७ महासन्धिसहित मूल महासन्धि १७ र ऐच्छिक आलेख ६), मानवीय कानुन ७, वातावरण १४, श्रमसम्बन्धी १२ र क्षेत्रीय ४ (दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)-सँग सम्बन्धित बालबालिका, मानव बेचबिखन तथा ओसारपसार, खाद्य तथा वातावरण) रहेका छन् ।[5]

आफूले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि/इच्छाधीन आलेखमा भएका व्यवस्थाहरूको कार्यान्वयनका लागि राष्ट्रिय कानुन, नीति, कार्ययोजना एवम् कार्यान्वयन संयन्त्रहरू निर्माण गर्दै आएको छ । सम्मानित सर्वोच्च अदालतबाट पनि मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरूलाई मान्यता दिँदै घरेलुकरण गर्न सकारात्मक भूमिका खेलेको छ । अन्तर्राष्ट्रिय मानव अधिकारमैत्री कानुन र संयन्त्र निर्माणका हिसाबले नेपालको कदम प्रगतिशील देखिए पनि कार्यान्वयन पक्ष भने त्यति सन्तोषजनक छैन ।

नेपालले बुझाउनुपर्ने र बुझाउदै आएको प्रतिवेदनको अवस्था

क्र.सं	सन्धिजनित निकाय	प्रारम्भिक प्रतिवेदन	आवधिक प्रतिवेदन	नेपालले बुझाएको प्रतिवेदन (सन्मा)
१.	जातीय विभेद उन्मूलनसम्बन्धी समिति	१ वर्ष	२ वर्ष	१९७२ (पहिलो), १९७४ (दोस्रो), १९७८ (तेस्रो), १९८२ (चौथो र पाँचौँ), १९८७ (छैटौँ–आठौँ), १९९८ (नवौँ–१३ औँ),२००० (१४ औँ), २००४ (१५ औँ र १६ औँ) र २०१८ (१७ औँ–२३ औँ)

5. List of Multilateral Treaties to which Nepal is a party and A sighatory; Government of Nepal, Ministry of Law, Justice, Constituent Assembly and Parliamentary Affairs; July 2014]

– नेपालले १६ जुन, २०२० मा The Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children इच्छाधीन आलेख अनुमोदन गरेको ।

२.	मानव अधिकार समिति (नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी समिति)	१ वर्ष	४ वर्ष (समितिको आवश्यताअनुसार धारा ४१)	१९९४ र २०१३
३.	महिलाविरुद्ध हुने विभेद उन्मूलन समिति	१ वर्ष	चार वर्ष	१९९९ (प.), २००४ (दोस्रो र तेस्रो), २०११ (चौथो र पाँचौँ), २०१८ (छैटौँ)
४.	यातनाविरुद्धको समिति	१ वर्ष	४ वर्ष	१९९४ र २००५
५.	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समिति	२ वर्ष	५ वर्ष	२००१, २००७ र २०१४
६.	बाल अधिकार समिति	२ वर्ष	५ वर्ष	१९९६, २००५ र २०१६ (तेस्रो–पाँचौँ)
७.	अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति	२ वर्ष	४ वर्ष	२०१७
८.	ऐच्छिक आलेखहरू	–	५ वर्ष	बालबालिकासम्बन्धी दुई आलेख क) वेश्यावृत्ति २०१२ ख) सशस्त्र द्वन्द्व २०१६ मृत्युदण्डसम्बन्धी : प्राप्त नभएको
९.	विश्वव्यापी आवधिक समीक्षा	४.५ (साढे चार) वर्ष	४.५ (साढे चार) वर्ष	२०११, २०१५ र २०२० (तेस्रो प्रतिवेदन २०१९ मा बुझाउनुपर्ने भए पनि कोभिडको कारण २०२० मा बुझाएको र २०२१ मा छलफल भई सिफारिससमेत गरिएको)

माथिको चित्रणबाट नेपालले मानव अधिकारको सन्दर्भमा अन्तर्राष्ट्रिय तहमा आफूले गरेको प्रतिबद्धताप्रति प्रश्न उठाउने ठाउँ दिएको छ । विशेषत: एकातिर अनुमोदन गरेका विषयगत महासन्धिहरूअन्तर्गत समितिहरूमा समयावधिमा बुझाउनुपर्ने आवधिक प्रतिवेदनहरू नियमित पेस हुन नसकेको अवस्था छ । अर्कोतिर कतिपय प्रतिवेदनहरू खापेर वा एकमुष्ट बुझाउने विगतको प्रवृत्तिमा अहिले पनि खासै सुधार आउन सकेको पाइँदैन । विश्वव्यापी आवधिक समीक्षा होस् वा मानव अधिकार परिषद् सदस्यमा उम्मेदवारी दिँदा व्यक्त प्रतिबद्धता पूर्णत: कार्यान्वयन हुन नसकेको अवस्था छ, जुन सुधार गर्नुपर्ने पक्ष हो ।

मानव अधिकारको अवस्था

नागरिक तथा राजनीतिक अधिकारको अवस्था

बाँच्न पाउने अधिकार

मर्यादित एवम् सम्मानित रूपमा जीवनयापन गर्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । जीवनको अधिकारलाई मानिसको आधारभूत अधिकार मानिन्छ । यस अधिकारको संरक्षणपश्चात् मात्र अन्य अधिकारको उपभोग सम्भव छ । अतः यस मानव अधिकारलाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू र राष्ट्रिय कानुनमा पनि प्राथमिकताका साथ उल्लेख गरिएको पाइन्छ । विशेषतः प्रत्येक व्यक्तिको जीवनको अधिकारलाई प्रत्याभूति गर्दै स्वेच्छाचारी ढङ्गले कसैको पनि जीवन हरण गर्न पाइँदैन । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३, र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा ६ मा जीवनको अधिकारअन्तर्गत यस प्रावधानको सम्बन्धमा उल्लेख गरिएको छ । यस महासन्धिको दोस्रो ऐच्छिक आलेख, १९८९ ले मृत्युदण्डसम्बन्धी प्रावधानलाई उन्मूलन गरेको छ । वर्तमान संविधानको धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हकलाई सुरक्षित गर्नुको साथै मृत्युदण्ड दिन नपाउने व्यवस्थालाई मौलिक हकको रूपमा स्वीकार गरेको छ ।

सिद्धान्ततः जीवनको अधिकारअन्तर्गत बाँच्न पाउँने अधिकारलाई आधारभूत अधिकारको रूपमा स्वीकार गरिए पनि व्यवहारतः अवस्था पृथक छ । विविध कारणबाट धेरै व्यक्तिहरूले ज्यान गुमाउनु परेको अवस्था छ । यस आवमा पनि सम्मानपूर्वक बाँच्न पाउँने अधिकार कुनै न कुनै रूपमा प्रभावित हुन पुगेको देखिन्छ । विशेषतः यसमा कोभिड १९ को महामारी, बाढीपैह्रो, सडक दुर्घटना, आत्महत्या, स्वास्थ्य उपचार तथा औषधीको अभाव, झाडापखालालगायतका कारण रहेका छन् । वैदेशिक रोजगारमा रहेका व्यक्तिहरू पनि बाँच्न पाउँने अधिकारबाट वञ्चित हुनुपरेको दुखद् अवस्था छ ।

यस आवमा पनि कोभिड १९ बाट जनजीवन प्रभावित हुन पुग्यो । फलतः देश र विदेशमा रहेका नेपालीहरूले ज्यान गुमाउनु पऱ्यो । गत वर्ष चीनको हुवेई प्रान्तबाट कोभिडकै कारण फर्किएका नेपाली नागरिकमध्ये एक जनामा देखिएको सङ्क्रमण अन्ततः लाखौँ जनामा पुष्टि भएको छ । यस महामारीबाट २०७७ वैशाखमा सिन्धुपाल्चोक निवासी एक सुत्केरी महिलाको मृत्यु कोभिडको कारण पहिलो थियो । त्यसपछि मृत्यु हुनेको सङ्ख्या क्रमशः वृद्धि हुँदै जान थाल्यो । कोभिडको कारण यस आर्थिक वर्षमा मृत्यु हुनेको सङ्ख्या ९,४२४ रहेको छ । आत्महत्या बाँच्न पाउँने अधिकारको अर्को चुनौतीको रूपमा देखिएको छ । नेपाल प्रहरीका अनुसार यस आवमा आत्महत्या गर्नेको सङ्ख्या ७११७ रहेको छ ।

कोभिड १९ को कारण यस आवमा ज्यान गुमाउनेको सङ्ख्या	
प्रदेश न. १	१,२७६
प्रदेश न. २	७३२
वाग्मती प्रदेश	४,०३०
गण्डकी	९८७
लुम्बिनी	१,५५८

कर्णाली	४०६
सुदुरपश्चिम	४४५
जम्मा	९,४२४
स्रोत: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रतिवेदनमा आधारित रही गणना गरिएको	

कोभिडको कारण क्यान्सर, मुटु रोग, उच्च रक्तचाप, निमोनिया, मधुमेह आदि रोगका बिरामी, गर्भवती तथा सुत्केरीहरूको लागि स्वास्थ्य सेवा पहुँच एवम् सहज हुन सकेन । यी र यस्ता रोगको कारण उपचार र औषधि नपाउँदा कतिले मृत्युवरण् गर्नुपऱ्यो भन्ने यकीन तथ्याङ्क पाइँदैन ।

ट्राफिक प्रहरीका अनुसार यस आवमा सडक दुर्घटनामा परी १६६ जनाले ज्यान गुमाएका छन्, अघिल्लो आवमा यो सङ्ख्या १५३ थियो । यस वर्ष गम्भीर घाइतेको सङ्ख्या २२९ रहेको छ । त्यसैगरी बाढीको कारण ४२, पैह्रोमा परी ३०२, आगजनीमा ९७, हावाहुरीबाट ८ र भिषण वर्षाको कारण १५ जनाले ज्यान गुमाउनु परेको अवस्था छ ।

यस आवमा मोरङको मिक्लाजुङ गाउँपालिका १ मा मङ्सिर २३ गते विप्लव समूहबाट सरस्वती आधारभूत माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्रकुमार श्रेष्ठको हत्या गरियो । प्रहरीले चलाएको गोली लागि महोत्तरीको बर्दिवास नगरपालिकाका सञ्जय भनिने बुद्धिराज न्यौपानेको मृत्यु हुन पुग्यो । बर्दियाको बारबर्दिया नपा ३ की १२ वर्षीया बालिका सुमित्रा वि.क. लाई गत माघ ८ गते नेपाल-भारत सीमानजिक कुण्डुवा, चैनपुर, चम्पारणमा सामूहिक बलात्कारपश्चात् हत्या, बैतडी दोगडाकेदार गापा ७ घर भई सनातन धर्म मावि खोचलेकमा कक्षा १२ मा अध्ययनरत १७ वर्षीया भागरथी भट्टको पनि माघ २१ मा बलात्कारपछि हत्या गरिएको समाचार सार्वजनिक भए । जुम्ला जिल्ला गुठीचौर गाउँपालिका-३ का १३ वर्षीय बालक पदमबहादुर बुढाको प्रहरीको कुटपीट तथा यातनाबाट मृत्यु भएको समाचार बाहिर आयो । यी प्रतिनिधिमूलक घटनाले पनि मानिसको बाँच्न पाउने अधिकार हनन् भएको स्थिति छ । साउन १० मा "कान्तिपुर दैनिकले कफिनमाथि आँसुको भल" शीर्षकमा मलेसियाबाट एकै दिन आए २४ शब र ३ जनाको अस्तु, १० शव अझै उतै भनी समाचार प्रकाशन गरेको थियो ।

यी माथिका तथ्यलाई हेर्दा व्यवहारत: स्पष्ट हुन्छ–अहिले पनि मानिसको बाँच्न पाउने अधिकार प्रभावित भएको अवस्था छ । यसमा विशेषत: राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र विकासका पक्ष जिम्मेवार देखिन्छ । स्वास्थ्य उपचारको अभाव, लापरबाही, आगजनी, बाढीपैह्रोको सम्भाव्यताप्रति संवेदनशील बन्न नसक्दा अनपेक्षित रूपमा बाँच्न पाउने अधिकार हनन् भएको अवस्था छ । यी पक्षलाई मध्यनजर राखी राज्य वा सरकार र सरोकारवालाहरू यसतर्फ थप संवेदनशील हुन आवश्यक देखिन्छ ।

कैदी-बन्दीहरूको अधिकार

कानुनले गर्नुभनेको कार्य नगर्नु र नगर्नु भनेको कार्य गर्नुलाई अपराध मानिन्छ । एकातिर कानुनत: अपराधबापत तोकिएको सजायको भागिदार बन्नुपर्दछ अर्कोतिर कैदीबन्दीको हैसियतमा प्राप्त अधिकारको सम्मान गरिनुपर्दछ । कैदी, बन्दी, थुनुवा वा अपराधी हुन् भनी स्वेच्चारी व्यवहार गर्नु मानव अधिकारका मूल्यमान्यताभन्दा बाहिरको कुरा हो । संयुक्त राष्ट्रसङ्घको महासभाको थुनुवाप्रति गरिनुपर्ने व्यवहारका आधारभूत सिद्धान्तहरू, १९९० मा यससम्बन्धी व्यवस्था गरिएको छ । विशेषत: हरेक थुनुवा, कैदी,

बन्दीलाई मानव मूल्य र मर्यादाअनुसार आदरपूर्वक व्यवहार गरिनुपर्दछ । लिङ्ग, जातजाति, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियतका आधारमा भेदभाव गरिनुहुँदैन । उनीहरूको समुदायका धार्मिक आस्था वा सांस्कृतिक आचरणको सम्मान गर्नुपर्दछ भनी जोड दिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा यातनाविरुद्धको हक सुनिश्चित गरिएको छ । कुनै पनि व्यक्तिलाई शारीरिक यातना नदिइने, क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा सजाय नगरिने, कसैलाई पनि जथाभावी पक्राउ, थुनछेक वा देश निकाला नगरिने उल्लेख छ ।

नेपालको मौजुदा संविधानले मौलिक हकमा नै स्वतन्त्रता, समानता, न्यायसम्बन्धी हक र यातनाविरुद्धको हकको प्रत्याभूति गरेको छ । कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रतावाट वञ्चित नगरिने (धारा १७) उल्लेख छ । कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन । पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन । पक्राउ परेका व्यक्तिले पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने हक सुरक्षित गरिएको छ । (धारा २०) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना नदिइने र निजसँग निर्मम, अपमानजनक र अमानवीय व्यवहार नगरिने (धारा २२) व्यवस्था गरिएको छ । यसैगरी प्रहरी ऐन, २०१२, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, मुलुकी अपराध संहिता २०७४ लगायतका कानुनमा उनीहरूका अधिकार र उनीहरूप्रति गरिनुपर्ने न्यूनतम मानवोचित व्यवहारका सम्बन्धमा व्यवस्था गरिएको पाइन्छ । त्यसैगरी सर्वोच्च अदालतबाट समय-समयमा विभिन्न आदेश, निर्देशन एवम् फैसलाहरू भएका छन् । जसमा माथि उल्लिखित पक्षहरूलाई कार्यान्वयन गर्न जोड दिएको पाइन्छ ।

कारागार ऐन २०१९ अनुसार महिला र पुरुष छुट्याइ यथासंभव अलगअलग घरमा र त्यसो हुन नसकी एउटै घरमा राख्नुपर्ने भएमा आपसमा भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्नाभिन्नै भागमा राख्नुपर्दछ । थुनुवा र कैदी एउटै कारागारमा राख्ने व्यवस्था भएकोमा थुनुवा र कैदी, २१ वर्षमुनिको र २१ वर्षमाथिको कैदी वा थुनुवालाई छुट्याइ यथासम्भव अलगअलग राख्नुपर्दछ । त्यसैगरी देवानी र फौजदारी मुद्दाका कैदीलाई, रोगी थुनुवा वा कैदी, मानसिक समस्या भएका थुनुवा वा कैदीलाई भिन्दै भागमा र फौजदारी मुद्दामा सजाय पाएका कैदीलाई आवश्यकतानुसार एक्लै भिन्दै कोठामा राख्नुपर्ने प्रावधान छ ।

नेपालमा कारागारको इतिहास हेर्दा वि.सं. १९७१ सालमा सर्वप्रथम काठमाडौं जगन्नाथ देवलमा कारागार (सदर जेल)-को निर्माण गरिएको पाइन्छ । हाल उक्त जेललाई केन्द्रीय कारागार पनि भन्ने गरिन्छ । कारागारलाई व्यवस्थित गर्न वि. सं २०१९ सालमा कारागार ऐन र २०२० सालमा कारागार नियमावली निर्माण भई हालसम्म कार्यान्वयनमा रहेको छ । पछिल्ला दिनहरूमा कारागारलाई सजाय गृहको रूपमा होइन, सुधार गृहको रूपमा विकास गर्नुपर्दछ भन्ने मान्यताको विकास हुँदै आएको देखिन्छ ।[1]

1. http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Karagar_Hirasat_Anguman_Report_Kartik_2074_Compressed.pdf

२०७८ असार मसान्तको कैदीबन्दीको विवरण					
सि.न	प्रदेश	बन्दी थुनुवा			कैदीको क्षमता
		पुरुष	महिला	जम्मा	
	प्रदेश न. १	४८५२	२२४	५०७६	३०५६
	प्रदेश न. २	२६८१	१४७	२८२८	१७०५
	वाग्मती प्रदेश	८०६९	४७४	८५४३	३२०६
	गण्डकी प्रदेश	१६०६	११३	१७१९	५६१
	लुम्बिनी प्रदेश	३५४९	१९२	३७४१	११५५
	कर्णाली प्रदेश	६९८	८९	७८७	२६५
	सुदुरपश्चिम प्रदेश	१५७९	११७	१६९६	४८५
जम्मा		२३०३२	१३५८	२४३९०	१०४३३
		पुरुष	महिला	जम्मा	
१.	थुनुवा	१०३५१	५६७	१०९१८	
२.	कैदी	१२६८१	७९१	१३४७२	

यस आ.व.मा आयोगले गरेको अनुगमनबाट पनि कारागार प्रहरी हिरासतमा विगतमा औँल्याइएका प्रायः समस्याहरू अहिले पनि विद्यमान रहेको पाइएको छ । केन्द्रीय कारागारका अतिरिक्त आयोगले जिल्लास्थित कारागार तथा प्रहरी हिरासतको अनुगमन गरेको छ ।

जिल्ला कारागार ताप्लेजुङमा २५ जनाको क्षमता भए पनि १४० जना अर्थात छ गुणा बढी कैदीबन्दी राखिएका छन् । जिल्ला कारागार जुम्लामा स्वास्थ्यकर्मीको दरबन्दी भए पनि विगत एक वर्षदेखि रिक्त छ । पिउने पानी र बिजुलीको समस्या छ । जिल्ला कारागार सुर्खेतमा क्षमताभन्दा झण्डै तीन गुणा बढी अर्थात सयजनाको क्षमता भएकोमा दुई सय ९५ जना कैदीबन्दीहरू रहेका छन् । लमजुङ कारागारमा ३५ जनाको ठाउँमा ९१ कैदीबन्दी राखिएको पाइएको छ । केन्द्रीय कारागार सुन्धारामा एउटै हलमा १२ सय महिला कैदीबन्दी रहेको अवस्था पनि छ ।

माथि उल्लिखित तथ्य प्रतिनिधिमूलक हुन् ।[2] केही सुधारका बाबजुद् अहिले पनि विगतदेखिकै समस्या ज्यूँका त्यूँ रहेका छन् । प्रायः कारागारहरूमा भौतिक संरचनाको अवस्था दयनीय देखिन्छ । कारागारहरूमा अप्रयाप्त भौतिक स्रोतसाधनले काम चलाउनु परेको अवस्था छ । क्षमताभन्दा अधिक कैदीबन्दी रहनु, आवश्यकताअनुसार पानी, शौचालय, बत्ती आदिको प्रबन्ध नहुनु, कैदीबन्दीले भुइँमा सुत्नुपर्ने बाध्यता हुनु आदि समस्या विद्यमान छन् । त्यतिमात्र होइन, प्रायः कारागारहरू पुराना भवनहरू भएका कारण जीर्ण, असुरक्षित र पानी चुँहिने हुँदा चौबिसै घण्टा जिम्मेवारीमा खटिनुपर्ने सुरक्षाकर्मीहरू वर्षातको समयमा समस्या भोग्न बाध्य छन् । यसै गरी भेटघाटको लागि आउने आफन्त, आगन्तुक र कानुनव्यवसायीको लागि अलग कोठा नहुँदा गोपनियताको हकसमेत हनन हुन पुगेको छ । उपचारार्थ अस्पताल र कानुनी प्रक्रियाको लागि अदालतमा कैदीबन्दीहरूलाई लैजान र ल्याउन सवारी साधनको अभाव देखिन्छ ।

2. बिस्तृत जानकारी कोभिड १९ को सन्दर्भमा नेपालको कारागारको अवस्था अनुगमन, २०७७ मा उल्लेख गरिएको छ ।

२०७८ असार मसान्तसम्म वालसुधारगृहको विवरण					
सि.न	बाल सुधार गृह	बन्दी थुनुवा			बाल सुधार गृहको क्षमता
		पुरुष	महिला	जम्मा	
१.	बाल सुधार गृह भक्तपुर	१६२	२५	१८७	७५
२.	बाल सुधार गृह मोरङ्ग	१८८	०	१८८	५०
३.	बाल सुधार गृह कास्की	८९	०	८९	५०
४.	बाल सुधार गृह बाँके	१२३	०	१२३	
५.	बाल सुधार गृह मकवानपुर	२८	०	२८	
६.	बाल सुधार गृह डोटी	४५	०	४५	
७.	बाल सुधार गृह पर्सा	५६	०	५६	
८.	बाल सुधार गृह रुपन्देही	१००	०	१००	
जम्मा		७९१	२५	८१६	

कैदी र थुनुवा, बयस्क, बालबालिका, तेस्रो लिङ्गी, ज्येष्ठ नागरिक, रोगी आदिलाई अलग-अलग राख्नुपर्नेमा सो भएको पाईँदैन । गम्भीर र सामान्य अपराधमा संलग्न, मुद्दा फैसला भइ अभियोग प्रमाणित भएका र पुर्पक्षको लागि थुनामा राखिएकाहरूलाई एकै स्थानमा राखिने गरिएको छ । दरबन्दीअनुसार स्वास्थ्यकर्मीको पद रिक्त रहँदा, औषधी नहुँदा, उपचारको लागि प्रर्याप्त बजेटको व्यवस्था हुन नसक्दा आवश्यक र नियमित परीक्षण हुन सकेको छैन भने कतिपय अवस्थामा ज्यानै गुमाउनुपरेको छ । स्वास्थ्य दरबन्दीअनुसार कर्मचारीको अभाव छ । कतिपय अवस्था र स्थानमा सहायक र सहयोगीको भरमा कार्यालयहरू चलेका छन् । यसैगरी कैदीबन्दीहरूको सीप विकासको लागि यथोचित प्रबन्ध हुन सकेको देखिँदैन भने भएको सीपको पनि पूर्णत: उपयोग हुन सकेको छैन । अर्को विडम्बना कारागारमा रहेका कैदी र बन्दीहरू अहिले पनि दैनिक ७ सय ग्राम चामल र रु. ६० मा जीवनयापन गर्न बाध्य छन् । कानुनी व्यवस्थाको बारेमा कर्मचारीहरू अनविज्ञ हुँदा, अदालती फैसलाबारे समयमै जानकारी नहुँदा कैदीबन्दी कानुनले प्रदान गरेको अधिकारबाट वञ्चित हुन पुगेका छन् ।



यी समस्याहरूलाई आयोग, अदालत, महान्यधिवक्ताको कार्यालय, विभिन्न समयमा गरिएका अध्ययन समितिहरूका प्रतिवेदनमार्फत पनि सार्वजनिक हुँदै आएका छन् । विशेषत: आयोगले अनुगमनपश्चात् प्राप्त तथ्य, प्रमाणको आधारमा सरकारलाई चाल्नुपर्ने कदमको बारेमा सिफारिस गर्दै आएको छ । विशेषत: जीर्ण कारागारको तत्काल मर्मतसम्भार वा नयाँ भवन निर्माण, जिम्मेवार निकायबाट कारागारको समय-समयमा अनुगमन गरी समस्या पहिचान र निदान गर्न भनेको छ ।

यस आवमा आयोगबाट अनुगमन गरिएका कारागारहरू

क्र.सं.	कारागार कार्यालय	जिल्ला
१	कारागार कार्यालय	इलाम
२	कारागार कार्यालय	झापा
३	कारागार कार्यालय	मोरङ
४	कारागार कार्यालय (झुम्का)	सुनसरी
५	कारागार कार्यालय	सिरहा
६	कारागार कार्यालय	रौतहट
७	कारागार कार्यालय	पर्सा
८	कारागार कार्यालय (केन्द्रीय)	काठमाडौँ
९	कारागार कार्यालय (नख्खु)	ललितपुर
१०	कारागार कार्यालय	चितवन
११	कारागार कार्यालय (भीमफेदी)	मकवानपुर
१२	कारागार कार्यालय	धादिङ
१३	कारागार कार्यालय	रसुवा
१४	कारागार कार्यालय	सिन्धुपाल्चोक
१५	कारागार कार्यालय	काभ्रेपलान्चोक
१६	कारागार कार्यालय	रामेछाप
१७	कारागार कार्यालय	सिन्धुली
१८	कारागार कार्यालय	स्याङजा
१९	कारागार कार्यालय	कास्की
२०	कारागार कार्यालय	म्याग्दी
२१	कारागार कार्यालय	बागलुङ
२२	कारागार कार्यालय	पर्वत
२३	कारागार कार्यालय	गोरखा
२४	कारागार कार्यालय	रूपन्देही
२५	कारागार कार्यालय	बाँके
२६	कारागार कार्यालय	सुर्खेत
२७	कारागार कार्यालय	जुम्ला
२८	कारागार कार्यालय	कञ्चनपुर
२९	कारागार कार्यालय	कैलाली

कारागारमा ढल निकास तथा पानीको पर्याप्त व्यवस्था, नियमित स्वास्थ्य परीक्षण, औषधोपचार, दरबन्दीअनुसार स्वास्थ्यकर्मी तथा कर्मचारीको व्यवस्थापन गरिनुपर्नेमा जोड दिएको छ । कारागारको

वातावरण सफा राख्न उचित प्रबन्ध गर्न, पुपर्क्षाका लागि थुनामा रहेकाहरूको मुद्दालाई प्राथमिक्तामा राखी सुनुवाइ गर्न भनेको छ । सीपमूलक तालिममा जोड दिन, कैदीबन्दीहरूको फोटोसहितको अभिलेख राख्न, सुझाव वा उजुरी पेटीका तथा कैदीबन्दीहरूले पालना गर्नुपर्ने आचारसंहिता प्रष्ट बुझिने र देखिने स्थानमा राख्ने व्यवस्था मिलाउन ध्यानाकर्षण गराउदै आएको छ ।

कोभिड विशेषलाई मध्यनजर राखी आयोगले कैदीबन्दीलाई सुरक्षित राख्न सबै कारागारका लागि पूर्वतयारी तथा प्रतिकार्य प्रयोजनका लागि एकीकृत निर्देशिका जारी गरी कार्यन्वयन गर्न/गराउन, सावधानीका लागि अत्यावश्यक वस्तु (आइसोलेसन वार्ड, मास्क, सेनिटाइजर, पञ्जा, फेससिल्ड, साबुन, ज्वरो नाप्ने यन्त्र, पीपीई सेट आदि) को व्यवस्थाका लागि तत्काल बजेट व्यवस्थापन गर्न सिफारिस गरेको छ । अतः कारागारलाई सुधारगृहको रूपमा विकास गर्दै कैदीबन्दीका अधिकारको संरक्षण गर्नुपर्ने आफ्नो दायित्वबाट सरकार बिमुख हुन मिल्दैन ।

सङ्क्रमणकालीन न्याय

नेपाल झण्डै एक दशक सशस्त्र द्वन्द्वमा रहन पुग्यो । वि.स. २०५२ फागुन १ गतेबाट सञ्चालन भएको दशक लामो सशस्त्र द्वन्द्व २०६३ मङ्सिर ५ गते सरकार र तत्कालीन नेकपा (माओवादी) बीचको बिस्तृत शान्ति-सम्झौतापछि औपचारिक रूपमा अन्त्य भएको थियो । सो शान्ति सम्झौतामा अन्य विषयहरूको अलावा सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार र मानवताविरुद्धका मुद्दालाई प्राथमिकताका साथ सम्बोधन गरिने भनिएको थियो । विशेषतः आफ्नो कब्जामा रहेका मानिसहरूका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न[3] र दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको ६० दिनभित्र सार्वजनिक गर्न मञ्जुर गर्दछन् छन् ।[4] भनी उल्लेख गरिएको थियो । यी मुद्दालाई निष्कर्षमा पुऱ्याउन सम्झौताको बुँदा न ५.२.५ र अन्तरिम संविधान २०६३ को धारा ३३ (ध) मा उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने प्रावधान राखिएको थियो ।[5] राजनीतिक दलहरूबीचको दाउपेच, सङ्क्रमणकालीन न्यायको सन्दर्भमा आआफ्नो बुझाइ, सजायको भागिदार बनिने भय आदि कारणले लामो समयसम्म ऐन निर्माण हुन सकेन । विशेषतः ऐनभित्र राखिने प्रावधानहरूमा सरकार दलहरूबीच मतभिन्नता हुनु, आयोगमा आफू समर्थक पदाधिकारी नियुक्तिमा जोडबल गरिनु, सरकार परिवर्तन भइरहनुजस्ता कारण मुद्दाको सम्बोधनमा जटिलता पैदा हुन पुग्यो । यसका साथै पीडित, राष्ट्रिय र अन्तर्राष्ट्रिय (संयुक्त राष्ट्रसङ्घसमेत) को चासो र सरोकार रहन पुग्दा यो मुद्दा कसरी सम्बोधन गर्ने भन्नेमा साझा मत बन्न सकेन ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाबका कारण पनि मुद्दालाई पन्छाउन सहज थिएन । निकै लामो बहस, छलफल भए पनि ऐन निर्माणमा समान र पीडितमुखी धारणा बन्न सकेन । अन्ततः २०७१ वैशाख २८ गते बेपत्ता

3. बिस्तृत शान्तिसम्झौता २०६३, बुँदा न. ५.२.२
4. ऐ.बुँदा न. ५.२.३
5. सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा सङ्लग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने ।

पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भयो । गम्भीर मानव अधिकार उल्लङ्घनको विषय, महान्याधिवक्ताको तजबिजी, सजाय, माफी आदि विषयमा ऐन आलोचनाबाट मुक्त बन्न सकेन । ऐनमा औँल्याइएका कमीकमजोरीलाई बेवास्ता गर्दै २०७१ साल माघ २७ गते अध्यक्षसहित ५ सदस्यीय २ आयोग गठन भयो । ऐनको दफा ३८ मा आयोगको कार्यकाल आयोग गठन भएको मितिले २ वर्ष र कार्य सम्पन्न हुन नसकेको विशेष अवस्थामा १ वर्षसम्म थप्न सकिने प्रावधान राखिएको थियो । सोही प्रावधानअनुसार थपिएको अवधिमा पनि कार्य सम्पन्न हुन सकेन । ऐनमा रहेका त्रुटि, आयोगभित्रको आन्तरिक कलह, पीडितको अविश्वास आदिको कारण पनि कार्यले गति लिन सकेन । अन्ततः सरकार दुवै आयोग राख्ने तर पदाधिकारीलाई पुनरावृति नगर्ने निष्कर्षमा पुगी सोही प्रावधानअनुरूप कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले २०७५ माघ १५ मा राष्ट्रिय सभा सचिवालयमा विधेयक दर्ता गऱ्यो । संशोधनका लागि उपलब्ध गराइने ७२ घण्टाको नियम निलम्बन गरी विधेयकलाई पारित गरियो । ऐनको आधारमा आयोगमा पदाधिकारी नियुक्तिको लागि पूर्व प्रधानन्यायधीशको संयोजकत्वमा पदाधिकारी सिफारिस समिति गठन भयो । फलस्वरूप २०७६ माघमा समितिले पदाधिकारी सिफारिस गरेपछि हाल दुवै आयोगमा पदाधिकारी नियुक्त भएको अवस्था छ । ऐनमा संशोधन नहुँदा नियुक्त पदाधिकारीहरूलाई कामकारबाही अगाडि बढाउन कठिनाइ परेको छ ।

यस मुद्दालाई सम्बोधन गर्न सङ्क्रमणकालीन न्यायको क्षेत्रमा केही सकारात्मक कार्यहरू पनि सम्पन्न भएका छन् । जमिनमुनि बिछ्याइएका विस्फोटक पदार्थहरूलाई एक हदसम्म निष्कृय पार्ने कार्य सम्पन्न भएको छ । त्यसै गरी विस्थापितहरूको पुनःस्र्थापना, कब्जा गरिएका घरजग्गाहरू प्रायः फिर्ता भइसकेको अवस्था छ । सशस्त्र द्वन्द्वका कारण नष्ट भएका सरकारी संरचनाहरूको पुनःनिर्माण गर्ने कार्यहरू अगाडि बढेका छन् ।

उजुरीको अवस्था

यस आयोगमा २०७३/१/५ देखि २०७३/२६ सम्मको पहिलो चरणमा ५८,०५२ सङ्ख्यामा उजुरीहरू प्राप्त भएको देखिन्छ । यसैगरी २०७४/३/२५ देखि साउन २४ सम्म छुट भएका उजुरीहरू संकलन गरिएकोमा १,२६३ उजुरी थप भएका थिए । दुई चरणमा गरी जम्मा ६१,६१५ उजुरीहरू दर्ता भएको देखिन्छ ।

–स्रोतः सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपालद्वारा २०७४ माघ २६ गते जारी प्रेसविज्ञप्ति

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको कामकारबाहीसम्बन्धी विवरण

क्र.स.	विवरण	सङ्ख्या
१.	आयोगमा दर्ता उजुरीको कुल सङ्ख्या	३१९७
२.	सत्य निरुपण तथा मेलमिलाप आयोगमा पठाइएका उजुरी	२७७
३.	तामेलीमा राख्ने निर्णय भएका उजुरी	२८९
४.	एउटै व्यक्ति बेपत्ता भएको भनी दोहोरो उजुरी परेकोमा एउटैमा गाभी लगत कट्टा गरिएको फायल सङ्ख्या	१२५
५.	बिस्तुत छानबिन गर्ने भनी निर्णय भएका उजुरी	२५०६

६.	बिस्तुत छानबिनको पहिलो चरणको कार्यअन्तर्गत उजुरीकर्ता तथा साक्षी बुझ्ने, एण्टिमोर्टम तथ्याङ्क फारम भर्ने र परिपूरण फारम भर्ने लगायतका कार्य सम्पन्न गर्न अनुसन्धान अधिकारी तोकिएको फायल सङ्ख्या	२१६९
७.	अनुसन्धान अधिकारीले बिस्तुत छानबिनको पहिलो चरणको कार्यअन्तर्गत उजुरीकर्ता तथा साक्षी बुझ्ने, एण्टिमोर्टम तथ्याङ्क फारम भर्ने र परिपूरण फारम भर्ने लगायतका कार्य सम्पन्न गरी प्रतिवेदन पेस भएको फायल सङ्ख्या	२००८
८.	अनुसन्धान अधिकारी तोकिएको अवस्थामा अनुसन्धान अधिकारीसँग उज्रीमा उल्लिखित उजुरीकर्तासँग सम्पर्क हुन नसकी कार्य सम्पन्न हुन नसकेका फायल सङ्ख्या	१६१
९.	उजुरीको आधारमा हालसम्म खुल्न आएको बेपत्ता पारिएका व्यक्तिको सङ्ख्या	२५५८
१०	बिस्तृत अनुसन्धानका लागि आयोगले फिल्डमा नै गइ अनुसन्धान गरेका जिल्ला	६४
११	छानबिनको क्रममा सम्पर्कमा आएका व्यक्तिहरू –स्रोत: सत्यको खोजी, वर्ष १, अङ्क १, असार २०७६	२४

आयोगले सशस्त्र द्वन्द्वको अवधिमा बेपत्ता पारिएको घटना सम्बन्धमा ३,१९७ उजुरीहरू प्राप्त गरेको छ । उक्त उजुरीहरूमध्ये ६४ जिल्लाका २००८ उजुरीहरूमा बिस्तृत छानबिनको कार्य भइरहेकोमा जम्मा १,७५३ उजुरीमा पीडितबाट भराइएको परिपूरण फाराम अध्ययन गर्दा ९९९ जना पीडितले रु. २५ हजारदेखि १० लाखसम्मको नगद अन्तरिम राहत प्राप्त गरेको देखिन आयो । तीमध्ये ७५४ जनाले कुनै पनि अन्तरिम राहत पाएको देखिएन । एक जनाले भौतिक परिपूरण माग गरेको देखिएन । अध्ययन गरिएका परिपूरण फारामहरूमध्ये करिब आधा सङ्ख्याका पीडितहरूले मात्र १० लाख रुपियाँ राहत पाएको देखिन्छ ।

स्रोत: http://ciedp.gov.np/downloadfile/Antarim%20Pratibedan%202075_1554654724.pdf

प्रहरी चौकीहरू पुन:स्थापित गरिएका छन् । अधिकांश द्वन्द्वपीडितहरूले अन्तरिम राहत र मृतक परिवाहरूले सरकारको निर्णयअनुसार रु.१० लाख राहत रकम प्राप्त गरेका छन । सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगबाट सार्वजनिक सुनुवाइ, उजुरी सङ्कलन, उजुरी तामेली, क्षतिपूर्तिको लागि सिफारिस जस्ता कार्यहरू भएका छन् ।

बेपत्ता पारिएका व्यक्तिको उमेरगत अवस्था				**बेपत्ता पारिएका व्यक्तिको पेशागत अवस्था**			
क्र.स.	**उमेर समूह**	**बेपत्ता व्यक्तिको सङ्ख्या**	**प्रतिशत**	**क्र.स.**	**पेसा**	**बेपत्ता सङ्ख्या**	**प्रतिशत**
१.	पन्ध्र वर्षभन्दा बढी तीस वर्षसम्मका	१२१५	४८.२५ %	१.	कृषि	१,४३७	५७.०७ %
२.	तीस वर्षभन्दा बढी चालीस वर्षसम्मका	५१४	२०.४१ %	२.	विद्यार्थी	२८६	११.३६ %
३.	उमेर नखुलेका	२७८	११.०४ %	३.	नखुलेको/अन्य	१८३	७.२७ %
४.	चालीस वर्षभन्दा बढी पचास वर्षसम्मका	२५४	१०.०९ %	४.	मजदुर	१६१	६.३९ %

५.	पचास वर्षभन्दा बढी साठ्ठी वर्ष सम्मका	११७	४.६५ %	५.	राजनीतिकर्मी /कार्यकर्ता	१२२	४.८५ %
६.	पन्ध्र वर्ष वा सो भन्दा मुनिका	१०२	४.०५ %	६.	शिक्षक	६६	२.६२ %
७.	साठ्ठी वर्षभन्दा बढीका	३८	१.५१ %	७.	सरकारी कर्मचारी	५२	२.०७ %
८.	जम्मा	२,५१८	१०० %	८.	नेपाली सेना	४६	१.८३ %
				९..	नेपाल प्रहरी	३९	१.५५ %
				१०.	विद्रोही सेना	३८	१.५१ %
				११.	व्यवसायी	३२	१.२७ %
				१२..	रोजगारी	१३	०.५२ %
				१३...	सवारी चालक	८	०.३२ %
				१४..	वैदेशिक रोजगार	७	०.२८ %
				१५.	भारतीय सुरक्षाकर्मी	७	०.२८ %
				१६.	समाजसेवी	६	०.२४ %
बेपत्ता पारिएका व्यक्तिको लैङ्गिक अवस्था				१७.	चिकित्सा	५	०.२० %
क्र.स.	विवरण	सङ्ख्या	प्रतिशत	१८.	गृहणी	५	०.२० %
१.	महिला	२००	७.९ %	१९.	पत्रकारिता	४	०.१६ %
२.	पुरुष	२,३१८	९२.१%	२०	मानव अधिकारकर्मी	१	०.०४ %
	जम्मा	२,५१८	१०० %		जम्मा	२,५१८	१०० %
स्रोत: तेस्रो अन्तरिम प्रतिवेदन, २०७५, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, पृ.१३–१५							

यसरी कतिपय कार्यहरू सकारात्मक रूपमा अगाडि बढे पनि मुल मुद्दाहरू सम्बोधन गर्नुभन्दा झुलाउने, गलाउने, व्यवहारत: बेवास्ता गर्ने प्रवृति हाबी हुन पुगेको छ । यस सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको भनाइले पनि यी कुरालाई पुष्टि गर्दछ: राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाको २० वर्षे अवधिमा गरेका १,१९५ सिफारिसहरूमध्ये ९४० सिफारिसहरू विगतको द्वन्द्वसँग सम्बन्धित भए तापनि तिनको कार्यान्वयन अवस्था सन्तोषजनक रहेन । सिफारिस कार्यान्वयन नभएका कारणबाट द्वन्द्वपीडितले न्याय प्राप्त गर्न नसक्नु, बलपूर्वक बेपत्ताविरुद्धको घटनामा आयोगले कारबाहीको लागि सिफारिस गरे पनि त्यसको लागि पर्याप्त कानुनी व्यवस्थाको अभाव हुनु, केही द्वन्द्वपीडितहरूले अन्तरिम राहत तथा क्षतिपूर्तिको रकम प्राप्त गरेको भए तापनि मानव अधिकारका गम्भीर उल्लंघनमा संलग्न दोषीलाई कारवाही नहुनुले दण्डहीनताको स्थिति अन्त्य हुन सकेको देखिन्नँ । यसबाट नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिबद्धताहरूसमेत प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको देखिन्छ ।[6]

6. आयोगबाट २०७७ मङ्सिर मा जारी प्रेस-विज्ञप्तिमार्फत सार्वजनिक गरिएको धारणा

सशस्त्र द्वन्द्वको क्रममा हत्या, अङ्गभङ्ग, बलपूर्वक बेपत्ता, अपहरण, यातना तथा कुटपिट, यौनजन्य हिंसा, सम्पत्ति कब्जा एवम् नष्ट तथा बलपूर्वक विस्थापनलगायतका घटनाहरूबाट पीडित व्यक्तिहरूका माग अझै सम्बोधन हुन सकेका छैनन् । विशेषत: सत्य जान्न पाउने, गम्भीर अपराधमा कारबाही र भविष्यमा यस्ता घटना नदोहोरिने स्थितिको सुनिश्चितता छैन । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ का कतिपय प्रावधानहरूमाथि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहबाट प्रश्नहरू उठाइएका थिए । सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय मापदण्डबमोजिम ऐन संशोधन गर्न दिएको आदेश र निर्देशन, सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा जाहेर गरेको प्रतिबद्धता, पीडितका माग, अन्तर्राष्ट्रिय चासो र सरोकार अहिले पनि सम्बोधन हुन सकेको छैन । पीडितले प्राप्त गर्नुपर्ने परिपूरण र आर्थिक तथा सामाजिक पुनस्थापनाले अझै गति लिन सकेको छैन । बर्हिगमित बाल लडाकुहरूको समस्या पनि सम्बोधन हुन नसकेको अवस्था छ । यस मुद्दालाई सम्बोधन गर्न ढिलाइ भइसकेको छ । मानव अधिकार आयोगले पनि यस पक्षलाई विशेष महत्त्वका साथ उठाउँदै आएको छ: अत: विस्तृत शान्ति सम्झौतामा उल्लेख भएअनुसार सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूसँग सम्बन्धित कानुनहरू मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य मान्यता, यस आयोगको सिफारिस तथा सर्वोच्च अदालतको निर्णय अनुकूल हुने गरी संशोधन गर्न, पीडितहरूको समयमै न्याय प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न तथा आयोगले दोषी ठहर गरेका मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई कानुनबमोजिम कारवाहीको दायरामा ल्याइ दण्डहीनताको स्थिति अन्त्य गर्न आयोग नेपाल सरकार तथा सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।[7]

माथिका तथ्याङ्क, भइरहेका कामकारबाही, व्यतित गरिएको समय, सरकार र राजनीतिक दलको क्रियाकलाप आदिलाई हेर्दा पीडितले न्याय प्राप्त गर्ने सम्भावना अत्यन्त न्यून देखिन्छ । आयोग राख्ने, पदाधिकारीको म्याद थप्ने, नयाँ पदाधिकारी ल्याउने जस्ता कार्यमा सरकार र दल सीमित छन् । दुवै आयोगले किन काम गर्न सकेनन् भन्ने विषयमा गम्भीर समीक्षा गरी आवश्यक कदम चाल्ने सम्बन्धमा अहिले पनि ध्यान जान सकेको छैन । पीडितलाई विश्वासमा लिन आयोग र सरकारबाट यथोचित प्रयत्न हुन सकेको देखिँदैन ।

यति लामो समय व्यतित भइसक्दा पनि सङ्क्रमणकालीन न्यायको सम्बोधन हुन नसक्नु विडम्बना नै मान्नुपर्छ । अझ वर्तमान परिवेशमा कोरोना महामारी गतिलो बहाना बन्न पुगेको छ । यो विषय राष्ट्रियमात्र नभइ अन्तर्राष्ट्रिय चासो र सरोकारको मुद्दा पनि भएकोले जति नै ढिलाइ गरे पनि सम्बोधन नगरी उपाय छैन । पीडक र पीडितबीच मेलमिलाप, गम्भीर अपराधमा सजाय, दोषीहरूद्वारा सार्वजनिक माफी र घटनाको पुनरावृति नहुने सुनिश्चितता, पीडितलाई परिपूरणजस्ता कार्य गर्न ढिला भइसकेको छ । अत: अब हालसम्म सम्पादित कामकारबाहीको समीक्षा, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस र सर्वोच्च अदालतका आदेशअनुसार ऐन संशोधन पहिलो कदम हुनुपर्दछ । पीडित एवम् सरोकारवालाहरूको जायज चासोलाई सम्बोधन गरी दीगो शान्ति स्थापित गर्न आवश्यक छ ।

7. ऐ.ए.

महिला अधिकार

सामान्यत: महिला अधिकार भन्नाले महिलाको हैसियतमा समग्र व्यक्तित्व विकाससँग जोडएका अधिकार हुन् । यी अधिकारलाई राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय दस्तावेज/कानुनमा उल्लेख गरिएको पाइन्छ । विशेषत: मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र तथा प्रतिष्ठा र अधिकारमा समान र २ मा सबै अधिकार बिना लैङ्गिक विभेद सबैलाई समान रूपमा प्राप्त हुनेछ भनिएको छ । महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५३ को धारा २ ले महिलालाई पुरुषसरह राजनीतिक अधिकार प्रदान गर्दै मतदान गर्न पाउने, निर्वाचित हुन पाउने, सार्वजनिक पद धारण गर्न पाउनेलगायतका अधिकारको सुनिश्चितता गरेको छ । नागरिक तथा राजनीतिक अधिकार विषयक प्रतिज्ञापत्र, १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २ र ३ ले पक्ष राष्ट्रहरूलाई अभिसन्धिमा उल्लेख अधिकारविना लैङ्गिक विभेद सम्मान र सुनिश्चित गर्न राज्यपक्षलाई निर्देशन गरेका छन् । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९७९ ले लैङ्गिक विभेद अन्त्य गर्न राष्ट्रिय कानुनमा महिला अधिकारको संरक्षण गर्न, राष्ट्रिय कानुनमा रहेका विभेदकारी व्यवस्थाहरू खारेज गर्न तथा महिला अधिकारको संरक्षण र सवर्धनका लागि नयाँ कानुनहरूको निर्माण गर्न तथा महिला अधिकारको प्रभावकारी संरक्षणका लागि राष्ट्रिय संयन्त्रको निर्माण गर्नसमेत राज्य पक्षाको दायित्व निर्धारण गरेको छ ।

नेपालको संविधानमा महिलाको हकअन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने, महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक मौलिक हकको रूपमा हुने उल्लेख छ । महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने, पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक उल्लेख छ । त्यस्तै सामाजिक न्यायको हकमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक प्रदान गरेको छ । घरेलु हिंसा (कसूर, सजाय) ऐन, २०६६ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, र नियमावली आदिमा पनि प्रत्यक्ष/अप्रत्यक्ष रूपमा महिला अधिकारसम्बन्धी व्यवस्था रहेका छन् । यी प्रावधानहरूलाई कार्यान्वयनका लागि राज्य र सरकारी स्तरमा विभिन्न संयन्त्रहरूको स्थापना गरिएको छ । विशेषत: संवैधानिक निकायको रूपमा स्थापित राष्ट्रिय महिला आयोग रहेको छ । यसैगरी राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग, मुस्लिम, थारु आयोग रहेका छन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय पनि क्रियाशील रहेको छ ।

उमेर समूह	महिला	पुरुष	जम्मा
०-५	१२,५३,००६	१३,१४,९५७	२५,६७,९६३
५-१४	३२,८०,४७७	३३,९९,८०६	६६,८०,२८३
१५-२४	२८,०२,८७९	२४,८७,१७२	५२,९०,०५१
२५-३४	२१,२६,८३९	१६,८७,८२०	३८,१४,६५९
३५-४४	१५,८९,९५०	१४,००,४९०	२९,९०,४४०
४५-५४	१०,९७,४७०	१०,९७,४७० १०,८०,९६५	२१,७८,४३५

५५-६४	७,९३,७४७	७,९३,७४७ ७,८१,३४३	१५,७५,०९०
६५ माथि	७,०१,०९५	६,९६,४८८	१३,९७,५८३

स्रोत : राष्ट्रियज नगणना, २०६८ केन्द्रीय तथ्याङ्क विभाग

वि.स.२०६८ को जनगणनाअनुसार कुल जनसङ्ख्या २,६४,९४,५०४ रहेकोमा महिला १,३६,४५,४६३ (५१.५० प्रतिशत) र पुरुष १,२८,४९,०४९ (४८.५० रहेको छ । देशका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल २,३९,२६,५४१ जनसङ्ख्यामा ६५.९ प्रतिशत व्यक्तिहरू साक्षार रहेको देखाएको छ । यो उमेर समूहमा ७५.१ प्रतिशत पुरुष र ५७.४ प्रतिशत महिला साक्षार रहेका छन् । यसैगरी ६ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल जनसङ्ख्याको ६६.५ प्रतिशत तथा पुरुष र महिलाको क्रमशः ७५.९ र ५७.७ प्रतिशत साक्षार रहेको देखिएको छ ।

समावेशीकरणको नीति अवलम्बन गरी राज्यका निकायहरूमा महिला सहभागिता क्रमशः बढ्दै जानुलाई सकारात्मक रूपमा लिन सकिन्छ । राजनीतिक रुपमा महिलाको प्रतिनिधित्व क्रमशः बढ्दै गएको देखिन्छ । प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४ मा सम्पन्न निर्वाचनमा ७६ लाख ५१ हजार १४३ महिला मतदाता रहेको देखिन्छ । मुलुक सङ्घीयतामा प्रवेश गर्ने क्रममा तीन तहको निर्वाचन सम्पन्न भइसकेको छ । निर्वाचनले महिला प्रतिनिधित्वको सङ्ख्यामा वृद्धि गरेको छ । स्थानीय तहका विभिन्न पदमा १४३५२ महिला निर्वाचित भएका छन् । प्रदेशसभातर्फ पहिलो निर्वाचित हुनेमा १७ र समानुपातिक १७२ जना रहेका छन् । प्रतिनिधिसभामा पहिलो निर्वाचित हुनेमा छ र समानुपातिकमा ८४ जना छन् । कुल ९० जना महिला सदस्यहरूको प्रतिनिधित्व रहेको सङ्ख्या ३२.७३ प्रतिशत हुन आउँछ । त्यसै गरी राष्ट्रिय सभामा २२ जना महिलाको प्रतिनिधित्व रहेको देखिन्छ, जुन प्रतिशतको हिसाबले ३७.२९ हो । प्रतिनिधि सभा र राष्ट्रिय सभामा कुल ३३४ सदस्यमध्ये ११२ जना अर्थात् ३३.५३ प्रतिशत महिला सदस्यहरूको सहभागिता रहेको छ । राष्ट्रपतिजस्तो सम्मानित पदमा महिलाको नेतृत्व रहेको छ । सङ्घीय संसद्अन्तर्गत राष्ट्रिय सभाको उपाध्यक्षमा महिलाको प्रतिनिधित्व रहेको छ । पहिलो पटक संसदीय समितिमा १० समितिहरूमध्ये ६ मा महिलाको नेतृत्व रहेको थियो । हाल राज्यव्यवस्था तथा सुशासन समितिको सभापति शशी श्रेष्ठ मन्त्रीमा नियुक्त भएकोमा रिक्त रहेको छ । महिलामाथि हुने सबै प्रकारका भेदभावविरुद्धको महासन्धिअन्तर्गत समिति सदस्यमा नेपालको तर्फबाट वन्दना राणाले प्रतिनिधित्व गरेको अवस्था छ ।

संविधानतः परिकल्पना गरिएको ३३ प्रतिशतको मापदण्ड मन्त्रीपरिषद् र राजनीतिक दलको केन्द्रीय तहमा भने कार्यान्वयन हुन नसकेको अवस्था छ । प्रतिनिधिसभामा उपसभामुख पद लामो समयदेखि रिक्त छ । राजनीतिक रुपमा महिला सहभागितामा वृद्धि हुँदै गए पनि आर्थिक, सामाजिक क्षेत्रमा स्थिति सन्तोषजनक अवस्थामा छैन । अहिले पनि आर्थिक रूपमा महिलाहरू धेरै हदसम्म पुरुषमाथि निर्भर छन् । कुरीति, कुसंस्कार, विभेद, दमन, शोषण, अन्याय, अत्याचार र बहिष्करणजस्ता समस्याले समाज अहिले पनि ग्रस्त छ । यसको प्रभाव राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिकलगायतका क्षेत्रमा पर्दा महिलाहरूले बढी पीडित हुनुपरेको अवस्था छ । । झुमा, देउकी, छाउपडीजस्ता सामाजिक कुप्रथाहरू अझै पनि जिवितै छन् ।

कानुनी तथा नीतिगत रूपमा महिला अधिकारको प्रवर्धन सकारात्मक रूपमा भइरहेको भए पनि व्यवहारतः अझै पनि लैङ्गिक विभेद कायमै रहेको छ । आर्थिक रूपमा महिलाको धेरै हदसम्म पुरुषमाथिको निर्भरता

कायमै छ । घरायसी कामलाई कामको रूपमा गणना गरिएको छैन । असामाजिक मूल्य-मान्यता एवम् व्यवहारतः विभेद, दमन, शोषण, अन्याय, अत्याचार र बहिष्करण आदिका कारण नेपाली महिलाको अवस्था राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिकलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा पुरुषको तुलनामा सक्षम हुन सकेको छैन । झुमा, देउकी, छाउपडी, कुमारी जस्ता सामाजिक कुप्रथाहरू अझै पूर्णरूपमा हटाउन सकिएको छैन । दाइजो तथा तिलक, बालविवाह, मञ्जुरीविना विवाह, बोक्सीको आरोपमा कतिपय परिबारमा सदस्यहरूबाटै हिंसा, दाइजो नल्याएको कारण कुटपिटदेखि मार्नेसम्म कार्यले नेपाली समाजमा महिलाहरू विभेदको शिकार भइरहेका छन् ।

समय र विकासक्रम सँगसँगै महिलामाथि हुने विभेद, हिंसाको प्रकार र रूप पनि परिवर्तन हुँदै आएका छन् । भिडियो एक्सरेमार्फत भ्रूणको पहिचान गरी छोरी भएमा गर्भपतन गर्ने परिपाटी छ । बलात्कार, यौन दुर्व्यवहार, एसिड छर्कने घटनाहरूबाट महिलाहरू पीडित भइरहेका छन् । दाइजो तथा तिलक प्रथा, बाल विवाह, विनामञ्जुरी विवाह, बोक्सीको आरोपमा महिलाहरू पीडा भोग्न बाध्य छन् । परिबारका सदस्यहरूबाटै हिंसा, दाइजो नल्याएको कारण कुटपिट, जलाउने, घर निकाला गर्ने, ज्यान लिनेसम्मका घृर्णित कार्यहरू कुनै न कुनै स्वरूपमा विद्यमान छन् । कोभिड १९ को कारण घरेलु हिंसाका घटनाहरूमा वृद्धि भएको देखिन्छ ।

मानव बेचबिखनको विगतदेखिकै प्रवृति फरक-फरक स्वरूपमा जिवितै रहेको छ । नेपाल प्रहरीका अनुसार यस आवमा मानव बेचबिखनसम्बन्धी ५२८ मुद्दा दायर गरिएको देखिन्छ ।

आव	मुद्दा सङ्ख्या	पक्राउ		फरार	
		पुरुष	महिला	पुरुष	महिला
२०७५–०७६	२५८	२४९	८४	१५७	३४
२०७६–०७७	१३६	१२७	७१	१०६	३६
२०७७–०७८	१३४	१११	५१	९१	४४
जम्मा	५२८	४८७	२०६	३५४	११४
Source:https://old.nepalpolice.gov.np/index.php/anti-human-trafficking-bureau-1?start=6					

आव	मुद्दा सङ्ख्या	पीडित		अभियुक्त	
		पुरुष	महिला	पुरुष	महिला
२०७५–०७६	२५८	७१	३१६	४०७	११७
२०७६–०७७	१३६	१४	११९	२३३	१०७
२०७७–०७८	१३४	४	१८३	२०२	९५
जम्मा	५२८	८९	६१८	८४२	३१९
Source:https://old.nepalpolice.gov.np/index.php/anti-human-trafficking-bureau-1?start=6					

यसमा ६१८ जना महिला र ८९ पुरुष पीडित भएको अवस्था छ ।

नेपाल प्रहरीकै तथ्याङ्कले पनि महिलामाथिका बलात्कारका घट्ना यस आवमा वृद्धि भएको देखिन्छ ।

क्र.स.	प्रदेश	आव २०७५/२०७६	आव २०७६/२०७७	आव २०७७/२०७८	जम्मा
		बलात्कार/ बलात्कार प्रयास	बलात्कार / बलात्कार प्रयास	बलात्कार / बलात्कार प्रयास	
१.	प्रदेश न.१	५४४/२३७	४८५/१६०	५५७/१५१	१९७०/७४३
२.	प्रदेश न.२	३००/१०३	२८८/९६	३३९/१०७	११०२/४११
३.	वाग्मती	२३०/५८	२५६/८६	२७१/८०	९४८/३२२
४.	गण्डकी	१८१/७९	१६१/६२	१९०/५४	६५१/२५५
५.	लुम्बिनी	३६९/१२७	३८४/९९	३९९/११६	१४२२/४७३
६.	कर्नाली	१४०/४५	१३९/५७	१४३/४३	४८१/१७८
७.	सुदुरपश्चिम्	१७०/७६	२००/६७	२१३/८२	६७६/२७६
८	काठमाडौँ उपत्याका	२६६/५२	२०९/३३	९५९/२०९	९५९/२०९
९	व्यूरो	०/०	१/०	०/०	२/०
जम्मा		२२३०/७८६	२१४४/६८७	२३२१/६६६	८२११/२८६७

सबै घट्नाका उजुरीहरू प्रहरी कार्यालयमा दर्ता हुँदैनन । यसबाट यो सङ्ख्या थप हुने देखिन्छ ।

माथिका घटनाबाट महिलाको अवस्था अहिले पनि दयनीय छ । बलात्कार, बेचबिखन, बहुविवाह, बाल विवाहजस्ता घटनहरूमा वृद्धि भइरहेको देखिन्छ । घरेलु हिंसामा व्यापक बढोत्तरी भइरहेको छ । समय र विकासक्रमसँगसँगै महिलामाथि हुने विभेद, हिंसाको प्रकार र रूप पनि फरक हुँदै गइरहेको छ । आधुनिक प्रविधिलाई दुरूपयोग गरी महिलामाथि हिंसा गर्ने प्रचलन पनि रहिआएको छ । भिडियो एक्सरेमार्फत भ्रूणको पहिचान गरी छोरी भएमा गर्भपतन गर्ने परिपाटीलाई यस रूपमा लिन सकिन्छ । बलात्कार, यौन दुर्व्यवहार, एसिड छर्कने/आगो लगाउने, कुटपिटजस्ता घटनाहरूबाट महिलाहरू पीडित भइरहेका छन् ।

कोभिड १९ बाट समग्र मानव जनजीवन नै प्रभावित बन्न पुग्दा त्यसको असर महिलाहरूमा बढी पर्न गएको देखिन्छ । कोभिड १९ को सङ्क्रमण हुन्छ भन्ने मानसिकताबाट अस्पतालले पनि भर्ना नलिने, लिए पनि अनेकौँ शास्ती बिहोर्नुपर्ने स्थिति छ । एकातिर यातायातको असुविधा, प्रभावकारी हवाईसेवाको अभाव, सडक सञ्जालले जोडिएका जिल्ला हवाईसेवा र सुविधाबाट वञ्चित हुनुपर्दा ठुलो सङ्ख्यामा गर्भवती तथा सुत्केरी महिला र बच्चा थप समस्यामा परेको अवस्था छ । अन्तिम अवस्थामा अस्पताल पुऱ्याउदा अधिक रक्तश्राव, पाठेघर फुटने समस्या र साथै औषधि र सामग्रीको अभावमा ज्यान जानु सामान्य भइसकेको छ । सुत्केरी महिलामा पनि भिटामिन, क्याल्सियम, पोषणयुक्त खानेकुराको अभाव र समयमै उपलब्ध हुन नसक्दा आमा र बच्चाको स्वास्थ्यमा गम्भीर असर पुगेको स्थिति छ ।

यी समग्र अवस्थालाई हेर्दा राजनीतिक अधिकारको पाटो सकारात्मक देखिए पनि ग्रामीण तहमा महिलाको जनजीवन अझै पनि दयनीय नै छ । संविधान, कानुन महिलामैत्री भए पनि महिला अधिकार पूर्णतः लागु हुन सकेको छैन । अतः कानुको प्रभावकारी कार्यान्यन, जनचेतना, रोजगारीजस्ता पक्षमा राज्य र सरोकारवालाहरू थप संवेदनशील हुनुपर्ने अवस्था छ ।

बाल अधिकार

बालबालिकाको संरक्षण, सहभागिता, विकासलगायतका पक्षसँग जोडिएका सवाल नै बाल अधिकारको रूपमा लिइन्छ । बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ ले १८ वर्षमुनिका व्यक्तिहरूलाई बालबालिका मानेको छ । राष्ट्रिय कानुनहरूमा भने सम्बन्धित मुलुकले कानुनमा निर्धारण गरेबमोजिम हुने प्रावधान छ । मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, इच्छाधीन आलेख र राष्ट्रिय कानुनहरूमा बाल अधिकारको सम्बन्धमा उल्लेख गरिएको पाइन्छ । बालबालिकाका विविध पक्षहरूलाई मध्यनजर राखी बाल अधिकारसम्बन्धी महासन्धिलगायतका दस्तावेजमा यस अधिकारभित्र बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिताको अधिकार समावेश गरिएको छ ।

नेपालको संविधान, २०७२ को धारा ३९ मा बालबालिकाको अधिकारको सम्बन्धमा व्यवस्था छ । यसमा विशेषत: उनीहरूको पहिचान तथा नामको हक, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हकमा जोड दिइएको छ । त्यसैगरी असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई राज्यबाट विशेष सुविधा हुने, कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ । बालबालिका ऐन, २०७५ मा पनि बाल अधिकारसम्बन्धी विविध अधिकारको व्यवस्था गरिएको छ । त्यसैगरी बाल श्रम (निषेध र नियमित गर्ने ऐन, २०५६, कमैया श्रम (निषेध गर्ने सम्बन्धी) ऐन, २०५८, लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३, वैदेशिक रोजगारसम्बन्धी ऐन र नियमावली, २०६४, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा बालबालिका हकअधिकारसम्बन्धी प्रावधान छन् । कार्यस्थलमा हुने यौनजन्य, हिंसा निवारण ऐन, २०७१ र नियमावलीहरू, बाल न्याय (कार्यविधि) नियमावली, २०६३, घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७, आपतकालीन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७ आदिले बालबालिकाका विविध पक्षलाई सम्बोधन गरेको पाइन्छ । बाल अधिकारको कार्यान्वयनको लागि विषयगतलगायतका मन्त्रालय, केन्द्रीय र जिल्ला बाल कल्याण समिति, प्रहरी मातहतका निकाय आदि कार्यरत रहेका छन् ।

राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसङ्ख्या २,६४,९४,५०४ (पुरुष १,२८,४९,०४१ (४८.५ प्रतिशत र महिला १,३६,४५,४६३ (५१.५ प्रतिशत) रहेको छ । यसमा १८ वर्षमुनिका बालबालिकाको सङ्ख्या १,१०,८४,३११ छ, जुन कुल जनसङ्ख्याको ४१.८३ प्रतिशत हुन आउछ । त्यसैगरी १६ वर्षमुनिका बालबालिकाको प्रतिशत ३७.३७ र १४ वर्षमुनिका बालबालिका ३२.३५ प्रतिशत रहेको छ । अहिले जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत रहेको छ ।

बालबालिकाको अवस्थालाई हेर्दा एक अवस्थासम्म सन्तोषजनक गर्ने ठाउँ छ । युनिसेफका अनुसार महिला तथा बालबालिकाको स्वास्थ्य सुधारमा उल्लेखनीय प्रगति हासिल गरेको छ । प्राथमिक स्वास्थ्य सेवामा आएको सुधारका कारण पाँच वर्षमुनिका बालबालिकाको मृत्युदरमा कमी आएको छ । पोलियोमुक्त देश घोषणा, मातृस्वास्थ्य सुधारमा देखाइएको प्रतिवद्धता र प्रगति, बाल मृत्युदरमा न्यूनीकरण गर्न सफल भएको उल्लेख छ । जम्मा १,००० जिवित शिशुको जन्म हुँदा मृत्युदर २१ छ । नेपालमा नवजात शिशु मृत्युदर (जन्मपश्चात् पहिलो २८ दिनभित्र हुने मृत्यु दर) एकदमै उच्च रहेको छ । यसका अतिरिक्त पाँच

वर्ष मुनिका बालबालिकाको मृत्युदर प्रत्येक १,००० मा ३९ रहेको जनाएको छ । धनी समुहको तुलनामा गरिबीमा रहेकाहरूको नवजात शिशु मृत्युदर लगभग दोब्बर साथै उमेर नपुगेका आमाहरूमा यो दर उच्च छ ।

राष्ट्रिय बाल अधिकार परिषद्ले सार्वजनिक गरेको नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७ अनुसार बाल अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने क्रममा संविधान, कानुन, नीति, योजना, कार्ययोजना, कार्यक्रम, संस्थागत व्यवस्था, सहकार्य, समन्वय लगायतका प्रयासहरूबाट बालबालिकासँग सम्बन्धित गुणात्मक तथा संख्यात्मक सूचकहरूमा उल्लेख्य सुधार हुँदै आएको छ । तथ्याङ्कीय रुपमा हेर्दा आर्थिक वर्ष २०४७/०४८ देखि २०७६/०७७ सम्मको अवधिमा प्राथमिक तहको खुद भर्नादर ६४ प्रतिशतबाट बढेर ९७.१ प्रतिशत पुगेको छ । आधारभूत तथा माध्यमिक शिक्षामा छात्रमा छात्राको अनुपात क्रमशः ०.४३ बाट बढेर ०.९८ र ०.४३ बाट बढेर १.०१ पुगेको छ । समग्रमा विद्यालय शिक्षाको पहुँच समता, गुणस्तरीयता तथा प्रभावकारितामा वृद्धि भएको देखिन्छ । यसैगरी नवजात शिशु, शिशु तथा बाल मृत्युदरमा उल्लेख्य सुधार भै क्रमशः प्रति हजारमा ५० बाट १६ मा, १०८ बाट २५ मा, १६२ बाट २८ मा झरेको देखिन्छ ।

प्राथमिक तहमा विद्यार्थी भर्नादरमा वृद्धि भइ ९७ प्रतिशत पुगे पनि चुनौतीहरू बाँकी नै छन् । शिक्षामा न्यून गुणस्तर र असमान पहुँच, भौगोलिक बिकटता, लिङ्ग, आर्थिक, सामाजिक तथा जातीय भिन्नताहरूजस्ता समास्याहरू विद्यमान छन् । गरिबी, सामाजिक वहिष्करण, अपाङ्गता, बसाईं सराइ, बालश्रम, सामाजिक मूल्यमान्यताहरू तथा लैङ्गिक भेदभाव आदिका कारण सबै बालबालिका विद्यालय भर्ना हुन र नियमति उपस्थित हुन सक्दैनन । युनिसेफकै तथ्याङ्कलाई आधार मान्दा ७७०,००० बालबालिका अहिले पनि विद्यालय बाहिर छन् । कक्षा ३, ५ र ८ मा आधा विद्यार्थीहरू मात्र नेपाली र गणित परीक्षामा उतीर्ण हुने गरेका छन् । शिक्षा क्षेत्रको असमानता हेर्दा सम्पन्न वर्गका ६५ र विपन्न वर्गका १२ प्रतिशतमात्र साक्षर छन् । बालमैत्री विद्यालयको सङ्ख्या अत्यन्त न्यून रहेको छ ।

सकारात्मक प्रावधान र कतिपय उपलब्धिका बावजुद् पनि समग्रमा बाल अधिकारको अवस्था सन्तोषजक छेन । सामान्य अवस्थामा पनि विभिन्न चुनौतीबाट गुज्रिएको शिक्षा क्षेत्र कोभिडको कारण थप दयनीय बन्न पुगेको छ । त्यसैगरी स्वास्थ्य क्षेत्रमा पनि चुनौतीहरू थपिएका छन् । अपेक्षित मात्रामा गुणात्मक फडको मार्न नसकिरहेको शिक्षा क्षेत्र अध्ययनदेखि परीक्षासम्म प्रभावित बन्न पुगेको छ । कक्षा सञ्चालन, परीक्षा हुने-नहुने, शैक्षिक वर्ष खेर जाने आदि अन्यैलतालाई चिर्न नसक्दा त्यसको सिधा असर बालबालिका र अविभावकमा पर्न गएको देखिन्छ । एकातिर सबैको पहुँचमा नभएको र अर्कोतिर भएकाको हकमा पनि कुनै अध्ययन/अनुसन्धान विना चलाइएको अनलाइन कक्षालाई उपलब्धिमूलक मान्न सकिँदैन ।

विद्यालयलाई क्वारेन्टिनको रूपमा प्रयोग, लामो समयसम्म घर/कोठामै रहनुपर्ने अवस्थाको कारण शिक्षाको अधिकारबाट वञ्चित हुनुपरेको अवस्था छ । नीतिगत अस्पष्टता, निर्णय क्षमतामा कमी, स्रोतसाधनको सीमितता, भौगोलिक विकटता, आर्थिक विपन्नता लगायतका कारण वैकल्पिक शिक्षा पद्धतिले पनि गति लिन सकेको छैन । स्वास्थ्यका दृष्टिकोणले यो आव बालबालिकाको लागि थप पीडादायी बन्न पुग्यो । विशेषतः लकडाउनको कारण बालबालिकाको लागि आवश्यक र नियमित बीसीजीलगायतका खोपहरू सबै बालबालिकाको पहुँचमा पुग्न सकेन । यसबाट उनीहरूको रोग प्रतिरोधी क्षमतामा ह्रास हुने निश्चित छ ।

यस आवमा पनि आयोगबाट सुरक्षा मापदण्ड अवलम्बन गरी बाल अधिकारको अवस्थाबारेमा अनुगमन

भएको छ । काठमाडौं उपत्यका र काभ्रेपलाञ्चोक जिल्लामा सञ्चालित बाल गृहहरूमा अनुगमन गरिएको थियो । अनुगमनबाट असहाय, टुहुरा बालबालिका रहने नेपाल बाल सङ्गठन आफैँ स्रोतसाधनको खोजीमा रहेको देखिन्छ । प्राप्त स्रोतको आधारमा गास, बास, कपास, स्वास्थ्य, शिक्षाको व्यवस्थामा लकडाउनपछि थप समस्या देखिएको छ । एउटा कोठालाई दूइटा बनाइ एउटामा ४ वर्षमुनिका ३१ जनासम्मलाई राखिएको अवस्था छ । भूकम्पबाट जीर्ण भवन हालसम्म पनि निर्माण हुन सकेको छैन ।

कतिपय स्थानीय तहबाट बालबालिकाहरूको अधिकारको सवालमा महत्त्वपूर्ण कार्य गर्ने प्रयासको थालनी भएको पाइएको छ । प्रदेश शाखा कार्यालय खोटाङका अनुसार अनुगमन भएका सबै स्थानीय तहहरूले कक्षा ६ भन्दा माथिका विद्यार्थीहरूको लागि वार्षिक एक पटक सेनिटरी प्याड वितरणको लागि बजेट विनियोजन गरेको पाइएको छ । दिप्रुङ चुइचुम्बा गापामा विद्यालयसँग नर्स कार्यक्रमअन्तर्गत बालविवाह, र प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन, २ वर्षसम्मका बालबालिकाहरूका लागि (२ पटकको सुत्केरीको लागि २४ महिनासम्म) मासिक एक हजार रुपियाँको दरले रकम उपलब्ध गराउने गरेको छ ।

बालबालिकाहरूले अधिकार पूर्णत: अधिकार उपभोग गर्न नपाएको अवस्था यस प्रतिनिधिमूलक घटनाले प्रष्ट पार्दछ । खोटाङ जिल्लाको साकेला, दिप्रुङ चुईचुम्मा, खोटेहाङ, जन्तेढुङगा र बराहपोखरी गापामा गरेको अनुगमनबाट बालबालिकाहरू उमेर नपुगी विवाह गर्ने, फलत: बालिकाहरू चाँडै गर्भवती हुने, बच्चा र आमाको ज्यान जोखिममा पर्ने गरेको पाइएको छ । यसै क्रममा साकेला गापाकी १४ बर्षीय रेजिना मगरको बच्चा जन्माउन नसकी मृत्यु भएको छ । अनुगमनबाट खोटाङमा गर्भपतन गराउने २५९ जनामध्ये २२ जना र सुत्केरी हुनेमध्ये बराहपोखरी र जन्तेढुङ्गामा मात्र २२ र १६ गरी ६० जना महिला/तथा बालबालिका २० पुग्नुअगाडि नै बच्चा जन्माउने गरेको पाइयो । ओखलढुङ्गामा विगत ४ महिनामा सुत्केरी भएकामध्ये १६ प्रतिशत महिला तथा बालबालिकाले २० वर्ष नपुगी बच्चा जन्माएको पाइएको छ । राष्ट्रिय बाल अधिकार परिषद्ले सार्वजनिक गरेको नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७ ले पनि यी तथ्यलाई पुष्टि गर्दछ । प्रतिवेदनअनुसार नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ अनुसार २०-२४ वर्ष उमेर समूहका विवाहित व्यक्तिहरूमध्ये १५ वर्षभन्दा कम उमेरमा विवाह हुनेहरू ५.२ प्रतिशत (पुरुष १.५% र महिला ७.९%) र १८ वर्षभन्दा कम उमेरमा विवाह हुनेहरू २२.७ प्रतिशत (पुरुष ९% र महिला ३२.८%) रहेको छ । यसैगरी, १५ देखि १९ वर्ष उमेर समूहका व्यक्तिहरूमध्ये १२.८ प्रतिशत (पुरुष ५.३% र महिला १९.३%) विवाहित पाइएको छ ।

यस आवमा आयोगले प्रदेश नं.२ मा सञ्चालित स्रोतकक्षामा अध्धयनरत अपाङ्गता भएका विद्यार्थीहरूको शिक्षाको अवस्थाका सम्बन्धमा अनुगमन गरेको थियो । अनुगमनका क्रममा प्रत्यक्ष भेटघाट गरी छलफल तथा अन्तर्वार्ता (मौखिक एवम् लिखित) विधि अवलम्बन गरिएको थियो । यसमा ३० विद्यार्थीहरू, २६ प्रधानाध्यापक, २६ स्रोत शिक्षक, ६ लेखाजोखा केन्द्र संयोजक, केही विद्यालय व्यवस्थापन समिति र स्रोतकक्षा व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सहभागी रहनुभएको थियो । त्यसै गरी जिल्ला शिक्षा एकाइका विषयगत कर्मचारी/पदाधिकारी, स्थानीय तहका केही जनप्रतिनिधि, केही अभिभावक तथा बीचैमा पढाइ छाडेका केही विद्यार्थीहरू, केही स्थानीय बासिन्दाहरू संलग्न हुनुहुन्थ्यो । अनुगमनबाट विद्यार्थीहरूको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको, उनीहरूमध्ये १३ जनाले समयमै छात्रवृत्ति

रकम पाउने र बाँकी १७ जनाको ढिलाइ हुने गरेको, विगत १० महिनादेखि स्रोत शिक्षाकहरू/आयाहरूको तलबभत्तासमेत नपाएको अवस्था देखिन्छ । जम्मा १४ जना विद्यार्थीहरूसँग सहायक सामग्री नरहेको र १६ जनासँग रहेकोमा ३ जनाले प्रयोगमा नल्याएको पाइएको छ । नि:शुल्क अध्ययन भनिए पनि कक्षा ९–१२ मा दर्तालगायतका शीर्षकमा शुल्क लिने गरेको पढाइप्रति १८ जना असन्तुष्ट र बाँकी सन्तुष्ट रहेको पाइएको छ । पाठ्यपुस्तक नि:शुल्क भनिए पनि आफैँ फोटोकपी गरी अध्ययन गर्नुपर्ने अवस्था छ । सर्लाही जिल्लास्थित एक प्रधानाध्यापक रहेको आवासको बत्तीको बिल विद्यार्थीको भत्ताबाट तिर्नुपर्ने, मासिक खर्च ४ हजारमाथि गएमा घरबाट दबाब दिने गरको पाइएको छ ।

महोत्तरी र पर्सा जिल्लाका ग्रामीण भेगका केही स्रोतकक्षा र नमुना विद्यालयहरूमा लैङ्गिक विभेद सामाजिक डरलाग्दो अवस्थामा देखिन्छ । परिणामत: सानै उमेरमा विवाह हुनाले छात्रा विद्यार्थीको सङ्ख्या ज्यादै न्यून रहेको पाइएको छ । अभिभावकमा शिक्षाप्रति चेतनाको अभाव रहेकोले गर्दा नै छोरीलाई छोरासरह समान अवसर नदिएको, समान व्यवहार नगरिएको देखिन्छ । फलत: कतिपय स्रोतकक्षाहरू एवम् विशेष विद्यालयहरू छात्राविहीन रहेको स्थिति छ । यसमा स्रोतकक्षामा सुरक्षाको अभाव पनि कारक तत्वको रूपमा रहेको देखिन्छ । खानपान, सरसफाइमा थप ध्यान पुऱ्याउने पर्ने, दोभाषेको व्यवस्था प्रभावकारी हुनुपर्ने, अतिरिक्त क्रियाकलापहरूमा जोड दिनुपर्ने अवस्था छ ।

बाल अधिकारको सम्बन्धमा संविधान, कानुन, नीति प्रगतिशील हुनुको साथै कार्यान्वयन संयन्त्रसमेत निर्माण भएको पाइन्छ । बाल सचेतनामा वृद्धि, शिक्षा, स्वास्थ्य आदिमा पहुँचमा वृद्धि आदिबाट विद्यालय भर्नादर, बाल स्वास्थ्य (मृत्युदर, खोप, पोषण आदि) मा सुधार भएको छ । यी सकारात्मक पक्षको बावजुद् कानुनको प्रभावकारी कार्यान्वयन, कार्यान्वयन संयन्त्र चुस्त, दुरुस्त साथै साधन स्रोत सम्पन्न हुन आवश्यक छ । बेचबिखन, हिंसा, यौनदुर्व्यवहार, बलात्कार, बाल विवाह , निकृष्ट बालश्रम, विभेद, सडकमा बालबालिकाका मुद्दाप्रति थप संवेदनशील हुन आवश्यक छ ।

ज्येष्ठ नागरिकको अधिकार

सामान्य अर्थमा प्रौढ वा औसत उमेर नाघेका व्यक्तिलाई ज्येष्ठ नागरिक भन्ने गरिन्छ । सामान्यतया शारीरिक र मानसिक रूपमा यस उमेरलाई अशक्त वा कम क्रियाशील अवस्थाको रूपमा लिइन्छ । उहाँहरूलाई अनुभवका खानी, ज्ञानका भण्डार, परिवार, समाज र राष्ट्रका पथप्रर्दशकका रूपमा हेरिन्छ । ज्येष्ठ नागरिकहरूको अधिकारलाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय र राष्ट्रिय दस्तावेजहरूमा प्रत्यक्ष/अप्रत्यक्षत: उल्लेख गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २५ (१) ले प्रौढावस्थामा समेत जीविकोपार्जनका लागि सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १० मा प्रत्येक व्यक्तिको सामाजिक सुरक्षाको अधिकारलाई राज्यले स्वीकार गर्नुपर्ने प्रावधान छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा ६ अनुसार प्रत्येक व्यक्तिलाई जीवनको अन्तर्निहित अधिकार तथा बाँच्न पाउने अधिकार रहनेछ भन्ने व्यवस्था छ । स्वेच्छाचारी रूपले कसैको पनि जीवन हरण नगरिने र कानुनद्वारा सबैको बाँच्न पाउने अधिकारको संरक्षण गरिने कुरा उल्लेख छ । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावहरूको उन्मूलनविरुद्धको महासन्धि, १९७९ को धारा ११ (१) को (ङ) मा महिला ज्येष्ठ नागरिकहरूको

सामाजिक सुरक्षाको हकमा भेदभाव गर्न नपाइने भनी उल्लेख गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २५ (ख) मा जेष्ठ नागरिकहरूलाई थप अपाङ्गता हुन नदिन न्यूनीकरण गर्ने वा रोकथाम गर्नको लागि स्वास्थ्य सेवाहरू प्रदान गरिनुपर्ने व्यवस्था छ । सोही महासन्धिको धारा २८ (ख) मा अपाङ्गता भएका जेष्ठ नागरिकहरूको लागि सामाजिक सुरक्षा कार्यक्रम तथा गरिबी न्यूनीकरणका कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने भनिएको छ । त्यसै गरी बुढ्यौलीसम्बन्धी भियना अन्तर्राष्ट्रिय कार्ययोजना, १९८२, संयुक्त राष्ट्रसङ्घको महासभाबाट १६ डिसेम्बर १९९१ मा पारित राष्ट्रसङ्घीय वृद्धवृद्धासम्बन्धी सिद्धान्तहरू, एसिया तथा प्रशान्त क्षेत्रका लागि बुढ्यौलीसम्बन्धी मकाउ कार्ययोजना, १९९८ ले ज्येष्ठ नागरिकको हकअधिकारका विविध विषयमा उल्लेख छ ।

नेपालको संविधान (२०७२) मा समानताको हकअन्तर्गत धारा १८ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधान छ । महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षासम्बन्धी हक र निर्देशक सिद्धान्तअन्तर्गत राज्यले असहाय, वृद्ध, आदिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने उल्लेख छ । संविधानको ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनिएको छ । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले जेष्ठ नागरिकको हेरविचार, स्याहारसम्भार तथा सामाजिक सुरक्षाको लागि केन्द्रीय जेष्ठ नागरिक कल्याण समितिको गठन र जेष्ठ नागरिक कल्याणकोषको व्यवस्था गरेको छ । त्यसै गरी मुलुकी देवानी संहिता २०७४ को दफा १९ मा सकारात्मक विभेद, ऐनको दफा १२२ मा छोराछोरीको आमाबाबुप्रति कर्तव्य, सामाजिक सुरक्षा ऐन, २०७५ मा सामाजिक सुरक्षा भत्ता आदिको व्यवस्था गरेको छ ।

वि.स. २०६८ सालको जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ रहेकोमा जेष्ठ नागरिकको सङ्ख्या २१,५४,००३ (८.१३%) रहेको छ ।

प्रदेशगत आधारमा ज्येष्ठ नागरिकको सङ्ख्या

क्र.स.	प्रदेश	कुल जनसङ्ख्या		ज्येष्ठ नागरिकका सङ्ख्या		ज्येष्ठ नागरिकको सङ्ख्या		लैङ्गिक अनुपात
		जम्मा	ज्येष्ठ	अनुपात (प्रदेश) प्रदेश	(कुल जनसङ्ख्या अनुपात) (कुल सङ्ख्या)	महिला	पुरुष	
१.	प्रदेश न.१	४,८३४, ९४३	३९३,०३१	८.१	१८.२	१९६,५१३	१९६,५१८	१००.०
२.	प्रदेश न.२	५,४०४,१४५	४०५,६९८	७.५	१८.८	१९४,५१५	२११,१८३	१०८.६
३.	वाग्मती	५,५२९,४५२	४५५,९८७	८.२	२१.२	२३५,९२०	२२०,०६७	९३.३
४.	गण्डकी	२,४०३,६५७	२८२,९८१	११.८	१३.१	१४७,०४२	१३५,९३९	९२.४
५.	लुम्बिनी	४,४९९,२७२	३३६,३५१	७.५	१५.६	१६६.६७७	१६९,६७४	१०१.८

६.	कर्नाली	१,५७०,४१८	८७,६३६	५.६	४.१	४४,३६९	४३,२६७	९७.५
७.	सुदुरपश्चिम्	२,२५२,५१७	१९२,७६६	८.६	८.९	१०४,४७५	८८,२९१	८४.५
जम्मा		२६,४९४,५०४	२,१५४,००३	८.१	१००.०	१,०८९,५११	१,०६४,९३९	९७.७
Source: https://probiologists.com/Uploads/Articles/18_637296255056801440.pdf								

यसमा (महिलाको सङ्ख्या १०,८९,५११ र पुरुषको सङ्ख्या १०,६४,९३९) देखिन्छ ।

यस आवमा आयोगबाट प्रदेश नं. १ का १२, प्रदेश नं. २ का ५, र वाग्मती प्रदेशका २१ जिल्लाअन्तर्गत ३९ ओटा वृद्धाश्रममा ज्येष्ठ नागरिकहरू अधिकारको अवस्थाको बारेमा अनुगमन/अन्तर्क्रियालगायतका कार्यक्रम भएका छन् । टोलीले वृद्धाश्रमको भौतिक अवस्था, स्वास्थ्यवस्थाको साथै ज्येष्ठ नागरिक/सरोकारवालाहरूसँग प्रत्यक्ष कुराकानी, छलफल, अवलोकन आदि विधि अवलम्बन गरेको थियो । अनुगमनबाट क्रममा आश्रममा रहेका कतिपय ज्येष्ठ नागरिकहरू नागरिकताबाट वञ्चित भएको, अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र नहुँदा राज्यबाट प्रदान गरिने भत्ता र सुविधाबाट वञ्चित हुनुपरेको जानकारी प्राप्त भएको थियो । कतिपय ज्येष्ठ नागरिकहरू परिवारमा छोरा, बुहारी, श्रीमान्बाट अपहेलित हुनुपर्दा आश्रममा पुग्नुपरेको अवस्था छ । केही सम्पन्न र शिक्षित परिवार नै आमाबाबुलाई आश्रममा पुऱ्याउन संलग्न रहेको पाइयो । कतिपय बाबुआमाको भत्ता छोराहरूले लिने गरेको, आर्थिका अवस्थाको कारण पनि वृद्धा आश्रममा जानुपर्ने बाध्यता रहेको पाइएको थियो । परिवारका सदस्यले खोजीनीति नगर्ने, कतिपयलाई घरपरिवारको बारेमा थाहा नभएको स्थिति अवस्था देखिन्छ । कतिपय आश्रम सञ्चालकहरूले गर्ने व्यवहार, शिष्टाचार मानवीय प्रकृतिको नभएको, खानापान, सरसफाइ आदिमा ध्यान दिने नगरेको पाइएको छ । अँध्यारो कोठामा ६ ओटासम्म बिछ्यौना राखिएको अवस्था छ ।

बुद्धा आश्रमहरूले सरकारी मापदण्ड पालन नगरेको, भवन, शौचालय र भवन परिसर र आसपासको वातावरण ज्येष्ठ नागरिकमैत्री नरहेको अवस्था छ । जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिबाट अनुगमनमात्र नभएको होइन, समितिका पदाधिकारी र सञ्चाकहरूसमेत नै यस सम्बन्धमा जानकार नभएको पाइएको छ । ज्येष्ठ नागरिकहरूका लागि अस्पतालमा छुट्टै ज्येष्ठ नागरिक उपचार कक्ष (जेरियाट्रिक वार्ड) व्यवस्था एवम् आवश्यक जनशक्तिको व्यवस्थापन नभएको पाइएको छ ।

अनुगमनबाट प्राप्त तथ्यले पारिवारिक कलह र विखण्डन, समाजमा नैतिक शिक्षाको ह्रास, चेतनाको अभाव, जिम्मेवारीबोधको अभाव, पुस्तागत द्वन्द्व, एकान्त र धार्मिक स्थलको खोजी, स्वेच्छिक रोजाइ आदिका कारण जेष्ठ नागरिकहरू वृद्धाश्रममा पुग्ने गरेको देखाएको छ । वृद्धाश्रममा रहेका अधिकांश जेष्ठ नागरिकहरू कुनै न कुनै पारिवारिक, मनोवैज्ञानिक तथा सामाजिक समस्या र शारीरिक रोगबाट पीडित छन् । बढ्दो उमेरका कारण असक्तता, उचित खानपानको अभाव, स्वास्थ्य समस्या, पारिवारिक र मानवीय व्यवहारमा कमी, कतिपय नागरिकता प्राप्तिबाट वञ्चित, समाजविहीन एक्लो जीवन बाँच्नुपर्ने बाध्यता, रुखो व्यवहार आदि वृद्धाश्रममा रहेका जेष्ठ नागरिकले भोग्नुपरेका समस्या हुन् । वृद्धाआश्रममा पुग्नुपर्ने कारणहरूमा परिवारविहीन अवस्था, भए पनि पारिवारिक स्नेह र सम्मानबाट वञ्चित, परिबारका सदस्यले समय नदिनु वा दिन नसक्नु, विधवा अवस्था हुनु, आर्थिक रूपमा कमजोरजस्ता कारण रहेका छन् । जीवन गुजारा गर्नका लागि गिटी कुट्ने, बालुवा चाल्ने जस्ता काम गर्न बाध्य छन् ।

वृद्धाश्रम एवम् हेरचाह केन्द्रमा वृद्धि हुँदै जानुभनेको ज्येष्ठ नागरिकहरू परिवारबाट अपहेलित हुन पुग्नु हो । आयोगले गरेको अनुगमनबाट प्राप्त तथ्यको आधारमा सार्वजनिक यातायात र स्वास्थ्य क्षेत्रमा शुल्क छुट दिने सरकारी निर्णय कार्यान्वयन हुन सकेको पाइँदैन । अहिले पनि उनीहरू आर्थिक, सामाजिक, स्वास्थ्य र पारिवारिक समस्याबाट गुज्रनुपरेको छ । सरकारको लगानी लक्षित वर्ग (जेष्ठ नागरिक)-सम्म पुग्न नसकेको स्थिति छ । यस सम्बन्धमा प्रभावकारी ठोस नीति र कार्यक्रमको अभाव देखिन्छ । सरकारी तवरमा दिइने अनुदान पारदर्शी हुन नसक्दा कतिपय दिवा सेवा केन्द्रहरूमा लगानीको सदुपयोग हुन सकेको छैन । ज्येष्ठ नागरिकसम्बन्धी ऐनको समयानुकूल संशोधन गर्ने, ज्येष्ठ नागरिकलाई परित्याग गर्ने कार्यलाई आपराधीकरण गर्ने लगायतका विषयहरूमा आयोगबाट गरिएका सिफारिसहरू अझैसम्म कार्यान्वयन भएको छैन ।

सामाजिक सुरक्षाको अवधारणाअनुसार सरकारले हाल सामाजिक सुरक्षाअन्तर्गत ७० वर्ष उमेर पूरा गरेका जेष्ठ नागरिकलाई मासिक ३ हजार रुपियाँका दरले भत्ता प्रदान गर्दै आएको छ । सरकारले ज्येष्ठ नागरिकका लागि मनोरञ्जन तथा तोकिएका क्षेत्रहरूमा विशेष छुट प्रदान गर्न सेवाप्रदायकहरूलाई उत्प्रेरित गर्ने नीति लिएको छ । त्यसैगरी सम्मानित सर्वोच्च अदालतले ऐनअनुरूप ज्येष्ठ नागरिकहरूलाई सार्वजनिक तथा अन्य सेवामा ५० प्रतिशत छुट दिन सरकारका नाममा परमादेशको आदेशसमेत जारी गरेको छ । सरकारले सार्वजनिक सवारी साधनहरूमा ज्येष्ठ नागरिक आरक्षण सिटको व्यवस्था गरी भाडामा ५० प्रतिशत छुट दिने नीति लिइएको छ । यी विशेष व्यवस्थाका बाबजुद् पनि ज्येष्ठ नागरिकको अवस्था सन्तोषजनक छैन ।

अहिले पनि परिवारबाट माया, स्नेह, सम्मानको अभावमा कतिपय ज्येष्ठ नागरिक वृद्धाश्रममा पुग्न बाध्य छन् । आर्थिक, शारीरिक एवम् मानसिक रूपमा कमजोर हुन थालेपछि परिवारले बोझ महसुस गर्ने र वृद्धाश्रममा राख्ने परिपाटीमा वृद्धि हुँदै गएको अवस्था छ । आधुनिकीकरण र पश्चिमी संस्कृतिको बढ्दो प्रभावले गर्दा प्राचीन परम्परा संस्कृतिको विघटनले विकृतिलाई स्थान दिएको देखिन्छ । यसको साथै पुस्तान्तरको खाडलमा वृद्धि हुँदै गइरहेको छ । नेपाली समाज संयुक्त परिवारबाट एकल परिवारतर्फ जाँदा यसको असर ज्येष्ठ नागरिकमाथि पर्न गएको छ । एक्लो जीवन व्यतीत गर्नुपर्ने, सम्पत्ति नहुँदा अपहेलित हुनुपर्ने, दुर्व्यवहार सहनुपर्ने र अन्त्यमा आफ्नो घरबाट निष्कासित हुनुपर्ने अवस्था देखिएको छ । पश्चिमा संस्कृतिको बढ्दो प्रभाव, बसाइँ सराइ, वैदेशिक रोजगारीलगायतका कारणबाट परिवार विखण्डनको क्रम तीव्र हुँदै गएको छ । यसबाट सबैभन्दा बढी ज्येष्ठ नागरिकहरू प्रभावित बनेका छन् । वृद्धावस्थाबाट कमजोर मानसिक तथा शारीरिक अवस्थामा उनीहरूको हेरचाहमा गम्भीर समस्याहरू देखिएका छन् । अतः ज्येष्ठ नागरिकको मानव अधिकारलाई सम्बोधन गर्न सम्बन्धित सरोकारवालाहरूको ध्यान केन्द्रित गर्न ढिला भईसकेको छ ।

माथि उल्लिखित पक्षहरूलाई हेर्दा एकातिर जेष्ठ नागरिकहरूको अधिकारको लागि सकारात्मक प्रयत्नहरू भइरहेका छन् । आमाबाबुलाई हेला गर्ने, दुःख दिने सन्तानलाई जेल सजायसम्मका प्रावधान राखी कानुन निर्माणसम्बन्धी छलफल चलिरहेको छ । यी अस्थायी प्रकृतिका विधि हुन् । विशेषतः मातृदेवो भवः पितृदेवो भवः को मूल मर्मलाई आत्मसात गरी अगाडि बढ्नु अहिलेको आवश्यकता हो । राज्यबाट ज्येष्ठ नागरिक अनुभवका खानी हुन् भन्ने मान्यतालाई व्यवहारमा रूपान्तरण गर्न आवश्यक छ । यसको साथै पारिवारिक रूपमा सन्ततिहरूले बुबाआमाप्रति निर्वाह गर्नुपर्ने दायित्वलाई व्यवहारमा उतार्न सकेमा ज्येष्ठ नागरिकको अधिकारको सम्मान, संरक्षण र संवर्धन सम्भव छ ।

परिच्छेद-३

आयोगबाट सम्पादित कार्यहरू

संरक्षणसम्बन्धी कार्यहरू

मानव अधिकार संरक्षणका लागि उजुरी ग्रहण, अनुगमन, अनुसन्धान, सिफारिस आयोगका महत्त्वपूर्ण कार्यहरू हुन् । यस आवमा पनि आयोगले प्राथमिकतामा राखी यी कार्यहरू सम्पन्न गरेको छ । यसरी सम्पादित कार्यहरू निम्नानुसार रहेका छन्:

उजुरीसँग सम्बन्धित कार्यहरू

आयोगले मानव अधिकार संरक्षण र संवर्धनका लागि संविधान, ऐन एवम् नियमको परिधिभित्र रही मानव अधिकार उल्लङ्घन वा दुरुत्साहनसम्बन्धी घटनामा स्वविवेकीय रूपमा र अन्य माध्यमबाट उजुरीग्रहण गर्दै आएको छ । यस प्रकारका उजुरी पीडित, पीडितका परिवार, सङ्घसंस्था, व्यक्ति वा सञ्चार-माध्यममा सम्प्रेषित समाचारका आधारमा ग्रहण गरिन्छ । यसरी आयोगबाट प्राप्त उजुरीमाथि अनुगमन, अनुसन्धान एवम् छानबिन गरी क्षतिपूर्ति र आवश्यक कानुनी कारबाहीका लागि सरकार वा सरोकारवाला निकायसमक्ष सिफारिस हुँदै आएको छ ।

यस आवमा आयोगको केन्द्रीय, प्रदेश र प्रदेश शाखा कार्यालयहरूमा गरी जम्मा १८६ उजुरीहरू दर्ता भएका छन् । आयोगमा परेका उजुरीका विषयहरूमा राजनीतिक तथा नागरिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, यातनाविरुद्धको अधिकारसँग सम्बन्धित छन् । त्यसैगरी महिला अधिकार, बाल अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, जातीय विभेदविरुद्धको अधिकार, ज्येष्ठ नागरिकका अधिकार आदि विषयसँग सम्बन्धित उजुरीहरू दर्ता हुन आएका छन् ।

प्रदेशगत कार्यालयहरुको आधारमा परेका उजुरीहरू



यस आर्थिक वर्षमा जम्मा १८६ उजुरीहरू दर्ता भएकोमा सबैभन्दा बढी वाग्मती प्रदेश कार्यालय, सानेपामा ९८,जनकपुर ३२, धनगढी २३, विराटनगर १३, पोखरा ६ र बुटवल ३ उजुरी दर्ता दर्ता भएका छन् । त्यसैगरी प्रदेश शाखा कार्यालयहरूमा क्रमशः खोटाङ ६, जुम्ला ४, नेपालगञ्ज १ उजुरी परेको देखिन्छ् ।

महासन्धिमा आधारित उजुरीहरू

आ.व. २०७७/२०७८ मा आयोगमा परेका उजुरी
(जम्मा १८६)



महासन्धिमा आधारित उजुरीको प्रकृति हेर्दा यस आवमा आयोगमा नागरिक तथा राजनीतिक अधिकार ७७ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उल्लङ्घन भएको भनी ४२ उजुरी दर्ता भएका छन् । यातनाविरुद्धको अधिकारमा २३, महिला अधिकारको हनन १७, बाल अधिकार ११, भेदभावविरुद्धको अधिकार ९, व्यक्ति बेपत्ताविरुद्धको अधिकार ३, आप्रवासी कामदार तिनका परिवारको अधिकार हनन् २ अपाङ्गता भएका व्यक्तिको अधिकार र ज्येष्ठ नागरिकको अधिकार हननमा १/१ उजुरी परेका छन् । दर्ता भएका उजुरीमा न्याय-प्रशासनमा सबैभन्दा बढी २८ र सबैभन्दा कम उजुरीमा गोपनीयताको हक, ज्येष्ठ नागरिकको हक, आदिवासी जनजातिको अधिकार हननमा १/१ उजुरी दर्ता भएका छन् ।

मानव अधिकार हनन भएको भनिएका घटनाहरूको उजुरीउपर आयोगले उपस्थित व्यक्ति, समूह, संङ्घसंस्थाको तर्फबाट उपस्थित पक्षलाई परामर्श उपलब्ध गराउदै आएको छ । आयोगको क्षेत्राधिकारभित्र नपर्ने उजुरीउपर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउदै आएको छ । यसको साथै पीडित पक्षलाई यथोचित परामर्श दिँदै आएको अवस्था छ । उजुरीसम्बन्धी पूर्ण विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।



मानव अधिकार अनुगमन

आयोगले मानव अधिकारको संरक्षणका लागि एकल र सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा नियमित र आकस्मिक रूपमा अनुगमन गर्दै आएको छ । आयोगको कार्यालयहरू साथै विषयगत महाशाखा, शाखा र एकाइबाट पनि एकल र समन्वयमा अनुगमन हुने गर्दछ । समग्र मानव अधिकारको अवस्था, विषय वा मुद्दागत अधिकारको अवस्थामा केन्द्रित रही अनुगमन सम्पन्न हुँदै आएको अवस्था छ । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा राष्ट्रिय कानुनले व्यवस्था गरेका हक-अधिकार, राज्यका नीति निर्देशन, मानव अधिकार राष्ट्रिय कार्ययोजना आदि विषयमा कार्यान्वयनको अवस्थालाई ध्यानमा राखी अनुगमन हुँदै आएको छ । आवश्यकता, परिस्थिति, विषयवस्तुको गाम्भीर्यता आदिका आधारमा नियमित र आकस्मिक रूपमा अनुगमन हुने गर्दछ ।

यस अलावा आयोगले देशभर मानव अधिकार उल्लङ्घनका गम्भीर घटनाहरूलाई शीघ्र अनुगमन/अनुसन्धान गरी सत्य तथ्य सार्वजनिक गर्न आयोगले एक "द्रूत अनुगमन तथा कार्य टोली" (Rapid Response Team) गठन गरेको छ । विषयको गाम्भीर्यता र आवश्यकताका आधारमा विज्ञहरू सम्मिलित टोलीबाट पनि अनुगमन हुँदै आएको अवस्था छ ।

कोभिड १९ को कारण यस आवमा आयोगले अपेक्षित रूपमा अनुगमन गर्न सम्भव हुन सकेन । यसका बावजुद पनि कोभिड र त्यसबाट परेको समग्र अवस्थामा केन्द्रित रही अनुगमन भएको अवस्था छ । अनुगमन गरिएका विषय नागरिक तथा राजनीतिक अधिकार; आर्थिक, समाजिक तथा सांस्कृतिक

अधिकार; महिला र बालबालिकाका अधिकारसँग सम्बन्धित छन् । त्यसै गरी सबै किसिमका जातीय भेदभाव उन्मुलन, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको अधिकार आदि विषय रहेका छन् । यसमा समग्र मानव अधिकार अवस्था, न्याय-प्रशासन, कैदीबन्दीहरूको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानुनी थुना रहेका छन् । यसको साथै कुटपिट, सूचनाको हक, गोपनीयताको अधिकार, आवतजावतको अधिकारलगायत विषयहरू पनि समावेश छन् ।आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत कोभिड १९ बाट परेको प्रभावलाई ध्यानमा राखी अनुगमन गरिएको छ । यसमा आवासको अधिकार, सम्पत्तिको अधिकार, स्वास्थ्यको अधिकारलगायतका विषय छन् ।

यस आर्थिक वर्षमा आयोगले मानव अधिकारसँग सम्बन्धित विभिन्न विषयलाई लिएर जम्मा २१२ अनुगमन गरेको छ । सबैभन्दा बढी प्रदेश कार्यालय जनकपुरबाट ३३, विराटनगर २५, धनगढी २३, बुटवल २१, पोखरा १२ अनुगमन भएको छ । प्रदेश शाखा कार्यालयअन्तर्गत जुम्ला २८, खोटाङ, १५ र नेपालगञ्ज ८ अनुगमन सम्पन्न भएका छन् । केन्द्रीय कार्यालयअन्तर्गत विभिन्न महाशाखाबाट पनि २४ अनुगमन भएको छ । अनुगमनसम्बन्धी पूर्ण विवरण प्रदेशगत रूपमा अनुसूची ४ मा समावेश गरिएको छ ।

मानव अधिकार अनुसन्धान

मानव अधिकार उल्लङ्घन र दुरुत्साहनका घटनासम्बन्धमा आयोगले संविधान, ऐन, नियमको परिधिभित्र रही अनुसन्धान कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउदै आएको छ । यस अवधिमा पनि विगत वर्षहरू र यस आवमा परेका र ग्रहण स्वविवेकीय उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ । यस आवमा आयोगबाट नयाँ र पुराना गरी जम्मा २८२ उजुरीमाथि अनुसन्धान भएको देखिन्छ । यस आवमा प्रदेश कार्यालयहरूमध्ये सबैभन्दा बढी सानेपा ५२, धनगढी ३०, पोखरा २०, बुटवल १५, विराटनगर १२ र जनकपुर ४ रहेका छन् । प्रदेश शाखा कार्यालयअन्तर्गत नेपालगञ्ज ६१, जुम्ला ४१ र खोटाङ २६ उजुरीमा अनुसन्धान भएको छ ।

यसरी सम्पन्न गरिएका अनुसन्धान सशस्त्र द्वन्द्व र त्यसपछि आयोगमा परेका उजुरीहरूसँग सम्बन्धित छन् । विशेषत: नागरिक तथा राजनीतिक अधिकारअन्तर्गत जीवनको अधिकार, यातना र बेपत्ताका उजुरी बढी देखिन्छन् । त्यसैगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा विस्थापित, सम्पत्ति लुटपाट, क्षतिपूर्ति, महिला र बालबालिकाको अधिकार आदि विषयसँग सम्बन्धित छन् । अनुसन्धानसम्बन्धी बिस्तृत विवरण अनुसूची ४ मा राखिएको छ ।

संवर्धनसम्बन्धी गतिविधिहरू

मानव अधिकारसम्बन्धी शिक्षा र सचेतनामा वृद्धि एवम् मानव अधिकारको वकालत, पक्षपोषण तथा सूचना सम्प्रेषणसम्बन्धी कार्य बिस्तारमा संवर्धनात्मक कार्यको भूमिका विशेष हुन्छ । संवैधानिक एवम् कानुनी दायित्व अन्तर्गत आयोगले यसप्रकारका गतिविधिहरू सञ्चालन गर्दै आएको छ । आयोगबाट संवर्धनसम्बन्धी गतिविधिहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार सहकार्य तथा समन्वयसम्बन्धी निर्देशिका, २०६९ जारी भइ कार्यान्वयनमा आइसकेको छ ।

यस आवमा आयोगले 'सबैका लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार' भन्ने सन्देश कार्यान्वयनका लागि प्राथमिकतामा राखी कार्य गर्दै आएको छ । आयोगको सन्देश सार्थक बनाउन मानव अधिकारको संवर्धनका क्षेत्रमा आयोगको केकाअन्तर्गत प्रवर्धन महाशाखा, विषयगत महाशाखा, शाखा, एकाइ र आयोगका प्रदेश र शाखा कार्यालयहरूबाट एकल, समन्वय र सहकार्यमा विविध गतिविधिहरू सम्पन्न भएका छन् । यसरी सम्पादित कार्यहरूमा अन्तरक्रिया, छलफल, सभा, गोष्ठी, कार्यशाला, तालिमलगायत रहेका छन् ।

आयोगबाट यस आवमा जम्मा १३८ संवर्धनसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएका छन् । सम्पादित कार्यहरूलाई सङ्ख्यात्मक रूपमा हेर्दा जनकपुर २०, धनगढी १६, पोखरा १४, बुटवल ८ र सानेपा र विराटनगर ६/६ रहेका छन् । प्रदेश शाखा कार्यालयमा जुम्ला १६, नेपालगञ्ज १३ र खोटाङ १९ कार्यक्रम भएका छन् । केन्द्रीय कार्यालयबाट २९ कार्यक्रम सम्पन्न भएका छन् । कोभिड १९ को कारण यस आवमा सहकार्य र समन्वयमा अपेक्षित कार्यक्रम सम्पन्न हुन सकेनन् । विद्युतीय प्रविधिमार्फत पनि महत्त्वपूर्ण कार्यक्रमहरू भएका छन् । संवर्धनसम्बन्धी गतिविधि विवरण प्रदेशगत रूपमा अनुसूची ४ मा उल्लेख छ ।

आयोगका विभागअन्तर्गत विभिन्न महाशाखा, महाशाखाअन्तर्गत शाखा र एकाइबाट सम्पादन हुँदै आएका छन् । यस आ.व.मा भएका कार्यक्रमहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

संवर्धन महाशाखा

यस महाशाखाले निम्न कार्यहरू सम्पन्न गर्दै आएको छः

- मानव अधिकार शिक्षासम्बन्धी गर्ने,
- मानव अधिकारसम्बन्धी चेतनामूलक कार्यक्रम गर्ने,
- मानव अधिकारसम्बन्धी वकालतको कार्य गर्ने,
- मानव अधिकारका विषयमा सूचनामूलक/शिक्षामूलक सामग्रीको निर्माण तथा वितरण गर्ने,
- मानव अधिकारसँग सम्बन्धित सङ्घ-संस्थाहरूसँग समन्वय/सहकार्यसम्बन्धी कार्य गर्ने ।

क्र.स.	कार्यक्रमको विषय	मिति	स्थान	सहभागिता	कैफियत
१	७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा मानव अधिकार रक्षाकहरूको भूमिका, अवस्था र संरक्षणसम्बन्धी छलफल	२०७७/०८–२४	मकवानपुरगढी, मकापनपुर	२५० जना	भर्चुअल कार्यक्रम
२	७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा मानव अधिकार आयोगको सिफारिस कार्यान्वयनको अवस्था र सरोकारवालाहरूको भूमिका विषयक छलफल	२०७७/०८– २५	बाग्लुङ	३२६ जना	भर्चुअल कार्यक्रम
३	७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा कोभिड-१९ महामारीमा मानव अधिकारको अवस्था र यसले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा पारेको प्रभावका बिषयमा छलफल तथा अन्तरक्रिया	२०७७/०८– २५	मुस्ताङ	१३० जना	

४	मानव अधिकार रक्षाक, नागरिक समाज तथा पत्रकारहरूका लागि ब्यवसाय र मानव अधिकारसम्बन्धी एक दिवसीय तालिम	२०७७/०९– १९	–	२२ महिला र ४३ पुरुष गरी जम्मा ६५ जना	
५	व्यवसाय र मानव अधिकार सम्बन्धमा पत्रकार, मानव अधिकार रक्षाक तथा नागरिक समाजका लागि एक दिवसीय तालिम	२०७७/०८– २१	–	२० महिला र ३२ ा पुरुष गरी जम्मा ५२ जना	
६	व्यवसाय र मानव अधिकार सम्बन्धमा पत्रकार, मानव अधिकार रक्षाक तथा नागरिक समाजका लागि एक दिवसीय तालिम	२०७७/०८– २३	मकवानपुरगढी, मकवानपुर	८ महिला र ३४ पुरुष गरी जम्मा ४२ जना	
७	मानव अधिकार रक्षाकहरूका लागि तालिम	२०७७/१०– २८	बाग्लुङ	महिला २१, पुरुष १९ र अन्य २ गरी जम्मा ४२ जना	
८	मानव अधिकार रक्षाकहरूका लागि तालिम/व्यवसाय र मानव अधिकारसम्बन्धी छलफल तथा अभिमुखीकरण	२०७७/१०–३०	मुस्ताङ	महिला २५ र पुरुष २९ गरी जम्मा ५४ जना	
९	नागरिक समाज तथा अधिकारकर्मीहरूका लागि तालिम	२०७७/११–१८	–	महिला १५ र पुरुष ३० गरी जम्मा ४५ जना	
१०	स्थानीय तहका अगुवा महिलाहरूका लागि आधारभूत मानव अधिकार तालिम	२०७७/११–१९	–	महिला २० र पुरुष ३० गरी जम्मा ५० जना	
११	स्थानीय तहका अगुवा महिलाहरूका लागि आधारभूत मानव अधिकार तालिम	२०७७/११–२०	मकवानपुर मकवानपुरगढी गा.पा	महिला ५० र पुरुष १० गरी जम्मा ६० जना	

१२	नागरिक समाज तथा अधिकारकर्मीहरूका लागि तालिम	२०७७/ ११–२१	बाग्लुङ	महिला ४० र पुरुष १० गरी जम्मा ५० जना	
१३	व्यवसाय र मानव अधिकारसम्बन्धी अभिमुखीकरण तथा छलफल	२०७७/ ११–२३	मुस्ताङ	महिला १५ र पुरुष ४० गरी जम्मा ५५ जना	
१४	उपभोक्ता अधिकार सम्बन्धमा स्थानीय तहको भूमिका विषयक अभिमुखीकरण	२०७७/ ११–२९	–	महिला १० र पुरुष ६० गरी जम्मा ७० जना	
१५	व्यसाय र मानव अधिकार सम्बन्धमा स्थानीय तह, नागरिक समाज तथा सञ्चार माध्यमहरूको भूमिका सम्बन्धमा अभिमुखीकरण	२०७७/ १२–४	–	महिला ७ र पुरुष ३२ गरी जम्मा ४२ जना	
१६	उपभोक्ता अधिकारका सम्बन्धमा ब्यवसायी तथा स्थानीय तहको भूमिक विषयक अभिमुखीकरण	२०७७/ १२–१०	मकवानपुर मकवानपुरगढी गा.पा	५९ जना महिला ९ र पुरुष ५० गरी जम्मा ५९ जना	
१७	व्यवसाय र मानव अधिकार सम्बन्धमा नागरिक समाज, सञ्चारकर्मी तथा व्यवसायीहरूको भूमिका विषयक अभिमुखीकरण	२०७७/ १२–११	बाग्लुङ	महिला २० र पुरुष ५० गरी जम्मा ७० जना	
१८	मानव अधिकार रक्षकहरूका लागि तालिम	२०७७/ १२–२०	मुस्ताङ	महिला २५ र पुरुष ३५ गरी जम्मा ६० जना	
१९	कोभिड-१९ महामारीमा उपभोक्ता मानव अधिकारको अवस्था र सरोकारवालाहरूका भूमिका विषयक भर्चुअल अन्तरक्रिया	२०७७/ १२–२६	–	महिला १५ र पुरुष २५ गरी जम्मा ४० जना	भर्चुअल कार्यक्रम

२०	राष्ट्रिय मानव अधिकार आयोगको २१ औँ वार्षिक उत्सव तथा २२ औँ स्थापना दिवस	२०७८/ २– ६	–	९४ जना	भर्चुअल कार्यक्रम

लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा

- लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखाले निम्न कार्यहरू सम्पन्न गर्दै आएको छः
- लैङ्गिक तथा समाजिक विभेद हटाउन पहल,
- महिला, बालबालिका तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको मानव अधिकारको अवस्थाबारे बहस- पैरवी,
- राज्यका हरेक तहमा महिला तथा अन्य सीमान्तीकृतको सहभागितामा वृद्धि गर्न पहल,
- महिला, बालबालिका विरुद्ध हुने हिंसा तथा सीमान्तीकृतका मानव अधिकार हननविरुद्ध कार्य
- महिला तथा सिमान्तकृतका अधिकारको वकालत,
- महिला र पछाडि पारिएका समुदायको न्यायमा पहुँच वृद्धि र
- महिला तथा समाजिक रूपमा पछाडि पारिएका क्षेत्रमा काम गर्ने संस्थासँग सहकार्य समन्वय ।

सम्पादित कार्यहरू

अनुगमन

क्र.स.	अनुगमनको विषय	मिति	स्थान	कैफियत
१.	बालविवाह न्यूनीकरणमा सरोकारवाला निकायहरूले निर्वाह गरेको भूमिकाको अवस्था	२०७७/१२/ ८–१४	धनुषा र महोत्तरी	
२.	घरेलु हिंसा न्यूनीकरणमा सरोकारवाला निकायहरूले निर्वाह गरेको भूमिकाको अवस्था	२०७७ चैत्र २५	बाँके र बर्दिया	
३.	कोभिड १९ को दोस्रो लहरमा भएको बन्दाबन्दीको समयमा महिला, बालबालिका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको मानव अधिकार अवस्था	२०७८ वैशाख र जेठ	–	सञ्चारमाध्यममा प्रकाशित/प्रसारित समाचारको आधारमा अनुगमन
४.	कोभिड १९, त्यसबाट परेको असर र मानव अधिकार अवस्था	–	वाग्मती प्रदेशका विभिन्न जिल्लाहरू	आयोगको वाग्मती प्रदेश कार्यालयअन्तर्गत सहभागी

संवर्धन

क्र.स.	कार्यक्रमको विषय	मिति	स्थान	सहभागिता	कैफियत
१.	बाल विवाह न्यूनीकरणमा सरोकारवाला निकायहरूको भूमिका विषयक अन्तर्क्रिया	११ चैत, २०७७	धनुषा र जनकपुर	११६ जना	आयोगको प्रदेश न. २ कार्यालयसँगको समन्वयमा सम्पन्न
२	घरेलु हिंसा न्यूनीकरणमा सरोकारवाला निकायहरूको भूमिका विषयक अन्तर्क्रिया	२५ चैत, २०७७	नेपालगञ्ज बाँके	६० जना	आयोगको प्रदेश शाखा कार्यालय नेपालगञ्जको समन्वयमा सम्पन्न
३.	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी ३ दिवसीय तालिम	२०७७/११/ १९–२१	धुलीखेल काभ्रेपलाञ्चोक,	३३ जना	
४.	बाल अधिकारसँग सम्बन्धित जानकारीमूलक सचित्र पुस्तक प्रकाशन गर्ने श्रष्टाहरूसँग छलफल	निरन्तर	आयोगको कार्यालय	–	दी एसिया फाउण्डेसनको सहयोग
५.	• बाल मन्दिरलाई व्यवस्थित र संस्थागत बनाउने सम्बन्धमा सरोकारवालाहरूसँग छलफल • नेपाल बाल सङ्गठनको सङ्घीय संरचना, संविधान र बालबालिकासम्बधी ऐन, २०७५ का प्रावधान र सरकारी र गैरसरकारी संस्थाहरूको नेतृत्वदायी भूमिका सम्बन्धमा छलफल र अदालतको मागबमोजिम रायसहितको प्रतिवेदन पठाइएको	२०७७/१० /१२, १४ र १५			कानुन महाशाखाको समन्वयमा सर्वोच्च अदालतमा मागबमोजिमा राय पठाइएको
६.	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति सार्वजनिकीकरण	१० चैत, २०७७	आयोगको कार्यालय	२० जना	आयोगको सुदुरपश्चिम प्रदेश कार्यालय धनगढीमा सम्पन्न कार्यक्रममा मा. सदस्य लिली थापासमेतको सहभागिता

७.	उक्त लैङ्गिक समानता र सामाजिक समावेशीकरण आचारसंहिता उल्लेख गरी फ्लाक्स निर्माण र आयोगका अध्यक्ष, सदस्य र कर्मचारीबाट प्रतिबद्धता हस्ताक्षर	२४ फागुन, २०७७	आयोगको केन्द्रीय कार्यालय	११० जना	सन्दर्भः अन्तर्राष्ट्रिय महिला दिवस अर्थात ८ मार्च
८.	**अन्यः** • **प्रकाशनः** –आयोगको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति –कोभिड १९ र बन्दाबन्दीको अवधिमा मानव अधिकारको अवस्था अनुगमन प्रतिवेदन तयारी समूहमा सहभागिता • **सहजीकरण र परामर्श सेवाः** हिंसा पीडित व्यक्तिहरू जोखिममा परेका बालबालिकाहरू • **सहभागिता** –मानव अधिकारसम्बन्धी अन्य सङ्घसंस्थामार्फत आयोजित जुम कार्यक्रममा सहभागी भइ धारणा प्रस्तुत –आयोगका विभिन्न कार्यक्रममा सहभागी				

कानुन महाशाखा

यस महाशाखालाई निम्न जिम्मेवारी तोकिएका छन्ः

- कानुन पुनरावलोकनसम्बन्धी कार्य गर्ने,
- आयोगलाई विपक्षी बनाई दर्ता भएका मुद्दामा बहस-पैरवी गर्ने,
- आवश्यक कानुनी मस्यौदा तयार गर्ने,
- कानुनी परामर्श प्रदान गर्ने,
- आयोगले तोकेका कानुनसम्बन्धी अन्य कार्यहरू गर्ने ।

क्र.स.	सम्पादित कार्यहरू		कैफियत
१	कानुन पुनरावलोकन	क) चन्दननाथ, पनौती तथा कोल्हवी नगरपालिकाको न्यायिक कार्यविधि ऐनको मानव अधिकारका दृष्टिकोणबाट पुनरावलोकन, ख) सङ्क्रामक रोग ऐन, २०२०, विपद जोखिम न्यूनीकरण ऐन, २०७४ र जनस्वास्थ्य सेवा ऐन, २०७५ को मानव अधिकारका दृष्टिकोणबाट पुनरावलोकन, ग) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को मानव अधिकारका दृष्टिकोणबाट पुनरावलोकन र घ) वाग्मती प्रदेशको प्रदेश बालबालिकासम्बन्धी ऐन, २०७६ को मानव अधिकारका दृष्टिकोणबाट पुनरावलोकन ।	

२	कानुनी राय	(क) मृगौला पीडितहरूको मागका सम्बन्धमा (ख) एलजीबिटीआइको मागका सम्बन्धमा (ग) विभागीय कारबाहीका सम्बन्धमा (घ) आयोगको नियमावली तथा निर्देशिकाको संशोधनका सम्बन्धमा ।	
३	कानुनी मस्यौदा	मानव अधिकार रक्षाकहरूसम्बन्धी नियमावली, २०७८ को मस्यौदा ।	
४	मुद्दा मामिला	आयोगलाई विपक्षी बनाई दर्ता भएका २१ मुद्दामामिलाका सम्बन्धमा आवश्यक कार्य ।	
५	अनुवाद/ प्रकाशन	• आयोगबाट भएका महत्त्वपूर्ण निर्णयहरूको प्रकाशन (अङ्क २ र ३) को अङ्ग्रेजी भाषाका अनुवाद गरी प्रकाशन ।	
६	तालिम	• आप्रवासी कामदारसम्बन्धी तालिम र फैसला लेखनसम्बन्धी तालिममा महाशाखाका अधिकृत कर्मचारीहरू सहभागी ।	
७	अनुगमन	• सिरहा र सप्तरी जिल्लामा घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को कार्यान्वयन अवस्था र • वागमती प्रदेश कार्यालयको संयोजनमा सिन्धुली, रामेछाप, दोलखा, सिन्धपाल्चोक, काभ्रे र नुवाकोट जिल्लामा कोभिड–१९ र मानव अधिकार अवस्था ।	सहभागिता

नीति अनुसन्धान तथा योजना महाशाखा

नीति अनुसन्धान तथा योजना महाशाखालाई निम्न जिम्मेवारी तोकिएका छन्:

– रणनीतिक योजना निर्माण
– वार्षिक कार्यक्रम र योजना तयार,
– कार्ययोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
– चौमासिक प्रगति प्रतिवेदन तयार,
– कार्यक्रम र योजना सम्बन्धमा योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय,
– आयोगको नीतिगत व्यवस्था, समन्वय र सहजीकरण र आयोगको नीति तर्जुमा र
– आयोगले तोकेका अन्य कार्यहरू ।

बजेट तर्जुमासम्बन्धी सम्पादित कार्यक्रमहरू

क्र.सं	कार्य विवरण	सम्पन्न मिति	स्थान
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको नीति तथा कार्यक्रम पठाएको	२०७७/११/१८	

	आयोगको केन्द्रीय कार्यालयको २०७७ फागुनसम्मको प्रगति विवरण तयार	२०७७/१२/०२	
	प्रदेश, प्रदेश शाखा कार्यालयहरू, महाशाखासँग आ.व २०७८/७९को प्रस्तावित बजेट तथा कार्यक्रम माग	२०७७/१२/०३	
	राष्ट्रिय योजना अयोगलाई मध्यमकालीन खर्च संरचना तयार गरी पठाएको	२०७७/१२/२७	
	राष्ट्रिय योजना आयोगसँग आ.व २०७८/७९ को बजेट छलफल	२०७७ /१२/१६ र १७	राष्ट्रिय योजना आयोग
	आयोगका प्रादेशिक तथा प्रादेशिक शाखा कार्यालय, महाशाखाहरूसँग आ.व २०७८/७९ को बजेट सम्बन्धमा छलफल	२०७७/१२/२१	
	LMBIS प्रविष्ट	२०७७/१२/२८	
	अर्थ मन्त्रालयसँग आ.व २०७८/७९ को बजेट तथा कार्यक्रम सम्बन्धमा छलफल	२०७८/०२ र ०३	अर्थ मन्त्रालय
	आयोगको आ.व २०७८/७९ को अर्थ मन्त्रालय बाट स्वीकृत बजेट तथा कार्यक्रम छलफल	२०७८/०३ र ०७	

रणनीतिक योजना तर्जुमा सम्बन्धी

कार्यक्रम विवरण	सम्पन्न मिति	सहभागि संख्या	स्थान
आयोगको पाँचौ रणनीतिक योजना कार्यान्वयन समीक्षा तथा छैंठौ योजनाको प्राथमिकता सम्बन्धमा छलफल/सुझाव सङ्कलन	२०७७/१२/०५	६०	ललितपुर
आयोगको छैठौं रणनीतिक योजना निर्माण सम्बन्धमा मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रमुख, प्रतिनिध र सरोकारवालाहरूसँग छलफल/सुझाव सङ्कलन	२०७७/१२/११	२६	आयोगको हल
छैठौं रणनीतिक योजना २०२१–२०२६ प्रादेशिक छलफल तथा परामर्श/सुझाव सङ्कलन	२०७७/१२/१३	८०	विराटनगर
छैठौं रणनीतिक योजना तर्जुमाका लागि नेपाल बार एशोसिएसन, कानुन व्यवसायी र सञ्चालकर्मीसँग छलफल/सुझाव सङ्कलन	२०७७/१२/१३	२५	आयोगको हल
छैठौं रणनीतिक योजना तर्जुमाका लागि प्रदेशस्तरीय छलफल/सुझाव सङ्कलन	२०७७/१२/१८	५०	पोखरा

छैठौं रणनीतिक योजना तर्जुमाका लागि सरोकारवाला निकायहरूसँगको छलफल तथा सुझाव सङ्कलन	२०७७/१२/२०	६०	जनकपुर
छैठौं रणनीतिक योजना तर्जुमाका लागि सरोवाला निकायसँग अर्न्तक्रिया	२०७७/१२/२०	६०	सूदूरपश्चिम प्रदेश, धनगढी
छैठौँ रणनीतिक योजनाको मस्यौदामाथि खोटाङ र रामेछाप जिल्लाका सरोकारवालाहरूसँग सुझाव सङ्कलन	२०७७/१२/२३	६०	रामेछाप
छैठौं रणनीतिक योजना तर्जुमाका लागि सरोकारवाला निकायहरूसँग छलफल	२०७७/१२/२४ देखि २६	४०	बुटवल, कावासोती, हेटौंडा
छैठौं रणनीतिक योजना तर्जुमाका लागि प्रदेशस्तरीय सुझाव सङ्कलन	२०७८/०१/०७	४०	नेपालगञ्ज
छैठौं रणनीतिक योजना तर्जुमाका सम्बन्धमा आयोगका सम्पूर्ण कर्मचारीहरूसँग छलफल	२०७८/०१/०८	८०	आयोगको हल/ भर्चुअल
छैठौं रणनीतिक योजना तर्जुमाका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्री परिषद् कार्यालय, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, स्वास्थ्य मन्त्रालय, नेपाली सेना प्रहरी प्रधान कार्यालय लगायतका सरकारी कार्यालयहरूका प्रमुख/अधिकारीहरूसँग छलफल	२०७८/०१/०९	२८	आयोगको हल तथा भर्चुअल
छैठौं रणनीतिक योजना तर्जुमाका लागि प्रदेशस्तरीय सुझाव सङ्कलन	२०७८/०१/१०	२५	जुम्ला
छैठौं रणनीतिक योजना तर्जुमा सम्बन्धमा स्थानीय तहका प्रतिनिधिहरूसँग छलफल	२०७८/०१/१०	१६०	भर्चुअल
छैठौं रणनीतिक योजना तर्जुमा सम्बन्धमा नेपाल उद्योग वाणिज्य सङ्घ, नेपाल पत्रकार महासङ्घका प्रतिनिधिहरूसँग छलफल	२०७८/०१/१०	१६	भर्चुअल
छैठौं रणनीतिक योजना तर्जुमा सम्बन्धमा अयोगका पूर्वपदाधिकारीहरूसँग सुझाव ग्रहण	२०७८/०१/१२	१४	भर्चुअल
आयोगका अधिकृत कर्मचारीहरूसँग छैठौं रणनीतिक योजनाको मस्यौदाउपर छलफल	२०७८/०१/१३	५७	केन्दीय कार्यालय

छैठौं रणनीतिक योजना लेखन कार्य	२०७८/०१/१४– १७	१३	धुलिखेल
छैठौँ रणनीतिक योजना तर्जुमा सम्बन्धमा विकास साझेदारहरूसँँगे छलफल	२०७८/०१/३०	१०	भर्चुअल
मानव अधिकार अवस्था, आयोगका कामकारबाही सम्बन्धमा कानुन, न्याय तथा मानव अधिकार समितिसँँग भएको बैठक	२०७८/०१/३१	२०	भर्चुअल
छैठौँ रणनीतिक योजना तर्जुमा सम्बन्धमा मानव अधिकारसम्बन्धी विषयगत आयोगरूसँँग बैठक	२०७८/०१/१४	१८	भर्चुअल
छैठौँ रणनीतिक योजना तर्जुमा सम्बन्धमा उच्चस्तरीय छलफल	२०७८/०३/२३– २५	१५	धुलिखेल

प्रशासन महाशाखा

यस महाशाखाले आयोगसँँग सम्बन्धित प्रशासनसम्बन्धी निम्नानुसार जिम्मेवारी तोकिएको छः

– जनशक्ति व्यवस्थापन (कर्मचारी सरूवा,बढुवा, अवकाश, मनोनयनहरू, पदपूर्ति र स्वीकृतिसम्बन्धी कार्य)

- कार्यालय व्यवस्थापन र सरसफाइ
- सार्वजनिक खरिद,
- मर्मतसम्भार तथा रेखदेख (आयोगअन्तर्गत सम्पूर्ण निकायहरूको भौतिक साधनहरूको अनुगमन, निरीक्षण)
- सवारीसाधनको व्यवस्थापन,
- दर्ता, चलानी, चिठ्ठीपत्र सम्प्रेषण,
- कार्यालय व्यवस्थापन र सन्चालकका दैनिक भैपरी आउने अन्य कायहरू र
- आयोगद्वारा तोकिएका अन्य कार्यहरू ।

	सम्पादित कार्यहरू
बिदाइ/स्वागत	आयोगका तत्कालीन माननीय अध्यक्ष, सदस्यहरूको बिदाइ र नयाँ पदाधिकारीहरूको स्वागतको लागि आवश्यक प्रबन्ध
पत्राचार	(क) आयोगको बैठकबाट भएका निर्णयको अभिलेखीकरण र पत्राचार

व्यवस्थापन	**१. कर्मचारीहरूको व्यवस्थापन** (क) अस्थायी कर्मचारीहरूको करार नविकरण, राजीनामा (ख) कर्मचारी/सवारी-साधनको बिमा (ग) कर्मचारीहरूको मासिक सञ्चित बिदा अभिलेख सङ्कलन गरी सचिवसमक्ष पेस **२. श्रोतसाधनको व्यवस्थापन** (क) स्टेशनरी तथा इलेक्ट्रोनिक्स सामान र सवारी साधनको जिन्सी अभिलेख व्यवस्थापन, (ख) जिन्सी निरीक्षण गराइ प्राप्त रायका आधारमा भौतिक सामग्रीहरूको व्यवस्थापन, (ग) आयोगद्वारा आयोजना गरिने विभिन्न कार्यक्रमहरूको चिद्धिपत्र, होटल स्टेशनरी, ब्यानरलगायतका कार्यको व्यवस्थापन, (घ) आयोगको लागि आवश्यक पुस्तक, पत्रपत्रिका तथा खानेपानीको व्यवस्था, (ङ) आयोग पदाधिकारी, सचिव र कर्मचारीहरूको स्वदेश तथा विदेश भ्रमणका लागि राहदानी, हवाई टिकटलगायत व्यवस्थापन, (च) नवनियुक्त कर्मचारी तथा सरुवा पदस्थापन भएका कर्मचारीहरूका लागि कार्यकक्षाको र आवश्यक सामग्रीको व्यवस्थापन,
खरिदबिक्री/ मर्मत-सम्भार	(क) खरिद एकाइ गठन गरी वार्षिक खरिद योजनाअनुसार आवश्यक मेसिनरी तथा फर्निचरहरूको टेण्डर र दरभाउपत्रमार्फत खरिद, (ख) आयोगको लागि आवश्यक विभिन्न सफ्टवयर तथा सरवरहरूको नविकरण (ग) कार्यालयका लागि मेसिनरी तथा विद्युतीय सामानहरूको नियमित तथा आकस्मिक मर्मत (घ) आयोगको नाममा रहेका सवारी-साधनहरूको नियमित तथा आकस्मिक मर्मत (ङ) कार्यालयको लागि आवश्यक विभिन्न सामाग्रीहरूको (टेलिफोन, विद्युत, कम्प्यूटर लगायत अन्य उपकरणहरू) मर्मत-सम्भार
विविध	(क) आयोगका लागि भवन भाडामा लिने सम्बन्धी कारबाही (ख) आयोगवाट हुने प्रकाशनहरूको छपाइसम्बन्धी कार्य (ग) सम्पत्ति विवरण सङ्कलन गरी राष्ट्रिय सर्तकता केन्द्रसमक्ष पुऱ्याउने कार्य (घ) सुरक्षासँग सम्बन्धित नियमित गतिविधिहरू (कार्यलयको सुरक्षा, आगन्तुकहरूलाई स्वागत र सम्बन्धित ठाउँमा पुऱ्याउने) र जानकारी (ङ) आयोगका प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूको लागि आवश्यकताअनुसार सहयोग र समन्वय (च) सरसफाइ, आदि ।

बैठक समन्वय महाशाखा

यस महाशाखालाई निम्न जिम्मेवारी तोकिएका छन्:

- सचिवालयमा प्राप्त निवेदन, निमन्त्रणा तथा अन्य कागजातहरू व्यवस्थापन,
- भेटघाट, कार्यक्रमसम्बन्धी व्यवस्थापन
- आयोग (सचिवालय प्रदेश कार्यालय ,महाशाखा) आन्तरिक र बाह्य समन्वय र
- आयोगको बैठकका प्रस्ताव तयार तथा माइन्युट तयारीको लागि सचिवालयलाई सहयोग
- सचिवालयमा प्राप्त मानव अधिकार अनुगमनलगायतका प्रतिवेदनहरूको अध्ययनपश्चात् आयोगबाट गर्नुपर्ने सिफारिस तथा सुझावका लागि अध्ययन तथा अभिलेखीकरण र
- आयोगले तोकेका अन्य कार्यहरू ।

सम्पादित कार्यहरू

क्र.सं	छलफल/बैठक व्यवस्थापन	विषय	उपस्थित सहभागी सङ्ख्या	सरोकारवाला
१	**आन्तरिक**			
	२०७७/११/०९ मा विश्वव्यापी आवधिक समीक्षाको सम्बन्धमा छलफल	विश्वव्यापी आवधिक समीक्षा		
	जम्मा १३ ओटा आन्तरिक बैठक			
	बाह्य			
	२०७७/०४/०९ मा नवनियुक्त शिष्टाचार भेट	मानव अधिकार	७ जना	सशस्त्र प्रहरी
	२०७७/११/०२ मा कानुन सचिव, गृह सचिव र आइजीपीसँग गंगामायाको जीवन रक्षाको सम्बन्धमा बैठक	गङ्गामायाको जीवनरक्षा	९ जना	कानुन सचिव, गृह सचिव, आइजीपी
	२०७७/११/०९ मा नेपाल सरकारको मुख्य सचिवसँग बैठक	आयोगको भवन	६ जना	नेपाल सरकारको मुख्य सचिवसहित
	२०७७/१२/०१ मा जनहित मञ्चका कार्यकारी अध्यक्ष, वरिष्ठ अधिवक्तासहितको टोलीसँग शिष्टाचार भेट	शिष्टाचार भेट		जनहित मञ्च
	२०७७/१२/०८ मा ५६ औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मुलन दिवस समारोहमा माननीय अध्यक्षको मन्तव्य	दिवस उत्सव		राष्ट्रिय दलित आयोग
	२०७७/१२/०९ मा स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतम र डा. सुमन अधिकारीसँग कोभिड -१९ र सुरक्षा विषयमा आयोगको बैठक	कोभिड १९ सम्बन्धमा सुरक्षा	१० जना	स्वास्थ्य मन्त्रालय
	२०७७/१२/१२ आयोगका माननीय पदाधिकारी र सम्माननीय प्रधानमन्त्रीसँग शिष्टाचार भेट	मानव अधिकार		प्रधानमन्त्री

	२०७८/०१/२० मा छैठौ रणनीतिक योजना अन्तिम मस्यौदामा आयोगका पदाधिकारीहरू र प्रतिनिधि सभा, कानुन न्याय तथा मानव अधिकार समितिसँग छलफल	छैठौ रणनीतिक योजना अन्तिम मस्यौदा सम्बन्धमा छलफल		कानुन न्याय तथा मानव अधिकार
	२०७८/०१/०३ मा कोशिस नेपालसँग मानसिक स्वास्थ्यको अवस्थालगायत ११ बाह्य बैठक	मानसिक स्वास्थ्य		कोशिस नेपाल
	उल्लिखित विवरण बाहेक ११ ओटा बाह्य बैठकमा माननीय अध्यक्षज्यूको उपस्थिति			
२	**जुम विधिमार्फत कार्यक्रम**			
	२०७८/२/५ मा राष्ट्रिय मानव अधिकार आयोग र अन्य संवैधानिक आयोगका पदाधिकारीहरू तथा सचिवसँग बैठक सम्पन्न ।	कोभिड १९ र मानव अधिकार अनुगमन		
	२०७८/२/१० आयोग र नेपाल आदिवासी जनजाति महासङ्घको सहकार्यमा बैठक	कोभिड १९ को दोस्रो लहरको संक्रमणमा कोभिड १९ ले निम्त्याएको महामारी र आदिवासी जनजातिहरूको मानव अधिकार अवस्था		
	२०७८/२/२१ गते राष्ट्रिय मानव अधिकार आयोग, Faculty of Law, TU, Environmental Law Committee, Supreme Court Bar Association / Pro-Public Nepal को सहकार्यमा विश्व वातावरण दिवसको सन्दर्भमा जुन ४ मा बैठक	Preservation, Protection and Improvement of the environment: a Prerequisite for the benefit of present and future generations.		
	२०७८/३/१७ मा मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जालको वार्षिकसहित_जुम विधिबाट ७ ओटा बैठकमा सहभागी_	Ganhri Annual meeting		
३	**बाह्य कार्यक्रममा सहभागी**			
	बाह्य कार्यक्रमअन्तर्गत ५ ओटामा माननीय अध्यक्षको उपस्थिति			

४	**ज्ञापनपत्र/ध्यानाकर्षणपत्र**			
	२०७७/०४/११ मा चितवनस्थित निकुञ्जका कर्मचारीहरूले नेपाल सेना लगाइ कुशुमखोलामा बसोबास गरिरहेका १० घरपरिवारलाई जलाउने र हात्ती लगाइ घर भत्काइएको लगायत राजकुमार चेपाङको सेनाद्वारा दिइएको यातनाबाट मृत्यु भएको भन्ने सम्बन्धमा ।	जीवनको अधिकार, आवासको अधिकार र आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार		आदिवासी जनजाति महासङ्घ
	२०७६/११/२३ गते राष्ट्रिय सभासदस्य माननीय सुमन प्याकुरेलद्वारा आयोगको ध्यानकर्षण ।	गौर हत्याकाण्ड		
	विविध विषयमा अन्य ५ ओटा विषयमा ज्ञापनपत्र आएको			
५	**तालिमः** २०७७/१२/ २० गते आप्रवासी कामदारको अधिकारसम्बन्धी तालिमको उद्घाटन सत्रसहित ५ ओटा माननीय अध्यक्षबाट उद्घाट्न	तालिम समोद्घाटन		आन्तरिक तालिम
६	**उजुरीः** जम्मा ८ ओटा उजुरी सम्बन्धमा बैठक			
७.	**नीतिगत विषयः** जम्मा ४ ओटा नीतिगत विषयका सम्बन्धमा बैठक			

अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा

यस महाशाखालाई निम्न जिम्मेवारी तोकिएका छन्ः

- मानव अधिकार अवस्थाको अनुगमन गर्ने र प्रतिवेदन तयार गर्ने,
- नेपाल पक्ष राष्ट्र भएका सन्धि सम्झौताहरूको कार्यान्वयन अवस्थाको अध्ययन, अनुगमन र पैरवी गर्ने ,
- विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सुझावहरूको कार्यान्वयनको अवस्थाको बारेमा सरकार, नागरिक समाज र अन्य सम्बन्धित पक्षसँग छलफल गर्ने,
- मानव अधिकार उल्लङ्घनका घटना र सो सम्बन्धि घटनाको सम्बन्धमा स्थलगत अनुगमन गरेर प्रतिवेदन तयार गर्ने,
- मानव अधिकारका विभिन्न विषयहरूको अनुगमनको लागि रुजुसूचीको तयार गर्ने ।

क्र.स.	सम्पादित कार्यहरू		कैफियत
१.	मानव अधिकार अवस्था अनुगमन	• कोभिड १९ र धदिङ जिल्लाको समग्र मानव अधिकार अवस्था • कोभिड १९ र सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लाको मानव अधिकार अवस्था • उखु किसानहरूले आफूहरूले बेचेको उखूको रकम नपाएको भन्दै काठमाडौँको माइतीघर मण्डलामा गरेको आन्दोलन • नेपाल बाल सङ्गठनअन्तर्गत काठमाडौँ उपत्यका र काभ्रेपलाञ्चोक जिल्लामा सञ्चालित बालगृहहरूको अवस्था • बेवारिसे शव व्यवस्थापनको सन्दर्भमा काठमाडौँको माइतीघरमा गरिएको शान्तिपूर्ण धर्ना तथा जनचेतना अभियान • सरकारले गरेको संवैधानिक नियुक्तिको विरोधमा नेकपा (प्रचण्ड/माधव समूह) द्वारा आयोजित विरोधसभा • कोभिड १९ को दोस्रो लहर सुरु भएको बेलामा उपत्यकाका विद्यालयहरूमा विद्यार्थीहरूको अधिकारको अवस्था • काठमाडौँको बुढानीलकण्ठ नपा ११ राममन्दिर कपनमा बसोवासरत रोहिङ्गा शरणार्थीको अवस्था • जातीय विभेद (रुपा सुनुवारविरुद्ध सरस्वती प्रधान) -सम्बन्धी घट्ना • रामकुमारी झाक्री पक्राउपश्चात्को अवस्था • कोभिड १९ को दोस्रो लहर र ललितपुर जिल्लाका विभिन्न आइसोलेसन सेन्टरको अवस्था • केन्द्रीय कारागारको अवस्था र कोभिड १९ बाट सुरक्षित रहन अवलम्बन गरिएका कार्यहरू	
२	संवर्धन (छलफल/ अन्तर्क्रिया)	• नुवाकोट र काभ्रेपलाञ्चोक जिल्लामा मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजना (आव २०७७/७८-२०८१/८२) को कार्यान्वयन अवस्था सम्बन्धमा सरकारी निकाय र अन्य सरोकारवालासँग परामर्श र छलफल • शिक्षाको अधिकारको अवस्था अनुगमन गर्नको लागि तयार पारिएको रुजूसूचीउपर शिक्षासँग सम्बन्धित विभिन्न सरकारी, गैरसरकारी, नागरिक समाजका प्रतिनिधि एवम् सरोकारवालाहबीच छलफल • तेस्रो विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सफारिशहरूको कार्यान्यन अवस्थाको बारेमा अन्तर्क्रिया	

३	सहभागिता (तालिम)	• Asia Pacific Forum द्वारा आयोजना गरिएको Understanding NHRIs and Paris Principles विषयक अनलाइन तालिम • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक उत्तरदायी बजेटसम्बन्धी आवासयि तालिम • Capacity Enhancement on Combating Trafficking in Person and Protecting Rights of Migrant Workers विषयक आवासीय तालिम • रेडक्रस सोसाइटीद्धारा आयोजित विपद् व्यवस्थापनसम्बन्धी भर्चुअल तालिम	
४.	अन्य: प्रकाशन रुजूसूची	• आयोगको छ वर्ष (आ.व.२०७१/७२ देखि आ.व २०७७/७८) को समग्र अवस्थासम्बन्धी प्रतिवेदन • विपद्को व्यवस्थापन अनुगमनको लागि रुजूसूची तयार	

सञ्चार, सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा

सूचना प्रविधि एकाइ

यस एकाइलाई तोकिएका जिम्मेवारी निम्नानुसार रहेका छन्:

- सूचना प्रविधिसम्बन्धी सर्भर प्रणाली कम्प्युटर मर्मत,
- आयोगको फेसबुक, टुइटर, वेबसाइट चुस्तदुरूस्त,
- आयोगका कर्मचारीहरूको विद्युतीय हाजिरीको व्यवस्थापन,
- –आयोगका प्रकाशन, प्रेसविज्ञप्ति, सूचना वा सम्बन्धित सामग्रीहरू वेबसाइट, टुइटर, फेसबुकमा समावेश
- सूचना प्रविधिसम्बन्धी नीति, योजना निर्माण, कार्यान्वयनमा आवश्यक सहयोग,
- विद्युतीय व्यवस्थापन प्रतिवेदन प्रणाली (CMRS) प्रणाली सञ्चालनसम्बन्धी कार्यहरू र
- –आयोगले तोकेका अन्य कार्यहरू ।

क्र.स.	सम्पादित कार्यहरू
१	(क) आर्थिक वर्ष २०७७/७८ को लागि वेबसाइट, इमोल, AMC, Server maintenance lay out को लागि सम्बन्धित कार्यालयसँग करार नवीकरण तथा खरिदसम्बन्धी कार्य, (ख) आयोगको पुरानो वेभसाइट र रूपरेखा (lay-out) लाई समयानूकुल नयाँ ढाँचामा निर्माण, (ग) आयोगको छुट्टै मोबाइल एप्स (Human Rights Mobile Apps) निर्माण, (घ) आयोगका कामकारबाही SMS, Face-book, Twitter मार्फत प्रवर्धन, (ङ) आयोगको नयाँ सूचना प्रविधि उपकरण खरिद-प्रकियामा आवश्यक समन्वय (च) आयोगमा जडान गरिएको server तथा विभिन्न application को सुरक्षा तथा दैनिकी निरीक्षण र (छ) आयोगबाट प्रकाशित प्रतिवेदन, जारी प्रेसविज्ञप्ति र प्रेसनोट, तस्वीरलगायतका सामग्रीहरू प्रविष्ट ।

प्रतिवेदन लेखन एकाइ

यस एकाइलाई निम्न जिम्मेवारी तोकिएका छन्:

- आयोगको मासिक प्रतिवेदन सङ्कलन,
- आयोगको वार्षिक प्रतिवेदन तयार,
- मानव अधिकारसम्बन्धी विषयगत प्रतिवेदनमा सम्पादन लगायतका कार्य,
- मानव अधिकार जर्नल 'संवाहक' सम्पादन/प्रकाशन र वितरण
- आयोगले तोकेका अन्य कार्यहरू ।

यस आवमा सम्पादित कार्यहरू

१,	संयोजन/प्रकाशन	–वार्षिक प्रतिवेदन –सङ्क्षिप्त वार्षिक प्रतिवेदन (अङ्ग्रेजी) – मानव अधिकार जर्नल 'संवाहक' मानव अधिकारपत्र –आयोगबाट जारी महत्त्वपूर्ण प्रेस-विज्ञप्तिहरू (भाग ३)	–जम्मा २ प्रतिवेदन –जर्नल(जम्मा ३ अङ्क) –मानव अधिकारपत्र जम्मा २ अङ्क
२	सम्पादन	कोभिड १९ र अपाङ्गता भएका व्यक्तिको अवस्था –आयोगको छ वर्ष –कोभिड १९ र कारागारको अवस्था	
३	संवर्धन/अनुगमन	रणनीतिक योजना र मानव अधिकार अवस्था	
४	अन्य: –मन्तव्य तयारी –आयोगद्वारा आयोजित विभिन्न कार्यक्रममा सहभागिता	–सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरिने वार्षिक पतिवेदन	

सूचना, तथा सञ्चार एकाइ

यस एकाइलाई तोकिएका जिम्मेवारीहरू निम्नानुसार रहेका छन्:

- आयोगका आवश्यक सूचनालाई सञ्चार-माध्यममा प्रवाह,
- प्रेस-विज्ञप्ति/प्रेस-नोट तयारी,
- पत्रकार सम्मेलनको तयारी,
- मानव अधिकारपत्र तयारी,
- मानव अधिकारसम्बन्धी समाचार अनुगमन र
- आयोगले तोकेका अन्य कार्यहरू ।

यस आवमा सम्पादित कार्यहरू

- जम्मा ६८ ओटा प्रेस विज्ञप्ति तथा नोटहरू जारी,
- आयोगद्वारा आयोजित २१ वटा भर्चुअल तथा प्रत्यक्ष सहभागितामा सम्पन्न भएका कार्यक्रममा सञ्चारकर्मीहरूलाई आमन्त्रण,
- सूचनाको हकसम्बन्धी प्रयोजनको लागि आयोगको केन्द्रीय कार्यालयबाट प्रकाशन गरिने त्रैमासिक प्रतिवेदन सङ्कलन तथा तयार गरी राष्ट्रिय सूचना आयोग र सञ्चार तथा सुचना प्रविधि मन्त्रालयमा पेस/आयोगको कामकारबाही सम्बन्धमा जानकारी लिने उद्देश्यले विभिन्न व्यक्ति तथा निकायहरूबाट माग भएको सूचना नियमानुसार उपलब्धता
- आयोगबाट मिति २०७१ असोजदेखि ०७७ असार मसान्तसम्म जारी गरिएका महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरूको सङ्गालो भाग ३ प्रकाशन,
- आयोगको सूचनामुलक सामग्रीसहितको वार्षिक क्यालेण्डर प्रकाशनको लागि आवश्यक कार्य,
- आयोगका विभिन्न गतिविधिहरू समेटिएको समाचारमुलक पत्र (मानव अधिकारपत्र) पत्र प्रकाशनको लागि तयारी र
- मिति २०७७ चैत ९ गतेदेखि १५ गतेसम्म चितवन र मकवानपुर जिल्लाका वृद्धाश्रमहरूको अनुगमनमा संलग्न ।

मानव अधिकार स्रोत केन्द्र

यस स्रोत केन्द्रलाई निम्न जिम्मेवारी तोकिएका छन्:

- मानव अधिकार स्रोत केन्द्र सञ्चालन,
- खरिद एवम् उपहारस्वरूप प्राप्त पुस्तक व्यवस्थापन,
- आयोगका प्रकाशनहरूको अभिलेख, व्यवस्थापन र वितरण र
- आयोगले तोकेका अन्य कार्यहरू ।

सम्पादित कार्यहरू		
(क)	कार्यलय व्यवस्थापन	१.प्रकाशन वितरण कक्ष स्थापना र सञ्चालन, २. प्रकाशनलाई ३ भागमा वर्गिकरण र कार्यान्वयन (पुस्तक, प्रतिवेदन र जर्नलको रूपमा) र ३. तीनसय ५० ओटा प्रकाशनलाई बाक्लो गाता (हार्ड कभर) को रूपमा तयार ।
(ख)	प्रकाशन व्यवस्थापन तथा वितरण	१. प्रकाशन वितरण फारम निर्माण गरी कार्यान्वयन, २. प्रकाशनमा सबै सेवाग्राहीको पहुँच बिस्तार, ३. आयोगबाट प्रकाशित २१ प्रकाशनहरू व्यवस्थापन एवम् वितरण (वार्षिक प्रतिवेदन, दुर्गम क्षेत्रमा हवाईसेवा, कारागार र कैदीबन्दीको अवस्था, कोभिड १९ र आप्रवासी श्रमिकको अवस्थासम्बन्धी प्रतिवेदन, विश्वव्यापी आवधिक समीक्षा, दीगो विकास लक्ष्य र मानव अधिकार, माननीय अध्यक्षद्धारा व्यक्त विचार, आयोगको २० वर्ष आदि) । जम्मा २,३२५ प्रकाशन वितरण र ४. आयोगको प्रतिवेदन आयोगका प्रदेश कार्यालय र प्रदेश शाखा कार्यालयमा पठाउने व्यवस्था ।

(ग)	पुस्तक फिर्ता गर्ने सम्बन्धमा सूचना	लामो समयदेखि फिर्ता हुन बाँकी पुस्तकको सम्बन्धमा फिर्ताको सूचना जारी ।
(घ)	पत्रपत्रिका व्यवस्थापन	जम्मा १७ राष्ट्रिय दैनिक (नेपाली ९ र अङ्ग्रेजी ३ गरी १२), ४ साप्ताहिक र १ अन्तर्राष्ट्रिय) पत्रपत्रिकाको व्यवस्थापन ।

आर्थिक व्यवस्थापन महाशाखा

नेपाल सरकारवाट आर्थिक वर्ष २०७७/७८ को लागि बजेट उपशीर्षक नं.२१४०००११३ चालुतर्फ रु.२४,६९,००,०००।- (चौबीस करोड उनानसत्तरी लाख रुपियाँमात्र) विनियोजन भएकोमा रु. १६,३१,४७,१५७।२१ (सोह्र करोड एकतीस लाख सतचालीस हजार एकसय सन्ताउन्न रुपियाँ एक्काइस पैसामात्र) निकासा तथा खर्च भएको छ । त्यसैगरी बजेट उपशीर्षक नं.२१४०००० १३ चालुतर्फ रु.१३२,३७,१९६।-(एक करोड बत्तीस लाख सैतिस हजार एकसय छयानब्बे रुपियाँमात्र) विनियोजन भएकोमा रु.११२,५५,९४३।७१ (एक करोड बाह्र लाख पचपन्न हजार नौसय त्रिचालीस रुपियाँ एकहत्तर पैसामात्र) निकासा तथा खर्च भएको छ । त्यस्तै बजेट उपशीर्षक नं.२१४०००११४ पुँजिगततर्फ रु. ३५,००,०००।-(पैतीस लाखमात्र) विनियोजन भएकोमा रु.२९,७५,३८०।८२ (उनन्नीस सलाख पचहत्तर हजार तीन सय असी रुपियाँ बयासी पैसामात्र) निकासा तथा खर्च भएको छ ।

त्यसैगरी यो वर्ष राजस्व आम्दानी रु.२३,९३८।-(तेइइस हजार नौसय अठ्तीस रुपियाँमात्र) भई राजस्व रकम सञ्चित कोष दाखिला भएको छ । धरौटीतर्फ गत आवसम्मको जिम्मेवारीसहित यो वर्षको कुल आम्दानी रु.१००,६७५।७५(एकलाख छ सय पचहत्तर रुपियाँ पचहत्तर पैसामात्र) भएकोमा रु.७८,७४०।-(अठहत्तरहजार सातसय चालीस रुपियाँमात्र) धरौटी फिर्ता भई बाँकी रु.२१,९३५।७५ (एक्काइस हजार नौसय पैँतीस रुपियाँ पचहत्तर पैसामात्र) धरौटी बाँकी छ । त्यस्तै वैदेशिक सहायता (कार्यसञ्चालन कोष/विविध खाता) तर्फ गत वर्षसम्मको मौज्दात रु.५७,९७,३००।९३(सन्ताउन्न लाख सन्तानब्ब हजार तीन सय रुपियाँ त्रियानब्बे पैसामात्र) रहेकोमा यो वर्षको आम्दानी रु.१६९,११,९७२।७६(एक करोड उनानसत्तरी लाख एघार हजार नौसय बहत्तर रुपियाँ छयहत्तर पैसामात्र) गरी जम्मा आम्दानी २,२७,० ९,२७३।६९ (दुई करोड सत्ताइस लाख नौहजार दुई सय त्रिहत्तर रुपियाँ उनानसत्तरी पैसामात्र) भएकोमा यस आवमा रु.४१,९३,६४१।-(एकचालीस लाख त्रियानब्बे हजार छ सय एकचालीस रुपियाँमात्र) खर्च भई रु.१८५,१५,६३२।६९ (एक करोड पचासी लाख पन्ध्र हजार छ सय बत्तीस रुपियाँ उनानसत्तरी पैसामात्र) बैङ्क मौज्दात बाँकी रहेको छ । यससम्बन्धी पूर्ण विवरण अनुसूची .....मा समावेश गरिएको छ ।

अभिलेखालय एकाइ

यस एकाइलाई तोकिएको जिम्मेवारी निम्नानुसार रहेका छन्:

(क) आयोगमा दर्ता भएका उजुरीहरू उजुरीउपर आयोगबाट भएको निर्णय, सिफारिससमेतको अभिलेखीकरण र

(ख) आयोगबाट तोकिएका अन्य कार्यहरू

क्र.सं	एकाइबाट सम्पादित कार्यहरू	
१	• हालसम्म १०२६५ वटा उजुरीमा यस आ.व सम्म ७६ ओटा नयाँ उजुरीसँग सम्बन्धित फायलहरू उजुरी व्यवस्थापन र प्रतिवेदन प्रणाली (Complaint Management and Reporting System-CMRS) विद्युतीय प्रणालीमा राखिएको, • यस विधुतीय प्रणालीमा हालसम्म ४,४९६ निर्णय भएका फायलको अभिलेखीकरण गरिएको, • हालसम्मका ३,६६७ फायलमध्ये यस आ.वमा ७३ ओटा नयाँ उजुरी फायल विद्युतीय प्रणालीमा दर्ता गरिएको र • आ.व ०७७।७८ मा अनुसन्धान महाशाखाबाट कार्यसम्पन्न भएका ४४७ फायल यस प्रणालीमा राख्ने प्रयोजनका लागि बुझिलिएको ।	
२	• अदालतबाट माग भएबमोजिमका मुद्दासँग सम्बन्धित सक्कल कागजातहरू र सक्कल फायलहरू सम्बन्धित महाशाखालाई उपलब्ध गराइएको, • CMRS System यस प्रणालीअन्तर्गत राखिएका उजुरीहरू सम्बन्धित कर्मचारीले इन्टरनेट र सर्भरको माध्यमबाट जुनसुकै स्थानबाट पनि हेर्न, सामाग्रीहरू उतार्न, चुस्तदुरुस्त सकिने व्यवस्था मिलाइएको, • आयोगमा दर्ता भएका उजुरी फायलहरूको कारबाही, कार्यान्वयनको अवस्था र निर्णयहरूको जानकारी तत्काल प्राप्त गर्नुका साथै विद्युतीय कपीमार्फत अध्ययन गर्न सकिने गरी मिलाइएको र • प्रदेश तथा शाखा कार्यालयहरूमा भ्रमण गरी रहेका उजुरी फायललहरूको स्कान र दर्ता कार्य निरन्तर चलिरहेको ।	

प्रदेशगतरूपमा मानव अधिकारको अवस्था

प्रदेश नं.१ को मानव अधिकार अवस्था



जनसङ्ख्या	४५०१४४९
जिल्ला	१४
महानगरपालिक	१
उपमहानगरपालिका	२
नगरपालिका	४६
गाउपालिका	८८
प्राप्त उजुरी	१९ (विराटनगर १३, खोटाङ्ग ६)
अनुगमन	४० (विराटनगर २५, खोटाङ्ग १५)
अनुसन्धान	३८ (विराटनगर १२, खोटाङ्ग २६)
संवर्धन	६
सिफारिस	४२
जनशक्ति	२० (विराटनगर १२, खोटाङ्ग ८)
आयोगको कार्यालय	२ (विराटनगर, खोटाङ्ग-प्रदेश शाखा कार्यालय)

यस आवमा प्रदश न. १ को मानव अधिकार अवस्था मिश्रित प्रकृतिको देखिन्छ। कतिपय सकारात्मक पक्ष

छन् भने सुधारोन्मुख गर्नुपर्ने पाटो पनि उत्तिकै देखिन्छ । राजनीतिक तथा नागरिक, आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार, विकासको अधिकारमात्र नभई समग्र अधिकारको अवस्थाको आधारमा हेर्नुपर्ने हुन्छ । प्रदेश न. १ को अवस्थालाई सरसर्ती हेर्दा निम्नानुसार उल्लेख गर्न सकिन्छः

नागरिक तथा राजनीतिक अधिकार :

यस आवमा नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घन भएका घटनाहरू सार्वजनिक भएनन् । खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा राजनीतिक दलहरूले नेपाल सरकारविरुद्ध गरेका विरोधका कार्यक्रम शान्तिपूर्ण रूपमा सम्पन्न भएका छन् । उच्च अदालत विराटनगरको अस्थायी इजलाश ओखलढुङ्गाले ४९० अर्थात दर्ता भएमध्ये ८३ प्रतिशत मुद्दा फच्छ्यौंट गरेको देखिन्छ । खोटाङ जिल्लाका १० स्थानीय तहमध्ये दिक्तेल रूपाकोट मझुवागढी र हलेसी तुवाचुङ न.पा. तथा ऐसेलुखर्क, केपीलासगढी, खोटेहाङ, साकेला र बराहपोखरी गापा गरी ७ न्यायिक समितिहरूमा परेका ३३६ निवेदनहरूमध्ये २६७ निवेदन किनारा लागेका छन् ।

निर्वाचन आयोगबाट मतदाता नामावली सङ्कलन कार्य पालिकाहरूको केन्द्रमा सीमित हुनाले उमेर पुगेका सबै नागरिकहरूको पहुँच पुग्न सकेको छैन । खोटाङ जिल्लाका एक युवक र युवती आफ्ना बाबुले सनाखत नगरिदिँदा नागरिकता पाउनबाट बञ्चित हुनुपरेको पाइएको छ । आयोगले मानव अधिकार उल्लङ्घनकर्ता भनी नाम सार्वजनिक गरे पनि कसैमाथि कानूनी कारबाही नहुँदा दण्डहीनताको अन्त्यका लागि सम्बन्धित निकाय संवेदनशील हुन नसकेको स्थिति छ । खोटाङ, ओखलढुङ्गा, भोजपुर, मोरङ्, झापा, इलाम लगायतका जिल्ला कारागारहरूमा क्षमताभन्दा बढी कैदीबन्दी रहेको पाइन्छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

–स्वास्थ्य अधिकार

आधारभूत स्वास्थ्य अधिकारको क्षेत्रमा कामहरू भए पनि अवस्था अपेक्षित छैन । खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, भोजपुरलागयतका जिल्लास्थित पालिकाहरूले यस शीर्षकमा बजेट विनियोजन गर्ने गरेको पाइएको छ । कतिपय पालिकाहरूले स्वास्थ्य शिविर सञ्चालन, जिल्ला सदरमुकाममा कोभिड १९ को महामारीसँगै आइसीयूसहित भेन्टिलेटरको राख्न सुरु गरेको स्थिति छ । निःशुल्क वितरण गरिने भनी घोषणा गरिएका औषधीहरू अधिकाँश स्वास्थ्य चौकीमा पूर्णरूपमा प्राप्त गर्न कठिन छ । कतिपय स्वास्थ्य संस्थाहरूले बिरामी दर्तामा समेत नागरिकबाट रकम लिने गरेका छन् । विशेषज्ञ चिकित्सकको अभावमा नागरिकहरू जिल्ला बाहिर गएर उपचार गर्न बाध्य छन् । पहाडी र हिमाली जिल्लाबाट कतिपय नागरिकहरू हेलिकप्टर चार्टर गरेर उपचार गर्न जानुपर्ने बाध्यात्मक अवस्था छ । कोभिड १९ को कारण समयमा भेन्टिलेटरको व्यवस्था नहुँदा पाँचथर घर भई सोलुखुम्बुमा ग्यारेज सञ्चालन गर्दै आएका वर्ष ३८ का मिलन राईको मृत्यु भएको थियो ।

–शिक्षाको अधिकार

संविधान तथा कानूनमा निःशुल्क शिक्षाको अधिकार सुनिश्चित गरिए पनि विभिन्न शीर्षकमा विद्यार्थीहरूको नाममा शुल्क लिने कार्य रोकिन सकेको छैन । यस प्रदेशमा शिक्षामा पहुँचको अवस्था भौगोलिक विकटता,

आर्थिक अवस्था र सुविधा आदिको आधारमा फरक छ । शिक्षाको जिम्मा स्थानीय तहमा गएपछि कतिपय सकारात्मक कार्यहरू भएको अवस्था छ । विशेष खोटाङ जिल्लाको खोटेहाङ गाउँपालिकाले स्वदेशमा अध्ययन गर्ने सो पालिकाभित्रका विद्यार्थीलाई एमफिल र पिएचडी गर्न छात्रवृत्तिस्वरूप क्रमशः जनही रु.५५,५५५ र पिएचडी अध्ययन गर्ने बिद्यार्थीलाई जनही रू. १०१,१११ प्रदान गर्ने निर्णय गरेको छ । सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नपाले नगरपालिकाको भुगोल, पहिचान, जातजाती, भाषाभाषी, खानपान, रहनसहन, मौसम, पर्यटन, प्राकृतिक सम्पदा, कृषि, स्वास्थ्य, शिक्षा, रोजगारसहितका विषय समावेश गरी स्थानीय पाठ्यक्रम तयार गरेको छ ।

विश्वव्यापी फैलिएको कोभिड १९ को कारण विद्यालयहरू लामो समयसम्म बन्द रहँदा शिक्षाको अधिकार प्रत्यक्ष प्रभावित भएको छ । शहरी र बजार क्षेत्रमा इन्टरनेटको सहयोगमा आँशिक रूपमा विद्यालय सञ्चालनमा रहे पनि पहाडी र हिमाली जिल्लाका सबै स्थानमा इन्टरनेट, इमेल र फोनको सुविधा नहुँदा शिक्षा हासिल गर्नबाट वञ्चित हुनुपरेको छ । खोटाङमा एक जना विद्यार्थीले इन्टरनेटको माध्ययमबाट अध्ययन गर्न रुखको टुप्पोमा बसेको तस्वीर र समाचार सार्वजनिक हुनुले पनि शिक्षाको अवस्था दर्शाउछ ।

–आवासको अधिकार

कतिपय पालिकाहरू अति विपन्न, असहाय, अशक्त, ज्येष्ठ नागरिक, अनाथ बालबालिका, एकल महिला बसोबास गरेका घरमा सुरक्षित आवास कार्यक्रम ल्याएका छन् । खोटाङमा २,३८८ घरमा निःशुल्क जस्ता वितरण गर्ने योजनाअन्तर्गत दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले स्थानीय नागरिकसँगको सहकार्यमा एक अनाथ महिलालाई घर बनाइ हस्तान्तरण गरेको छ । खोटाङमा वि.सं. २०७२ सालमा गएको भूकम्पबाट प्रभावितमध्ये ७ हजार ३९८ घर परिवारले तेस्रो किस्ता प्राप्त गरेको बुझिएको छ ।

भेदभाव तथा छुवाछुतविरुद्धको अधिकार

भेदभाव तथा छुवाछुतविरुद्धको कार्य फौजदारी अपराध भए पनि त्यसको अन्त्य हुन सकेको छैन । विशेषतः सामाजिक बहिष्कार गर्ने सम्मको कार्य दलित र गैरदलितभित्र मात्र होनन, अन्य समुदायमा पनि देखिएको छ । प्रचलित कानुनविपरीतका यस्ता गतिविधिहरूको अन्त्य हुन सकेको छैन । यस्ता विषयमा प्रहरी उजूरी नपुग्ने तथा पुगेका उजूरीहरूमा पनि प्रभावकारी रूपमा कारबाही नबढेको अवस्था छ । खोटाङको सामाजिक बहिष्कारको एक घटनामा यस वर्ष पनि विशेष चर्चामा रहन पुग्यो । आयोगका हस्तक्षेपपछि करिब ३० महिनादेखि निरन्तर बहिष्करणमा रहनुभएका एक ७८ वर्षीय ज्येष्ठ नागरिकलाई समाजमा पुनर्स्थापित गर्न सकिएको छ । खोटाङको खोटेहाङ गापाले दलितसँग गाउँपालिका कार्यक्रम सुरु गरेको छ अहिले पनि एक जना शिक्षक निरन्तर बहिष्करणको पीडा खेपी रहनु भएको छ ।

महिला अधिकार

समग्रमा महिला अधिकार संरक्षणको सन्दर्भमा अवस्था अपेक्षित सबल छैन । यस क्षेत्रमा कामहरू भने चलिरहेका छन् । राष्ट्रपति उद्धार कार्यक्रमअन्तर्गत जिल्लामा सुत्केरी गराउन सम्भव नभएका खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बुका २० जना महिलाहरूको उद्धार गरिएको छ । पालिकाहरूले महिला अधिकारसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित कार्यक्रम बजेट विनियोजन गरेका छन् । खोटाङ जिल्लामा सञ्चालित

महिला सशक्तिकरण र व्यावसाय नामक परियोजनाले लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी संयन्त्र वडाहरूमा समेत निर्माण गरी ती संयन्त्र मार्फत लैगिक हिंसामा परेका २२ जना महिलाको पुनर्स्थापना गरेको छ । यस क्षेत्रमा महिलाविरुद्धका हिंसा न्यूनीकरण हुन सकेको छैन । तीनवटै जिल्लामा महिला हिंसाविरुद्धका २०० भन्दा बढी घटनाहरू अभिलेखित भएका छन् । सोलुखुम्बु जिल्लामा मात्र एक वर्षको अवधिमा ३२ ओटा जबरजस्ती करणीका मात्र मुद्दा दर्ता भए । मानसिक समस्या भएकी महिला समेत हिंसामा परेको घटना सार्वजनिक भएका छन् । जिल्ला सदरमुकाम रहेका पालिकामा समेत महिलालाई सामाजिक बहिष्कार गर्नेसम्मका कार्य भएका छन् ।

बालबालिकाको अधिकार

बालबालिका भविष्य हुन् भन्ने मान्यतालाई आत्मसात गरी कार्यहरू हुँदै आएका छन् । सोलुखुम्बु जिल्लाको महाकुलुङ गापाले खेती किसान गर्ने महिलाहरूका शिशुहरूको लागि शिशु स्याहार केन्द्र सञ्चालनमा ल्याएको छ । खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु जिल्लाका अधिकांश पालिकाहरूले कक्षा ६ भन्दा माथिका बालिकाहरूको लागि वार्षिक रूपमा स्यानिटरी प्याड वितरण गर्न थालेका छन् । विद्यालयमा अध्ययनरत बालबालिकाको लागि विद्यार्थीसँग नर्स कार्यक्रमको सुरुआत भएको छ । दिक्तेल रूपाकोट मझुवागढी नपाले पालिकाभित्र सञ्चालित ९३ सामूदायिक विद्यालयका ५ हजार ४७८ विद्यार्थीहरूलाई दिवा खाजा, टिफिन क्यारी वितरण गरेको छ । हलेसी तुवाचुङ नपाले पालिकामा बालिका बचत कार्यक्रम सुरु गरेको छ । यी र यस्ता कार्यका बावजुद् पनि उनीहरूको अधिकार प्रचलनको अवस्था सन्तोषजनक छैन । बालविवाहको समस्या अझै विकराल छ । वालविवाहको कारण बच्चा जन्माउन नसकी १४ वर्षीया बालिकाको मृत्युसम्म भएको छ । झापामा १० वर्षिय बालिका एलीना राजवंशीको अस्पताल चाहर्दा-चाहर्दै मृत्यु भएको थियो । शहिद धर्मभक्त मावि, कमल गापा ३ झापाका विद्यार्थीमाथि यौन हिंसा/शारीरिक सजाय दिएको समाचारको सम्बन्धमा आयोगबाट अनुगमन गरिएको थियो ।

आयोगको अनुगमनबाट खोटाङ र ओखलढुंगा जिल्लामा मात्र २० वर्ष उमेर पुग्नुभन्दा पहिला बच्चा जन्माउने महिलाहरूको प्रतिशत १६ रहेको छ । विशेष गरी बजार क्षेत्रबाट बाल श्रमिकलाई उद्धार गर्ने कार्य हुन सकेको छैन । ओखलढुङ्गामा शिक्षकहरूले वालबालिकाहरूलाई अनावश्यक यातना दिएको भन्दै स्थानीय सङ्घसंस्थाले प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएका छन् । पारिवारिक बेमेलका कारण बालबालिकाहरू अनाथ हुने अवस्था रोकिन सकेको छैन ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार :

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्धनको सन्दर्भमा स्थानीय तहहरूबाट बजेट विनियाजन गर्ने कार्यको सुरुआत भएको छ । परिचयपत्र वितरण गर्ने कार्य पनि हुँदै आएको छ । यस समुदायका व्यक्तिहरूको लागि सहायक सामग्री वितरणसम्बन्धी कार्यक्रम पनि फाट्टफुट्ट रूपमा हुने गरेका छन् । अपाङ्ग निर्वाह भत्ता वितरणले निरन्तरता पाएको छ । दिक्तेल रूपाकोट मझुवागढी नपा खोटाङले यस वर्ष हेमोफेलिया, अप्टिजम र श्रवण दृष्टि बाहेक क वर्गका ८४, ख वर्गका ११४, ग वर्गका ५७ र घ वर्गको ४५ गरी ३०० जनालाई परिचयपत्र वितरण गरेको छ । यति हुँदा पनि यस कार्यालयको अनुगमनले

उनीहरूको वास्तविक तथ्याङ्क सङ्कलन हुन नसकेको, अधिकांश भौतिक संरचनाहरू अपाङ्गमैत्री नरहेको, दक्ष चिकित्सकको अभावमा अपाङ्गता भएका कतिपयले परिचयपत्र प्राप्त गर्न नसकेको अवस्था छ ।

मानसिक समस्याबाट ग्रसित व्यक्तिहरूको अधिकार

मानसिक समस्या व्यक्तिहरू सडकमा जीवन व्यतित गर्न बाध्य छन् । विराटनगर ७ सरौचिया, ४ कञ्चनबारी र जनपथ टोल ११ मा मानसिक स्वास्थ्य देखिएका ९ वर्षीय बालकसहित ४ जना सडकमै जीवन व्यतित गर्न बाध्य थिए । उनीहरूलाई आयोग, मानव सेवा आश्रम, विराटनगर मनपा र जनप्रनिधिको सहयोगमा उद्दार गरी मानव सेवा आश्रम विराटनगरमा गास, बास र कपास र स्वास्थ्यको व्यवस्था मिलाइएको थियो । आर्थिक अवस्था, चेतनास्तर कमजोर हुँदा मानसिक समस्यायुक्त कतिपय व्यक्ति खोरको जीवन जीउन बाध्य छन् । मोरङ जिल्ला उर्लाबारी नपा ९ निवासी टेकबहादुर आलेमगरको स्वास्थ्य मानसिक रूपमा ठीक नभएको भनी विगत ४ महिनादेखि परिवारबाट फलामको खोरमा थुनी राखेका थिए । यो सूचनाको आधारमा आयोगले अनुगमनपश्चात् उद्दार गरी वीपी कोइराला .अस्पताल धरानसँग समन्वय गरी निःशुल्क उपचारको व्यवस्था मिलाएको थियो । हाल उनी स्वास्थलाभ गरी घर फर्किसकेको अवस्था छ ।

सामूहिक अधिकार :

–किसानको अधिकार

खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकाको मंगलटारका सुख्खाग्रस्त क्षेत्रका किसानहरूलाई कृषि सामग्री र किटनाशक औषधि वितरण सुरु गर्ने कार्यको सुरुवात भएको छ । खोटाङका अधिकांश स्थानहरूमा गोरुको सट्टा हाते ट्याक्टरले खेत बारी जोत्न थालिएको छ । रावाबेशी गाउँपालिकाले फलफूल किसान पेन्सन कार्यक्रम सुरु गरेको छ । सोलुखुम्बु जिल्लाको थुलुङ दुधकोशी गापाको जुबुमा ६० जना कृषकहरूका बीचमा आधुनिक गहुँ खेती प्रणाली सम्बन्धी प्रशिक्षण दिने कार्य भएको छ । खोटाङ जिल्लाको बुइपास्थित एक सहकारीले किसानले उत्पादन गरेको सामान आफुले दिई त्यस्तो सामान बराबरको रकम किसानको खातामा जम्मा गरिदिने कार्यको सुरुवात गरेको छ । बाँझिएको खेतीयोग्य जमिनलाई पुनः उपयोगमा ल्याई गाउँमै रोजगारी सृजना गर्ने उद्देश्यका साथ खोटेहाङ गाउँपालिकाले बाँझो जमिनमा फलफूल बगैंचा खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । ओखलढुङ्गामा स्थानीय तहहरूले अनुदानमा वितरण गरेको कृषि सामाग्रीहरू वास्तविक कृषकहरूले नपाएको विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने कार्य भएको छ ।

–आदिवासी जनजातिको अधिकार

ओखलढुंगा जिल्लाका आदिवासी जनजातिहरूको मानव अधिकार प्रचलनको अवस्था कमजोर रहेको आयोगको अनुगमनबाट बुझिएको छ । स्थानीय सरकारले निर्माण गर्ने नीतिदेखी बजेट तर्जुमासम्म आदिवासी जनजातिहरूको हितमा कार्यक्रम तय नभएको पाइएको हो । आदिवासी जनजातिहरूको धर्म, सँस्कृति र जातीय पहिचान संरक्षण एवं संवर्द्धन र क्षमता अभिवृद्धिका कुनै पनि परिभाषित कार्यक्रम सञ्चालन हुन सकेको पाइएन । आदिवासी जनजातिका सम्बद्ध संस्था र स्थानीय सरकाबीच आपसी समन्वयको अभावमा स्थानीय तहको योजना तर्जुमा प्रकृयाका बिभिन्न चरणमा सहभागित प्राय शुन्य नै

पाइएको छ । जिल्लाका ८ पालिकाहरूमध्ये ६ ओटा पालिकाहरूमा जनजातिहरू नै जनप्रतिनिधिहरूको बाहुल्यता हुँदा पनि सो समूदायको लागि कुनै ठोस लक्षित कार्यक्रमहरू संचालन हुन नसकेको पाइएको हो । अशिक्षा, हिंसा तथा अन्य विविध कारणबाट आत्महत्या गर्ने कुल सङ्ख्यामध्ये खोटाङमा आदिवासी जनजातिको सङ्ख्या उच्च रहेको छ ।

–मानव अधिकार रक्षक

नेपाल पत्रकार महासङ्घ खोटाङ शाखाले कोभिड १९ बाट सङ्क्रमित ४ जना पत्रकारहरूलाई नगद र स्वास्थ्य सामाग्री सहयोग गरेको छ । ऐ. जिल्लाको दिप्रुङ चुइचुम्मा गाउँपालिकाले ५५ वर्ष उमेर पूरा गरेका तथा नेपाल पत्रकार महासङ्घको सदस्यता लिएको २० वर्ष पुगेका पत्रकारलाई मासिक दुई हजार प्रोत्साहन भत्ता दिन सुरु गरेको छ ।

–वातावरण र विकासको अधिकार

गाईघाट–दिक्तेल सडक तोकिएको समयमा नै निर्माण सम्पन्न नहुँदा सो क्षेत्रका नागरिकहरू विकासको अधिकारबाट वञ्चित मात्र हैन धुलोको कारण वातावरणीय प्रभावसमेत परेको छ । सोलुखुम्बुका ६ सयभन्दा बढी घरधुरी पहिरोको उच्च जोखिमा रहेको पालिकाहरूको तथ्यांकले देखाएको छ । जसअनुसार सोलुदुधकुण्ड नगरपालिका वडा नं. ७ को गार्मामा २५ घरघुरी र वडा नम्बर १ को नुनथला बजार र सोलुखोला आसपासका क्षेत्र पहिरोको जोखिम रहेको उल्लेख छ । थुलुङ दुधकोशी गाउँपालिकाको वडा नम्बर ७ को लुरुवा, वडा नम्बर ९ को लिखेप, फलाटे, वडा वडा नम्बर ३ पञ्चन, वडा नम्बर १ नेलेका ५० घरधुरी, लिखुपिके गाउँपालिकामा करिब ५५ घरधुरी, माप्य दुधकोशी गाउँपालिकाको वाप्सा स्थित तामाखानी क्षेत्र, बोधु, अँधेरी, लगायतका क्षेत्रमा ३ सयभन्दा बढी घरधुरी, सोताङ गाउँपालिकामा ४ घरधुरी, खुम्बुपासाङ ल्हामु गाउँपालिकाका खुम्जुङ, खुन्दे, इम्जा र फेरुचे लगायतका क्षेत्र, नेचा सल्यान गाउँपालिकाको बतासे, पातीखर्क र बोरोरे क्षेत्र लगायत जिल्लाको ५ सय रोपनी खेतीयोग्य जमिन रसय हेक्टर वन जङ्गल समेत पहिरोको उच्च जोखिममा रहेको जिल्ला जानकारी प्राप्त हुन आएको छ ।

प्रदेश नं. २ को मानव अधिकार अवस्था



जनसङ्ख्या	४५९२४३४
जिल्ला	८
महानगरपालिका	१
उपमहानगरपालिका	३
नगरपालिका	७३
गाउपालिका	५९
प्राप्त उजुरी	३२
अनुगमन	३३
अनुसन्धान	४
सिफारिस	५०
जनशक्ति	१६
आयोगको कार्यालय	१

आएको छ । कार्यालयबाट समय-समयमा मानव अधिकारको अवस्था सार्वजनिक हुँदै आएको छ । शिक्षा, स्वास्थ्य, महिला हिंसा, जातीय विभेद, सामाजिक बहिष्कार, कैदीबन्दीका अधिकार आदि यस क्षेत्रमा प्रमुख मुद्दा रहिआएका छन् । यस अलावा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग जोडिएका विषय पनि छन् । आयोगबाट सम्पादित अनुगमन, अनुसन्धान, संवर्धनसम्बन्धी कार्यहरूको आधारमा सङ्क्षेपमा मानव अधिकार अवस्था चित्रण गरिएको छ । यसको साथै सञ्चारमाध्यममा प्रकाशित तथा प्रसारित समाचार, सरकारी, गैरसरकारी र सरोकारवालाहरूबाट प्राप्त सूचनालाई पनि आधार मानिएको छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

प्रदेश २ को ८ जिल्लामा लामो समयदेखि बसोबासरत (विषेश गरी दलित समुदाय) समुदाय बढी मारमा परेको छ । आयोगमा परेका उजुरीको आधारमा हेर्दा उनीहरूको बस्ती जबरजस्ती उठाउने, घरजग्गा खाली गर्न दबाब दिने गरेको पाइएको छ । केही व्यक्तिको आफूमाथि कुटपिट, दुरव्यवहारसमेत भएको भनाइ रहेको छ । प्रदेश २ सिरहा जिल्लाको सिरहा न.पा.६ को महरा टोलमा ३ पुस्तादेखि बसोबास गर्दै आइरहेको दलित समुदायको बस्तीमा डोजर चलाउँदा उनीहरू बिचल्ली अवस्थामा पुगेका छन् । घरमा डोजर लगाउँदा पुसको चिसोमा लामो समय खुला स्थानमा बस्नुपरेको स्थिति छ । यति संवेदनशील विषयमा आयोगबाट पटक-पटक ध्यानकर्षण गराउँदा पनि प्रदेश सरकार र स्थानीय सरकार मौन बसेको अवस्था छ ।

जातीय भेदभावविरुद्धको अधिकार

प्रदेश २ मा जातिय विभेद बढ्दो रुपमा रहेको अनुगमनको क्रममा देख्न सकिन्छ । अन्तरजातीय विबाह गर्ने जोडीहरुलाई विभेदको साथै दुर्व्यवहार, विस्थापित र कुटपिटसमेत गर्ने गरिएको छ । जातीय आधारमा उच्चजातिले आफूभन्दा तलको जातलाई विभेद गरको भनी आयोगमा नियमितजसो उजुरी/गुनासाहरू आउने गरेका छन् । वि.स. २०७७।२।२८ गते सवारी ज्यान मुद्दामा शम्भु सदालाई पक्राउ गरी धनुषाको सबैला इप्रकाको हिरासतमा राखिएको थियो । सोही अवस्थामा हिरासतको शौचालयमा उनको मृत्यु भएको घटना सार्वजनिक भएको थियो । यस सम्बन्धमा नेपाल राष्ट्रिय मुसहर सघले २०७७।२।२९ मा बुझाएको आयोगलाई ज्ञापनपत्र बुझाएको थियो । घट्नाको सम्बन्धमा आयोगले उजुरी दर्ता गरी मृतकको पोष्टमार्टम लगायतका कार्यमा आयोगले समन्वय गरेको थियो । दलित भएकै कारण उनको हत्या गरिएको भनी ८ दलित अधिकारकर्मीहरुबाट विरोध भएको थियो । जातीय विभेदका घटना सकेसम्म गाउँमै र सम्भव नभएमा प्रहरी कार्यालयमा गई मिलापत्र गराउने गरेको पाइन्छ ।

कैदीबन्दीको अधिकार

यस प्रदेशमा कैदीबन्दीका विविध समस्या देखिएका छन् । हिरासतभित्रै मृत्यु भएको खबर सार्वजनिक हुनु दुखद् पक्ष हो । जिल्ला प्रहरी कार्यालय, धनुषाको हिरासत कक्षाको शौचालयमा एकजनाको मृत्यु भएको थियो । रौतहट कारागारमा नाइकेबाट यातना, कुटपिट गरेको भन्ने आयोगलाई जानकारी प्राप्त भएको थियो । महोत्तरीको जलेश्वर कारागारमा बन्दाबन्दीको समयमा बन्दी महिला बिरामी हुँदा उपचार हुन सकेको अवस्था थियो । आयोगको अनुगमनपश्चात् उपचारको व्यवस्था मिलाइएको थियो ।

इप्रका गरुडाको महिला सेलमा एक महिलाको ज्यान गएको थियो । यस प्रकृतिका निरन्तरका घट्नाहरूले कारागार र हिरासतमा कैदीबन्दीको अवस्था दयनीय देखिन्छ ।

महिला अधिकारः

यस प्रदेशमा अहिले पनि महिला अधिकारको अवस्था सन्तोषजनक छैन । घरेल ुहिंसा, दाइजोप्रथा, बोक्सीको आरोपमा कुटपिट, मलमूत्र खुवाउने प्रवृति अहिले पनि जिवितै छन् । जिल्ला प्रहरी कार्यालय,

ओरेक नेपाल, मुक्ति नेपाल (महिला सुरक्षा आवास) सञ्चालन संस्था, इन्सेक लगायतका संस्थाहरूको तथ्याङ्कले पनि घरेलु हिंसा, यौन हिंसा बढ्दो अवस्थामा रहेको देखाएको छ ।

महोत्तरीमा बेपत्ता भएको एक महिनापछि आयोगसहितको सक्रियतामा सुजिता ठाकुरलाई मृत अवस्थामा फेला पारिएको थियो । बोक्सीको आरोपमा महोत्तरी गापा.३ मरहीमा एक महिलाको हत्या भएको थियो । महोत्तरीमा बोक्साको आरोपमा एक पुरुषलाई मलमुत्र खुवाउने प्रयास भएको थियो । धनुषा जिल्लाको जनकपुर उमानपा १४ मा बोक्सीको आरोपमा एक स्वास्थ्य स्वयम्सेविका माथि कुटपिट गरिएको भनी आयोगमा उजुरी दर्ता भएको छ । सिरहा जिल्लामा बोक्सीको आरोपमा वृद्धाको हत्या भएको थियो । सबैभन्दा बढी बोक्सीका घट्ना सिरहामा भएको अवस्था छ । आयोगको प्रदेश २ कार्यालयमा यस आवमा आयोगमा दर्ता भएका ३२ उजुरीमा ८ ओटा महिला हिंसा, बोक्सीको आरोपसँग सम्बन्धित छन् ।

बाल अधिकार:

यस प्रदेशमा बाल यौन दुराचार, हत्या, आत्महत्या, बाल विवाह, अन्तरजातीय बाल विवाह समस्याको रूपमा देखिएका छन् । यसबाट परिवार विस्थापित, सामाजिक बहिष्कार, झुठा मुद्दा दिने प्रवृति बढ्दै गएको स्थिति छ । छोरालाई मात्र होइन, छोरीलाई पनि शिक्षा दिने मनोवृतिमा क्रमश: सुधार आउन थालेको छ । कतिपय विद्यालयहरूमा अहिले पनि बालबालिकाहरू शारीरिक सजाय र मानसिक पीडा भोग्न बाध्य छन् । छोरीको तर्फबाट विवाहमा दाइजो दिनुपर्ने बालविवाह गम्भीर समस्याको रूपमा रहेको छ ।

यी समस्याको साथै विभेदको अवस्था पनि विद्यमान छ । एचआइभी सङ्क्रमित आमाबाबुबाट जन्मेको ५ वर्षिया बालिकालाई विद्यालय भर्ना भएको २५ दिनपछि बिद्यालयबाट निष्काशन गरिएको थियो । आयोगको पहलमा सहजीकरण गरी पुन विद्यालय जान पाउने वातावरण मिलाइएको थियो । कोभिड महामारीको कारण लामो समय विद्यालय बन्द भई घरमै रहनुपर्दा बालबालिकामा मानसिक असर पर्न गएको देखिन्छ । अनुगमनबाट प्राय: शिक्षक समयमा विद्यालयमा अनुपस्थित, विषयगत शिक्षकको अभाव, खाने पानी, शौचालय, बालिकाहरूको लागि सेनिटेरी प्याडको व्यवस्था नभएको पाइएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार:

अपाङ्गता भएका व्यक्तिहरू आफैँमा पीडित हुन्छन् । त्यसमा पनि घरसमाज र राज्यबाट थप पीडामा पर्ने गर्दछन् । यस प्रदेशमा पनि उनीहरूको अवस्था पीडादायी छ । कोभिड महामारीको समयमा राहतमा वितरणमा विभेद हुनुको साथै स्वास्थ्य उपचारमा पहुँच नहुँदा उनीहरूले विभिन्न समस्या भोग्नुपरेको अवस्था छ । महोत्तरीमा बौद्धिक अपाङ्ग बालिकामाथि जबरजस्ती करणी गरिएको थियो । उनलाई घरमा राख्न समस्या भएको भनी परिवारले सम्बन्धित निकायसमक्ष सहयोगको याचना गरेको थियो । अनुगमनको क्रममा विद्यालय भवन, शौचालय, बस्ने बेञ्च अपाङ्गमैत्री नभएको पाइएको थियो ।

बलपूर्वक बेपत्ताविरुद्धको अधिकार:

यस कार्यालयमा ठुलो सङ्ख्यामा बलपुर्वक बेपत्ता बनाइएका व्यक्तिहरुको उजुरी अनुसन्धानको क्रममा रहेका छन् । परिवारको सदस्य बेपत्ता भएको उजुरी लिएर प्रहरी कार्यालय जाँदा कारबाही नभएको, ढिलासुस्ती वा पन्छाउने प्रवृति रहेको भन्ने खालका गुनासाहरू आउने क्रम जारी छ ।

वागमती प्रदेशको मानव अधिकार अवस्था

जनसङ्ख्या	५४२३२६२
जिल्ला	१३
महानगरपालिक	३
उपमहानगरपालिका	१
नगरपालिका	४१
गाउपालिका :	७४
प्राप्त उजुरी	९८
अनुगमन	२३
अनुसन्धान	५२
संवर्धन	६
सिफारिस	५१
जनशक्ति	१६
आयोगको कार्यालय	२ (१ केन्द्रीय कार्यालयसहित)

यस कार्यालयबाट आर्थिक वर्ष २०७७/०७८ मा वार्षिक कार्ययोजना तथा तत्कालीन आवश्यकताको आधारमा मानव अधिकारको संरक्षण र संवर्द्धनसम्बन्धी कार्यहरू सम्पादन भएका छन्। विशेषत: सम्पादित

कार्यहरू मानव अधिकारको अवस्था अनुगमन तथा मानव अधिकार उल्लङ्घनलाई प्राथमिकतामा राखी निर्माण गरिएको कार्ययोजनामा आधारित छन् । समय-समयमा आयोजित मानव अधिकार संवर्धनसम्बन्धी विविध कार्यक्रहरू सम्पन्न भएका छन् । यी कार्यालयमा प्राप्त उजुरी, मानव अधिकारसँग सम्बन्धित समाचार, सरकारी तथा, गैसस लगायतबाट प्राप्त सुचनामा आधारित भई यस प्रदेशको मानव अधिकारको अवस्था समेटिएको छ ।

नागरिक तथा राजनीतिक अधिकार

मर्यादित एवं सम्मानजनक बाँच्न पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । यस अधिकारलाई मानव अधिकारसम्बन्धी विभिन्न दस्तावेज एवम् राष्ट्रिय संविधानमा पनि सुनिश्चित गरिएको छ । आयोगमा परेका उजुरीको अध्ययन, अनुसन्धान तथा विश्लेषणको आधारमा हेर्दा प्रहरीले आरोपीत व्यक्तिलाई पक्राउ गर्न सक्ने सम्भावना रहेको अवस्थामा पनि अत्याधिक बल प्रयोग भएका घटनाले स्वच्छ पुर्पक्षको अधिकारको हन्न भएको पाइन्छ । नागरिकको जीउज्यानको सुरक्षा, अपरहरण, बेपत्ता, गैरकानुनी पक्राउ, यातना, विरोध प्रर्दशन गर्ने व्यक्तिमाथि लाठी चार्ज र कुटपिट, धरपकड, आमरण अनसनजस्ता कार्यले यस वर्ष पनि निरन्तरता पाएको देखिन्छ । आर्थिक वर्षको सुरुमै चितवन राष्ट्रिय निकुञ्जका सेनाले हात्ती लगाएर माडी नगरपालिका ९ कुसुमखोलाका चेपाङ वस्तीका घर भत्काइदिने, आगजनी गर्ने कार्य भएका छन् । चितवनको राप्ती नगरपालिकाका केही व्यक्तिहरूलाई पक्राउ गरी नियन्त्रणमा लिई यातना दिने कार्य भएको पाइयो । तीमध्ये चितवनका २४ वर्षीय राजकुमार चेपाङको २०७७ साउन ७ गते मृत्यु भएको घटनाउपर आयोगको वाग्मती प्रदेश कार्यालयबाट अनुसन्धान गरी क्षतिपूर्ति र कानुनी कारबाहीको लागि सिफारिस गरेको अवस्था छ । गंगामाया अधिकारी (१ सय ३७ दिन लामो आमरण अनसन) को स्वास्थ्य अवस्था र कोरोना महामारीविरुद्धमा भएको वेथितिविरुद्ध इनफ इज इनफका कार्यकर्ताको भोकहड्तालको अनुगमन गरेको भएको छ । मछिन्द्रनाथको रथ यात्रामा प्रहरी र प्रदर्शनकारीबीच भएको झडप तथा गिरफ्तारको सम्बन्धमा पनि अनुगमन गरेको छ ।

यस वर्ष विप्लव समूह तथा अज्ञात समूहद्वारा विभिन्न स्थानमा प्रेसर कुकर बम राख्ने र डिस्पोज गर्ने कार्यले निरन्तरता पायो । काभ्रेपलाञ्चोक जिल्ला अरनिको राजमार्गअन्तर्गत बनेपा बुडोलमा मिति २०७७ माघ १० गते प्रेसर कुकर बम सेनाले डिस्पोज गरेको थियो ।

कैदीबन्दीको अधिकार

कैदीबन्दीहरूप्रति पनि मानवीय व्यवहार गरिनुपर्ने मानव अधिकारको विषय हो । हाल कारागारमा क्षमताभन्दा अत्याधिक कैदीबन्दी रहेको अनुगमनबाट पाइएको छ । कारागार शाखा चितवनमा २५५ जना पुरुषको क्षमता रहेको कारागारमा ६ सय ४४ पुरुष, २५ जनाको क्षमता रहेको महिला बन्दी गृहमा ५५ महिला र दुई आश्रित बालबालिका रहेका छन् ।

रसुवा जिल्ला कारागारको क्षमता २५ रहेकोमा ११५ जना कैदी र ११ जना थुनुवा (५ महिला सहित) गरी १२६ जना रहेका छन् । जिल्ला कारागार, नुवाकोटमा पुरुष कक्षातर्फ ५० जना र महिलातर्फ २० जना क्षमता भएकोमा १४३ जना कैदीबन्दी रहेको पाइएको छ । दैनिक ४५-५० जना कैदी बन्दीहरू

पेटी, कारागारको खुला ठाउँमा सुत्न बाध्य छन् । क्षमताभन्दा अत्याधिक कैदीबन्दी हुँदा सौचालय प्रयोग र खानेपानीको समेत समस्या देखिएको छ । सुत्न, शौचालय जान, खाना बनाउन तथा खानसमेत पालो गर्नुपर्ने कैदीबन्दीको गुनासो रहेको छ । नेपाल सरकारले कैदीबन्दीका लागि दिएको स्वास्थ्य सेवा, खेलकुद लगायतका सुविधाबाट समेत वञ्चित भएको अवस्था छ । स्वास्थ्य उपचारका लागि सरकारले अघिल्लो आर्थिक वर्षमा रु ४८ लाख ७५ हजार बजेट खर्च गरेको भएतापनि यस वर्ष कोभिड १९ सङ्क्रमणको कारण बजेट कटौती गरेको अवस्था छ ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय अनुवन्ध, १९६६ ले व्यक्तिको खाधान्न, स्वास्थ्य, शिक्षा, आवास र रोजगारीको अधिकारलाई सुनिश्चित गरेको छ । नेपालको संविधानमा मौलिक हकमा यी अधिकारको व्यवस्था गरिएको छ । स्वास्थ्य, शिक्षा, खाधान्न, आवास र रोजगारीको हक कार्यान्वयनका लागि कानुन, नीति, तथा कार्यक्रम र योजनाको अभावमा चुनौतिपुर्ण देखिएको छ ।

संविधानत: प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने, स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने उल्लेख छ । कार्यान्वयन अवस्था भने त्यति सन्तोषजक छैन । उपचारको निम्ति उपचारका लागि रातभर डुलाउँदा-डुलाउँदै एक जना बिरामीले भरतपुर सरकारी अस्पतालमा मृत्यु भएको आयोगमा अनुगनमले देखाएको छ ।

सिन्धुली घर निवासी निरूता तामाङको काठमाडौँ चुच्चेपाटीमा निर्माणाधीन अस्पतालको पाँचौं तला काम गरिरहेको अवस्थामा खसेर मृत्यु भएको थियो । यस घटनामा निजका आफन्तले क्षतिपूर्ति पाउन सकेको देखिँदैन । निजी वा सरकारी कामकाज (जोखिमपूर्ण) मा लगाउनुपूर्व मजदुरहरूको बिमा अनिवार्य गरी क्षतिपूर्ति निश्चित गरी रोजगारीको अधिकार सुनिश्चित गरिनुपर्ने देखिन्छ । (२०७७ पुष महिनाको प्रतिवेदन, राष्ट्रिय मानव अधिकार आयोग वाग्मती प्रदेश कार्यालय, सानेपा ललितपुर) ।

प्रत्येक वर्ष वर्षायाममा आएको बाढीबाट धेरै मानिस ज्यान गुमाउन बाध्य छन् । दोलख र सिधुपाल्चोकमा १/१ जना गरी २ जनाको ज्यान गएको कैयन विस्तापित भएका छन् । वाग्मती प्रदेश सरकारले प्रदेशका चार जिल्लामा प्राकृतिक प्रकोपबाट मृत्यु भएका परिवारलाई आर्थिक सहयोग गर्न प्रदेश विपद कोषमार्फत २ करोड ६२ लाख रुपियाँ खर्च गरेको छ । सिन्धुपाल्चोक जिल्लाका ४ स्थानीय निकायलाई मात्र बाढी र पहिरोबाट विस्थापित परिवारको उद्दार राहत र तत्काल व्यवस्थापन गर्न १ करोड ५ लाख उपलब्ध गराएको छ । सरकारले उपलब्ध गराएको रकम पीडित परिवारको व्यवस्थापनमा खर्च हुन सकेको छैन (२०७७ भदौ महिनाको प्रतिवेदन, राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय, सानेपा ललितपुर) ।
सर्वोच्च अदालतले कानुनको उचित प्रकृया पुऱ्याएर उचित क्षतिपूर्ति दिएरमात्रै सडक बिस्तार गर्न सरकारको नाउँमा आदेश जारी गरेको थियो । कानुनी प्रक्रियाविना सर्वसाधारणको घरमा डोजर चलाउन, क्षतिपूर्ति नदिई घर भत्काउन थाले पछि भक्तपुर राधेराधेका स्थानीय आक्रोशित भएका छन् । सर्वोच्च अदालतको आदेश विपरीत शहरी विकास निर्माण परियोजनाले बालाजुमा सरकारी जग्गा भन्दै डोजर चलाएर स्थानीयबासीहरूलाई विस्थापित बनाएको उजुरीमाथि आयोगबाट अनुगमन/अनुसन्धान भएको छ ।

काठमाडौं महानगरपालिका लगायत उपत्यका १८ ओटा नगरपालिकाहरूले नुवाकोटको ओखरपौवास्थित सिसडोल ल्याण्डफिल्ड साइट क्षेत्रका प्रभावित स्थानीयसँग गरेको सम्झौताअनुरूप काम नहुँदा फोहोरमैला व्यवस्थापनमा स्थानीयबाट अवरोध हुन पुगेको छ । फलतः नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हक हनन् भएको छ ।

कोरोना महामारी रोकथामको लागि जारी लकडाउनका कारण अनौपचारिक क्षेत्रमा काम गर्ने व्यक्तिहरू बेरोजगारी बन्न पुगेको अवस्था छ । राज्यले बेरोजगार भएका र दैनिक गुजारा गर्न कठिन भएका अति विपन्न वर्गका मजदुर, सीमान्तीकृत वर्ग र भारतबाट रोजगारीका लागि नेपाल आएका रोजगारी गुमेका व्यक्तिहरूलाई राहतको पूर्ण व्यवस्थापन सकेको छैन । कोरोना महामारीका कारण धेरै मृगौलाका बिरामीहरू डायलाइसिस सेवाबाट वञ्चित भएका छन् । हाल देशभर १२ हजार मिर्गौलाका रोगी डायलाइसिस सेवा लिनुपर्ने अवस्थामा भए पनि पाँच हजार ६ सय ५७ जनाले मात्रै सेवा पाइरहेको स्थिति छ । कोभिड १९ को कारण रक्तदान कार्यक्रमसमेत प्रभावित हुँदा बिरामीहरूले उपचार सेवाबाट वञ्चित हुनुपरेको छ । सिन्धुली जिल्लामा कोरोनाको कारण मृत्यु हुनेहरूको शव व्यवस्थापन गर्न कठिन भएको पाइएको छ । रामेछापको मन्थलीमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा शल्यक्रियाको लागि आवश्यक भौतिक सुविधा उपलब्ध भएता पनि विशेषज्ञ डाक्टर नहुँदा सेवा प्रभावित भएको अवस्था छ ।

विपद् व्यवस्थापन र मानव अधिकार

सिन्धुपाल्चोक जिल्लामा हरेक वर्ष विपद्का कारण ठुलो जनधनको क्षति भइरहेको पाइन्छ । वि.स २०७१ साउन १७ गते राति २:०० बजे गएको जुरेको पहिरो र २०७२ सालको विनाशकारी भुकम्प र २०७३ मा भोटेकोशी बाढीले जिल्लाका विभिन्न स्थानहरूमा ठुलो क्षति तथा अस्तव्यस्तताको अवस्था सिर्जना गरेको थियो । त्यसैगरी २०७८ असार १ गते बेलुका ६:३० वजे तिर सिन्धुपाल्चोक जिल्लाको हेलम्बु क्षेत्रमा भीषण पहिरो गएर मेलम्ची नदी नै थुनिन गई भएको जनधन क्षति भएको छ । यस विषयमा आयोगबाट अनुगमन भएको छ ।

मिति २०७८ असार १ गते सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गापा १ नाकुत्तेभन्दा ५०० मिटरमाथिको भु-भागबाट गएको भीषण बाढीपहिरोका कारण मेलम्ची नदी थुनिदा बाँध फुट्न पुगेको थियो । हेलम्बु, याङरी, लार्के, ब्रह्मायणी, भोटकोशी नदीमा आएको बाढीबाट ठुलो जनधनको क्षति भएको थियो । प्रमुख जिल्ला अधिकारीका अनुसार ४ जनाको मृत्यू र २१ जना हराइरहेको अवस्था छ । समग्र अवस्थालाई हेर्दा प्रभावित स्थानहरूमा विपद जोखिम न्यूनीकरण तथा विपद प्रतिकार्य लगायतका विपद व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ ।

अनुगमनको क्रममा त्यसैगरी २०७८ असार १ गते बेलुका ६:३० बजेतिर सिन्धुपाल्चोक जिल्लाको हेलम्बु क्षेत्रमा गएको वाढी-पहिरोको सम्बन्धमा समयमा नै सूचना सम्प्रेषण भएको पाइएको छ । सुरक्षा निकायबाट समन्वय गरी तत्काल खोजतलास, उद्धार कार्य भएको छ । राज्यका निकाय तथा नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाको तर्फबाट पीडित प्रभावितलाई राहत र स्वास्थ्य सामाग्रीको वितरण र व्यवास्थापन भएको छ । सिन्चधुपाल्चोक जिल्लामा जिल्ला विपत् पूर्वतयारी तथा प्रतिकार्ययोजना २०७५

जारी भएको देखिन्छ । सङ्घीय सरकारका उपप्रधानमन्त्री लगायत मन्त्रीहरू, प्रदेश सरकारबाट अनुगमन गरी तत्काल राहतका लागी रकम निकासा भएको अवस्था देखिन्छ । यसका बावजुद् पनि तीनै तहका सरकारबीच प्रभावकारी समन्वय र सहकार्यमा कमी देखिन्छ ।

जातीय भेदभावविरुद्धको अधिकार

नेपालले जातीय भेदभावविरुद्धको महासन्धिलाई अनुमोदन गरी राष्ट्रिय कानुनद्वारा छुवाछुत तथा जातीय भेदभावलाई दण्डनीय बनाइएको छ । कानुनी बन्देज भएता पनि व्यवहारतः अझै पनि जातीय आधारमा छुवाछुत र विभेद हुने गरेको पाइन्छ । वाग्मती प्रदेशअर्न्तगत विशेष गरी ग्रामीण भेगमा धाराको पानी, सार्वजनिक धार्मिक स्थल, मठमन्दिर प्रवेश र पूजापाठ गर्न सहज छैन । जातकै आधारमा घर बहालमा नदिएको अवस्था छ । रामेछाप, सिन्धुली, दोलखा, काभ्रेपलाञ्चोक जिल्लाका ग्रामीण समुदायमा अझै पनि जातीय विभेदका घटनाबाट मानव अधिकार उल्लङ्घन भएको तथ्य आयोगको अनुगमनबाट प्राप्त हुन आएको छ । दलितसँगको अन्तरजातीय विवाह, छुवाछुत तथा जातीय विभेद, दलित सहभागिताको अभाव, दलित उत्थान लक्षित कार्यक्रम प्रयाप्त र प्रभावकारी हुन नसकेको स्थिति छ । संविधानले मौलिक हकमै भूमिहीन दलितलाई आवासको निम्ति जग्गा उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा आउन सकेको छैन । सदरमुकामको तुलनामा ग्रामीण इलाकामा जातीय विभेद तथा छुवाछुत बढी देखिन्छ । सार्वजनिक स्थल, सार्वजनिक समारोह, सामाजिक काम र व्यवहारहरूमा दलितमाथि जातीय भेदभाव, न्यायमा पहुँचको कमी, आर्थिक अवस्था कमजोर आदिको कारण पनि समस्या थप जटिल बन्न पुगेको छ ।

महिला अधिकारको अवस्था

महिलामाथि हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने सम्बन्धी महासन्धि १९७९ ले महिलामाथि हुने शारीरिक, मानसिक, सामाजिक, राजनीतिक विभेद अन्त्य गर्नुपर्नेमा जोड दिएको छ । नेपालको संविधान (२०७२) लगायतका कानुनले महिला अधिकार संरक्षित र सुरक्षित गरे पनि कार्यान्वयन पक्ष अझै फितलो रहेको छ । महिलालाई घर परिवार र समाजले विभेद गर्ने, दाइजोको निहुँमा घरबाट निकाला गर्ने, मानसिक र शारीरिक यातना दिने गरेको पाइएको छ । चितवनमा अपहरणपछि सुजिता भण्डारीको हत्या भएको छ । घरेलु हिंसा, दुरर्व्यवहार, यौनजन्य हिंसाका घटनाहरू दिनानुदिन वृद्धि भइरहेको देखिन्छ । महिलालाई सम्पत्तिमाथिको पहुँचमा कमी, चेपाङ जिरेल, दलित, माझी, दनुवार समुदायमा बालविवाह रहनु समस्या देखिएका छन् । महिलाले घरमा गरेको काम र श्रम शक्तिको आर्थिक रूपमा नहेरिँदा परनिर्भरतामा वृद्धि भएको पाइन्छ । कानुनतः समान कामको समान ज्याला भनिएता पनि व्यवहारमा अझै समानता कायम हुन सकेको छैन । आमाको नामबाट नागरिकता पाउँने संवैधानिक प्रावधान कार्यान्वयनमा आउन नसकेको अवस्था छ । गृह मन्त्रालयबाट जारी परिपत्रमा समेत एकरूपता पाइँदैन ।

बाल अधिकारको अवस्था

नेपालले बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को आधारमा बालबालिकासम्बन्धी ऐन, २०७५ तर्जुमा भएको छ । कानुनत बालबालिकाको बाँच्न पाउने, बाल संरक्षणको, बाल विकास एवं बाल सहभागिता हुन पाउने अधिकारलाई संरक्षण गर्न सरकारी तहमा विभिन्न सकारात्मक प्रयास भएका छन् ।

नि:शुल्क शिक्षाको लागि राज्यबाट लगानी बढेको देखिएको छ भने सरकारी विद्यालयमा गुणस्तरीय शिक्षा, बालमैत्री पठन पाठन, दण्डरहित विद्यालय पठनपाठनतर्फ प्रगति देखिएको छ । सामुदायिक विद्यालयतर्फ भने व्यवस्थापन र प्रभावकारी अनुगमनको अभावले अभिभावकको अझै पनि आस्था र विश्वास बढ्न सकेको छैन ।

कोरोना महामारीको कारण यस आर्थिक वर्षमा अनलाइन कक्षा सञ्चालन गरिएको भनिए तापनि गरिब विपन्न वर्ग र दुरदराजका बालबालिका उक्त सुविधा उपभोग गर्नबाट वञ्चित भएको पाइएको छ । इस्टुले गरेको अनलाइन सर्वेक्षणअनुसार ९० प्रतिशत विद्यालयले शिक्षक कमचारीलाई तलब दिएका छैनन । '६० प्रतिशत शिक्षक कर्मचारीले तलब नपाएको सर्वेक्षणले देखाएको छ । कोभिड १९ को कारण विद्यालय बन्द भएदेखि बाल विकास तहदेखि कक्षा १२ सम्ममा कार्यरत संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) का अनुसार काठमाडौं उपत्यकामा ६० सहित देशभर ४०० बढी शिक्षकलाई विद्यालयले निष्कासन गरेकु छ ।

सरकारी विद्यालयमा अध्यापन गराउँदै आएका शिक्षकले १० महिनादेखि तलब भत्ता प्राप्त गर्न नसकेको अवस्था छ । धादिङ्गको प्रजा आधारभूत विद्यालयमा अध्ययनरत चेपाङ समुदायका बालबालिका घरमा खाद्यान्नको अभावमा भोकभोकै विद्यालय जाने र विद्यालयले खुवाउने खाजाको लागि विद्यालय आउने गरेको पाइएको छ । चितवनको भरतपुर महानगरपालिकाको एक सरकारी विद्यालयमा २०० भन्दा बढी विद्यार्थी रहेकोले प्रर्याप्त कोठाको अभाव र शिक्षकको अभाव, ४ जना निजी श्रोतबाट शिक्षक नियुक्ती गरिएकोमा तलब दिन कठिनाइ भएको पाइएको छ । आवश्यक स्रोतको उचित प्रवन्ध नगरी पहुँच र राजनीतिक आधारमा रकम वितरण गरिँदा यस्ता बालबालिकाहरू भुइँमा बसेर पढ्न बाध्य छन् ।
वि.स. २०७२ को विनाशकारी भूकम्पका कारण विस्थापित भई रसुवा जिल्लाको उत्तरगया गाउँपालिका-५ खाल्टेमा रहेको क्याम्पमा रहेका ५६० बालबालिकाका लागि पढ्ने विद्यालय नहुँदा समस्यामा परेको तथ्य आयोगको अनुगमनबाट प्राप्त भएको छ ।

बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्धको अधिकार

सशस्त्र द्वन्द्वको क्रममा राज्यपक्षबाट बेपत्ता पारिएका र तत्कालीन विद्रोही पक्षाकाट अपहरण गरी अवस्था अज्ञात रहेका व्यक्तिहरूको अवस्था हालसम्म पनि सार्वजनिक हुन सकेको छैन । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना भए पनि समस्याको सम्बोधन हुन सकेको छैन । गर्‍यो । कानुनी प्रबन्ध, दक्ष जनशक्ति, इच्छाशक्तिमा कमी आदि कारण यी कार्य अगाडि बढ्न सकेका छैनन् । आयोगबाट द्वन्द्व पीडितका परिवारलाई राज्यको तर्फबाट प्रदान गरिदै आएको राहत रकम पाएनपाएको सम्बन्धमा वाग्मती प्रदेशअर्न्तगतका १३ वटै जिल्लाको जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरिएको छ । जिल्लाहरूबाट प्राप्त तथ्याङ्कको आधारमा हेर्दा मृतक परिवार, बेपत्ता परिवारका अधिकांश आफन्तले राहत रकम प्राप्त गरेको देखिन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

नेपालको संविधान (२०७२) मा अपाङ्गता भएका ब्यक्तिहरूको अधिकारलाई मौलिक हक एवम् विभिन्न कानुनमा व्यनि यवस्था गरेको पाइन्छ । नेपालले अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षणसम्बन्धी

महासन्धि अनुमोदन गरे पनि सरकारी, सार्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचको लागि पूरा गर्नुपर्ने पूर्वाधारको विकास हुन सकेको छैन । राज्यबाट गरिएको अपाङ्ग भत्ताको व्यवस्था सबैको पहुँचमा पुग्न सकेको छैन । बन्दाबन्दीको अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूले खाधान्न सामग्री, नियमित औषधी, स्वास्थ्य तथा सहयोग सामग्रीहरूको अभाव भएको पाइएको थियो । सूचना तथा सञ्चार, क्वारेन्टिन स्थलहरू पहुँच पुग्न सकेको थिएन । नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिका लागि बनाएको निर्देशिका पूर्णत कार्यान्वयनमा ल्याउन नसक्दा दैनिक कामकाजमा समेत समस्या भोग्नु परेको पाइएको छ (https://nfdn.org.np/virtual-meeting-on-the-issue-of-human-rights-of-persons-with-disabilities-during-covid-19-pandemic)। राजनीतिक नेतृत्वमा अपांगता भएका व्यक्तिको सहभागिता एकदमै न्यून छ । निर्वाचन आयोगकाअनुसार स्थानीय तहमा ०.०१ प्रतिशत, प्रदेशसभामा ०.५४ प्रतिशत र संघीय संसद्मा १.७९ मात्र अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व छ। नीति बनाउने थलो, राजनीतिक तथा प्रशासनिक नेतृत्वमा उपस्थिति न्यून हुँदा अपाङ्गताको सवालमा सुनुवाइ नहुने र भएका नीति तथा कानुन कार्यान्वयन नआउने स्थिति छ ।

गण्डकी प्रदेशको मानव अधिकार अवस्था

जनसङ्ख्या	२३८०७४९
जिल्ला	११
महानगरपालिक	१
उपमहानगरपालिका	०
नगरपालिका	२६
गाउपालिका	५८
प्राप्त उजुरी	६
अनुगमन	१२
अनुसन्धान	२०
सिफारिस	१२
संवर्धन	१४
जनशक्ति	१३
आयोगको कार्यालय	१

गण्डकी प्रदेशको मानव अधिकार अवस्था

नेपालको संविधानतः मानव अधिकारको सम्मान्, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता गर्ने प्रमुख दायित्व आयोगमा रहेको छ । यस गण्डकी प्रदेशका विभिन्न जिल्लामा गरिएको अनुमनबाट प्राप्त तथ्यका आधारमा यस प्रदेशमा महिला तथा बालबालिका माथि हुने हिंसाका घटना सबैभन्दा बढी रहेको पाइन्छ । बालविवाह, जबरजस्ती करणी, बोक्सीको आरोपमा महिलामाथि हुने दुर्व्यवहार, घरेलु हिंसा, शोषण, दुरव्यवहारका घट्ना पनि छन् । यसको साथै आत्महत्या, बालबालिकामाथि यौन दुर्व्यवहार, विद्यालयमा बालबालिकामाथि हुने कुटपिट, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकारको उपभोगमा पनि समस्या देखिएका छन् । अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकको अधिकार, वैदेशिक रोजगारी, साइबर अपराधका मुद्दा पनि क्राइम आदि जल्दाबल्दा मुद्दाको रूपमा उठान भइरहेका छन् । शिक्षा, स्वास्थ्य, वातावरण, विकास आदि क्षेत्रमा पनि समस्या र चुनौती रहेका छन् । यसै सन्दर्भमा सम्पादित कामकारबाहीको आधारमा यस आवमा गण्डकी प्रदेश मानव अधिकारको अवस्थालाई सङ्क्षेपमा यसरी चित्रण गर्न सकिन्छः

राजनीतिक अधिकार

मुलुकमा सङ्घीयतामा प्रवेश गरेपछि तीनै तहमा सरकारहरू क्रियाशील रहेका छन् । विकास निर्माणको साथसाथै सानातिना झैझगडा, विवाद समाधानका लागि स्थानीय तहमा न्यायिक समितिमार्फत विवाद समाधानको प्रयास भइरहेका छन् । नेपाल सरकारले नेपाल कम्यूनिष्ट पार्टी (विप्लव)लाई शान्तिपूर्ण राजनीतिमा प्रवेश गराएको भएपनि मुलुकमा शान्तिसुरक्षामा अझै पनि चुनौती रहेको देखिन्छ । प्रहरी प्रशासनबाट छिटोछरिटो रूपमा कार्य नभएको भन्दै न्यायको लागि आयोगमा उजुरीहरू आउने क्रम जारी छ । विभिन्न मागसहित राजनीतिक दल, भातृ सङ्गठन आदिबाट समय-समयमा हुने बन्द हड्तालका कारण नागरिकले संविधान प्रदत्त स्तन्त्रताको हक उपभोग बाधा पुगेको अवस्था छ ।

आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार

उपभोक्ताको अधिकार

आयोगले गुणस्तरीय खाद्यन्न, उपभोक्ताको अधिकारमा केन्द्रित रही अनुगमन गरेको थियो । अनुगमनबाट खाद्यबालीमा अत्याधिक विषादीको प्रयोग, उपभोग्य वस्तुहरूमा हुने गरेको मिसावट र त्यसबाट स्वास्थ्यमा गम्भीर प्रभाव पर्न पुगेको देखिन्छ । खाद्यवस्तु गुणस्तर मापदण्डअनुरूप नभएको तथा प्रभावकारी अनुगमन र नियमन हुन सकेको देखिँदैन् । आधारभूत स्वास्थ्यलाई निःशुल्क बनाइए पनि भौतिक पूर्वाधारहरूको अभाव, दरबन्दीअनुसार चिकित्सक तथा स्वास्थ्यकर्मीहरू उपलब्ध छैनन् निःशुल्क वितरण गरिने औषधी प्रयाप्त र सहज उपलब्ध नहुदाँ नागरिकले स्वास्थ्य अधिकारको निर्वाध उपभोग गर्न नपाएको आयोगको अनुगमनबाट पाइएको छ ।

महिला अधिकार

गण्डकी प्रदेशमा लैङ्गिक समता र महिला सशक्तीकरणको स्थिति मध्यमस्तरको छ । प्रदेशको शासकीय व्यवस्थापनमा महिलाको सहभागिता उत्साहजनक देखिन्छ । गण्डकी प्रदेशका ८५ स्थानीय तहमा निर्वाचित

कुल ३,९३४ सदस्य तथा पदाधिकारीमध्ये ४१ प्रतिशत महिलाहरू निर्वाचित भएका छन् । त्यसैगरी ६० सदस्यीय प्रदेश सभामा निर्वाचित र समानुपातिक गरी ३३.३३ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको छ । समान कामको समान ज्याला भनिए पनि विभेदको अवस्था विद्यमान छ । विशेषत: असहाय तथा आर्थिक रूपले कमजोर र निमुखा महिलाहरू हिंसाको सिकार हुने, अनावश्यक लान्छना खप्नुपर्ने स्थिति छ बहुविवाह, जबरजस्ती करणी र यौन हिंसा/शोषणको अवस्था निर्मुल हुन सकेको छैन । आत्महत्या वैदेशिक रोजगारीको कारण लैङ्गिक तथा घरेलु हिंसा, सम्बन्ध बिच्छेदमा वृद्धि भएको देखिन्छ । झुमा एवम् बहुपतिजस्ता प्रथा अझै पनि प्रचलन कायमै रहेको छ । भ्रुण पहिचान गरी गर्भपतन गर्ने दर वृद्धि भएको देखिन्छ । न्यायमा प्रभावकारी पहुँच हुन नसकेके अवस्था छ ।

बाल अधिकार

बालबालिकामाथि हुने हिंसा, जस्तै–बाल विवाह, बाल श्रम, यौन दुर्व्यवहार, बलात्कार, हिंसा, कुटपिट, अपहेलना (घर, विद्यालय), बेचबिखन कायममै रहेको देखिन्छ । यसको साथै अभिभावक (संरक्षाण) विहीन बालबालिकाको अवस्था दयनीय देखिन्छ पाइन्छ । भौतिक संरचनाहरू बालमैत्री, किशोरीमैत्री, अपाङ्गमैत्री नहुनु, पुस्तकहरू समयमा उपलब्ध नहुनु, भौगोलिक अवस्थाका कारणले (जस्तै: मनाङ मुस्ताङमा हिउँदको समयमा) विद्यालय बन्द गर्नुपर्ने अवस्था छ । नि:शुल्क शिक्षा भनेता पनि विभिन्न शुल्कहरू लिने प्रवृति पूर्णत अन्त्य हुन सकेको छैन । यही कारण पनि कतिपय बालबालिकाहरू शिक्षाको अधिकारबाट वञ्चित हुनका साथै बीचैमा पढाइ छाड्ने परिपाटी पनि छ ।

शिक्षा प्राप्त गर्नु प्रत्येक व्यक्तिको आधारभूत एवं मौलिक अधिकार हो । शिक्षा प्राप्त गर्नु प्रत्येक व्यक्तिको आधारभूत एवं मौलिक अधिकार हो । कोभिड १९ को महामारीका समयमा शिक्षाको अधिकार पनि पूर्णत प्रभावित हुन पुग्यो । भौतिक अनुपस्थितिमा सञ्चालित अनलाइन कक्षा एकातिर प्रभावकारी हुन सकेन भने अर्कोतिर सबैको पहुँचमा पुग्न नसकेको अवस्था छ ।

ज्येष्ठ नागरिकको अधिकार

ज्येष्ठ नागरिकहरूको अधिकारको सम्बन्धमा कानुनले सम्मानपूर्वक बाँच्न पाउने अधिकार, सुरक्षाको अधिकार, सहभागिताको अधिकार सुनिश्चित गरेको छ । सामाजिक सुरक्षा, उचित हेरविचार तथा स्याहारसुसारजस्ता अधिकारहरू पनि रहेका छन् । दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक परिचयपत्रको व्यवस्था, सामाजिक सुरक्षा भत्ता, सार्वजनिक यातायातमा छुटको व्यवस्थाजस्ता केही सकारात्मक कार्यको थालनी भएको छ । यसको कार्यान्वयन पक्ष हेर्दा सामाजिक सुरक्षा भत्ता बैकिङ प्रणालीबाट वितरण गर्दा लिनको लागि असुविधा भएको पाइएको छ । यातायातमा छुट प्राप्त गर्न, ज्येष्ठ नागरिकहरूको अनुभवलाई राज्यले ग्रहण गर्न नसकेको स्थिति छ । पारिवारिक बिखण्डन, वैदेशिक रोजगारीले एकल रूपमा रहनुपर्ने स्थिति छ । कतिपय पारिवारका सदस्यहरूबाट अपहेलित गर्ने, वृद्धा आश्रम पठाउने जस्ता समस्याहरू ज्येष्ठ नागरिकहरूले झेल्दै आएका छन् ।

विविध

प्रहरी हिरासतमा तथा अन्य स्थानहरूमा प्रहरीद्धारा दिईने कुटपिट तथा यातनामा भने कमी आए पनि हिरासत तथा कारागारभित्र थुनुवा, कैदीबन्दीको शङ्कास्पद मृत्युका घटनाले चुनौती थपेको छ । यस्ता यस सम्बन्धमा गरिएका सिफारिसहरूको कार्यान्वयन अवस्था दयनीय छ । कारागारहरूमा क्षमताभन्दा बढी कैदीबन्दीहरू रहनुपरेको छ ।

जातीय छुवाछुत तथा भेदभावका घटनाहरू पहिलेको तुलनामा कम भएको पाईन्छ । यस क्षेत्र अन्तर्गत जातीय छुवाछुत तथा भेदभावका घटनामा उजूरीहरू दर्ता भई अनुसन्धान प्रकृया अगाडी वढाईएको अवस्था छ । आयोगले जातिय विभेद तथा छुवाछुतका सवालमा विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन तथा नियमित अनुगमन गरेको छ ।

आप्रवासी कामदारको हक अधिकार संरक्षाण र संवर्धनको लागि अन्तराष्ट्रिय तथा राष्ट्रिय कानुनी व्यवस्था रहेका छ । आप्रवासनमा जाने कामदारहरूले जाने क्रममा देशभित्र तथा रोजगारमूलक देशमा विविध समस्याहरूको सामना गर्नुपरेको छ । आयोगको यस कार्यालयवाट विभिन्न जिल्लामा गरिएको अनुगमन तथा अन्तरक्रियामा वैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न समस्याहरू उठने गरेका छन् । वैदेशिक रोजगारीको लागि देशभित्र तथा बाहिर ठगिनुपर्ने अवस्था छ । पारिवारिक विखण्डन, गन्तव्य मुलुकमा जर्बजस्ती श्रममा लगाउने, यौनशोषण पर्ने जस्ता समस्या सामान्य हुन थालेका छन् । दैनिक शव भित्रिने अवस्था हेर्दा स्थिति भयाभय देखिन्छ ।

आदिवासी, जनजातिको हकहितको सम्बन्धमा आदिवासी जनजातिसम्बन्धी महासन्धि तथा घोषणापत्रले उल्लेख छ । यसमा विशेषतः पहिचानको अधिकार, आत्मनिर्णयको अधिकार, स्वशासनको अधिकार, परामर्शको अधिकार, सहभागिताको अधिकार आदि विषय रहेका छन् । विशेषतः विकाससँग सम्बन्धित कार्यमा विभिन्न समयमा विवाद हुने गरेको पाइएको छ । विकास निर्माण लगायत हाइड्रोपावर निर्माणको प्रक्रियामा आदिवासी जनजातिहरूसँग स्वतन्त्र, अग्रिम र सुसूचित सहमति लिने नगरिएको राष्ट्रिय कार्ययोजना स्वीकृत हुन नसकेको सरोकारवालाहरूको भनाइ रहेको पाइन्छ ।

लुम्बिनी प्रदेशको मानव अधिकार अवस्था



जनसङ्ख्या	४४५८२५३
जिल्ला	१२
महानगरपालिका	०
उपमहानगरपालिका	४
नगरपालिका	३२
गाउपालिका	७३
प्राप्त उजुरी	३
अनुगमन	२९ (बुटवल २१, नेपालगञ्ज ८)
अनुसन्धान	७६ (बुटवल १५, नेपालगञ्ज ६१)
सिफारिस	१८
संवर्धन	२१ (बुटवल ८, नेपालगञ्ज १३)
जनशक्ति	३० (बुटवल १५, नेपालगञ्ज १५)
आयोगको कार्यालय	२ (बुटवल, नेपालगञ्ज-शाखा कार्यालय)

संविधानतः मानव अधिकारको संरक्षण, संवर्धन र परिपूर्तिसम्बन्धी दायित्व आयोगलाई सुम्पिएको छ । आयोगबाट मानव अधिकारसम्बन्धी अवस्थाको सम्बन्धमा समय-समयमा अवस्था सार्वजनिक हुँदै आएको छ । यस आवमा यस प्रदेश कार्यालयको मानव अधिकार अवस्थामा सङ्क्षेपमा उल्लेख गर्ने

प्रयन्त गरिएको छ । प्रतिवेदन सविधान, ऐन, नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारसम्बन्धी, आयोगमा प्राप्त उजुरी, अनुगमन, अनुसन्धान र सरोकारवालाहरूबाट प्राप्त सूचनामा आधारित छ ।

१. नागरिक तथा राजनीतिक अधिकार :

नागरिक तथा राजनीतिक अधिकारअन्तर्गत पर्ने व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, न्यायमा पहुँच, पहिचानको अधिकारको उपभोग लगायतका अधिकार उपभोगमा अवरोध पुगेको भनी आयोगमा उजुरी आउने गरेका छन् । विशेषत: यसमा सम्बन्धित निकायबाट उजुरी लिन इन्कार र लिए पनि आवश्यक प्रक्रियाबमोजिम कामकारबाही नभएको पीडितको भनाइ पाइन्छ

लुम्बिनी प्रदेशबाट सङ्घीय संसद्मा २६ जनाको प्रतिनिधित्व रहेकोमा महिलाको प्रतिनिधित्व भने शून्य छ । प्रदेश सभामा प्रत्यक्षतर्फ ५२ जनामा महिलाको सहभागिता २ जना रहेको देखिन्छ । समानुपातिक तर्फ ३५ मध्ये ३० जना महिला छन् । दलित, आदिवासी जनजाति, मधेशी तथा तेस्रो लिङ्गी समूहको सहभागिता ज्यादै न्युन रहेको छ ।

२. आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत कोभिड १९ महामारीको कारण बेरोजगारी समस्या वढेको तथा बालबालिकाहरूको पढाइ र सिकाइको स्तर खस्किएको छ । सामाजिक रूपमा कोभिड महामारीले सामाजिक सम्बन्ध र सांस्कृतिक अधिकार प्रभावित भएको देखिएको छ । कोभिड महामारीबाट मृत्यु भएका परिवारजनले शवलाई सांस्कृतिक, परम्पराअनुसारको संस्कार गर्न समस्या भएको थियो । महंगी, मलखाद पाउन नसक्दा किसान तथा आम नागरिकहरू पीडामा पर्न पुगेको अवस्था छ । आव २०७७।७८ मा अर्घाखाँचीमा १९८०, गुल्मीमा २८५५, कपिलवस्तुमा ३७५९, पाल्पामा ५६५९, रूपन्देहीमा २८९६६ र पश्चिम नवलपरासीमा ३७२४ गरी जम्मा ४६९४३ जना नागरिकहरू कोभिड १९ महामारीबाट सङ्क्रमित हुनुको साथै धेरैको ज्यानसमेत गएको छ । विशेषत: बालबालिका, महिला र ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, तेस्रो लिङ्गी, किसान तथा विपन्न सीमान्तकृत समुदायहरू बढी प्रभावित हुन पुगेको अवस्था छ ।

कोभिडको प्रभाव कम हुदै जाँदा ग्रामिण क्षेत्रमा महामारी प्रतिको सजगता न्यून प्राय रहेको र कोभिड १९ को प्रकोप फैलिएमा त्यसको तयारीको अवस्था भने दयनीय नै छ । सबै स्थानीय तहमा १० देखि २५ शैयाको अस्पताल बनाउने नेपाल सरकारको महत्त्वपुर्ण योजना कतै सुस्तगतिमा सुरु भएका छन भने कतै काम नै आरम्भ नभएको अवस्था छ ।

कोभिडबाट नागरिकको सुरक्षाका लागि आव २०७७।७८ अन्त्यसम्ममा गुल्मीमा २१.०१, अर्घाखाँचीमा २५.२५, पाल्पामा २८.८५, नवलपरासी पश्चिममा २३, रूपन्देहीमा २३.९२ र कपिलवस्तुमा २६.७१ प्रतिशत नागरिकहरूले खोप प्राप्त गरेको तथ्याङ्क छ । खोपको उपलब्धता न्यून हुँदा खोप केन्द्रहरूमा भीडभाड बढने र थप सङ्क्रमण हुने, समयमै सबै उमेर समूहका व्यक्तिहरूलाई खोपको सुनिश्चितता हुन नसक्दा समस्या थप बिकराल बन्ने सम्भावना छ । कोभिडको दौरान गरिएको बिमा रकम कम्पनीले उपलब्ध नगराएको, स्वास्थ्यकर्मीहरूले जोखिम भत्ता पाउन नसकेको अवस्था छ । (सम्मरीमाई, कोटहिमाई र मर्चवारीमाई गाउपालिका)

नेपालको राष्ट्रिय आँकडा हेर्दा देशमा ३३१२९ जना चिकित्सक रहेको देखिन्छ । यसको अर्थ हो–९१५ जना व्यक्ति बराबर एकजना चिकित्सक पर्न आउछ । आयोगको अनुगमनबाट गुल्मी जिल्लामास्थित २२-२३ हजार जनसङ्ख्या भएका स्थानीय तहहरूमा पनि एकजनामात्र चिकित्सक रहेको पाइयो ।

आव ०७७।७८ मा बाढीपहिरोले गर्दा प्रदेश कार्यालयका जिल्लाहरूमा ४० जनाको मृत्यु र १ जनाको अवस्था अज्ञात छ । जम्मा ६१७ परिवार प्रभावित हुनुको साथै १२ करोड ८४ लाख अठार हजार ५९४ बराबरको धन सम्पत्ति क्षति भएको नेपाल बिपद व्यवस्थापन पोर्टलमा उल्लेख छ ।

जातीय भेदभावविरुद्धको अधिकार

संविधानत: जातीय छुवाछुतलाई अपराध मानिए पनि दलित समुदायले अहिले पनि छुवाछुतको सिकार बन्नुपरेको अवस्था रहेको छ । यस मुद्दामा उजुरी दर्ता नभए पनि दलित भनी मन्दिर प्रवेशमा अवरोध कायम छ । विशेषत: दलितलाई गैरदलितको घरमा हुने पुजाआजामा बोलाइँदैन । बोलाइहाले पनि व्यवहार फरक हुने, ब्रहमणलाई उनीहरूले गर्ने विवाह, पुजापाठमा जान रोक लगाइने गरिएको छ ।

उपेक्षाकै कारण उनीहरू गैरदलित गाउँबस्ती पर पहाडमा खोलाको किनार, भिरालो ठाउँ, ओडारमा र तराईमा बस्तीभन्दा पर सडक र अन्य सेवा सञ्जालबाट टाढा बस्ती बसाली बसी आएको देखिन्छ । यसरी जोखिमयुक्त र सुविधाविहीन स्थानमा बसाइको कारण पनि उनीहरूको आर्थिक, शैक्षिक स्थिति सुध्रिन सकेको छैन । अनिवार्य कोटाबाहेक राजनीतिमा उनीहरूको उपस्थिति खासै देखिएको छैन ।

३. महिला अधिकार

यस प्रदेशमा महिला अधिकारको अवस्था सन्तोषजनक छैन । लुम्बिनी प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कनुसार यस कार्यालयको कार्यक्षेत्रभित्र रहेका ६ ओटा जिल्लाहरूमा आर्थिक वर्ष २०७७।७८ मा मानव बेचबिखन ९, जबरजस्ती करणी १९२, जबरजस्ती करणी उद्योग ७५, वैवाहिक बलात्कार ५ र बहुविवाह ४९ उजुरीहरू परेका छन् । सबैभन्दा बढी उजुरी रूपन्देहीमा परेका छन् चेतनास्तरमा वृद्धि हिंसालाई प्रश्रय नदिने कारण पनि आव ०७६।७७ को तुलनामा आव ७७।७८ मा उजुरीहरूको सङ्ख्या बढेको देखिन्छ ।

लुम्बिनी प्रदेशमा ३१ प्रतिशत १५ देखि ४९ वर्षका महिलाहरू निरक्षर रहेको देखिन्छ । जम्मा १९६६ महिलाहरू वार्ड सदस्यमा निर्वाचित भएको तथ्य देखिन्छ, जसमा ९८३ जना दलित रहेका छन् । एक जना महिला नगर प्रमुखको रूपमा निर्वाचित भएको पाइन्छ ।

बाँके जिल्लाको जिल्ला प्रहरी कार्यालयका अनुसार घरेलु हिंसा सम्बन्धमा करिब १००० ठाडो उजुरीहरू आएको जानकारीहरू प्राप्त भएको छ । विशेषत: कोरानाको समयमा महिला तथा बालबालिकाहरू मादक पदार्थ सेवन गर्ने परिवारका सदस्यहरूबाट अधिक घरेलु तथा यौन हिंसाबाट पीडित भएको पाइएको छ । कतिपय घट्नहरू बाहिर नआउने, आए पनि ढिलो आउने र गुपचुप मिलापत्रमा टुङ्गिने गर्दछन् । बाँके, बर्दिया, दाङ लगायतका जिल्लाहरूमा कोरोना अवधिमा गर्भवती र सुत्केरी महिलाहरूले नियमित स्वास्थ्य उपचारबाट वञ्चित हुन पुगेको अवस्था छ । को अधिकारबाट बञ्चि भएको कतिपय सुत्केरी महिलाहरू अस्पतालमा भर्ना भएर बस्ने व्यवस्था नहुँदा मृत्युवरण गर्न बाध्य भएका घट्नाहरू जानकारीमा आएका थिए ।

बाँके, बर्दिया, दाङ लगायतका जिल्लाहरूमा कोरोना अवधिमा गर्भवती र सुत्केरी महिलाहरूले नियमित स्वास्थ्या उपचारको अधिकारबाट वञ्चित हुन पुगेका छन् । कपितय सुत्केरी महिलाहरू अस्पतालमा भर्ना हुन नपाउँदा मृत्युवरण गर्नुपरेको अवस्था छ ।

४. बालवालिकाको अधिकार

कोभिड १९ लगायतका कारण बालबालिकाहरू शिक्षा/स्वास्थ्यको अधिकारबाट वञ्चित हुन पुगेको अवस्था छ । यस विषम् परिस्थितिमा ५ वर्षभन्दा कम उमेरमा लगाउनुपर्ने विभिन्न प्रकारका खोपबाट वञ्चित हुन पुगेका छन् । यस आर्थिक वर्षमा आयोगको प्रदेश कार्यालयको कार्यक्षेत्रभित्रका ६ जिल्लाहरूमा बालविवाह ५ र बाल यौन दुररूपयोगका १८ ओटा घटनाहरू घटेका छन् ।

प्रदेशमा जम्मा ४५८५ सामुदायिक विद्यालयहरूमध्ये ४१४ ओटा मदरसा, २ ओटा गुम्बा र १६ ओटा आश्रम छन् । संस्थागत विद्यालय ११२२, विश्वविद्यालय २ त्रिविका आङ्गिक क्याम्पस १३, सामुदायिक क्याम्पस ९२, निजी क्याम्पस ६४ र मेडिकल कलेज ४ रहेका छन् । सबैको लागि गुणस्तरीय शिक्षाको सहज पहुँच सुनिश्चित गर्न र शैक्षिक उपलब्धीलाई अपेक्षित रूपमा सुधार गर्न सकिएको छैन् । सीमान्तकृत, लोपोन्मुख पिछडिएका र विपन्न समुदायका बालबालिका शिक्षाको अवसरबाट वञ्चित रहेका छन् । विद्यालयमा भर्ना भएकालाई कक्षामा टिकाउन र विद्यालयबाहिर भएका विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा ल्याउन निकै समस्या रहेको छ । सीमान्तकृत समुदायका विशेषत: विपन्न, दलित, मधसी, मुस्लिम, द्वन्द्वपीडित समुदायका बालबालिका उच्च शिक्षाको सहज पहुँच छैन । प्युठान ,रोल्पा, पूर्वी रुकुम लगायतका जिल्लाहरूमा ठुलो सङ्ख्यामा बालबालिकाहरू भौगोलिक ,आर्थिक तथा सामाजिक कारण विद्यालय छोड्न बाध्य छन् । माध्यमिक तहसम्म आईपुग्दा ३० प्रतिशतले विद्याालय छोडने गरेको पाइएको छ । कोरोना अवधिमा अनलाइन शिक्षाको कारण धेरै बालबालिकाहरूले अधिक मोबाइलको प्रयोग गर्दा विभिन्न समस्याहरू सिर्जन भएको अवस्था छ ।

स्थानीय गाउँपालिकाहरूमा लैङ्गिक विभेद तथा सामाजिक कुरीतिलाई न्यूनीकरण गर्न सुत्केरी हुँदाको बखत पोषण कार्यक्रम, छोरी जन्मेमा छोरीको नाममा प्रोत्साहनस्वरूप रु २० देखि ५० हजारसम्म रकम जम्मा गर्ने, बालविवाह रोक्न तथा बालिका शिक्षाको अवस्था उकास्न पालिकाहरूले छोरी बचाउ योजना आदि कार्यक्रमहरू ल्याएको देखिन्छ ।

यस आवमा आयोगको प्रदेश शाखा कार्यालय नेपालगञ्जमा २९ ओटा महिला र बाल अधिकार हनन भएको भनी उजुरी परेका छन् । यससमध्ये २ ओटा महिला र ३ ओटा बालबालिकासम्बन्धी मुद्दा अदालतमा विचाराधीन अवस्थामा छन् । बाँके जिल्लाका नेपालगञ्ज उपमहानगरपालिका र अन्य गाउँपालिकाहरू धेरै जसो वडाहरूमा बालबिबाह मुक्त घोषणा गरिएको छ ।

बाँके, बर्दिया, दाङ, लगायतका जिल्लाहरूमा निम्न वर्गिय परिवारहरूमा बालिकाहरू अभिभावक र छिमेकीहरूबाट बलात्कारको शिकार हुने गर्दछन् । परेको अवस्था छ । यस्ता कतिपय घट्ना ग्रामीण समुदायमा नै आर्थिक लेनदेनमा मिलाइने गरिन्छ । घट्नाबारे प्रहरीसमक्ष गराउँदा पनि न्याय नपाउने र आरोपित व्यक्तिहरू प्रकाउ नै नगर्ने जनगुनासो रहेको छ ।

अपाङ्गता भएका ब्यात्तिहरूको अधिकार

यस प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था सन्तोषजनक छैन । नेपाली समाजमा रहेको जनचेतनाको कमी लगायतका कारणले अपाङ्गतालाई सामाजिक अन्धविश्वास र विभिन्न प्रकारका आक्षेपहरू लगाउनुका साथै उनीहरूमाथि मानवोचित ब्यवहारसमेत नगरेको अवस्था छ । अपाङ्गता भएका मानिसहरूले राज्यबाट घोषित गरिएको यातायात, स्वास्थ्य सेवामा छुट, नपाउने, परिचयपत्र देखाउदा सम्बन्धित निकायबाट दुर्वचन सहनुपर्ने स्थिति छ । भौतिक संरचनाहरू अपाङ्गमैत्री छैनन । बुटवल भैरहवाअन्तर्गतको नयाँ निमार्ण गरिएको चार लेनको सडक र गौतमबुद्ध विमानस्थलमा रहेका शौचालयले पनि यसको झल्को दिन्छ ।

विविध

आप्रवासी कामदारहरूको अधिकार

स्वदेशमा रोजगारी नपाएर अथवा राम्रो काम र उच्च आम्दानीको अभिलाषामा नेपालबाट बैदेशिक रोजगारीमा जानेहरूको सङ्ख्या उच्च रहेको छ । वैदेशिक रोजगारीमा जाने क्रममा ठगीसम्बन्धी समाचार प्रकाशमा आए पनि उजुरीहरू कम पर्ने गरेको प्रहरीको तथ्याङ्कले देखाउछ । कोभिड १९ को संक्रमणको सुरुवातदेखि नै भारतमा कार्यरत नेपालीहरूले स्वदेश फर्कदाँ विभिन्न कठिनाइहरू भोग्नुपरेको अवस्था छ । यातायातका साधनहरू उपलब्ध नहुँदा पैदल सास्ती पाएको, सीमानाकामा अलपत्र परेका घटनाहरू सार्वजनिक भएका थिए । यस क्षेत्रमा जीवन गुजाराको लागि महिलाहरू वैदेशिक रोजगारमा जाने गरेका छन् ।

यस कार्यालयमा दर्ता यातना र बेपत्तासम्बन्धी उजुरीको निदान हुन सकेको छैन । विशेषत: यस प्रकारका बढी उजुरी द्वन्द्वकालीन मुद्दासँग जोडिएका छन् । आव २०७७।७८ मा यातनासम्बन्धी ३ ओटा उजुरीहरू दर्ता भएका छन भने विगतका ४३ ओटा उजुरीहरू अनुसन्धानको क्रममा रहेका छन । यसबाट यातना अझै पनि निर्मूल हुन नसकेको देखिन्छ । सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षहरूबाट बेपत्ता पारिएका ब्यात्तिहरूको अवस्था सार्वजनिक हुन सकेको छैन । यस कार्यालयमा भएका ४५ ओटा उजुरीहरूको कारबाही

कर्णाली प्रदेशको मानव अधिकार अवस्था

जनसङ्ख्या	१५५८१६
जिल्ला	१०
महानगरपालिका	०
उपमहानगरपालिका	०
नगरपालिका	२५
गाउपालिका	५४
प्राप्त उजुरी	४
अनुगमन	२८
अनुसन्धान	४०
सिफारिस	०
संवर्धन	१६
जनशक्ति	८
आयोगको कार्यालय	१

विविध संभावना भए पनि कर्नालीलाई पिछडिएको प्रदेशको रूपमा लिइन्छ । जीवनको अधिकार,

अशिक्षा, गरिबी, अविकास, स्वास्थ्य, छाउपडी आदि त्यहाँका विशेष मुद्दा हुन् । मानव अधिकारको दृष्टिबाट यो आव कर्नालीको लागि अपेक्षित सुखद् रहन नसकेको अवस्था छ । यस आवको मानव अधिकार अवस्थालाई सङ्क्षेपमा यसरी चित्रण गर्न सकिन्छ:

नागरिक तथा राजनीतिक अधिकार

बाँच्न पाउने अधिकार

सम्मानपुर्वक बाँच्न पाउनुलाई मानिसको नैसर्गिक अधिकार मानिन्छ । कर्नाली प्रदेश प्रहरी कार्यालय, सुर्खेतका अनुसार यस आर्थिक वर्ष मा सुर्खेतमा १२० जना, सल्यानमा ६८, दैलेखमा ५४, रुकुम पश्चिममा ३१, जाजरकोटमा २६ जना, कालिकोटमा १६ जना, जुम्लामा, १४ जना, मुगुमा ५ जना र हुम्लामा ३ जना गरी जम्मा ३३७ जनाले आत्महत्या गरेका छन् । सडक दुर्घटनाबाट सुर्खेतमा २१, मुगुमा १६ जना, जाजरकोटमा १२, दैलेखमा ११, सल्यानमा ११, हुम्लामा ५, कालिकोटमा ५, जुम्लामा ४, डोल्पामा २ गरी ८० जनाले ज्यान गुमाएका छन् भने १७२ जना घाइते भएका छन् । प्राकृतिक विपत्तिवाट ८३ जनाको निधन, ११ जना नागरिक बेपत्ता र १०६ जना घाइते भएका छन् । आत्महत्या, सडक दुर्घटना र प्राकृतिक विपत्तिबाट गरी कुल ५०० जनाको ज्यान गएको अवस्था छ । यसमा प्रदेशको सामाजिक वातावरणमा देखिएको असन्तुलन, प्रदेशका राजमार्ग र सडकहरूको दयनीय स्तर, साँघुरो बाटो, क्षमताभन्दा बढी यात्रु सवार गर्ने र गराउने प्रवृति जिम्मेवार देखिन्छ । दुरावस्थाका सवारी साधन, अस्वस्थ्य प्रतिस्पर्धा, र कमजोर ट्राफिक व्यवस्थापन पनि यसका कारक तत्व हुन् ।

स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेतका अनुसार कर्णाली प्रदेशमा आ.व. २०७७/७८ मा ३४९ जनाको निधन भएको पाइएको छ । यसरी ज्यान गुमाउनेमा सुर्खेत २०१ जना, सल्यान ५२ जना, रुकुमपश्चिम ३२, दैलेख २४ जना, जुम्ला ११ जना, जाजरकोट ७ जना, डोल्पा र कालिकोट ५/५ जना, हुम्ला र मुगु ४/४ जना रहेका छन् ।

सभासम्मेलन गर्न र दलविशेषमा सहभागी हुन र आवतजावत पाउँने अधिकार

आयोगमा प्राप्त जानकारीअनुसार रुकुम (पश्चिम) आठवीसकोट नगरपालिकामा राजनीतिक आस्था र विचारकै आधारमा विस्थापित हुनुपरेको छ । पहिले नेकपा (माओवादी केन्द्र) मा आबद्ध ऐ निवासी हरियाली भन्ने अमृत बोहोरा नेपाली काँग्रेसमा प्रवेश गरेपछि विस्थापित हुनुपरेको हो । पुन:स्थापनाको लागि पटक-पटक पहल गर्दा पनि परिणाम सकारात्मक आउन पीडकको भनाइ रहेको छ । वि.स. २०७७ माघ ६ गते तत्कालीन नेकपा (प्रचण्ड–माधव समूह) निकट आठवीस नपा. २ का अध्यक्ष मानबहादुर चदारासहितको समूहले ऐ. वडा नं.९ निवासी नेपाली काङग्रेस निकट तारक शाहीलाई रातको समयमा कुटपिट गरेका थिए । घटनापछिको झडप रोक्न प्रहरीले हवाइ फायर र निषेधाज्ञा जारी गर्नुपरेको समाचार प्रकाशित भएको थियो । हुम्लामा २०७७ साउन २२ गते नेपाली काङ्ग्रेस र तत्कालीन नेकपा कार्यकर्ताबीच झडप भएको थियो । तत्कालीन प्रतिबन्धित नेकपा (विप्लव समूह) का विद्यार्थी सङ्गठनका रुकुम पश्चिम जिल्ला अध्यक्ष प्रेमप्रशान्त बोहोरासहित ५ जना पक्राउ परेको समाचार सार्वजनिक भएको थियो ।

नेकपा (विप्लव समूह) ले २०७७ माघ १० गते र नेकपा (प्रचण्ड–माधव समूह) ले २०७७ माघ २२

गते नेपाल वन्दको आह्वान गरेको थियो । यसबाट जनमासमा एक किसिमको त्रास सिर्जना भएको थियो । २०७७ माघ १० मा नेकपा विप्लव समूहले आह्वान गरेको बन्दको पूर्वसन्ध्यामा रुकुम पश्चिम र कालिकोटमा विष्फोटकजन्य बस्तु भेटी सुरक्षाकर्मीले व्यवस्थापन गरेका थिए । हुम्लाको सिमिकोट गाउँपालिका वडा नं २ स्थित ठेगाँउको दुई घरको बीचमा लुकाइ राखिएको सुतली बम नेपाली सेनाको टोलीले निष्क्रिय पारेको समाचार पनि सार्वजनिक भएको थियो ।

कैदीबन्दीको अधिकार

कर्नाली प्रदेशको सवै जिल्लामा कारागार तथा हिरासत रहेको छ । कारागार व्यवस्थापन विभागको वेभसाइट (dopm.gov.np) मा रहेको सूचना २०७८ असारको अनुसार १० जिल्लामा रहेका कारागारहरूको कुल क्षमता २६५ रहेको छ । कारागार व्यवस्थापन विभागको तथ्याङ्कमा जुम्ला कारागारको क्षमता १० उल्लेख भए पनि अनुगमनबाट २५० क्षमता रहेको पाइएको छ । यस तथ्याङ्कका आधारमा कर्नाली प्रदेशमा रहेका समग्र कारागारको कुल क्षमता ५०५ रहेको देखिन्छ । कारागार व्यवस्थापन विभागको वेभसाइटमा राखिएको सूचनाअनुसार कर्णाली प्रदेशको १० ओटै जिल्लामा कारागार रहेको देखिएता पनि आयोगको अनुगमनबाट ८ जिल्लामा मात्र कारागार रहेको पाइएको छ । हुम्ला र मुगु जिल्लामा कारागार भवन निर्माणाधीन अवस्थामा छन् ।

अधिकाशं कारागारको भौतिक अवस्था जीर्ण रहेको छ । कैदीबन्दीको जेल बसाइ चिसोको कारणले असहज छ । महिला कैदीवन्दीको अवस्था झन नाजुक रहेको छ । चिसो मौसममा घाम नलाग्ने कारणले जिउँमा मट्टितेल घसेर ज्यान बचाउनुपर्ने बाध्यता महिला कैदीवन्दीले अनुगमन टोलीसमक्ष बताएका थिए । कालिकोट कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी रहेको पाइयो । आश्रित बालबालिकालाई शैक्षिक सामाग्री अभाव देखिएको छ । दैलेख कारागारमा खानेपानीको चरम् समस्याको साथै स्वास्थ्यकर्मीको पदपुर्ति नभएको अवस्था छ । जाजरकोट कारागार क्षमता २० रहेकोमा ५१ रहेको कैदीबन्दी रहेका छन् । पुस्तकालयको उचित व्यवस्थापन नहुनुको साथै नयाँ पुस्तकहरूको व्यवस्था नभएको पाइयो ।

रुकुम पश्चिम कारागारमा ३५ जनाको क्षमता रहकोमा ५ गुना बढी १५ महिला, १२५ पुरुष र २ आश्रित गरी १४२ कैदीबन्दी रहेको पाइयो । बर्षा मौसममा पानी चुहिने, खानेपानीको अभाव, अस्पतालमा स्वाथ्य परीक्षणमा जाँदा कैदीवन्दी आफैँले पैसा तिर्नुपरेको अवस्था छ । सल्यान कारागारमा ७ आश्रित र २७ महिलासहित १५२ जना कैदीवन्दी रहेका थिए । कैदीवन्दीले अत्यन्त जीर्ण संरचनाका कारण छड्के पानी आउदा भित्र सुत्ने ठाउमा रुजेर बस्नुपर्ने बाध्यता रहेको बताएका थिए । महिलाहरूको कोठामा घाम नलाग्ने चिसोबाट बच्न मट्टितेल घसेर बसिरहेको पाइयो ।

वि.स. २०७७ माघ १५ मा प्राप्त समाचारअनुसार (http://inseconline.org/np/news/page/2/ Retrived on 2077/10/15) डोल्पा जिल्लामा रहेको जिल्ला कारागारका कैदीबन्दीहरू भेरी नदीको पानी खान बाध्य छन् । जुम्ला कारागारमा खोलाको पानीबाट खाना पकाउने गरिएको जानकारी आयोगसमक्ष कैदीवन्दीहरूले जानकारी गराएका थिए । जुम्लाको तिला गापा वडा नं. १ घर भई जुम्ला कारागारमा जबर्जस्ती करणी मुद्दामा कैद भुक्तान गर्दै आएका नरेश सार्की कोभिड १९ बाट सङ्क्रमित भएका थिए । उपचारको क्रममा २०७८ जेठ २४ गते अस्पतालमा उनको निधन भएको थियो । जिल्ला कारागार शाखा

कार्यालय सल्यानमा जर्बजस्ती करणी मुद्दामा कैद भुक्तान गर्दै आएका सल्यान जिल्ला कपुरकोट गापा वडा नं. ५ का वर्ष ८४ का जीवराज बोहराको पनि मृत्यु भएको थियो ।

आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार

यस प्रदेशको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था सबल छैन । प्राकृतिक सम्पदाले पूर्ण भए पनि विकासको दृष्टिकोणले पिछडिएको छ । जनसङ्ख्याको हिस्साको ५१.२ प्रतिशत गरिबी रहेको छ । बिजुली व्यवस्था दयनिय छ भने खाद्य सुरक्षाको अवस्था सन्तोषजनक छैन । आयातित खाद्य सामग्रीको भर पर्नुपर्ने अवस्था रहेको छ ।

कामहरू भइरहे पनि हालसम्म हुम्ला र डोल्पा जिल्ला सडक सञ्जालमा जोडिन सकिएको छैन । भएका सडकहरूको अवस्था दयनीय छ । फलतः खाद्य व्यवस्थापन त्यति सहज हुनसकेको छैन । महंगो ढुवानीले गर्दा उपभोक्ता तोकिएको मूल्यभन्दा बढी तिर्न बाध्य छन् । माथिल्लो कर्णालीको नामले चिनिने जिल्लाहरूको सदरमुकाममा जसोतसो खाद्य सामग्रीको व्यवस्थापन भए पनि ग्रामीण क्षेत्रमा समस्या छ । हुम्ला र डोल्पामा अझै पनि खच्चडबाट सामग्री ढुवानी गर्नुपर्ने बाध्यता छ । स्थानीय उत्पादनको अवस्था कमजोर रहेको छ ।, आर्थिक वृद्धिदर न्यून रहेको छ । अशिक्षाको कारण समाजमा अन्धविश्वास, कुप्रथा र कुसंस्कृति अझै विद्यमान रहेका छन ।

खाद्य व्यवस्था तथा ब्यापार कम्पनि लिमिटेडमार्फत खाद्य सामग्रीहरू आपूर्ति हुँदै आए डिपोहरूमा समयमै भण्डारण हुन नसक्दा खाद्य अभावको अवस्था निरन्तर देखिएको छ । म्याद नाघेका, अखाद्य आदिलाई खाद्य सामग्री उपभोग गर्नुपर्ने बाध्यता रहेको देखिएको छ । मुगुको पुलु खाद्य डिपोमा ८ महिनादेखि खाद्यन्न आपुर्ति नभएको समाचार आएको थियो ।

स्वास्थ्यको अधिकार

यस प्रदेशमा २४ प्रतिशत परिवारमात्र ३० मिनेटभित्र स्वास्थ्य संस्थामा पुग्न सक्छन । करिब १५,००० जनसङ्ख्याको लागि १ जना चिकित्सक पर्दछन् । जम्मा ७७ प्रतिशतको लागि मात्र सुरक्षित पिउने पानीको पहुँच रहेको छ । आधारभुत स्वास्थय सेवा र मानव अधिकारको विषयमा आयोगले अनुगमन गर्दा दुर्गम क्षेत्रका नागरिक आधारभूत स्वास्थ्य सेवाको पहुँच बाहिर रहेको पाइएको थियो । कालिकोट जिल्ला अस्पतालमा शौचालय, पानी तथा फोहोर व्यवस्थापन प्रभावकारी देखिएन । फोहोरका कारण शौचालय प्रयोग गर्न सक्ने अवस्था छैन । दैलेख जिल्ला अस्पतालमा पोष्टमार्टम तथा शव बाहनको अभावमा सवारी साधनले महंगो भाडा तिर्नुपर्ने बाध्यता छ ।

सल्यान जिल्ला अस्पतालमा जोखिमयुक्त फोहोर व्यवस्थापन हुन नसकेको र शौचालय पूर्णतः फोहोर अवस्थामा छ । निजी क्षेत्रबाट सञ्चालित बारदा मेट्रो अस्पताल, ल्यान कर्णाली अस्पताल प्रालि, दैलेखको रारा पोलिक्लिनिक, मेडिकल र फार्मेसी विनाअनुमति सिञ्चालन भएको पाइएको छ । (https://ekantipur.com/pradesh6/2021/02/12/161310398403858120.html) । मुगुको कार्माराङ गाँउपालिका वडा नं २ मुगु स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी कार्यालय बाहिर जाँदा चौकी पूर्णतः खाली हुने गरेको छ ।

रुकुम पश्चिम्बाहेक कर्णाली प्रदेशको सबै जिल्ला अस्पतालमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र

सञ्चालनमा रहेको पाइएको छ । प्रदेश अस्पताल सुर्खेतमा ३२३ जना, दैलेख जिल्ला अस्पतालमा १६७ जना, जाजरकोट जिल्ला अस्पतलामा ६४, सल्यान जिल्ला अस्पतालमा ३६, कालिकोट अस्पतालमा २३, मुगु जिल्ला अस्पतालमा १३, डोल्पा जिल्ला अस्पतालमा ५ र हुम्ला जिल्ला अस्पतालमा ४ गरी ६३५ जनाले एकद्वार संङ्कट व्यवस्थापन केन्द्रमा उपचार गराएका छन् । संङ्कट व्यवस्थापन केन्द्रमा उपचार हुनेमा यौन हिंसा र घरेलु हिंसा परेका व्यक्तिहरू रहेको पाइएको छ (स्वास्थ्य सेवा निर्देशानलयबाट प्राप्त जानकारी) । दैलेख जिल्ला अस्पतालमा पोष्टमार्टमका लागि थप ३ हजार शुल्क तिनुपर्ने, शवबाहनको अभावमा अधिकांश जिल्लाका सार्वजनिक निजी भाडाका सवारी साधनले चर्को मूल्य असुल्ने गरेको पाइएको छ ।

समग्रमा हेर्दा कर्णाली प्रदेशले स्वास्थ्यकर्मीको पूर्ण अभाव छ । स्थायी पदपुर्तिको अभावमा करार सेवाका स्वास्थ्यकर्मीबाट काम चलाउनु परेको छ । स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेतअनुसार प्रदेशको स्वास्थ्य क्षेत्रमा ८८७ जनाको स्थायी दरबन्दीमा जम्मा ३०७ जना अर्थात १७ प्रतिशतमात्र पुर्ति भएको छ । जम्मा १६८ स्थायी चिकित्सकको दरवन्दी रहेकोमा २८ जनामात्रै स्थायी सेवामा कार्यरत रहेका छन् । जम्मा १३ जना चिकित्सक दरबन्दी रहेको दैलेख र ९ जना दरबन्दी भएको हुम्लामा कुनै पनि स्थायी चिकित्सक कार्यरत रहेको पाइएन । करार सेवाका चिकित्सकहरूको भरमा जिल्ला अस्पताल सञ्चालनमा भइरहेका छन् । जम्मा ७८ जना पारामेडिक्सको दरवन्दी रहेको ठाउमा ५१ जना, २३४ नर्सिङको दरवन्दीको स्थानमा ७८ जना, ४९ ओटा प्रयोगशाला रहने स्थानमा ८ ओटा मात्र प्रयोगशाला रहेको अवस्था छ । यसबाट कर्णालीको स्वास्थ्य क्षेत्रमा मानव संशाधनको व्यवस्थापकीय पक्ष दयनीय अवस्थामा रहेको देखिएको छ ।

स्वास्थ्य मापदण्डअनुसार गर्भ जाँच, स्वास्थ्य संस्था र दक्ष स्वास्थ्यकर्मीवाट प्रसुति गराउने क्रम अघिल्ला वर्षभन्दा यस आवमा केही सुधार देखिएको छ । नवजात शिशु मृत्यु सङ्ख्या अघिल्लो आवको तुलनामा आव २०७७/७८ मा भने बृद्धि भएको छ । गत वर्ष १५२ जना नवशिशु मृत्यु भएकोमा आव २०७७/७८ मा यो सङ्ख्या २०८ पुगेको छ । सुर्खेतमा ८२, जुम्लामा ३५, जाजरकोटमा ३४, सल्यानमा २३, दैलेखमा २१, कालिकोटमा १४, रुकुमपश्चिममा १०, मुगुमा ७, डोल्पामा ३ र हुम्लामा २ जना नवजात शिशुको मृत्यु भएको पाइएको छ । सुत्केरी आमाहरूको सुरक्षा अर्को चुनौतिको रूपमा रहेको छ । राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत दुरदराजका नवशिशु र सुत्केरी आमाको सुरक्षामा सकारात्मक प्रतिफल दिएको छ । चालु आव २०७७/७८ मा प्रदेशभर २१ जनाको मृत्यु भएको छ, अघिल्लो आवमा यो सङ्ख्या १३ मात्रै रहेको थियो ।

कोभिड-१९ प्रतिकार्यका लागि कर्णाली प्रदेशमा ७७० आइसोलेसन, २२२२ ओटा सामान्य वेड, ४७ ओटा भेन्टिलेटर र ६३ ओटा आइसियुको व्यवस्था गरिएको थियो । जिल्लागत रूपमा हेर्दा सुर्खेतमा आइसोलेसन १९७, आइसोलसन बेड ६८८, भेन्टिलेटर २५ र आइसियु २५ छन् । त्यसैगरी जुम्लामा आइसोलेसन ७१, आइसोलेसन वेड ४३०, भेन्टिलेटर १५ र आइसियु १२ ओटा रहेका छन ।

जातीय भेदभावविरुद्धको अधिकार

जातीय भेदभाव तथा छुवाछुतजस्तो सामाजिक अपराधले समाजमा गाडेको जरोबाट यो प्रदेश पनि मुक्त छैन । गैरदलिका विवाहलगायतका सामाजिक समारोहमा दलितलाई निमन्त्रणा नगर्ने, गरिहाले खानपिनको

अलग्गै व्यवस्था गर्ने अभ्यास रहेको छ । मरिमराउ हुँदा पनि मलामी जाने चलन छैन भने दाहसंस्कारका लागी दलितले अलग घाट प्रयोग गर्नुपर्दछ । सुर्खेतको चौकुने गाउपालिका ५, रेक्चा भन्ने गाउँमा दलित र गैरदलितका लागि छुट्टाछुट्टै पानीको कुवा (इनार) भएको पाइएको छ । दलितका लागि छुट्टै २ कुवा छुट्टाएको पाइएको छ । दलितले खाने कुवाको पानी गैरदलितले गाईवस्तुलाई मात्रै खुवाउने गरी पाइएको छ (https://www.youtube.com/watch?v=NS6wkQegOkE&t=184s) कतिपय मन्दिरमा अहिले पनि प्रवेश पाउदैनन् । सबै गैरदलितको घरमा दलितले कोठा भाडामा पाउँदैनन् । एवम् अन्तरजातीय विवाह व्यवहारमा अझै पनि अमान्य छ ।

लकडाउनको अवधिमा मिति २०७७।२।१० को रुकुम पश्चिम् चौरहजारीमा विवाहका लागि गएका जाजरकोटका २१ वर्षिय नवराज वि.क.सहित ६ जनाको अमानवीय सामूहिक हत्या घटना यसको प्रत्यक्ष प्रमाण हो । जातीयताको आधारमा जनप्रतिनिधिले नै कुटपिट भेदभाव गरेको घटना सार्वजनिक भएका छन । त्यस्ता कतिपय घटनामा पीडित पक्षाको जाहेरी प्रहरी कार्यालयमा सहजै दर्ता हुँदैन । जुम्ला सिँजा गापा वडा नं. ६ का वडा अध्यक्ष वर्ष ५५ का कालिबहादुर बुढा र निजको छोरा वर्ष ३० नविन बुढाले ऐ.ऐ.बस्ने वर्ष २६ का विवेन्द्र नेपालीलाई २०७८ असार ८ गते वडा कार्यालयमा गालीगलौज गरी कुटपिटसम्बन्धी जाहेरी निकै हारगुहारपछि मात्रै दर्ता गरिएको पीडित पक्षाको भनाइ रहेको छ । त्यसपछिको कारबाही प्रक्रिया अति नै सुस्त छ । यस आबमा जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी विषयमा सुर्खेत ३, जाजरकोट १ र कालिकोट १ गरी जम्मा ५ ओटा जाहेरी प्रहरीमा दर्ता भएका छन् ।

महिला अधिकार

यस प्रदेशमा बढ्दो महिला हिंसा, मानव बेचविखन, बालविवाह, छाउपडी, वहुविवाहजस्ता समस्या चुनौतिको रूपमा रहेको छ । यस्ता समस्याहरू वर्तमान अवस्थामा पनि रोकथाम हुन सकिरहेको छैन । यी समस्याहरूको रोकथाम गर्नका लागि विषयगत कानुन निर्माण भएतापनि कार्यान्वयन अवस्था फितलो छ । समाजले छोरालाई प्राथमिकतामा राख्दा परीक्षण गर्दा छोरी भएमा गर्भपतन गर्ने सङ्ख्यामा बृद्धि भएको छ । किशोर/किशोरीमा स्वास्थ्य, शिक्षासम्बन्धी ज्ञानको अभावमा लैङ्गिक विभेदको अबस्था बिधमान छ ।

कर्णाली प्रदेशमा आव २०७७/७८ मा १४९ महिलाहरूले आत्महत्या गरेको पाइएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेतका अनुसार आव २०७७/७८ मा १८८ बलात्कारजन्य घटनासम्बन्धी जाहेरी दर्ता भएका छन् । यसमा १३३ जबरजस्ती करणी, ४३ जबरजस्ती करणी उद्योग र २ ओटा अपहरण गरी करणी गरेको रहेका छन् । बलात्कारजन्य घटना, बहुविवाह, बोक्सिको आरोपजस्ता घटना सुर्खेत जिल्लामा सबैभन्दा बढी पाइएको छ । समग्र महिला हिंसाजन्य घटनामा सुर्खेतपछि दैलेख रहेको छ भने मुगु र हुम्लामा कम घटना दर्ता भएको पाइएको छ । जुम्ला जिल्लामा महिला हिंसासम्बन्धी अल्पकालीन आश्रयसहितको जिल्ला सेवा केन्द्रमा २३ जनाले आश्रय लिइराखेका छन् ।

घरेलु हिंसाको अवस्था डरलाग्दो छ । कुल १०७७ घटनामध्ये ७९२ ओटा घटना घरेलु हिंसासँग सम्बन्धित देखिन्छन् त्यसपछि जवर्जस्ती करणीका १४३ र बहुविवाहका ९३ घटना घटेका छन् । यी घटनालाई हेर्दा जिल्लागत रूपमा क्रमशः सुर्खेत, दैलेख, सल्यान, जाजरकोट र स्थानमा जुम्ला रहेका छन् ।

बालअधिकार

कर्णालीमा बहुआयामिक गरिवी ५१.२ प्रतिशत रहेको छ । जम्मा जनसङ्ख्यामध्ये ६२.७७ प्रतिशत ५ वर्षमाथि रहेको छ । पदेशमा १८ वर्षमुनि कति बालबालिका छन् भन्ने यकीन तथ्याङ्क छैन, ५२.४९ प्रतिशत जनसङ्ख्या १९ वर्ष सम्मका बालबालिकाको छ । यसमा ५० प्रतिशतभन्दा बढी बालबालिका अनिवार्य एवम् निःशुल्क शिक्षा पाउने उमेर समूहका छन । यस वर्षको शैक्षिक सत्र कोभिड १९ को कारणले भौतिक उपस्थितिमा सञ्चालन हुन सकेन । वैकल्पिक माध्यमबाट अध्ययन/अध्यापन गर्ने/गराउने कार्य बिजुली र सञ्चारको दुरावस्था, गरिबी, सोधनस्रोतको अभाव आदि कारण सम्भव हुन सकेन । फलतः बालबालिकाहरू शिक्षाको अधिकारबाट वञ्चित हुन पुगेको अवस्था छ । त्यस्तै भौगोलिक विकटता, सरकारी लापरबाही आदि कारण पाठ्यपुस्तकको उपलब्ध नहुनुलाई सामान्य मान्नुपर्ने अवस्था छ । यस प्रदेशको साक्षरता दर ६३ प्रतिशत रहेको छ । मानव विकास सूचाकाङ्क ०.४२६ रहेकोमा ५ वर्षमुनिका बाल मृत्यु दर ५५, शिशु मृत्यु दर ४७, नवजात शिशु मृत्यु दर २९ रहेको पाइन्छ । मुगुमा ६ महिनामा १०८ र कालिकोटमा १६८ बालबालिकामा कडा कुपोषण भेटिएको (https://ekantipur.com/news/2021/02/08/161275094153619423.html) छ ।

कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेतका अनुसार आ.व. २०७७/७८ मा १९ ओटा बालविवाहका घटना दर्ता भएका छन् । सुर्खेतमा ७, दैलेख ६, सल्यान ४ र कालिकोट २ ओटा बालविवाहको जाहेरी प्रहरी कार्यालयमा परेको पाइएको छ । दैलेखमा ३, जुम्ला २ र डोल्पामा १ बाल यौनदुराचारको घटना प्रहरीको तथ्याङ्कबाट देखिन्छ । नवजात शिशु मृत्युदर उच्च रहेको छ । गत आवमा १५२ जना नवजात शिशु मृत्यु भएकोमा यस आवमा यो सङ्ख्या २०८ पुगेको छ आव २०७७/७८ मा एन.आइ.सी. एसिया बैङ्क, जाजरकोट शाखाले भेरी नगरपालिका वडा नं. ४, ८, ९ र १० का बालबालिको बाल पोषण भत्ता भुक्तानी दिन नसकेको पाइएको (भेरी नपाको कार्यालय, जाजरकोटको च.नं. १५१ मिति २०७८/०४/२४ को पत्रानुसार) छ ।

अपागता भएका व्यक्तिहरूको अधिकार

नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको कुल जनसङ्ख्या ४५,४१९ रहेको छ । अपाङ्गता भएका व्यक्तिहरूमा पनि विशेष क्षमता, दक्षता हुन्छ भन्ने दृष्टिकोणबाट भन्दा पनि बोझको रूपमा हेरिने गरिएको छ । यस प्रदेशका अधिकांश अपाङ्गता भएका व्यक्तिहरू घरको चौघेरामा नै सीमित भएको पाइएको छ । आयोगले २०७४ कार्तिकमा अपाङ्गता भएका व्यक्तिहरूको सम्बन्धमा कर्णाली प्रदेश सम्मेलन कार्यक्रम गरेको थियो । कार्यक्रममा हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, जाजरकोट, सल्यान, रुकुम पश्चिमलाई अपाङ्गता क्षेत्रमा पनि विशेष क्षेत्र घोषणा गरी अनुकूलताको सिद्धान्तअनुसार नीतिगत व्यवस्था र सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको थियो । समुदायमै आधारित आयआर्जन, शिक्षा, सीप विकास, उपचार तथा क्षमताअनुसारको रोजगारको व्यवस्था हुनुपर्ने विषयलाई प्राथमिकताका साथ उठान गरिएको थियो । हवाई तथा सार्वजनिक गाडी यातायातमा छुटको व्यवस्था कार्यान्वयन गरिनुपर्ने, वेवारिसे तथा अभिभावकविहीन अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणमा विशेष ब्यवस्था गरिनुपर्नेजस्ता विषयमा सरोकारवाला पक्ष संवेदनशील हुनुपर्ने आवश्यकता औँल्याइएको थियो ।

विद्युत तथा सञ्चारको अधिकार

माथिल्लो कर्णालीअन्तर्गतका जिल्लाहरूमा सञ्चारको व्यवस्था प्रभावकारी देखिएको छैन । नेपाल टेलिकम, एनसेल नेपाल दुवैको सञ्चार अवस्था उस्तै छ । दुवै संस्थाबाट फोरजीको उपलब्धता गराइएको दाबी गरिए पनि गुणस्तरीय र स्थिर सेवा उपलब्ध हुन सकेको छैन । यसबाट सर्वसाधारणसहित सञ्चारकर्मीसमेतले आफ्नो पेसा निर्वाध रूपमा सञ्चालन गर्न नसकेको अवस्था छ ।

सुदुरपश्चिम प्रदेशको मानव अधिकार अवस्था



जनसङ्ख्या	२५३०९८८
जिल्ला	९
महानगरपालिका	०
उपमहानगरपालिका	१
नगरपालिका	३३
गाउपालिका	५४
प्राप्त उजुरी	२३
अनुगमन	२३
अनुसन्धान	३०
सिफारिस	१४
संवर्धन	१६
जनशक्ति	१२
आयोगको कार्यालय	१

यस प्रदेशका विशेषतः मानव अधिकारसँग गाँसिएका विशेष मुद्दाहरूमा खाद्य, स्वास्थ्य, शिक्षा, भौतिक पुर्वाधार र बेरोजगारी रहेका छन् । यसको साथै महिला हिंसा, छाउपडी प्रथा, हत्या, बलात्कार, आत्महत्या, बालविवाह, मानव बेचबिखन,साइवर अपराध आदि प्रमुख विषय हुन् ।

नागरिकहरूको नागरिक तथा राजनीतिक अधिकार

यस अधिकारअन्तर्गत मानिसको बाँच्न पाउने अधिकार यस प्रदेशमा चुनौतीको रूपमा रहेको छ । विगत ३ वर्षमा यो प्रदेशमा सवारी दुर्घटनामा परी ४०५ जनाले ज्यान गुमाउनु परेको छ । सुदुरपश्चिम् प्रहरी कार्यालयका अनुसार २०७७/२०७८ मा ६८० ओटा आत्महत्याका घटना भएका थिए । नेपाल सरकारले तुइन विस्थापन गर्ने नीति लिए पनि दार्चुलाको व्यास क्षेत्रमा जयसिह धामीको महाकाली नदीमा रहेको तुइन भारतीय पक्षाबाट काटिँदा बेपत्ता भएको अवस्था छ ।

सुदुरपश्चिम् प्रदेश पनि कोभिड १९ बाट मुक्त रहन सकेन । प्रदेश स्वास्थय निर्देशनालयको तथ्याङ्क हेर्दा कोभिडको कारण यस प्रदेशमा २०७८ असार १५ सम्ममा ५७० जनाले ज्यान गुमाएको देखिन्छ । ज्यान गुमाउनेमा सबैभन्दा बढी २४५ कैलाली, सबैभन्दा कम दार्चुला र डोटीका १४/१४ रहेको देखिन्छ ।

संविधानले शान्तिपूर्ण रूपमा सभा, सम्मेलन गर्ने छुट दिए पनि बन्द, हड्ताल, चक्काजाम जस्ता गतिविधिले मानिसको व्यापार, व्यावसाय, आवतजावतलगायतका अधिकार प्रभावित हुन पुगेका छन् । प्रतिनिधिसभा बिघटनपश्चात् त्यसको बिरोध र समर्थनमा भएका सभा, जुलुस, चक्काजाम जस्ता कार्यक्रमले मानिसको जनजीवन असर पारको थियो ।

आर्थिक समाजिक सांस्कृतिक अधिकार

मानिसका आधारभूत अधिकार मानिएका गाँस बाँस कपास, स्वास्थय शिक्षा, रोजगारी आदिको उपभोगमा चुनौती देखिएको छ । मानव विकास सुचाङ्कमा पछाडि रहेको यस प्रदेशमा यस वर्षको असार-साउनमा गएको पैरोबाट कैलालीको चुरे गाउँपालिकाका करिब २०० परिवार विस्थापित हुन पुगेका थिए । बझाङ, बाजुरा तथा अछाममा बाढीपहिरोले जनधनको क्षति भएको थियो । बझाङको सदरमुकाम चैनपुरमा खानेपानीको अभाव, सेती नदी र बाहुलीगाढ खोलाको दूषित पानी पिउँदा सदरमुकामवासी बिरामी परेका थिए ।

आर्थिक, शैक्षिक अधिकार

कञ्चनपुरको भीमदत्त नगरपालिका ९ ब्रह्मदेव र खल्लामसेटीमा राउटे समुदाय बेरोजगारीका कारण समस्यामा छन् । दलित, मुक्तकमैया तथा हलिया, एचआइभी सङ्क्रमित एकल महिला, जनजाति, राउटे, साना किसान, वादी, सोनाहा, अपाङ्गता भएका, अनौपचारिक क्षेत्रमा काम गर्ने र प्रकोप प्रभावित व्यक्ति खाद्य सुरक्षाबाट वञ्चित अवस्थामा छन् । सबैका लागि निःशुल्क तथा गुणस्तरीय शिक्षा भनिए पनि कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेको छैन । बेरोजगारीका कारण भारत लगायत अन्य मुलुकहरूमा सस्तो र जोखिमयुक्त मजदुरी गर्नुपरेको अवस्था अहिले पनि विद्यमान छ । बाजुरा र दार्चुला जिल्लामा खाद्ययान्न सङ्कट रहेको अवस्था छ ।

स्वास्थ्य अधिकार

यस प्रदेशमा स्वास्थ्य अवस्था सन्तोषजनक छैन । कोभिड महामारीको दोसो लहरमा प्राण वायु (अक्सिजन) को तथा अत्यावश्यक औषधीहरूको चरम् अभाव हुन पुग्यो । फलतः कतिपय नागरिकहरूले अकालमा ज्यान गुमाउनु परेको थियो । त्यस्तो संवेदनशील समयमा पनि केही व्यवसायीले अक्सिजन सिलिण्डरमा

कालोबजारी गरेको भनी समाचारहरू सार्वजनिक भएका थिए । पहाडी क्षेत्रका जनताहरू म्याद गुज्रेका खाद्यपदार्थ तथा औषधी उपभोग गर्न बाध्य छन ।

बाजुराको बुढीनन्दा नगरपालिका, कोल्टीमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा सुरु भएको आकस्मिक प्रसुति सेवा बन्द हुँदा सेवाग्राहीहरूले उपचार पाउन नसकेको अवस्था छ । स्वास्थ्य संस्थाहरूमा दरबन्दीबमोजिको जनशक्तिको अभाव, निःशुल्क वितरण हुने औषधीहरूको नपाइने अवस्था विद्यमान छ । डोटी जिल्लाको जोरायल गाउँपालिकास्थित लक्ष्मीनगर प्राथमिक स्वास्थ्य केन्द्रमा दुई वर्षदेखि डाक्टर नहुँदा नागरिकहरू स्वास्थ्य सेवाबाट वञ्चित अवस्थामा छन् । जनसङ्ख्याको अनुपातमा खानेपानी/सरसफाइ, स्वास्थ्यजस्ता अत्यावश्यक सेवा प्रयाप्त छैन ।

जातीय भेदभावविरुद्धको अधिकार

मुलुककै समस्याको रूपमा रहेको विभेदको रोगबाट यो प्रदेश पनि मुक्त छैन । बझाङ र बाजुरा जिल्लाबाट आयोगमा प्राप्त भएका जातीय विभेदसम्बन्धी उजुरीहरूले उनीहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरिएको पाइन्छ । बैतडीमा जनप्रतिनिधिहरूलाई जातका आधारमा विभिन्न किसिमको आरोप लगाइ गालीगलौज र चरित्र हत्या गर्ने गरेको पाइएको छ । डडेल्धुरामा दलित र गैरदलितका लागि छुट्टाछुट्टै घाट बनाइएको छ । अझै पनि मठमन्दिरहरूमा दलितहरूलाई प्रवेश निषेध, एकै धाराबाट पानी थापेर लैजान नदिइने जस्ता घटनाहरू विद्यमान छन् ।

महिला/बालबालिकाको अधिकार

बालविवाह, बहुविवाह, बलात्कार, हत्या, छाउपडीजस्ता अपराधजन्य घटनाहरूबाट यो प्रदेश बढी पीडित छ । सुदुरपश्चिम् प्रहरी कार्यालयका अनुसार २०७७/२०७८ ३००८ अपराधका घटनाहरू भएको देखिन्छ, जसमा सबैभन्दा बढी घरेलु हिंसा ९१०, जबरजस्ती करणी/उद्योग ३१४, लैङ्गिक हिंसा २०० रहेको देखिन्छ । बझाङकी सम्झना वि.क., बैतडीकी भागरथी भट्टको बलात्कारपछि हत्या, डडेल्धुराकी अस्मिता धामीको हत्या भएको समाचारले पनि महिलाको स्थिति दयनीय देखिन्छ । जबरजस्ती करणी र हत्यासम्बन्धी बैतडी र बझाङका घटनामा दोषीलाई कानुनको दायरमा ल्याइ कारवाहीको प्रकृया अगाडि बढेको देखिन्छ । कञ्चनपुरकी निर्मला पन्तको बलात्कारपछि हत्याका दोषीको अहिलेसम्म पनि पहिचान हुन सकेको छैन । लैङ्गिक हिंसा, जबरजस्ती करणी, छाउपडीजस्ता हिंसाका घटनाहरू रोकिन सकेका छैनन् । बालविवाहको कारण यस प्रदेशका बालिकाको जीवन पीडादायी बन्न पुगेको छ । सानो उमेरमा विवाह गर्दा शारीरिक, मानसिक विकास अवरुद्ध हुनका साथै स्वास्थ्यमा गम्भीर समस्या सिर्जना भएको अवस्था छ । सानै उमेरमा रहने गर्भबाट किशोरीहरू र बच्चाको समेत अकालमा मृत्यु हुने गरेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था

आयोगबाट गरिएका अनुगमनबाट सुदुरपश्चिम् प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको अवस्था सन्तोषजनक देखिँदैन । अपाङ्गता भएका बालबालिकाहको शिक्षाको अधिकारमा केन्द्रित रही गरिएको अनुगमनबाट बालबालिकाहरूमा दृष्टिविहीन, स्वर तथा बोलाइमा समस्या रहेको पाइएको छ । विद्यालय भवन, पुस्तकालय, खेल मैदान आशिंक रूपले अपाङ्गता मैत्री भएता पनि छात्रावास तथा शौचालय

अपाङ्गता मैत्री छैनन् । बालकालिकाहरूलाई पढाउने स्रोत शिक्षक/हेरचाहमा संलग्नहरू तालिम प्राप्त नभएको अवस्था छ । बैतडी जिल्लाको सिगास नगरपालिकाले अहिलेसम्म चिकित्सक राख्न नसकेका कारण त्यहाँका अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता परिचयपत्र पाउन कठिनाइ भएको छ ।

देश सङ्घीयतामा गइसकेपछि साविक महिला तथा बालबालिका कार्यालयले प्रदान गर्ने अपाङ्गता परिचयपत्र अहिले स्थानीय तहबाट वितरण हुने प्रावधान छ । परिचयपत्र वितरण गर्न मेडिकल रिपोर्टमा एमबीबीएस चिकित्सकले प्रमाणित गरेको हुनुपर्ने प्रावधान भए पनि बैतडीका जिल्लाका अधिकांश स्थानीय तहमा चिकित्सक तथा मेडिकल अधिकृत नभएको स्थिति छ । फलत: अपाङ्गता परिचयपत्र वितरणमा समस्या रहेको छ । कोभिड १९ बाट अपाङ्गता भएका व्यक्तिहरू बढी प्रभावित बन्न पुगेका छन् । सामाजिक सुरक्षा भत्ता पनि प्राप्त नहुँदा उनीहरूको जीवन थप चुनौतीपूर्ण बन्न पुगेको अवस्था छ ।

उपभोक्ता अधिकारको अवस्था

यस प्रदेशका पहाडी/दुर्गम क्षेत्रका नागरिकहरू अहिले पनि म्याद गुज्रेका खाद्यपदार्थ तथा औषधी उपभोग गर्न बाध्य छन । अत्याावश्यकीय खाद्य एंवम् उपभोग्य पदार्थहरूमा हुने मिसावट, रसायनको प्रयोग र त्यसबाट मानव स्वास्थ्यमा पर्न सक्ने तत्कालीन र दीर्घकालीन असरको कारण मानिसको जीवनको अधिकार नै खतरामा रहेको छ । नापतौलमा कमी हुने गरेको, उपभोग्य वस्तु तथा सेवाहरूको खरिद तथा बिक्रीमूल्य पारदर्शी हुन नसकेको अवस्था छ । आपूर्ति व्यवस्था ब्यवस्थित र सहज हुन नसकिरहेको अवस्था छ । कोभिड १९ को पहिलो र दोस्रो लहरले निम्याएको बन्दाबन्दीमा दाल, चामल, तेलदेखि तरकारीलगायत दैनिक उपभोग्य वस्तुहरूमा भएको अत्याधिक मूल्य वृद्धिले उपभोक्ताहरू मर्कामा परेको पाइएको छ । बजार अनुगमन र हस्तक्षेप गर्न नसक्दा व्यापारीले मनलाग्दी गर्ने अवस्था रहेको छ ।

आप्रवासी कामदार तथा बेचबिखनविरुद्धको अधिकारको अवस्था

आयोगले यस मुद्दामा केन्द्रित रही अनुगमन गरेको थियो । अनुगमनबाट बेचबिखनमा परेका तथा आप्रवासनमा रहेका कामदारलाई उद्धार, पुनर्स्थापना तथा सामाजिक एकीकरण लगायतका कार्यहरू प्रभावकारी नभएको पाइएको थियो । स्थापित संयन्त्रहरू अपेक्षित क्रियाशील हुन नसकेको अवस्था थियो । केही गैरसरकारी संस्थाले सीमा क्षेत्रमा निगरानी केन्द्रहरू स्थापना गरेको देखिन्छ । सरकारी तवरमा यस दिशामा आवश्यक नियमन र नियन्त्रण तथा संरक्षणकारी उपायाहरू लागु गर्न नसकेको अवस्था छ । प्रदेश सरकारले धनगढीको सीमानाका त्रिनगर-गौरीफन्टा क्षेत्रमा एक निगरानी केन्द्र स्थापना गरेपनि आवश्यक कर्मचारीको व्यवस्था नहुँदा पूर्णरूपमा सञ्चालन आउन सकेको छैन । प्रदेशस्थित कतिपय म्यानपावर कम्पनी तथा त्यसका प्रतिनिधिहरूबाट विभिन्न प्रलोभनमा पारी ठगी गरेका घट्नाहरू सार्वजनिक हुनुले पनि समस्या विकराल छ भन्न सकिन्छ ।

वातावरण र विकासको अधिकार

तीन तहको राज्य संरचनासँगै विकासका कार्यहरू पनि अगाडि बढे पनि वातावरणीय मूल्याङ्कन हुन सकेको पाइँदैन । सडक निर्माण गर्दा जथाभावी डोजर लगाउने प्रवृतिको कारण प्राकृतिक विपद् आउनुको साथै बस्तीहरू जोखिममा परेको देखिन्छ । कुनै मापनविना जथाभावी सडक निर्माणको कारण पहिरो

जाँदा बफ्ाङ र वाजुरामा सयौँ परिवार विस्थापित हुन पुगेका छन् । यसबाट साधनस्रोतको दुरूपयोग हुनुको साथै नागरिकहरू पनि दीगो विकासको अधिकारबाट वञ्चित हुन पुगेका छन् । विकासका कार्यमा सबै वर्ग, समुदायको प्रतिनिधित्व हुन नसकेको अवस्था छ । भौतिक संरचना, सडक, खानेपानी, सिचाइँ कुलो लगायतका पूर्वाधार निर्धारित समयमा बन्न नसक्दा लागत वृद्धि हुनुको साथै जनताले शास्ती पाउनुपरेको अवस्था छ । निर्माण भएका संरचनाहरू कमिशन, भ्रष्टाचार आदिको कारण पनि कमसल, गुणस्तरहीन हुने गर्दछन् ।

आयोग र सरोकारवालाहरूबीच सम्बन्ध

मानव अधिकारको संरक्षण, संवर्धन र परिपूर्तिमा सरोकारवालाहरूको भूमिका विशेष एवम् महत्त्वपूर्ण मानिन्छ । संविधान, ऐन, रणनीतिक योजनामा पनि यस पक्षलाई प्राथमिकताका साथ उल्लेख गरिएको पाइन्छ । आयोगले यस आवमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा राख्दै आएको सम्बन्धलाई निरन्तरता दिएको छ । यहाँ यस पाटोलाई सङ्क्षेपमा उल्लेख गरिएको छ ।

आयोग र राष्ट्रपति कार्यालय

कार्यप्रकृतिको आधारमा सविधानत: आयोग स्वतन्त्र र स्वायत्त मानिन्छ । आफ्ना कामकारबाहीलाई लिएर यस निकायले पनि पीडितप्रति विशेष जवाफदेही हुनुपर्दछ । आयोगको कामकारबाहीहरू बहस, छलफलको विषय बन्नुपर्दछ । संविधानले पनि प्रत्येक आर्थिक वर्षभित्र सम्पादित कार्यहरूसमेत समावेश गरी वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने प्रावधानलाई आत्मसात गरेको छ । राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत सो प्रतिवेदन छलफलका लागि सङ्घीय संसद्समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । सोही प्रावधानबमोजिम आयोगले प्रत्येक वर्ष राष्ट्रपतिसमक्ष आयोगद्वारा सम्पादित कामकारबाहीलगायतका विषय समावेश गरी प्रतिवेदन पेस गर्दै आएको छ । विगत वर्षमा राष्ट्रपतिसमक्षा पेस गरिँदै आएको वार्षिक प्रतिवेदन गत वर्ष कोभिडको कारण कार्यालयमा बुझाइएको थियो । प्रतिवेदनमा आयोगले संरक्षण, संवर्धन, उपलब्धि, चुनौती लगायतका विषयहरूलाई समावेश गरिएको थियो ।

आयोग र राष्ट्रपति कार्यालयबीच समय-समयमा मानव अधिकारका मुद्दाहरूमा छलफल हुँदै आएको छ । यसै सन्दर्भमा आयोगका नवनियुक्त अध्यक्ष र सदस्यसहितको आयोगको टोलीले २०७८/१०/२८ मा सम्माननीय राष्ट्रपतिसमक्ष शिष्टाचार भेटभाट गरेको थियो । भेटघाटमा आयोगद्वारा सम्पादित कामकारबाही, आयोगले भोग्नुपरेका चुनौती लगायतका विषयमा छलफल भएको थियो । विशेषत: आयोगको तर्फबाट सम्पन्न कामकारबाहीको बारेमा राष्ट्रपतिलाई जानकारी गराइएको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको आयोगको साङ्गठिनक संरचना पारित नुहँदा आयोगका कामहरू प्रभावित बन्न पुगेको विषय पनि उठान गरिएको थियो । त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को समेत समयसापेक्ष संशोधन गरी पारित हुन नसकेको विषय पनि छलफल भएको थियो । आयोगको तर्फबाट यी मुद्दामा सम्माननीयको तर्फबाट पनि अगाडि बढाउन पहलको लागि आग्रह गरिएको थियो । राष्ट्रपतिबाट पनि आयोगले संवैधानिक दायित्व निर्वाह गर्दै आएकोमा धन्यवादसहित मानव अधिकारको संरक्षण, संवर्धन र मानव अधिकार संस्कृतिको विकासमा निरन्तर अगाडि बढ्न आग्रह गर्नुभएको थियो ।

आयोग र नेपाल सरकार

मुलत: मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपालनाको दायित्व सरकारमा निहित हुन्छ । आयोग संवैधानिक, स्वतन्त्र र स्वायत्त निकाय भए पनि कामकारबाहीदेखि आर्थिक मामिलामा सरकारसँग

प्रत्यक्षत: जोडिएको हुन्छ । आयोगका सिफारिस कार्यान्वयन साथै मानव अधिकारको अनुभूति गराउने अभिभारा सरकारमा रहेको हुन्छ । यी आदि कारणबाट पनि दुवैबीच सुमधुर सम्बन्धबाट मात्र सम्भव हुन्छ । मानव अधिकारका मुद्दामा आयोगले संविधान र ऐनका प्रावधानलाई कार्यरूप दिन रणनीतिक योजनामा केन्द्रित रही आवश्यकता, विषय वा मुद्दाको गाम्भीर्यता र औचित्यताको आधारमा सरकारी निकायहरूबीच बैठक, छलफल, विचार, विमर्श, परामर्श, अन्तरक्रियालाई निरन्तरता दिँदै आएको छ । आयोगद्वारा आयोजित मानव अधिकार र सरकारसँग सम्बन्धित कार्यक्रममा नेपाल सरकारका प्रधानमन्त्री, मन्त्री, उच्चपदस्थ वा सम्बन्धित अधिकारीलगायतलाई आमन्त्रण गर्दै आएको छ । त्यसैगरी आयोगबाट सरकारी निकायबाट हुने कार्यक्रमहरूमा प्रमुख अथिति, अथिति, स्रोत व्यक्ति आदिको हैसियतमा सहभागिता जनाउने र संस्थागत धारणा सार्वजनिक गर्दै आएको छ ।

यस आवमा भएका प्रतिनिधिमूलक छलफल

क्र.सं	छलफलको विषय	मिति	सरोकार पक्ष
१	शान्तिसुरक्षा र मानव अधिकार	९ साउन, २०७७	नवनियुक्त आई.जी.पी. शैलेश थापा सशस्त्र प्रहरी
	गङ्गामायाको जीवनरक्षा	२ फागुन, २०७७	कानुन सचिव, गृह सचिव, आई.जी.वि. र आयोग
	आयोगको भवन	९ फागुन, २०७७	नेपाल सरकारको मुख्य सचिव शंकरदास वैराखी
	कोभिड १९ बाट सिर्जित स्वास्थ्य अवस्था/खोप व्यवस्थापन	९ चैत, २०७७	वास्थ्य मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतम र डा. सुमन अधिकारीसँग स्वास्थ्य मन्त्रालय
	वर्तमान अवस्था र मानव अधिकारका विविध विषय	१२ चैत, २०७७	प्रधानमन्त्री
	राष्ट्रिय मानव अधिकार आयोगको २१ औं बार्षिक उत्सव तथा २२ औं स्थापना दिवस	१३ जेठ, २०७८	सम्मानीय प्रधानमन्त्रीबाट विद्युतीय माध्यमबाट सम्बोधन

सरकारी निकायसँग हुने छलफलमा मुलुकको मानव अधिकार अवस्था, आयोगका सिफारिस कार्यान्वयन अवस्था, कोभिड १९ बाट मानव अधिकारमा परेको प्रभाव सङ्क्रमणकालीन न्याय, शान्तिसुरक्षा सुरक्षा रहेका छन् । त्यसैगरी आप्रवासी कामदार र तिनका परिबारको अधिकार, महिला, बालबालिका, ज्येष्ठ नागरिकको अधिकार, उपभोक्ता, स्वास्थ्यको अधिकार, व्यावसाय र मानव अधिकारलगायत .जल्लबल्दा मुद्दामा छलफल, अन्तर्क्रिया सम्पन्न भएका छन् । आयोगको अनुगमन, अनुसन्धान, प्रवर्धनजस्ता कार्यक्रमबाट प्राप्त निष्कर्षको आधारमा सुझाव, सल्लाह, ध्यानाकर्षण एवम् आवश्यक निर्देशन दिँदै आएको छ । विशेषत: आयोगले सङ्घ, प्रदेश र स्थानीय सरकारसँग विषयगत मुद्दामा केन्द्रित रही बैठक, छलफलका साथै सहकार्य र समन्वयमा प्रवर्धनमूलक कार्यक्रमहरू गर्दै आएको छ । मानव अधिकारसँग सम्बन्धित मुद्दामा केन्द्रित रही सरकारसँग साझेदारी र खबरदारीसम्बन्धी कार्य हुँदै आएका छन् ।

आयोग र मानव अधिकारसम्बन्धी विषयगत आयोग, नागरिक समाज/गैरसरकारी संस्था/पेसागत सङ्घसङ्गठनहरू

आयोगको एकल प्रयत्नबाट मात्र मानव अधिकारको संरक्षण र संवर्धनसम्बन्धी कार्यहरू प्रायः असम्भव हुन्छ । यसमा नागरिक समाजसहित सरोकारवालाहरूको भूमिका महत्त्वपूर्ण मानिन्छ । यस पक्षलाई समेत मध्यनजर राखी आयोगले सहकार्य र समन्वयमा कार्य गर्न सक्ने प्रावधान संविधान, ऐनको साथै रणनीतिक योजनामा पनि उल्लेख गरिएको छ । यी प्रावधानलाई थप व्यवस्थित गरी कार्यान्वयनमा ल्याउन आयोगले सहकार्यसम्बन्धी निर्देशिका निर्माण गरी कार्य गर्दै आएको छ । यस प्रकृतिका कार्यहरू विशेषतः मानव अधिकारसम्बन्धी विषयगत आयोगहरू, नागरिक समाज, मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरू, गैसस एवम् पेसागत सङ्घसङ्गठन, धार्मिक एवम् निजी क्षेत्र आदि रहेका छन् । कोभिड १९ को कारण यस आवमा भौतिक रूपमा आयोगबाट सहकार्य र समन्वयमा सवर्धनसम्बन्धी कार्यहरू अगाडि बढाउन सम्भव भएन । विद्युतीय माध्यमबाट कोभिड १९ र यसबाट मानव अधिकारको क्षेत्रमा परेको असरका बारेमा छलफल/अन्तर्क्रिया भएको अवस्था छ । विशेषतः यसमा समग्र मानव अधिकार अवस्था, शिक्षा, स्वास्थ्य, वातावरण, उपभोक्ता अधिकार, विभिन्न वर्ग, समूह लक्षित अधिकारका विषय रहेका छन् ।

कोभिड १९ बाट उत्पन्न वर्तमान जटिल परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमनको लागि आयोग, नेपाल बार एशोसिएसन, पत्रकार महासङ्घ र गैरसरकारी संस्था महासङ्घ नेपालसँग सञ्जाल (नेटवर्क) निर्माण भएको छ । यसमा केन्द्रीय तहमा उच्चस्तरीय मानव अधिकार अवस्था अनुगमन तथा समन्वय समिति, प्रदेश स्तरीय समिति र जिल्ला स्तरीय समितिहरू गठन भएका छन् । यसैगरी मानिसक रूपमा समस्यारत एवम् सडकमा रहेका मानिसहरूको पुनःस्थापना, गाँस, बास, कपास, स्वास्थ्य शिक्षाको प्रबन्धलगायतका कार्य भएका छन् । यसरी सम्पन्न कार्यहरूलाई अनुसूचीमा अनुगमन/संवर्धनसम्बन्धी कार्यहरू शीर्षकअन्तर्गत समावेश गरिएको छ ।

आयोग र अन्तर्राष्ट्रिय समुदाय

आयोगले अन्तर्राष्ट्रिय निकायहरूसँग पनि सहकार्य र समन्वयमा कार्यहरू गर्दै आएको छ । यस्ता संस्थाहरूमा विशेषतः मानव अधिकार राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जाल (Global Alliance of the National Human Rights Institutions), एसिया प्रशान्त मञ्च (Asia Pacific Forum) रहेका छन् । त्यसैगरी सम्बन्धित देशका मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घसंस्था एवम् कुटनैतिक नियोग आदि छन् । यसको साथै अन्तर्राष्ट्रिय तहमा राष्ट्रिय मानव अधिकार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, दातृ निकाय, विदेशी दूतावाससँग पनि आवश्यकता, औचित्यताको आधारमा सहकार्य र सम्बन्ध भइरहेको छ । कोभिड १९ को कारण यस प्रकृतिका कार्यहरू विद्युतीय प्रविधिबाट सम्पन्न भएका छन् ।

आयोग र परियोजना

आयोगले परियोजनाहरूको सहयोग र समन्वयमा मानव अधिकारसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएका छन् । यस्ता परियोजनाहरूमा रणनीतिक योजना सहयोग परियोजना (Strategic Plan Support Project)

र राष्ट्रिय मानव अधिकार आयोगको क्षमता अभिवृद्धि परियोजना (European Commission Delegation the European Union to Nepal) रहेका छन् ।

रणनीतिक योजना सहयोग परियोजना (Strategic Plan Support Project)

आयोगले युएनडीपीसँगको सहयोगमा आफ्ना कामकारबाही अगाडि बढाउदै आएको छ । विशेषत: यस यस परियोजनाले मानव अधिकारसम्बन्धी तालिम, कार्यशाला, अभिमुखीकरण प्रकाशन लगायतका क्षेत्रमा आर्थिक सहयोग पुऱ्याउदै आएको छ । परियोजनाबाट यस आवमा भएका निम्नानुसार गतिविधिहरूमा सहयोग भएको अवस्था छ:

१. तालिम/कार्यशाला

- रणनीतिक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी तालिम
- मानव अधिकार अधिकृतहरूका लागि मानव अधिकार अनुसन्धानसम्बन्धी तालिम
- राष्ट्रिय मानव अधिकार आयोग अन्य र आयोगका अधिकृत केन्द्रित लैङ्गिक सशक्तिकरण र सामाजिक समावेशीसम्बन्धी तालिम
- सात प्रदेशका द्वन्द्व पीडित समुदायका १८१ जना व्यक्तिका लागि कोभिड १९ को सन्दर्भमा मनोसामाजिक परामर्श र मानसिक स्वास्थ्यसम्बन्धी तालिम
- राष्ट्रिय मानव अधिकार आयोगको पाँचौ रणनीतिक योजना समीक्षा कार्यशाला
- Workshop with stakeholders on post UPR strategy, विश्वव्यापी आवधिक समीक्षासम्बन्धी कार्यशाला
- राष्ट्रिय मानव अधिकार आयोगको छैठौं रणनीतिक योजना (२०२१–२०२६) निर्माणसम्बन्धी कार्यशाला र
- राष्ट्रिय मानव अधिकार आयोग मोवाइल एपसम्बन्धी कार्यशाला ।

२. अध्ययन तथा मानव अधिकार अनुगमन र प्रर्वधनात्मक कार्यक्रम

- मानव अधिकार मोवाइल एप निर्माण तथा आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूमा video conferencing system जडान साथै जूम (zoom) सफ्टवेयरद्वारा भर्चुअल तथा विद्युतीय विधिबाट सञ्चार निर्माण र व्यवस्थापन,
- नागरिक समाज र सञ्चार माध्यमसँगका नियमित अन्तर्क्रिया मा आयोगलाई सहयोग,
- कोभिड १९ बाट उत्पन्न वर्तमान जटिल परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमनको लागि राष्ट्रिय मानव अधिकार आयोगले नेपाल बार एशोसिएसन, पत्रकार महासङ्घ र गैरसरकारी संस्था महासङ्घ नेपालसँग सहकार्य गरी गठन गरेको सञ्जाल (नेटवर्क) को स्थापना र
- कोभिड १९ र मानव अधिकार अवस्थाबारे नौ जिल्लामा अनुगमन

३. प्रकाशन

- कोभिड १९ र बन्दाबन्दीको अवधिमा मानव अधिकारको अवस्थाको प्रारम्भिक अनुगमन प्रतिवेदन तयार

- राष्ट्रिय मानव अधिकार आयोगमा लैङ्गिक सशक्तिकरण तथा सामाजिक समावेशीकरणको वर्तमान अवस्था अध्ययन र मुल्याङ्कन प्रतिवेदन तयार
- आयोगको संक्षिप्त वार्षिक प्रतिवेदन अनुवाद तथा प्रकाशन (अङ्ग्रेजी), मानव अधिकार सम्बन्धी जान्नुपर्ने कुराहरू, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति-२०७७,
- Human Rights Based Approach Sustainable Development Goals (The Process of Voluntary National Review) 2020 प्रकाशन,
- कोभिड १९ महामारीको चपेटामा नेपाली आप्रवासी श्रमिकहरूको अधिकार अध्ययन प्रतिवेदन (नेपाली र अङ्ग्रेजी),
- राष्ट्रिय मानव अधिकार आयोगबाट भएका मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू (अङ्क २ र ३) अङ्ग्रेजी,
- राष्ट्रिय मानव अधिकार आयोग वागमती प्रदेश कार्यालयको वार्षिक गतिविधि पुस्तिका २०७७,
- International Conference on Protection of Rights of the Migrant Workers (Conference Report 2019,
- अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरूको मानव अधिकार अवस्था प्रतिवेदन (आ.व. २०७६/२०७७),
- आयोगको २० वर्ष आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था (२०५७ जेठ-२०७७ असार– अङ्ग्रेजी सङ्क्षिप्तसमेत),
- आयोगको २० वर्ष आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था प्रतिवेदन, आयोगको २० वर्ष आयोगका सिफारिसहरू र कार्यान्वयन अवस्था सङ्क्षिप्त प्रतिवेदन
- आयोगका छ वर्ष (कार्तिक २०७१ -असोज २०७७) प्रतिवेदन,
- GANHRI-SCA Accreditation of NHRC Nepal and the Recommendations (2001 to 2020) प्रतिवेदन,
- Human Rights Based Approach Sustainable Development Goals (The Process of Voluntary National Review) 2020 पुस्तिका,
- कोभिड १९ महामारीमा अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन,
- Human Rights Situation During Covid-19 Pandemic: A brief Assessment प्रतिवेदन,
- श्रम आप्रवासन र मानव बेचबिखनसम्बन्धी तालिम निर्देशिका,
- आयोगका विगत एक वर्षभित्र प्रकाशन गरिएका प्रेस विज्ञप्तिहरू (अङ्ग्रेजी भाषामा अनुवाद),
- कोभिड १९ महामारीका लागि सुरक्षा सामाग्री छपाइ,
- राष्ट्रिय मानव अधिकार संस्थाहरूबीच समन्वय र सहकार्यको साझा रणनीतिक ढाँचा अध्ययन गरी प्रतिवेदन,
- Post UPR (implementation, monitoring and follow up) strategy अध्ययन प्रतिवेदन,
- राष्ट्रिय मानव अधिकार आयोगबाट भएका मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू (अङ्क २ र ३) अङ्ग्रेजीमा अनुवाद र प्रकाशन,
- आयोगको २० वर्षका सिफारिसहरू र कार्यान्वयन अवस्था (२०५७ जेष्ठ-२०७७ असार) प्रतिवेदन,

- GANHRI-SCA Accreditation of NHRC Nepal and the Recommendations (2001 to 2020) प्रतिवेदन र
- सङ्क्रामक रोग ऐन, २०२०, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र जनस्वास्थ्य सेवा ऐन, २०७५ को मानव अधिकारको दृष्टिकोणबाट प्रतिवेदन निर्माण, समीक्षासहितको अध्ययन प्रतिवेदन ।

राष्ट्रिय मानव अधिकार आयोगको क्षमता अभिवृद्धि परियोजना

आयोगले यस परियोजनाको सहयोगमा सरकारी, मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाहरू क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विश्वव्यापी आवधिक समीक्षाको सिफारिसको कार्यान्वयन तथा अनुगमन, गैसस, मानव अधिकार रक्षकहरूसँग सहकार्य र समन्वयमा कार्य भइरहेको छ । "घरघरमा मानव अधिकार, विकास र शान्तिको आधार" भन्ने आह्वानलाई मूर्तरूप दिन आयोग क्रियाशील रहिआएको छ ।

सञ्चारकर्मीरूलाई मानव अधिकारमैत्री पत्रकारिता तालिम

यस परियोजनाको सहयोगमा प्रदेश नं १ को १२ जिल्लाका सञ्चारकर्मीहरूको लागि मानव अधिकारमैत्री तालिम आयोजना गरिएको थियो । तालिम प्रदेश शाखा कार्यालय खोटाङको समन्वयमा ओखलढुङ्गामा प्रदेश नं १ कार्यालय विराटनगरको समन्वयमा विराटनगरमा सम्पन्न भएको थियो । तालिममा ३०/३० जना सञ्चारकर्मीको सहभागिता रहेको थियो । विराटनगरमा सम्पन्न कार्यक्रम महिला सञ्चारकर्मी लक्षित रहेको थियो ।

मानव अधिकार रक्षकहरूलाई अभिमुखीकरण

यस कार्यक्रमअन्तर्गत जिल्लास्थित मानव अधिकार रक्षकलाई केन्द्रित गरी अभिमुखीकरण कार्यक्रम रहेको छ । यो कार्यक्रम जाजरकोट, सल्यान, रुकुम पश्चिम, सुर्खेत, दाङ, नवलपरासी, कपिलवस्तु, रुपन्देही, मोरङ, सुनसरी, झापा, महोत्तरी, धनुषा, बारा र पर्सा जिल्लाको हकमा सम्पन्न भएको छ । कार्यक्रममा करिब ५०० जना मानव अधिकार रक्षकहरूको सहभागिता रहेको थियो ।

विपद् व्यवस्थापनको अनुगमन र अन्तर्क्रिया

यस कार्यक्रमअन्तर्गत बाढी र पहिरोको कारण भएको जनधनको क्षति, त्यसबाट पारेको प्रभाव, चाल्नुपर्ने कदम आदि सम्बन्धमा अनुगमन एवम् अन्तरक्रिया गरिएको थियो । धनगढीमा गरिएको अुनगमनमा स्थलगत निरीक्षणको साथै सरकारी निकाय (प्रशासनिक/सुरक्षा) का जिल्लास्थित प्रमुख/प्रतिनिधि, पीडित, सरोकारवाला आदिसँग जानकारी लिइएको थियो । अन्तरक्रिया कार्यक्रममा प्रजिअ, सुरक्षा निकायका प्रमुख, पीडित, सञ्चारकर्मी आदिको सहभागिता रहेको थियो । कार्यक्रममा आयोगका माननीय सदस्य लिली थापाको उपस्थिति रहेको थियो ।

उपलब्धि, चुनौती, समाधानका उपाय र भावी कदमहरू

उपलब्धि

विगत वर्षमा झैँ यस आवमा पनि आयोगले मानव अधिकारको संरक्षण र संवर्धनसँग सम्बन्धित कार्यहरूलाई अगाडि बढाउँदै छ । कोभिड १९ बाट सिर्जित विषम् परिस्थिति आयोगका कामकारबाही सम्पादनको लागि प्रतिकूल बन्न पुग्दा अपेक्षित गतिमा कामकारबाहीहरू हुन नसकेको अवस्था रहन पुग्यो । फलतः अपेक्षित नतिजा हासिल हुन नसकेको अवस्था छ । विषम् परिस्थितिका बावजुद् पनि आयोगले "घरघरमा मानव अधिकार, विकास र शान्तिको आधार" भन्ने आह्वानलाई आधार मानी मानव अधिकारसँग सम्बन्धित कार्यहरू सम्पन्न गरेको छ । कोभिड महामारीको बीचमा स्वास्थ्य मापदण्ड अवलम्बन गरी आयोगबाट मानव अधिकार अवस्थाको अनुगमन, मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाको अनुसन्धान, सिफारिसलगायतका कार्यहरूले निरन्तरता पाएको अवस्था छ । भौतिक उपस्थितिमा हुँदै आएका कतिपय छलफल/अन्तर्क्रियाजस्ता कार्यक्रम विद्युतीय विधिबाट सम्पादन भएका छन् । समग्रमा मानव अधिकार संरक्षण, संवर्धन, प्रकाशन, प्रेस विज्ञप्ति जारी, कानुन पुनरावलोकनजस्ता कार्यक्रम सम्पन्न भएको अवस्था छ । सम्पादित कार्यहरूलाई हेर्दा विविध उपलब्धिहरू हासिल भएको देखिन्छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

उजुरी ग्रहण, अनुगमन र अनुसन्धान र सिफारिस

यस अवधिमा आयोगमा जम्मा १८६ उजुरीहरू दर्ता भएका छन् । मानव अधिकारसँग सम्बन्धित विषयमा २१२ पटक अनुमगन भएको छ । आयोगले पुराना र नयाँ गरी २६१ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ । आयोगबाट अनुसन्धान सम्पन्न भएका जम्मा १८८ उजुरीको निरूपण भएको छ ।

संवर्धनसम्बन्धी गतिविधिहरू

मानव अधिकार संवर्धनतर्फ पनि विभिन्न उपलब्धिहरू हासिल भएका छन् । यस आवमा अयोगबाट १३८ ओटा संवर्धनसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएको देखिन्छ । मानव अधिकारमैत्री कानुन निर्माण र सरकारी तहबाट प्रवाह हुने सेवा सम्बन्धमा विशेषतः राज्य पक्षको भूमिका महत्त्पूर्ण मानिन्छ । मुलक सङ्घीय संरचनामा प्रवेश गरिसकेको अवस्थामा आयोगले तीन ओटै सरकारसँग कार्य गर्दै आइरहेको छ । प्रदेश तहमा सभामुख, मुख्य मन्त्री, मन्त्री, सभासद्, सचिव, न्यायधिवक्ता एवम् सरोकारवालाहरूसँग प्रदेशको मानव अधिकारको अवस्थालाई थप सुदृढ तुल्याउने सम्बन्धमा छलफल, अन्तर्क्रिया, गोष्ठी, तालिम आदि सम्पन्न भएका छन् । स्थानीय तहमा शिक्षा, स्वास्थ्य, विकास र विषयगत अधिकारसँग सम्बन्धित मुद्दालाई मानव अधिकारको दृष्टिकोणबाट कसरी हेर्ने भनी बहस, छलफल, अन्तर्क्रिया, तालिम आदि कार्यक्रमहरू सम्पन्न भएका छन् । विशेषतः मानव अधिकारको संरक्षण र संवर्धन, परिपालनमा

सहकार्य र समन्वयका विषयमा एकसाथ कसरी अगाडि जान सकिन्छ भन्ने विषयलाई प्राथमिकतामा राखी कामकारबाही हुँदै आएका छन् ।

सङ्घ, प्रदेश र स्थानीय तहसँग सहकार्य र समन्वय, अधिकार बाँडफाँड, साझा कानुन निर्माण आदि जल्दाबल्दा विषय हुन् । स्थानीय तहमा न्यायिक समितिको काम, कर्तव्य र अधिकार प्रत्यक्षतः कानुन र मानव अधिकारसँग जोडिएको मुद्दा हो । यी मुद्दाहरूलाई मानव अधिकारको कोणबाट हेर्नुपर्छ भन्ने मान्यताका साथ आयोगले एकल र सहकार्य एवम समन्वयमा कार्यक्रमहरूलार्य निरन्तरता दिएको छ । त्यसैगरी गैसस, नागरिक समाज, व्यावसायिक सङ्घसंस्थाहरू पनि समन्वय र सहकार्यमा आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ । विभिन्न सङ्घसंस्थाद्वारा आयोजित कार्यक्रममा स्रोतव्यक्ति, प्रमुख अथिति, अथितिको रूपमा सहभागी भई विषयवस्तुमाथि संस्थागत विचारहरू राख्दै आएको छ । मानव अधिकारसम्बन्धी विभिन्न विषयगत मुद्दामा केन्द्रित रही रेडियो कार्यक्रम उत्पादन गरी उपत्याकाभित्र र बाहिर रहेका विभिन्न एफएम रेडियोबाट प्रसारण भइरहेको छ ।

प्रकाशन

यस अवधिमा प्रतिवेदन, जर्नल (मानव अधिकार संवाहक) र पुस्तिका गरी जम्मा २४ प्रकाशन भएका छन्, जसमा वार्षिकसहित विषयगत प्रतिवेदनहरू रहेका छन् । प्रकाशित प्रतिवेदनहरूमा आयोगका २० वर्ष : सिफारिस कार्यान्यवन अवस्था, आयोगको ६ वर्ष : उपलब्धी र चुनौती, आप्रवासी कामदारको अधिकार, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकको अधिकार, मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू (अङ्ग्रेजी), मानव अधिकारसम्बन्धी जान्नुपर्ने कुराहरू आदि छन् ।

प्रेस विज्ञप्ति/प्रेस नोट

यस आवमा मानव अधिकारका समसामयिक विषयमा ४८ प्रेस विज्ञप्ति र २० ओटा प्रेस नोट जारी भएका छन् । यसरी जारी भएका प्रेस-विज्ञप्ति नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातनाविरुद्धको अधिकार, महिला, बालबालिका, सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित छन् ।

रणनीतिक योजना निर्माण

संस्थाको उद्देश्य प्राप्तिको लागि रणनीतिक योजना विशेष महत्त्वपूर्ण मानिन्छ । आयोगले आफ्नो स्थापनाकालदेखि नै रणनीतिक योजना निर्माण गरी कार्य गर्दै आएको छ । यसै सन्दर्भमा आयोगको पाँचौँ रणनीतिक योजना (आव २०१५–२०२०) को समावधि समाप्त भएकोले यस आवमा आगामी कार्यक्रमको लागि ६ वर्षिय छैटौँ रणनीतिक योजना (आव २०२१–२०२६) तयार गरी लागु भइसकेको छ । रणनीतिक योजना निर्माणका क्रममा संसदीय समिति, तिनै तहका सरकार, मानव अधिकारसम्बन्धी विषयगत संवैधानिक आयोगसँग छलफल गरिएको थियो । त्यसैगरी सरकारी/गैरसरकारी निकाय, मानव अधिकारको क्षेत्रमा सम्बद्ध सङ्घसङ्गठन, नागरिक समाज, सञ्चारकर्मी, आयोग परिवार एवम् सरोकारवालाहरूसँग पनि छलफल/अन्तर्क्रिया गरिएको थियो । केन्द्रीय, प्रदेश र स्थानीय तहमा भएका छलफल/अन्तर्क्रिया, परामर्श बैठकबाट प्राप्त सुझावलाई समेत मध्यनजर राखी रणनीतिक योजना तयार गरिएको थियो ।

सहकार्य र समन्वय

राष्ट्रिय तहमा

कोभिड १९ को कारण यस आवमा भौतिक रूपमा आयोगबाट सहकार्य र समन्वयमा सवर्धनसम्बन्धी कार्यहरू अगाडि बढाउन सम्भव भएन । विद्युतीय माध्यमबाट कोभिड १९ र यसबाट मानव अधिकारको क्षेत्रमा परेको असरका बारेमा छलफल/अन्तर्क्रिया भएको अवस्था छ । विशेषत: यसमा समग्र मानव अधिकार अवस्था, शिक्षा, स्वास्थ्य, वातावरण, उपभोक्ता अधिकार, विभिन्न वर्ग, समूह लक्षित अधिकार का विषय रहेका थिए । कोभिड -१९ को अनुगमन सम्बन्धमा तिनै तहको राष्ट्रिय देखि जिल्लास्तरसम्मका नागरिक समाजका प्रतिनिधिहरु संलग्न रहेका समितिहरु समावेश हुने गरी अनुगमन निर्देशिका जारी गरी पारित गरिएको थियो ।

अन्तर्राष्ट्रिय तहमा

आयोगले अन्तर्राष्ट्रिय निकायहरूसँग पनि सहकार्य र समन्वयमा कार्यहरू गर्दै आएको छ । यस्ता संस्थाहरूमा विशेषत: मानव अधिकार राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जाल (Global Alliance of the National Human Rights Institutions), मानव अधिकार राष्ट्रिय संस्थाहरूको एसिया प्रशान्त मञ्च (Asia Pacific Forum of NHRI) रहेका छन् । त्यसैगरी सम्बन्धित देशका मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घसंस्था एवम् कुटनैतिक नियोग आदि छन् । यसको साथै अन्तर्राष्ट्रिय तहमा राष्ट्रिय मानव अधिकार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, दातृ निकाय, विदेशी दूतावाससँग पनि आवश्यकता, औचित्यताको आधारमा सहकार्य र सम्बन्ध भइरहेको छ ।

चुनौतीहरू

आयोग आफ्नो स्थापनाकालदेखि नै आन्तरिक र बाह्य चुनौतीबीच अगाडि बढ्दै छ । समय-परि स्थितिअनुसार चुनौतीहरू अदलबदल हुँदै जानु स्वाभाविक हो । यस आवमा विगतदेखिका कतिपय चुनौतीहरू अहिले पनि यथावत छन् । यस आवमा पनि आयोग चुनौतीभन्दा बाहिर रहन सकेन । यी चुनौतीहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:

आन्तरिक चुनौती

यो आवमा पनि आन्तरिक चुनौतीबाट मुक्त हुन सकेन । विशेषत: आयोगको कार्य-सम्पादनको सवालमा आन्तरिक रूपमा समन्वय पूर्णत: प्रभावकारी बन्न नसकेको अवस्था छ । आन्तरिक सूचना-प्रणाली चुस्तदुरुस्त हुन नसक्दा सम्पादित कामकारबाहीहरूको प्रगति-विवरण बाहिर ल्याउन सकिएको छैन । प्रतिवेदन प्रकाशनमा एकद्वार नीति लागु हुन नसक्दा अपेक्षित गुणस्तर कायम हुन सकेको छैन ।

बाह्य चुनौती

भौतिक पूर्वाधारको अभाव

स्थापनाकालदेखि नै आयोग भौतिक स्रोत र साधनको हिसाबले विषम् परिस्थितिबाट गुज्रदैँ आएको छ ।

पटक-पटक भएका प्रयत्नका बावजुद् पनि यस अवस्थामा अपेक्षित सुधार आउन सकेको छैन । यस आवमा पनि आयोग आवश्यक, अप्रयाप्त भौतिक, स्रोतसाधनको अभावमा कठिनाइपूर्ण तवरमा आफ्ना कामकारबाही अगाडि बढाउन बाध्य छ । जनशक्तिको अनुपातमा उचित एवम् आवश्यक पूर्वाधार र स्रोतसाधन प्रयाप्त नहुँदा आयोगका कार्यहरू प्रभावित हुँदै आएको अवस्था छ ।

वि.स. २०७२ वैशाखमा आएको भूकम्पबाट क्षतिग्रस्त केन्द्रीय कार्यालयको भवन यस आवसम्म आइपुग्दा पनि निर्माण कार्य आरम्भ हुन सकेको छैन । आयोगको केन्द्रीय कार्यालय हाल पुरानो भवनको अगाडि खाली रहेको जग्गामा प्रिफ्याबाट निर्मित भवनबाट सञ्चालनमा रहेको छ । वर्षा मौसममा कार्यालयभित्र पानी छिर्दा कामकारबाहीमा बाधा पर्नुको साथै भौतिक सम्पत्तिमा पनि क्षति पुग्ने गरेको छ । आयोगको मानव स्रोत केन्द्र (पुस्तकालय) मा वर्षामा पानी चुहिने हुँदा पुस्तकलगातका सामग्रीहरूको संरक्षणमा कठिनाइ भएको छ । आयोगका प्रदेश कार्यालय, प्रदेश शाखा कार्यालयहरू हालसम्म पनि भाडामा सञ्चालित छन् । प्रदेश शाखा कार्यालय, खोटाङ र प्रदेश कार्यालय धनगढीमा जग्गा प्राप्त भए पनि भवन निर्माण कार्यमा आवश्यक पहल र सम्बोधन हुन सकेको पाइँदैन । यसबाट कार्यालय सानुपर्ने समस्या, भौतिक सामग्री टुटफुट हुनेजस्ता समयस्या एकातिर विद्यमान छन् भने अर्कोतिर आर्थिक व्ययभारमा वृद्धि भइरहेको अवस्था छ ।

एकातिर साँघुरा कोठा र त्यसको अनुपातमा बढी जनशक्ति रहनुपर्ने बाध्यता छ । उजुरी, परामर्श आदिको लागि अलग कक्ष र दक्ष जनशक्ति (मनोपरामर्श विज्ञ)-को व्यवस्था नहुँदा पीडित वा प्रतिनिधिबाट आफ्ना भनाइहरू प्रष्ट राख्न कठिनाइ भएको छ । आयोगले बारम्बार सम्बन्धित निकायलाई लिखित र मौखिक रूपमा निवेदन गरे पनि परिणममुखी सुनुवाइ हुन नसक्नु बिडम्बना नै मान्नुपर्छ ।

सरकारबाट अपेक्षित सहयोगको कमी

संरक्षाक, परिपालक र कार्यान्वयनकर्ताको हैसियतमा मानव अधिकारको सम्मान, संरक्षाण, परिपूर्ति र संस्कृति विकासमा सरकारको भूमिका विशेष एवम् महत्त्वपूर्ण मानिन्छ । मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूलाई आवश्यक सहयोग गर्नु राज्यको दायित्व हो । सतही र मौखिक रूपमा सरकार र सरकारी निकायबाट आयोगलाई सहयोग हुँदै आएको देखिए पनि कतिपय अवस्थामा पूर्ण सहयोग प्राप्त हुन नसके को अवस्था छ । संविधानत: मुलुक सङ्घीय संरचनामा प्रवेश गरे पनि आयोगको साङ्गठानिक संरचना स्वीकृति नहुँदा कतिपय कामकाकारबाही प्रभावित बन्न पुगेका छन् । सुर्खेतमा खोल्न तय गरिएको प्रदेश कार्यालय हालसम्म पनि खुल्न नसक्नु यसैको परिणाम हो । परिवर्तित सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ संशोधन हुन नसक्दा सोही ऐनमार्फत कामकारबाही सञ्चालन गर्नुपरेको अवस्था छ । यस सम्बन्धमा पटक-पटक छलफल भए पनि आशातित परिणाम आउन नसकेको अवस्था विद्यमान छ ।

आयोगका सिफारिसहरू न्यून कार्यान्वयन

मानव अधिकार संरक्षाणअन्तर्गत आयोगले मानव अधिकार अवस्थाको अनुगमन, मानव अधिकारको उल्लङ्घन/दुरुत्साहन भएको भनी परेका उजुरीउपर अनुसन्धान गर्दछ । अनुसन्धानमा आधारित तथ्यमा रही सरकार वा सम्बन्धित निकायलाई आवश्यक कारबाहीका लागि सिफारिस गर्दै आएको छ । कानुनत: आयोगका सिफारिस, निर्णय वा आदेश कार्यान्वयन बाध्यकारी भए पनि कार्यान्वन अवस्था सन्तोषजनक

छैन । यस सवालमा पटक-पटक छलफल, बहस भए पनि निष्कर्षमा पुग्न नसकिएको अवस्था छ ।

आयोगले सरकारलाई कार्यान्वयनका लागि गरेको सिफारिसको अवस्था एकदम कमजोर छ । वि.स.२०५७ देखि २०७७ असार मसान्तसम्मको अवस्था हेर्दा सिफारिसको कार्यान्वयन अवस्था अत्यन्त न्यून देखिन्छ । यस अवधिमा आयोगमा दर्ता हुन आएका १२,८२५ मध्ये ६,६१७ उजुरीहरू फछ्र्यौंट भएकोमा दोषीमाथि कानुनी कारबाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन १,१९५ सिफारिस गरिएको छ । समग्रमा हेर्दा १३.६४ पूर्ण, ३७.२३ आंशिक र ५० प्रतिशत सिफारिस कार्यान्वयन हुन सकेको छैन । कार्यान्वयन भएका सिफारिसहरू पनि प्रायः क्षतिपूर्ति उपलब्ध गराउने प्रकृतिका छन् । मानव अधिकार उल्लङ्घनका घटनामा संलग्नहरूमाथि कानुनी कारबाही र घटनाको अनुसन्धान गरी कानुनी कारबाही गर्नु भनी गरिएका सिफारिसहरूको कार्यान्वयन भएको पाइँदैन । त्यतिमात्र होइन, कारबाहीको सिफारिस गरिएका कतिपय सरकारी अधिकारीहरू दण्डित हुनुको सट्टा बढुवा हुने गरेको विडम्बनापूर्ण अवस्था छ ।

द्वन्द्वकालीन मुद्दाहरूको यथोचित सम्बोधन नहुनु

वि.स. २०५२ फागुन १ बाट तत्कालीन नेकपा (माओवादी) ले थालनी गरेको सशस्त्र युद्ध अन्ततः २०६३ मङ्सिर ५ मा औपचारिक रूपमा समाप्त भएको थियो । तत्कालीन अवस्थामा नै सरकार र माओवादी नेतृत्व सशस्त्र द्वन्द्वसँग सम्बन्धित मुद्दाहरूलाई सङ्क्रमणकालीन न्यायिक संयन्त्रमार्फत टुङ्ग्याउन सहमत भएका थिए । जटिल मानिएको सेना समायोजनजस्तो विषय समाधान भए पनि द्वन्द्वपीडितका मुद्दाहरूको यथोचित सम्बोधन अहिले पनि हुन सकेको छैन । सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न सत्यनिरूपण मेलमिलाप आयोग र बेपत्ता आयोगको गठन गरिए । ऐन संशोधन गरी आयोग र पटक-पटक पदाधिकारीहरूको म्याद थपिँदा र नयाँ पदाधिकारी नियुक्ति गर्दा पनि र निकास आउन सकेको छैन ।

हाल कार्यरत आयोगको अवस्था पनि विगतकै जस्तो हुने सम्भावना उत्तिकै प्रबल देखिन्छ । सङ्क्रमणकालीन न्यायको मर्मलाई आत्मसात गरी सर्वोच्च अदालतको निर्णय र आयोगको सिफारिसबमोजिम ऐन संशोधन नगरिएको, नियुक्तिदेखि लिएर कामकारबाहीमा दलीय स्वार्थ देखिएको छ । पीडित र अन्तर्राष्ट्रिय समुदाय एवम् सरोकारवालाहरू विश्वस्त नरहेको दक्ष र आवश्यक जनशक्ति, स्रोतसाधनको अभाव, आन्तरिक कलह, दलीय स्वार्थलगायतका कारण यस मुद्दाको सम्बोधन हुन सकेको छैन । राष्ट्रिय मानव अधिकार आयोगले गरेका अधिकांश सिफारिसहरू सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन् । आयोगले गरेका १,१९५ सिफारिसमा ९४० सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन्, जसमा क्षतिपूर्तिबाहेका सिफारिस कार्यान्वयन भएको पाइँदैन । एकातिर आयोगका सिफारिसहरू कार्यान्वयन नगरिनु र अर्कोतिर सङ्क्रमणकालीन आयोगहरूबाट मुद्दाको सम्बोधन हुन नसक्नुको प्रत्यक्ष पीडा पीडितहरूले भोग्नुपरेको छ । फलतः आयोगको कामकारबाहीमा प्रत्यक्ष/अप्रत्यक्षत यसको असर पर्न गएको अवस्था छ ।

राष्ट्रिय मानव अधिकार आयोग र अन्य विषयगत आयोगबीचको क्षेत्राधिकारमा अस्पष्टता

मौजुदा संविधानले राष्ट्रिय मानव अधिकार आयोगका अलावा प्रत्यक्षतः मानव अधिकारसँग सम्बन्धित ६ ओटा विषयगत आयोगहरूको व्यवस्था गरिएको छ । यसरी गठन गरिएका आयोगमा राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग रहेका छन् । रामअआ र यी आयोगहरूबीच सहकार्य र समन्वयमा

कार्यहरू भइरहेको भए पनि क्षेत्राधिकार, कार्य प्रकृतिका बारेमा थप स्पस्ट हुनुपर्ने अवस्था छ । **पुरातन सोच वा रुढीवादी मानसिकता र व्यवहार**

नेपाली समाजको ठुलो हिस्सा परम्परागत मान्यताबाट प्रभावित भए पनि परिर्वतन तिर उन्मुख छ । जतिसुकै अधिकार, न्याय, स्वतन्त्रता, समानतालगायतका विषय उठान भए पनि व्यवहारतः अझै पनि केही समाजमा जातीय भेदभाव, बोक्सी, छाउपडी, बालविवाह र दहेजजस्ता कुप्रथाहरु रहेका छन् । यसको बढी मार दलित, महिला, बालबालिका र आर्थिक रूपमा विपन्न समुदायमाथि पर्न गएको देखिन्छ । मानिसबीचमै छोइछिटोको कारण विभेद कायमै छ । बोक्सीको आरोपमा दिसापिसाव खुवाउने, कपाल मुडी घुमाउने, कुटपिट गर्ने र ज्यान लिनेसम्मका घृर्णित कार्यहरू अहिले पनि पूर्णत निमूल हुन सकेका छैनन् । दहेज नल्याएको वा कम ल्याएको भनी कुटपिट र जिउँदै जलाइने कार्य भइरहेका छन् । छाउपडी प्रथा अर्थात् छुई भएको अवस्थामा घरदेखि बाहिर गोठमा बस्नुपर्ने बाध्यताको अवस्था छ । बलात्कार जस्ता जघन्य अपराधका घटनाहरूमा मिलापत्र, पञ्चायती बस्ने प्रवृति हेर्दा अवस्था सोचनीय छ । फलतः यसको प्रत्यक्ष असर मानव अधिकारको संरक्षण र संवर्धनमा परेको छ ।

पारिदर्शिताको कमी

मानव अधिकारको संरक्षण र संवर्धनका क्षेत्रमा कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको पारदर्शिताको सम्बन्धमा अहिले पनि विभिन्न कोणबाट प्रश्नहरू उठिरहेका छन् । खर्च एवम् कामकारबाही पारदर्शी हुन वा बनाउन नसक्दा सर्वसाधारणसमेतमा संस्थाहरूप्रतिको छवि सकरात्मक देखिँदैन । सङ्घ-संस्थाहरूद्वारा आयोजित कार्यक्रमहरू नतिजामुखीभन्दा पनि सङ्ख्यामुखी बनाउने प्रवृति र सहभागीहरूमा पनि ज्ञान, सीपभन्दा पनि क्षणिक लाभको सोचले अन्ततः दीर्घकालमा नकारात्मक असर पर्ने देखिन्छ । यसको प्रत्यक्ष मार उद्देश्यबमोजिम इमान्दारपूर्वक कार्यरत सङ्घ-संस्थाहरूले खप्नुपरेको छ । संस्थाहरूको प्रतिवेदनमा उद्देश्य हासिल नभएको विभिन्न यथावत संस्थाहरुको प्रतिवेदनमा उल्लेख छ ।

कोभिड १९ प्रकोप

अधिल्लो आवको चैतबाट देखिएको कोभिड १९ को असरबाट सिङ्गो विश्व समुदाय प्रभावित हुँदा आयोग पनि स्वाभाविक रूपमा प्रभावित बन्न पुग्यो । यसबाट विशेषतः आयोगका अनुसन्धान एव्म प्रवर्धनसम्बन्धी गतिविधिहरू अपेक्षित रूपमा अगाडि बढ्न सकेनन् । मानव अधिकार उल्लङ्घन र ज्यादतिसम्बन्धी पुराना र नयाँ उजुरीमाथि छानबिन, अनुसन्धान कार्य सम्पन्न भए पनि लक्ष्य हासिल गर्न सम्भव भएन । यसको साथै वार्षिक योजनामा समावेश अनुगमन, संवर्धनसम्बन्धी कार्यक्रमहरू पनि अपेक्षित गति लिन सकेन । फलतः आयोगले वार्षिक रूपमा जुन लक्ष्यका साथ कार्य गर्न सम्भव थियो, सो हुन नसकेको अवस्था छ ।

चुनौती समाधानका सम्भावित उपायहरू

समग्रतामा माथि उल्लिखित चुनौतीहरूलाई सम्बोधन गर्न सरोकारवालाहरू गम्भीर हुन आवश्यक छ । यसका लागि निम्नानुसार कार्य गर्नुपर्ने देखिन्छ :

नेपाल सरकार

(क) संविधान, ऐन, नियमको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त वातावरण तय एवम् कार्यान्वयन गर्न,

(ख) संविधानतः सङ्घ, प्रदेश र स्थानीय सरकारसँग सम्बन्धित बाँकी कानुन निर्माणको लागि आवश्यक पहल गर्न,

(ग) ऐन, नियम निर्माण, संशोधन गर्दा मानव अधिकारभित्र निहित मूल्य-मान्यतालाई आत्मसात् गर्न,

(घ) कानुनी शासन र मानव अधिकारको सम्मान गर्दै दण्डहीनताको विरुद्धमा चालिएका कदम थप प्रभावकारी बनाउन,

(ङ) सङ्क्रमणकालीन संयन्त्र (बेपत्ता पारिएका व्यक्ति छानबिन र सत्यनिरूपण तथा मेलमिलाप आयोग) लाई स्वतन्त्रतापूर्वक काम गर्न सक्ने वातावरण (ऐन संशोधन, आवश्यक स्रोतसाधन र दक्ष जनशक्ति उपलब्धता आदि) निर्माण गर्न,

(च) आयोगका सिफारिसहरूलाई अविलम्बन प्रभावकारी रूपमा कार्यान्वयन गर्न,

(छ) आयोगलाई आवश्यक आर्थिक तथा भवनलगायत भौतिक स्रोत साधन उपलब्ध गराउन,

(ज) आयोगको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद्मा पेस गरी छलफललाई निरन्तरता दिने वातावरण निर्माण गर्न ।

(झ) आयोगको स्वतन्त्रता र स्वायत्तता कायम रहने गरी पेरिस सिद्धान्तअनुकूल तथा समयसापेक्ष ऐनमा संशोधन, मानव अधिकार सेवा विधेयकलाई तत्काल संसद्बाट पारित गर्ने व्यवस्था मिलाउन,

(ञ) आयोगद्वारा प्रस्तावित साङ्गठनिक संरचनालाई तत्काल स्वीकृत गर्न,

(ट) सङ्घीय संरचनाअनुसार मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यान्वयन गर्न-गराउन

(ठ) मानव अधिकारसँग सम्बन्धित वा आयोगसँग सम्बन्धित मुद्दामा समन्वय र सहकार्यका साथ अगाडि बढ्न र

(ड) गैरकानुनी कार्यमा संलग्न वा अदालतबाट दोषी ठहर भई कारबाहीको दायरामा आउन बाँकीलाई कानुनी दायरामा ल्याउन ।

राजनीतिक दल

(क) संविधानलाई कार्यान्वयको तहमा लैजान आफ्नो ठाउँबाट आवश्यक पहल गर्न,

(ख) दण्डहीनतालाई प्रश्रय नदिन, कानुनी शासन, मानव अधिकारको सम्मान र संरक्षणमा खलल हुन नदिन,

(ग) मानव अधिकारको सम्मान, संरक्षण, विकास निर्माणजस्ता कार्यमा सरकारलाई विशेष सहयोग गर्न र

(घ) मानव अधिकारसम्बन्धी मुद्दालाई समयमै सम्बोधन गर्न मानव अधिकारसम्बन्धी निकाय स्थापना गरी मानव अधिकार र आयोगसँग सम्बन्धित विषयमा समन्वय र सहकार्यका साथ अगाडि बढ्न ।

अन्य

सराकारवाला (नागरिक समाज, मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्था, व्यावसायिक सङ्घसङ्गठन, सञ्चारकर्मी, नागरिक अभियन्ताहरू आदि)-हरूबाट मानव अधिकारको मुद्दामा आवश्यकताअनुसार सरकार र आयोगसँग सहकार्य, समन्वय साथै खबरदारी गर्न ।

भावी कदमहरू

राष्ट्रिय संस्थाको हैसियतमा आयोगले संरक्षण, संवर्धन, परिपालना र संस्कृति विकासका लागि कार्य गर्दै आएको छ । विशेषत: संविधान, ऐन, नियमावली एवम् रणनीतिक योजनाको आधारमा आयोगले आफ्ना कामकारबाहीहरू सम्पादन गर्दै आइरहेको छ ।

विशेषत: विगतमा संविधान, ऐनमा समावेश मानव अधिकारसम्बन्धी प्रावधानहरूको कार्यान्वयन, समयानकूल आवश्यक संशोधन वा परिमार्जन गर्न आवश्यक छ । यसको साथै संस्थागत सुधार गर्नुपर्ने पक्षहरू, अवसर र चुनौतीहरू लगायतका पक्षमा थप छलफल गरी अगाडि बढ्नुपर्ने अवस्था छ । आयोग र पीडित, आयोग र गैसस/नागरिक समाज, पेसागत सङ्घसङ्गठन, आयोग र सरकार, आयोग र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरू, दातृ निकाय आदिसँगको सहकार्य र समन्वय सम्बन्धमा आशातित परिणाम हासिल हुन सके-नसकेको छलफल गरी तय गरेको रणनीतिक योजनालाई कार्यान्वयन तहमा लैजानुपर्ने देखिन्छ ।

हाल मुलुक तीन तहको (सङ्घ, प्रदेश र स्थानीय) सङ्घीय संरचनाभित्र रही सरकार निर्माणदेखि निर्दिष्ट कामकारबाही अगाडि बढिरहेको अवस्था छ । मानव अधिकार अनुभूतिजन्य विषय हुनाले विशेषत: आयोगको क्रियाशीलता र सरकारको प्रतिबद्धता र कार्यान्वयनमा निर्भर हुन्छ । यसका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग सहकार्य र समन्वयसाथ अगाडि बढ्नुपर्ने देखिन्छ । संसद्, सरकार, संवैधानिक निकाय, राजनीतिक दल, नागरिक समाज, गैसस एवम् सरोकारवालाहरू (नागरिक)-सँगको सहकार्य र समन्वयलाई थप प्रभावकारी एवम् उपलब्धिमूलक बनाउनुपर्ने देखिन्छ । यसको साथै मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सङ्घसंस्था/दातृ निकाय आदिसँगको सम्बन्धलाई पनि परिवर्तित सन्दर्भअनुसार समयानुकूल र अझ मजबुत तुल्याउने तर्फ अग्रसर हुनुपर्ने स्थिति छ ।

माथि उल्लिखित पक्षलाई हेर्दा आयोगका अगाडि अवसर र चुनौतीहरू पनि छन् । यसका लागि आयोगले निम्नानुसार आवश्यक कदम चाल्नुपर्ने देखिन्छ:

(क) मानव अधिकार ऐन एवम् अन्य मानव अधिकारसँग सम्बन्धित ऐनमा समयसापेक्ष सुधारका लागि थप पहल गर्न ।

(ख) परिवर्तित सन्दर्भमा आयोगको सशोधित साङ्गठिन संरचनालाई व्यवहारमा उतार्न ।

(ग) सङ्घ, प्रदेश र स्थानीय तहमा मानव अधिकारमैत्री कानुन निर्माणमा विशेषज्ञ सेवा उपलब्ध गराउन ।

(घ) आयोगका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन संयन्त्र निर्माण गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउन ।

(ङ) नेपाल पक्ष भएका विभिन्न महासन्धि, मानव अधिकारसम्बन्धी कार्ययोजनामा उल्लेख भएअनुरूप राज्यलाई आफ्नो दायित्व निर्वाह गर्ने वातावरण निर्माणका लागि सहयोग पुऱ्याउन ।

(ङ) मानव अधिकारका चुनौती विषयमा प्राथमिकता भनी निर्धारण गरिएका मुद्दालाई सम्बोधन गर्न योजनागत कार्य अगाडि बढाउन ।

(च) द्वन्द्वकालीन मुद्दालाई सम्बोधन गर्न सङ्क्रमणकालीन संयन्त्र अपेक्षित रूपमा क्रियाशील हुन नसकेको अवस्थामा भावी दिनमा आयोगले अवलम्बन गर्नुपर्ने रणनीति तयार गरी अगाडि बढ्न ।

(छ) राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय रूपमा सरकारवाला निकायसँगको सम्बन्धलाई बदलिँदो परिस्थितिअनुसार विकास गर्न ।

"घरघरमा मानव अधिकार, विकास र शान्तिको आधार" आह्वानलाई सार्थक तुल्याउनु आयोगको दायित्व हो । धर्म, वर्ण, लिङ्ग, जात, आर्थिक हैसियत, राष्टियता वा कुनै पनि आधारमा विना भेदभाव लागु हुने मानव अधिकारलाई विश्वव्यापी प्रकृतिको मानिन्छ । मानव अधिकारभन्दा बाहिर समानता, न्याय, मानव मर्यादाको परिकल्पना पनि सम्भव हुँदैन । यस्ता कार्यलाई व्यवहारमा उतार्न आयोगको भूमिका विशेष र महत्त्वपूर्ण हुन्छ । आयोगले विगत अनुभवबाट सिक्दै अगाडि बढ्न आवश्यक छ । सविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित रही समयसापेक्ष मुद्दाहरूलाई समेत सम्बोधन हुने गरी आफ्ना कामकारबाहीहरूलाई समयानुकूल अगाडि बढाउनुपर्ने देखिन्छ ।

साङ्गठानिक संरचना

अनुसूची–१



अनुसूची–२

आयोगमा कार्यरत पदाधिकारी/कर्मचारीहरू

क्र. स	नाम	पद
१	श्री तप बहादुर मगर	माननीय अध्यक्ष
२	डा.सूर्य प्रसाद ढुङ्गेल	माननीय सदस्य
३	श्री मिहिर ठाकूर	माननीय सदस्य
४	श्री मनोज दुवाडी	माननीय सदस्य
५	श्री लिली थापा	माननीय सदस्य
६	श्री मुरारिप्रसाद खरेल	का.मु.सचिव

सचिवालय

क्र. स	नाम	पद	कैफियत
७	मायादेवी शर्मा	उपसचिव	स्वकीय सचिव, अध्यक्षको सचिवालय/पमुख, बैठक समन्वय महाशाखा
८	कुमारी महरा	मानव अधिकार अधिकृत	अध्यक्षको सचिवालय .
९.	सीता रेग्मी अधिकारी	मानव अधिकार अधिकृत	स्वकीय सचिव, माननीय सदस्य
१०	रंजीता साह	मानव अधिकार अधिकृत	मानव अधिकार अधिकृत
११	मधु सुनाम	मानव अधिकार अधिकृत	मानव अधिकार अधिकृत
१२	सुमित्रादेवी राई	मानव अधिकार अधिकृत	मानव अधिकार अधिकृत
१३	किरणप्रसाद घिमिरे	नायव सुब्बा	स्वकीय सचिव, सचिवालय
१४	कुमार तामाङ्ग	सवारी चालक	
१५	नरबहादुर घर्ती	सवारी चालक	
१६	राजेश सरदार	सवारी चालक	
१७	मेनुका घिमिरे	सवारी चालक	
१८	भीमबहादुर खत्री	सवारी चालक	
१९	सुर्यकान्त खतिवडा	कार्यालय सहयोगी	
२०	कृष्णकुमारी गुरुङ	कार्यालय सहयोगी	
२१	विन्दा पाण्डे	कार्यालय सहयोगी	
२२	शान्ता सेढांई	कार्यालय सहयोगी	
२३	विनिता के.सी.	कार्यालय सहयोगी	

विभागीय प्रमुखहरू

क्र. स	नाम	पद
२४	डा. टीकाराम पोखरेल	सहसचिव/प्रवक्ता, प्रशासन, योजना तथा अर्थ विभाग
२५	दीपकजंगध्वज कार्की	सहसचिव, संरक्षण विभाग
२६	नवराज सापकोटा	सहसचिव, सवर्धन विभाग

प्रशासन महाशाखा

क्र. स	नाम	पद	कैफियत
२७	घनश्याम भण्डारी	मानव अधिकार अधिकृत	निमित्त महाशाखा प्रमुख
२८	कल्पना बस्याल (घिमिरे)	प्रशासकीय अधिकृत	
२९	राजेन्द्रप्रसाद न्यौपाने	मानव अधिकार अधिकृत	
३०	बाबुकाजी के.सी.	सुरक्षा अधिकृत	
३१	सागर श्रेष्ठ	नायव सुब्बा	
३२	अनिजकुमार परियार	नायव सुब्बा	
३३	मिथिला बिहारी हुजेदार	नायव सुब्बा	काज: जनकपुर
३४	निलम परियार	नायव सुब्बा	
३५	बालमुकुन्द कार्की	सवारी चालक	
३६	भीमबहादुर लामा	सवारी चालक	
३७	राजकुमार घिमिरे	सवारी चालक	
३८	यादव पौडेल	सवारी चालक	
३९	रामकृष्ण थारु	सवारी चालक	
४०	संग्रामजीत लामा	सवारी चालक	
४१	भक्तबहादुर थापा	सवारी चालक	
४२	हरिप्रसाद सिग्देल	सवारी चालक	
४३	लुकमान घले	सवारी चालक	
४४	उत्तम गिरी	सवारी चालक	
४५	उपेन्द्र घिमिरे	सवारी चालक	
४६	अजिता ढकाल	कार्यालय सहयोगी	
४७	इन्दिरा पोखरेल	कार्यालय सहयोगी	
४८	तारा बास्तोला	कार्यालय सहयोगी	
४९	प्रमोद राय	कार्यालय सहयोगी	
५०	सरोज कार्की	कार्यालय सहयोगी	
५१	सरिता कुमाल	कार्यालय सहयोगी	
५२	राजन सापकोटा	कार्यालय सहयोगी	
५३	राधा दाहाल	कार्यालय सहयोगी	

५४	रोजीना तामाङ	कार्यालय सहयोगी	
५५	लक्ष्मण राना	कार्यालय सहयोगी	
५६	लालबहादुर लामा	कार्यालय सहयोगी	
५७	सर्मिला तामा	कार्यालय सहयोगी	
५८	सम्झना दमिनी	कार्यालय सहयोगी	काज: बुटवल
५९	सावित्री मरासिनी	कार्यालय सहयोगी	
६०	नारायण महर्जन	कार्यालय सहयोगी	
६१	गीता राना	कार्यालय सहयोगी	
६२	पार्वती खतिवडा	कार्यालय सहयोगी	
६३	कृष्ण श्रेष्ठ	सुरक्षा गार्ड	
६४	खगेन्द्र थापा मगर	सुरक्षा गार्ड	
६५	लक्ष्मी नेपाल	सुरक्षा गार्ड	
६६	चन्द्रकला विष्ट	क्लिनर	
६७	हीरामाया महर्जन	क्लिनर	
६८	इन्द्रबहादुर सुवाल	माली	

अनुसन्धान महाशाखा

क्र. स	नाम	पद	कैफियत
६९	लोकनाथ बास्तोला	उप-सचिव	महाशाखा प्रमुख/सहायक प्रवक्ता
७०	कल्पना झा	मानव अधिकार अधिकृत	
७१	लक्ष्मी पौडेल (लमजुङ)	मानव अधिकार अधिकृत	
७२	जीवन न्यौपाने	मानव अधिकार अधिकृत	
७३	रेखा बास्तोला	मानव अधिकार अधिकृत	
७४	पम्फादेवी मैनाली	मानव अधिकार अधिकृत	
७५	तारादेवी वाग्ले	मानव अधिकार अधिकृत	
७६	लोककुमार श्रेष्ठ	मानव अधिकार अधिकृत	
७७	मन्दिरा श्रेष्ठ	मानव अधिकार अधिकृत	
७८	सुजता लोहनी	मानव अधिकार अधिकृत	
७९	सेली गौतम	मानव अधिकार अधिकृत	
८०	मुक्तिराम सुवेदी	नायव सुब्बा	

प्रवर्धन महाशाखा

क्र. स	नाम	पद	कैफियत
८१	दीपेन्द्रबहादुर सिंह	मानव अधिकार अधिकृत	निमित्त महाशाखा प्रमुख
८२	लक्ष्मी राई	प्रशासकीय अधिकृत	

८३	शुशिला रिजाल	मानव अधिकार अधिकृत	

अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा

क्र. स	नाम	पद	कैफियत
८४	कमल थापाक्षेत्री	मानव अधिकार अधिकृत	निमित्त महाशाखा प्रमुख

अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा

क्र. स	नाम	पद	कैफियत
८५	मञ्जु खतिवडा, रेग्मी	उप-सचिव	महाशाखा प्रमुख
८६	खिमानन्द बस्याल	मानव अधिकार अधिकृत	
८७	पूर्णिमा राणा	मानव अधिकार अधिकृत	
८८	सीता उप्रेती	मानव अधिकार अधिकृत	
८९	डेगराज भट्टराई	नायव सुब्बा	

सामूहिक अधिकार महाशाखा

क्र. स	नाम	पद	कैफियत
९०	हरिप्रसाद ज्ञवाली	उप-सचिव	महाशाखा प्रमुख
९१	यशोदा बन्जाडे	मानव अधिकार अधिकृत	
९२	अम्बिका घिमिरे	मानव अधिकार अधिकृत	
९३	दिव्यकुमार झा	मानव अधिकार अधिकृत	
९४	कल्पना नेपाल आचार्य	मानव अधिकार अधिकृत	
९५	कुमारी शरणा उराँव	मानव अधिकार अधिकृत	
९६	रविलाल नेपाली	मानव अधिकार अधिकृत	

आर्थिक व्यवस्थापन महाशाखा

क्र. स	नाम	पद	कैफियत
९७	जितेन्द्र कार्की	लेखा अधिकृत	निमित्त महाशाखा प्रमुख
९८	कृष्णनारायण श्रेष्ठ	लेखा/प्रशासन अधिकृत	
९९	सम्झना धिमाल	लेखापाल	
१००	सफला लामिछाने	लेखापाल	
१०१	ज्ञानेन्द्र महर्जन	कार्यालय सहयोगी	

लैङ्गिक, सामाजिक समावेशी महाशाखा

क्र. स	नाम	पद	कैफियत
१०२	रेगम महर्जन	मानव अधिकार अधिकृत	निमित्त महाशाखा.प्रमुख

१०३	उषाकिरण मेघी	मानव अधिकार अधिकृत	
१०४	दीपा आचार्य अधिकारी	मानव अधिकार अधिकृत	

कानुन महाशाखा

क्र. स	नाम	पद	कैफियत
१०५	सोमनाथ सुवेदी	उप-सचिव	महाशाखा प्रमुख/सूचना अधिकारी
१०६	सन्ध्याकुमारी पुडासैनी	मानव अधिकार अधिकृत	
१०७	रुना महर्जन	मानव अधिकार अधिकृत	

योजना, नीति तथा आन्तरिक मूल्याङ्कन महाशाखा

क्र. स	नाम	पद	कैफियत
१०८	पवनकुमार भट्ट	उप-सचिव	महाशाखा.प्रमुख
१०९	अनिशकुमार पौडेल	मानव अधिकार अधिकृत	
११०	माया गैरे	नायव सुब्बा	

प्रदेश कार्यालय समन्वय महाशाखा

क्र. स	नाम	पद	कैफियत
१११	रमेशकुमार थापा	मानव अधिकार अधिकृत	निमित्त महाशाखा.प्रमुख

सूचना, सञ्चार प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा

क्र. स	नाम	पद	कैफियत
११२	कैलाशकुमार सिवाकोटी	मानव अधिकार अधिकृत	निमित्त महाशाखा.प्रमुख
११३	दुर्गा पोखरेल	मानव अधिकार अधिकृत	
११४	रविता त्वाती	सूचना प्रविधि अधिकृत	
११५	समन मानन्धर	सूचना प्रविधि तथा अभिलेख सहायक	
११६	पवन भण्डारी	नायव सुब्बा	
११७	मणिराम थापा	नायव सुब्बा	

प्रदेश नं. १ कार्यालय, विराटनगर

क्र. स	नाम	पद	कैफियत
११८	नीतु गर्तौला	उप-सचिव	कार्यालय प्रमुख
११९	सुवोध पोखरेल	मानव अधिकार अधिकृत	
१२०	गीताकुमारी दाहाल	मानव अधिकार अधिकृत	
१२१	दीपकुमार यादव	मानव अधिकार अधिकृत	
१२२	विन्दा अधिकारी	लेखापाल	

१२३	खिला रेग्मी	नायव सुब्बा	
१२४	देवेन्द्र रेग्मी	कार्यालय सहयोगी	
१२५	मथुरा थापा रेग्मी	कार्यालय सहयोगी	
१२६	विष्णु पराजुली	सवारी चालक	
१२७	पशुपति चौधरी	सवारी चालक	
१२८	पदमबहादुर श्रेष्ठ	सुरक्षा गार्ड	
१२९	ज्ञानचन्द्र राजवंशी	सुरक्षा गार्ड	

प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ

क्र. स	नाम	पद	कैफियत
१३०	श्यामबाबु काफ्ले	उप-सचिव	कार्यालय प्रमुख
१३१	चिरञ्जिवी कोइराला	मानव अधिकार अधिकृत	
१३२	नेत्रप्रसाद गौतम	मानव अधिकार अधिकृत	
१३३	गायत्री खत्री	लेखापाल	काज: केका
१३४	भिमसेन थापामगर	नायव सुब्बा	
१३५	युवराज रिजाल	कार्यालय सहयोगी	
१३६	अम्बरबहादुर रावल	सुरक्षा गार्ड	
१३७	ज्ञानबहादुर दाहाल	सुरक्षा गार्ड	

प्रदेश नं. २ कार्यालय, जनकपुर

क्र. स	नाम	पद	कैफियत
१३८	बीरबहादुर बुढामगर	उप-सचिव	कार्यालय पमुख
१३९	मनमाया रानामगर	मानव अधिकार अधिकृत	
१४०	दीपक कार्की	लेखा अधिकृत	
१४१	रेखा दत्त	मानव अधिकार अधिकृत	
१४२	ज्योतिप्रसाद घिमिरे	मानव अधिकार अधिकृत	
१४३	कृष्णप्रसाद मिश्र	मानव अधिकार अधिकृत	
१४४	नवलकिशोर सिंह	सुचना प्रविधि सहायक	
१४५	विभा ढुङ्गाना	नायव सुब्बा	
१४६	राजीवकुमार कर्ण	नायव सुब्बा	
१४७	रामनन्दन साह	कार्यालय सहयोगी	
१४८	शशिभुषण सिंह	कार्यालय सहयोगी	
१४९	सरोजकुमार मण्डल	सवारी चालक	
१५०	आदर्शकुमार निशाद	सवारी चालक	

१५१	अभिमन्यु कुमार सिंह	सुरक्षा गार्ड	
१५२	गम्भीरकान्त झा	सुरक्षा गार्ड	
१५३	रामविनय मण्डल	सुरक्षा गार्ड	

वाग्मती प्रदेश कार्यालय, सानेपा

क्र. स	नाम	पद	कैफियत
१५४	यज्ञप्रसाद अधिकारी	सह-सचिव	कार्यालय प्रमुख
१५५	सरिता ज्ञवाली	उप-सचिव	
१५६	जायश्वर चापागाई	मानव अधिकार अधिकृत	
१५७	लक्ष्मी पौडेल (स्याङ्गजा)	मानव अधिकार अधिकृत	
१५८	रेवा रेग्मी	मानव अधिकार अधिकृत	
१५९	पवित्रा भण्डारी	मानव अधिकार अधिकृत	
१६०	रारा कर्माचार्य	लेखा अधिकृत	
१६१	निर्मला वोगटी	लेखापाल	
१६२	अस्मिता पोखरेल	सूचना प्रविधि तथा अभिलेख सहायक	
१६३	लोकनाथ घिमिरे	नायव सुब्बा	
१६४	श्रीराम कार्की	सवारी चालक	
१६५	मनोज बुढामगर	सवारी चालक	
१६६	प्रदिप सुवेदी	कार्यालय सहयोगी	
१६७	रीताकुमारी साह	कार्यालय सहयोगी	
१६८	प्रेमकुमार चौधरी	सुरक्षा गार्ड	
१६९	अविन पौडेल	सुरक्षा गार्ड	

गण्डकी प्रदेश कार्यालय, पोखरा

क्र. स	नाम	पद	कैफियत
१७०	चन्द्रकान्त चापागाई	उप-सचिव	कार्यालय प्रमुख
१७१	खिमलाल सुवेदी	मानव अधिकार अधिकृत	
१७२	मोहन काफ्ले	मानव अधिकार अधिकृत	
१७३	सरु श्रेष्ठ	मानव अधिकार अधिकृत	
१७४	टंकप्रसाद खनाल	मानव अधिकार अधिकृत	
१७५	विनोद परियार	नायव सुब्बा	
१७६	हरि तामाङ	सवारी चालक	
१७७	पासाङ लामा	सवारी चालक	
१७८	देवु खवास	कार्यालय सहयोगी	

१७९	वीरबहादुर महतारा	कार्यालय सहयोगी	
१८०	दामोदर पौडेल	सुरक्षा गार्ड	
१८१	सीताकुमारी चौधरी	सुरक्षा गार्ड	
१८२	गीता भण्डारी	सुरक्षा गार्ड	

लुम्बिनी प्रदेश कार्यालय, बुटवल

क्र. स	नाम	पद	कैफियत
१८३	सम्झना शर्मा	सह-सचिव	कार्यालय प्रमुख
१८४	सन्तोष आचार्य	उप-सचिव	
१८५	दीपक ठाकुर	मानव अधिकार अधिकृत	
१८६	इन्द्रजीत साहनी	मानव अधिकार अधिकृत	
१८७	बसन्त अर्याल	मानव अधिकार अधिकृत	
१८८	नारायण वस्नेत	लेखा/प्रशासन अधिकृत	काज: नेपालगञ्ज
१८९	कृष्णप्रसाद अधिकारी	लेखापाल	
१९०	विमला नेपाली (लाखे)	नायव सुब्बा	
१९१	घनश्याम थारु चौधरी	सवारी चालक	
१९२	विकास राई	सवारी चालक	
१९३	टीकाराम पन्थी	कार्यालय सहयोगी	
१९४	मेनुका पोखरेल	कार्यालय सहयोगी	
१९५	गौतम रणपाल	सुरक्षा गार्ड	
१९६	सुर्यमणि चौधरी	सुरक्षा गार्ड	
१९७	हरिप्रसाद लामिछाने	सुरक्षा गार्ड	

लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज

क्र. स	नाम	पद	कैफियत
१९८	झंकरबहादुर रावल	उप-सचिव	कार्यालय प्रमुख
१९९	द्वारिकाकुमारी अधिकारी	मानव अधिकार अधिकृत	
२००	मानबहादुर कार्की	मानव अधिकार अधिकृत	
२०१	रमेश रावत	मानव अधिकार अधिकृत	
२०२	दीपक थापा (नेपाली)	मानव अधिकार अधिकृत	
२०३	दयाराम पाठक	मानव अधिकार अधिकृत	
२०४	विजया उप्रेती मैनाली	लेखा अधिकृत	काज: सानेपा
२०५	अजितकुमार ठाकुर	नायव सुब्बा	
२०६	विदेशराम चौधरी	नायव सुब्बा	

२०७	सुलोचन चौधरी	सूचना प्रविधि तथा अभिलेख सहायक	
२०८	रेशमबहादुर थापा मगर	सवारी चालक	
२०९	टीकाराम अधिकारी	कार्यालय सहयोगी	
२१०	सन्तोष चन्द	कार्यालय सहयोगी	
२११	भरतसिंह परियार	सुरक्षा गार्ड	
२१२	हरिबहादुर के.सी.	सुरक्षा गार्ड	

कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला

क्र. स	नाम	पद	कैफियत
२१३	बुद्धनारायण साहनी	उप-सचिव	कार्यालय प्रमुख
२१४	धनराज शाही	मानव अधिकार अधिकृत	
२१५	किरणकुमार बराम	मानव अधिकार अधिकृत	
२१६	नरेन्द्र खत्री	लेखापाल	
२१७	जीवन महत	सुरक्षा गार्ड	
२१८	कल्पना महतारा	सुरक्षा गार्ड	
२१९	नन्द बुढा	सुरक्षा गार्ड	
२२०	बलसिंह सुनार	कार्यालय सहयोगी	

सुदुरपश्चिम् प्रदेश कार्यालय, धनगढी

क्र. स	नाम	पद	कैफियत
२२१	मोहनदेव जोशी	उप-सचिव	कार्यालय प्रमुख
२२२	रुपाश्री निरौला	मानव अधिकार अधिकृत	
२२३	गणेशराज जोशी	मानव अधिकार अधिकृत	
२२४	प्रकृति सिंह	मानव अधिकार अधिकृत	
२२५	भुपेन्द्रबहादुर धामी	लेखापाल	
२२६	महिमा चौधरी	नायव सुब्बा	काज: नेपालगञ्ज
२२७	भरत गिरी	सवारी चालक	
२२८	भक्तिप्रसाद न्यौपाने	सवारी चालक	काज: खोटाङ
२२९	तिलु थापा	कार्यालय सहयोगी	
२३०	वीरबहादुर साह	कार्यालय सहयोगी	
२३१	नृप शाही	सुरक्षा गार्ड	
२३२	शंकर राज पाठक	सुरक्षा गार्ड	

आ.व. २०७७/७८ मा आयोगमा परेका उजुरीहरू

महिना	प्रदेश कार्यालय						प्रदेश शाखा कार्यालय			जम्मा
	विराटनगर	जनकपूर	सानेपा	पोखरा	वूटवल	धनगढी	खोटाङ	नेपालगञ्ज	जूम्ला	
साउन	०	३	१०	०	०	०	०	०	०	१३
भदौ	१	२	५	०	०	०	१	१	०	९
असोज	०	३	१६	०	०	०	०	०	०	१९
कार्तिक	०	०	७	०	०	२	२	०	०	११
मङ्सिर	०	५	४	२	२	०	०	०	१	१४
पूस	०	४	१३	०	०	६	०	०	०	२३
माघ	४	४	९	०	१	५	०	०	१	२०
फागून	०	४	९	१	०	१	०	०	२	१७
चैत	३	२	११	१	०	२	१	०	०	१७
बैशाख	०	१	१	०	०	२	१	०	०	५
जेठ	२	०	५	१	०	२	१	०	०	९
असार	३	४	८	१	०	३	०	०	०	१६
जम्मा	१३	३२	९८	६	३	२३	६	१	४	१८६

आ.व. २०७७/०७८ महासन्धिमा आधारित उजुरीहरू

क्र.स.	महासन्धि	विषय	प्रदेश कार्यालय						प्रदेश शाखा कार्यालय			जम्मा
			विराटनगर	जनकपूर	सानेपा	पोखरा	बूटवल	धनगढी	खोटाङ	नेपालगञ्ज	जुम्ला	
१	नागरिक, राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि	न्याय प्रशासन	७	५	१०	२	१	३				२८
		बाच्न पाउने अधिकार	१	१							१	३
		शान्ति सूरक्षा			१२	१						१३
		मानव अधिकार रक्षा			१							१
		धम्की/दूर्व्यवहार		२								२
		गर्र कानुनी हत्या			२							२
		गैरकानूनी थूना			३							३
		जीवनको रक्षा			१			२				३
		स्वतन्त्रता/सभासम्मेलनको अधिकार/प्रहरीद्वारा हस्तक्षेप			२							२
		हत्या			१							१
		गोपनियताको हक									१	१
		कूटपिट			१							१
		बेपत्ता/अपहरण		३	२		१					६
		कारागारमा वन्दीको उपचारमा हेलचेक्राई				१						१
		कारागारमा शङ्कास्पद मृत्यू			१							१
		तेस्रो लिङ्गीको अधिकार			२							२
		प्रहरीद्वारा कूटपिट			३							३
		नागरीकताबाट वञ्चित भएको			१				१			२
		प्रहरिले जाहेरी नलिएको			१			१				२

२	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि	बसोवासको अधिकार	१		४							५
		विस्थापितले राहत नपाएको			१							१
		क्षतिपुर्ति नपाएको			३							३
		आवासको अधिकार			२							२
		ESCR			३			५				८
		स्वच्छ वातावरणको अधिकार		१	१			१				३
		संस्कृतिक अधिकार			१							१
		खाद्य अधिकार						२				२
		सम्पत्तिको अधिकार			३							३
		स्वास्थ्यको अधिकार			३							३
		रोजगारीको अधिकार			३					१	१	५
		आवासको हक			२							२
		आदिवासीको अधिकार			१							१
		विद्युत प्रशारण लाइनले स्थानिय प्रभावित				१		१				२
		विकास तथा वातावरण										०
		आयोजनाबात विस्थापित							१			१
३	यातना विरुद्धको अर्न्तराष्ट्रिय महासन्धि	यातना	१	६	८		१	१	३			२०
		तत्कालिन माओवादीद्वारा कूटपिट							१			१
		नगरप्रहरीद्वारा यातना									१	१
		मानसिक तथा शारीरिक यातना			१							१
४	बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि	बाल अधिकार	३	२	४							९
		वालिका वतात्कार						१				१
		विद्यालयमा प्र.अ. द्वारा प्रा.वि.तहका विद्यार्थीलाई जवर जस्ती वन्धक वनाई राखेको				१						१

५	महिला अधिकार सम्बन्धी अन्तर राष्ट्रिय महासन्धि	घरेलू हिंसा				४							४
		महिला अधिकार				१			१				२
		महिला हिंसा		५		१							७
		बलात्कार							१				१
		बोक्सीको आरोप		२									२
		जवरजस्ती करणी							१				१
६	आप्रवासी कामदार र तिनका परिवारको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि			१		१							२
७	व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि					३							३
८	सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर राष्ट्रिय महासन्धि			३		४			२				९
९	अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि					१							१
१०	अन्य	जेष्ठ नागरिकको अधिकार							१				१
		जम्मा		१३	३२	९८	६	३	२३	६	१	४	१८६

अनुसूची–४

प्रदेशगतरूपमा सम्पादित कार्यहरू

प्रदेश नं १ विराटनगर कार्यालय

अनुगमन विवरण

क्र.स.	अनुगमनको विषय	अनुगमन मिति	स्थान	कैफियत
१	वातावरणको अधिकार	२०७७/०५/०४–०६	सुनसरी	बराहक्षेत्र नपामा विद्युत लाइन प्रशारणवाट परेको असर सम्बन्धमा
२	कैदीबन्दीहरूको स्वास्थ्य अवस्था	२०७७/०६/०७–०८	सुनसरी	
३	मानसिक स्वास्थ्य	२०७७/०६/१४–१६	मोरङ र सुनसरी	मोरङ जिल्ला उर्लाबारी नपा ९ निवासी टेकबहादुर आलेमगरको स्वास्थ्य मानसिक रूपमा ठीक नभएको भनी विगत ४ महिनादेखि परिवारबाट फलामको खोरमा थुनी राखेको भन्ने सूचनाको आधारमा अनुगमनपश्चात् उद्धार र वीपी कोइराला .अस्पताल धरानसँग समन्वय गरी नि:शुल्क उपचारको व्यवस्था र हाल स्वास्थलाभ गरी फर्किसकेको
४	कोभिड १९ र स्वास्थ्यको अधिकार	२०७७/०७/१५–२१	झापा,मोरङ र सुनसरी	
५	सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापकको हत्या	२०७७/०८/२३ देखि २०७७/०८/२६	मिक्लाजुङ गापा, मोरङ	
६	स्वास्थ्यको अधिकार	२०७७/०७/०९/२१–२७	इलाम, पाँचथर र ताप्लेजुङ	
७	जेष्ठ नागरिकहरूको अधिकारको अवस्था	२०७७/१०/०२ –१३	प्रदेश नं. १ र प्रदेश नं. २	केकासँग समन्वय

८	मानसिक स्वास्यको अवस्था	२०७७/१०/ १३–१६	विराटनगर	विराटनगर ७ सरौचिया, ४ कञ्चनबारी र जनपथ टोल ११ मा मानसिक स्वास्थ्य देखिएका सडकमै जीवन व्यतित गरिरहेका ९ वर्षीय बालकसहित ४ जनालाई मानव सेवा आश्रम, विराटनगर मनपा र जनप्रनिधिको सहयोगमा उद्धार गरी मानव सेवा आश्रम विराटनगरमा गास, बास र कपास र स्वास्थ्यको व्यवस्था मिलाइएको । अवस्था केकस्तो छ भनी पुन: २०७७ चैत २ मा अनुगमन
९	नेकपा (प्रचण्ड-नेपाल) समूहद्वारा आयोजित बन्दहड्तालमा मानव अधिकार अवस्था	२०७७ / १६	विराटनगर, मोरङ	
१०	नेकपा (प्रचण्ड-नेपाल) समूहद्वारा आयोजित बन्दहड्तालमा मानव अधिकार अवस्था	२०७७/१०/ २२	मोरङ र सुनसरी	
११	बालिका बलात्कार	२०७७/१०/ २२	जहदा गापा १, मोरङ	अनौपचारिक सेवा क्षेत्र (इन्सेक) विराटनगरबाट शौचालय जाँदा बालिका बलात्कार गरेको भन्ने सूचना प्राप्त भएपछि आयोग, इन्सेक, एबीसी नेपाल, माइती नेपाल र बाल हेल्पलाइन (सिविन) बाट संयुक्त अनुगमन

१२	–यातना/दुर्व्यहार –बाल अधिकार	२०७७/११/०२–०६	सुनसरी र झापा	–नेकपा (माओवादी) विप्लव समूहका नेता झापा धमेन्द्र बास्तोलालाई हिरासतमा राखी यातना दिएको तथा परिवारलाई भेटन नदिएको शहिद धर्मभक्त माबि, कमल गापा ३ झापाका विद्यार्थीमाथि यौन हिंसा/शारीरिक सजाय
१३	बाल अधिकार	२०७७/११/ ०९	विराटनगर	माननीय सदस्य मिहिर ठाकुरसहितको टोली
१४	मानव बेचबिखनविरुद्धको अधिकार	२०७७/११/ १३/२०७७/११/ २१	इलाम, झापा, सुनसरी र मोरङ	केकासँग समन्वय
१५	वातावरण विकास तथा मानव अधिकार	२०७७/११/ १२–१८	सुनसरी र सङ्खुवासभा	
१६	वातावरणको अधिकार	२०७७/११/२३	सुनसरी, इलामा, झापा, मोरङ	केकासँग समन्वय
१७	इप्रका कानेपोखरीबाट यातना	२०७७ /१२/२९	मोरङ	
१८	आप्रवासी कामदार	२०७७/१२/ ३१	झापा वा मोरङ	
१९	सम्पतिको अधिकार	२०७८/०१/ १२	बुढीगङ्गा गापा १, मोरङ	
२०	कोभड १९ र स्वास्थ्यको अधिकार	विभिन्न मितिमा	मोरङ, सुनसरी र झापा	अस्पताल, आसोलेसन सेन्टर, क्वाइनटाइन सेन्टर, सीमा क्षेत्र, आदि
२१	बाल अधिकार	२०७८/०२/०९–१०	मेची नपा १३, झापा	१० वर्षिय बालिका एलीना राजवंशीको अस्पताल चाहर्दा-चाहर्दै मृत्यु भएको भनी प्राप्त सूचनाको आधारमा आयोग, राष्ट्रिय बालअधिकार परिषद र बिर्तामोड बाल अधिकार स्वयम्सेवकबाट आकस्मिक अनुगमन

२२	उपभोक्ता अधिकार	२०७८/०२/ १६	झापा	गौरादह नपा झापाले ५००० केजी चामल गाडेको भनी उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय अध्यक्षबाट प्राप्त सूचनाको आधारमा अनुगमन/छलफल
२३	वडावासी (वडा न. २, ३ ८ र ९) हरू विस्थापित	२०७८/०३/२०	बेलका नपा, उदयपुर	
२४	बाल विकासका शिक्षक (स.क.) तथा विद्यालयका कर्मचारीहरूबाट वृद्धि भएको तलब नपाएकोमा धर्ना कार्यक्रम	२०७८/०३/ २४	इनरुवा, सुनसरी	प्रायः स्थानीय तहहरूमा फोनबाट जानकारी लिँदा सोही प्रकृतिको समस्या रहेको

अनुसन्धान विवरण

प्रदेश कार्यालय विराटनगर

क्र.स.	अनुसन्धानको विषय	मिति	स्थान	कैफियत
१	• नागरिक तथा राजनीतिक अधिकार • आर्थिक। सामाजिक तथा सांस्कृतिक अधिकार • बाल अधिकार • बेपत्ता	२०७७/०७/ २२-२८	मोरङ र सुनसरी	
२	• नागरिक तथा राजनीतिक अधिकार • आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार • बाल अधिकार • बेपत्ता–२	२०७७/११/ ०२-०६	सुनसरी र झापा	
३	• बेपत्ता–२	२०७७/११/ १२-१९	सुनसरी र सङ्खुवासभा	

संवर्धनसम्बन्धी गतिविधिहरू

विराटनगर कार्यालय

क्र.स.	विषय	मिति	स्थान	सहभागिता	कैफियत
१	अन्तराष्ट्रिय मानव अधिकार दिवस	२०७७/८/२५	विराटनगर	सरकारी, गैरसरकारी संङ्घसंस्थाका प्रमुख/प्रतिनिधि गरी १५० जना	आयोग र मानव अधिकार सञ्जालको संयुक्त आयोजना
२	मानव अधिकार अवस्थाबारेमा छलफल	२०७७/९/१७	विराटनगर	मानव अधिकारकर्मीहरू ३० जना	आयोग, नागरिक समाज तथा मानव अधिकार सञ्जालसँगको संयुक्त बैठक
३	आयोग स्थापना दिवस	२०७८/२/१३	विराटनगर	सरकारी, गैरसरकारी संङ्घसंस्थाका प्रमुख/प्रतिनिधि गरी ५० जना	आयोगको २२ औं स्थापना दिवस विराटनगरमा जुमविधिबाट सम्पन्न
४	प्रदेश १ मा सामाजिक न्या तथा मानव अधिकारको अवस्था सम्बन्धमा छलफल	२०७७/११/ ०९	विराटनगर		केकाको .आयोजनामा मानीय सदस्य मिहिर ठाकुरसहितको टोलीले प्रजिअ, सामाजिक विकास मन्त्रालयका सचिव, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधसँग छलफल/अन्तर्क्रिया
५	राष्ट्रिय मानव अधिकार आयोगको छैठौ रणनितिक योजना निर्माण सम्बन्धमा छलफल तथा परामर्श	२०७७/१२/११ देखि २०७७/१२/१३	विराटनगर	सरकारी, गैरसरकारी संङ्घसंस्थाका प्रमुख/प्रतिनिधि गरी १२० जना	केकाको आयोजनामा माननीय सदस्य लिली थापासहितको टोलीलेलाई सहजीकरण

६	• चिया बगानका म जदुरहरूको अधिकारको अवस्थासम्बन्धमा छलफल • –दलित समुदायको मानव अधिकार सम्बन्धमा छलफल	२०७७/१२/२१–२३	झापा		केकाको आयोजनामा मा सदस्य डा सूर्य ढुङ्गेलसहितको टोलीले छुट्याछुट्टै अन्तर्क्रिया कार्यक्रमलाई सहजीकरण

प्रदेश शाखा कार्यालय, खोटाङ

अनुगमन विवरण

क्र.स.	अनुगमनको विषय	अनुगमन मिति	स्थान	कैफियत
	कोभिड १९ अवधिमा सोलुको मानव अधिकार अवस्था	०७७/६/१०	सोलुखुम्बु	कोभिड अनुगमन समिति, सोलुसँग समन्वय
	कोभिड १९ अवधिमा मानव अधिकार प्रचलनको अवस्था	२०७७/९/२०-२८	खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु	केकासँग समन्वय
	जिल्लाका नागरिकहरूको स्वास्थ्यको अधिकार प्रचलनको अवस्था	२०७७/८/२६–९/३	खोटाङ	
	जिल्लाका नागरिकहरूको स्वास्थ्यको अधिकार प्रचलनको अवस्था	२०७७/९/१–२ र १७–१८	खोटाङ	जम्मा २ पटक
	ओखलढुङ्गा जिल्लाका नागरिकहरूको स्वास्थ्यको अधिकार प्रचलनको अवस्था	२०७७/९/२३–२८	ओखलढुङ्गा	
	थुनुवाको अधिकार	२०७७/१०/१५	खोटाङ	
	जिल्लाका नागरिकहरूको स्वास्थ्यको अधिकार अवस्थाको प्रचलन	२०७७/१२/२८–२०७८/१–०३	सोलुखुम्बु	

	आदिवासी जनजातिका अधिकार प्रचलनको अवस्था	२०७७/१२/२८–२०७८/०१–०३	ओखलढुङ्गा	
	नागरिकको स्वास्थ्यको अधिकार प्रचलनको अवस्था	२०७७/१२/२८– ३१	सोलुखुम्बु	
	आदिवासी जनजातिका अधिकार प्रचलनको अवस्था	२०७७/१२/२८–३१	ओखलढुङ्गा	
	निषेधाज्ञा अवधिको मानव अधिकार अवस्था	२०७८/२/९	दिक्तेल, खोटाङ	
	कोभिड - १९ मा मानव अधिकार अवस्था	२०७८/२/२३–२६	हलेसी खोटाङ	
	आदिवासी जनजातिका अधिकार प्रचलनको अवस्था	२०७८/३/११- १७	खोटाङ	
	विकासको अधिकार प्रचलन अवस्था	२०७८/३/११–१७	खोटाङ	
	बाढी पहिरोले मानव अधिकार प्रचलनमा पारेको प्रभाव	२०७८/३/२१–२३	खोटाङ	

अनुसन्धान विवरण

प्रदेश शाखा कार्यालय, खोटाङ

क्र.स.	अनुसन्धानको विषय	मिति	जिल्ला	कैफियत
१.	• तत्कालीन शाही नेपाली सेनाबाट हत्या–३ • तत्कालीन सुरक्षाकर्मीबाट हत्या • सम्पत्तिको अधिकार (बिना अनुमति व्यक्तिको जग्गाबाट सडक निर्माण) • न्याय-पशासन (सवारी साधन क्षतिमा कारबाही नभएको/छात्रा हराएकोमा प्रहरीबाट आवश्यक कारबाही नभएको) –२	२०७७/०९/०७–१६	सोलुखुम्बु	जम्मा ७ उजुरीमाथि अनुसन्धान सम्पन्न
२.	• तत्कालीन नेकपा (माओवादी) ले गराएको बम विष्फोटबाट मृत्यु • तत्कालीन सुरक्षाफौजबाट बेपत्तापछि हत्या	२०७७/०९/२३–२८	ओखलढुङ्गा	जम्मा २ उजुरीमाथि अनुसन्धान सम्पन्न

३.	• तत्कालीन संयुक्त सुरक्षा फौजबाट कुटपिट • सेनाबाट छाडिएको बम बिस्फोट हुँदा बाँया खुट्टाको घुँडामुनिको पूरै भाग क्षतविक्षत • हत्या अभियोगमा तत्कालीन नेकपा (माओवादी) बाट अपहरणपछि स्थिति अज्ञात • गैरकानुनी थुना • स्वास्थ्य र जीवनको अधिकार हनन् • तत्कालीन नेकपा (माओबादी) बाट अपहरणपश्चात् जिउँदै गाडी हत्या	२०७७/१०/०१–०७	खोटाङ	जम्मा ६ उजुरीमाथि अनुसन्धान सम्पन्न
४.	• स्वेच्छाचारी पक्राउ र गैर कानुनी थुना • बिदा लिई घर गएको सेना वेपत्ता • प्रहरीबबाट यातना • ज्येष्ठ नागरिकको अधिकार हनन	२०७७/१०/०३–११/०३	खोटाङ	जम्मा ४ उजुरीमाथि अनुसन्धान सम्पन्न
५.	• तत्कालीन नेकपा (माओवादी) बाट हत्या र विस्थापित • हत्याको घटनामा प्रहरीबाट जाहेरी दर्ता गर्न इन्कार • सम्पत्तिको अधिकार (बिना अनुमति व्यक्तिको जग्गाबाट सडक निर्माण) • तत्कालीन नेकपा (माओवादी) बाट नियन्त्रणमा लिई प्रहरीको हत्या • व्यक्तिविशेषको जग्गा एमाओवादीको जिल्ला कमाण्डरले कब्जा गरी जग्गाधनीलाई विष खुवाइ हत्या • सुस्तमनस्थिति भएकी महिलामाथि भएको बलात्कारमा कारबाही नभएको • सशस्त्र द्वन्द्वको अवधिमा तत्कालीन शाही नेपाली सेनाले स्वेच्छाचारी पक्राउ/यातना–२	२०७७/१२/०३–१२	ओखलढुङ्गा	जम्मा ७ उजुरीमाथि अनुसन्धान सम्पन्न

संवर्धनसम्बन्धी गतिविधि

प्रदेश शाखा कार्यालय, खोटाङ

क्र.स.	विषय	मिति	स्थान	सहभागिता			कैफियत
				म.	पु.	जम्मा	
	अन्तर्राष्ट्रिय महिला हिंसा उन्मुलन दिवस	२०७७/८/१०	खोटाङ	२४	३६	६०	सहकार्य
	७२ औ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस	२०७७/८/२५	खोटाङ	३९	५१	९०	सहकार्य

	आप्रबासी कामदार तिनीहरूका परिवारको अन्तर्राष्ट्रिय दिवस	२०७७/९/३	खोटाङ	९५	१३	१०८	सहकार्य
	मानव अधिकार र पत्रकारिता सम्बन्धी तालिम	२०७७/९/ २१-२२	ओखलढुंगा	१२	२१	३३	केकासँग समन्वय
	अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार तालिम	२०७७/११/८	खोटाङ	१२	१९	३२	सहकार्य
	विकासको अधिकार कार्यान्वयनमा स्थानीय तहको भूमिका	२०७७/११/१०	रावाबेंसी, खोटाङ	८	१८	२६	केकासँग समन्वय
	विकासको अधिकार कार्यान्वयनमा स्थानीय तहको भूमिका	२०७७/११/११	ऐंसेलुखर्क, खोटाङ	२	२४	२८	केकासँग समन्वय
	विकासको अधिकार कार्यान्वयनमा स्थानीय तहको भूमिका	२०७७/११/१३	दिक्तेल रुपाकोट मझुवागढी खोटाङ	६	३८	४४	केकासँग समन्वय
	१११ औं अन्तर्राष्ट्रिय नारी दिवस	२०७७/११/२४	दिक्तेल	१२१	८५	२०६	सहकार्य
	रणनीतक योजनासम्बन्धी सुझाव सङ्कलन	२०७७/१२/२३	दिक्तेल				

प्रदेश नं १ को सिफारिसहरू

१ उजुरी नं १४७ महिला अधिकार, प्रदेश नं १ कार्यालय, विराटनगर, (भोजपुर) । यसमा पीडितको ठेगाना स्पष्ट नभएको, उजुरी दर्ता गराएपछि पीडित पुनः आयोगको सम्पर्कमा नरहेको र स्थानीय प्रहरीलाई पत्राचार गर्दासमेत निजको अवस्था नखुलेको देखिँदा उजुरी तामेलीमा राख्ने ।

२ उजुरी नं १७१ यातना, प्रदेश नं १ कार्यालय, विराटनगर, (ओखलढुङ्गा) । यसमा पीडित र पीडक विच मिलापत्र भइसकेको र पीडितकी आमाले उजुरी टुङ्ग्याइ दिन आयोगमा लिखित निवेदन दिएको देखिएकोले उजुरी तामेलीमा राख्ने ।

३ उजुरी नं १७९ गैरकानुनी थुना, १ नं प्रदेश कार्यालय, विराटनगर, (ओखलढुङ्गा) । यसमा ओखलढुङ्गा जिल्ला अदालतबाट पीडितहरूले सफाइ पाइ क्षतिपूर्तिसमेत प्राप्त गरी सकेको र यसै विषयमा सम्मानित सर्वोच्च अदालतबाट रि.नं. ०७०-WH-००५४ बाट निर्देशनात्मक आदेशसमेत भएको देखिँदा सो निर्देशनको परिपालना भए-नभएको बुझी पेस गर्ने ।

४ उजुरी नं ९९ विस्थापित, प्रदेश नं १ कार्यालय, विराटनगर, (ओखलढुङ्गा) । यसमा हाल पीडितले आफैँ जमिन भोगचलन गर्दै आएको हुँदा आयोगमा दर्ता रहेको उजुरी तामेलीमा राखिदिन निवेदन दिएकोले उजुरी तामेलीमा राख्ने ।

५ उजुरी नं ४८०, प्रजनन् स्वास्थ्य अधिकार, ं प्रदेश नं १ कार्यालय, विराटनगर (झापा) । यसमा "आङ खस्ने बिरामीको उपचारमा सरकारको नीतिहरू, कार्यक्रम बजेट र त्यसको कार्यान्वयन अवस्थाको सम्बन्धमा थप अनुगमन तथा अध्ययनको आवश्यकता भएकोकोले लैङ्गिक सामानता तथा सामाजिक समावेशीकरण महाशाखा र अन्तराष्ट्रिय सन्धि अनुगमन महाशाखाबाट यस विषयमा संयुक्त अनुगमन तथा अध्ययन गरी प्रतिवेदन प्राप्त भएपछि पेस गर्ने ।

६ उजुरी नं ५६७ स्वास्थ्य अधिकार, प्रदेश नं १ कार्यालय, विराटनगर, (खोटाङ) । यसमा पीडितको थप उपचारको लागी एकल महिला सुरक्षाकोषबाट रकम उपलब्ध गराउन नेपाल सरकारसमक्ष लेखी पठाउने ।

७ उजुरी नं १४२, स्वास्थ्य अधिकार, प्रदेश नं १ कार्यालय, विराटनगर (खोटाङ) । उजुरीमा उल्लिखित समस्याको समाधान भइसकेको भए पनि उजुरीमा उल्लिखित विषय सार्बजनिक सरोकार र संविधानले मौलिक हकको रूपमा प्रत्याभुत हक भएकोले यस्तो समस्या दोहरिन नदिनको लागी नेपाल सरकारसमक्ष लेखी पठाउने ।

८ उजुरी नं १७६, विस्थापित, प्रदेश नं १ कार्यालय, विराटनगर (खोटाङ) । उजुरीमा उल्लिखित समस्या समाधान भई पीडितले आयोगमा रहेको उजुरी टुङ्ग्याइदिन लिखित निवेदनसमेत दिएकोले उजुरी तामेलीमा राख्ने ।

९ उजुरी नं १७५, न्याय-प्रशासन, प्रदेश नं १ कार्यालय, विराटनगर (खोटाङ) । यसमा सैनिक ऐनअर्न्तगत पीडकलाई कारबाही भइसकेको देखिँदा उजुरी तामेलीमा राख्ने ।

१० उजुरी नं १६८, न्याय-प्रशासन, प्रदेश नं १ कार्यालय, विराटनगर (खोटाङ) । उजुरी दावीबमोजिमको कारबाही भइसकेको हुँदा केही गर्नुपरेन, उजुरी तामेलीमा राख्ने ।

११ उजुरी नं. २६, यातना, प्रदेश नं १ कार्यालय, विराटनगर, (भोजपुर) । पीडकलाई विभागीय कारबाही भएको भन्ने जानकारी प्राप्त भएकोले केही गरिरहन परेन,उजुरी तामेलीमा राख्ने ।

१२ उजुरी नं २७, गैरकानुनी थुना , प्रदेश नं १ कार्यालय, विराटनगर (भोजपुर) । पीडितहरू मिति २०६२/५/३१ गते कारागार कार्यालय भोजपुरबाट थुना मुक्त भई स्वतन्त्र रूपमा आफ्नो पेसा-व्यवसाय गर्दै आएको भन्ने लिखित निवेदनसमेत प्राप्त भएकोले केही गरिरहन परेन उजुरी तामेलीमा राख्ने ।

१३ उजुरी नं. २०८, बेपत्ता, प्रदेश नं १ कार्यालय, विराटनगर (ओखलढुङ्गा) । पीडित इन्द्रकुमारीको स्थिति हालसम्म पत्ता लाग्न नसकेको देखिएकोले यस सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग नेपालको केन्द्रीय कार्यालयबाट भारतको राष्ट्रिय मानव अधिकार आयोगसँग समन्वय गरी खोजीकार्यमा सहयोग गरी दिन पत्राचार गर्ने ।

१४ उजुरी नं. ३९४, न्याय-प्रशासन, प्रदेश नं. १ कार्यालय, विराटनगर, (मोरङ) । यस विषयमा अदालतमा मुद्दा चली सकेको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदा तामेली राख्ने ।

१५ उजुरी नं. १२९९, बेपत्ता, प्रदेश नं. १ कार्यालय, विराटनगर, (झापा) । यस विषयमा बेपत्ता पारिएका पुरुषोत्तम चुडाल, खगेन्द्र दाहालसमेतका व्यक्तिहरू सकुशल रिहा भइसकेको भन्ने अनुसन्धान प्रतिवेदनबाट देखिँदा तामेली राख्ने ।

१६ उजुरी नं १७८, सम्पत्ति लुटपाट/विस्थापित, प्रदेश नं.१ शाखा कार्यालय, खोटाङ । प्रस्तुत उजुरीका सम्बन्धमा लुटपाट तथा क्षति भएको सम्पत्तिको हकमा नागरिक राहत तथा क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि २०६६ बमोजिम मूल्याङ्कन हुँदा जम्मा रु.३९,७५०००। (उनान्चालीस लाख पचहत्तर हजारमात्र) कायम भएकोमा सरकारबाट पीडितले हालसम्म जम्मा रु.१,३४,७००। -एकलाख चौँतीस हजार सातसयमात्र।) क्षतिपूर्ति प्राप्त भएको भन्ने गृह मन्त्रालयको मिति २०७७।११।१३ च. १६२ को पत्रबाट देखिँदा के-कति कारणल निजले मूल्याङ्कनबमोजिमको क्षतिपूर्ति प्राप्त नगरेको हो ? गृह मन्त्रालयमा पत्राचार गरी जवाफ माग गर्ने र जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्ने ।

१७ उजुरी नं. २१८, यातना, (सुरक्षाकर्मीबाट) प्रदेश नं.१ कार्यालय, विराटनगर (झापा) । झापा जिल्ला टाँघनडुल्ला गाविस वडा नं.७ बस्ने नौसाद अलीलाई २०६२।३।९ गते घरबाटै नियन्त्रणमा लिई ऐ. र १९ गते ऐ. स्थित कामाटोली बजारबाट पुनः सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिई निजको भाइ लल्टु माओवादी भएको आरोपमा कुटपिट गरी यातना दिएर छाडेपछि भारतस्थित ससुरालीमा गई उपचार गएकोले न्याय पाउँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान सम्पन्न भई पेस हुन आएको । यसमा मिति २०६२।३।९ र १९ गते सो क्षेत्रमा जब्जरजंग्गण चारआली व्यारेक झापाका तत्कालीन क्यापटेनको नेतृत्वमा टोली खटिएको भन्ने प्रतिवेदनबाट देखिएको । ऐ. १९ गते ऐ निवासी रमा अधिकारीको सेनाले हत्या गरेको सम्बन्धमा दोषी सैनिकलाई कारबाही गर्न र पीडित परिवारलाई क्षतिपुर्ति दिन आयोगबाट मिति २०६२/०४/२८ गते सिफारिससमेत भइसकेको सन्दर्भमा सो स्थानमा सेनाको टोली खटिएको भन्ने पुष्टि हुन आयो । सो विषयमा तत्कालै जिल्ला प्रहरी कार्यालय झापा र जिल्ला प्रशासन कार्यालय झापामा पत्राचार गरी जानकारी माग गर्दा कुनै जवाफ प्राप्त नभएको साथै नेपाली सेनाको मिति २०७६।२।३१ च.नं. १४,६४४ को पत्रमा याातना दिने कायमा सैनिक व्यक्तिको संलग्नता नभएको भनी जवाफ प्राप्त भएता पनि मिसिल संलग्न प्रत्यक्षदर्शी तथा पीडितको बयान कागज तथा प्रमाणहरूबाट मिति २०६२ असार ९ र १९ गते पीडित नौसाद अलिलाई तत्कालीन जब्बरजङ गण चारआली व्यारेक झापाबाट खटेको सेनाको टोलीले निःशस्त्र अवस्थामा नियन्त्रणमा लिई कुटपीट गरेको देखिँदा निज नौसाद अलीको नेपालको संविधान, यातना अन्य क्रूर अमाानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८४ द्वारा प्रदत्त मानव अधिकारको उल्लङ्घन गरेको ठहर्छ । यसरी मानव अधिकार हनन भएको अवस्थामा को-कस्को कामकारबाहीबाट मानव अधिकार हनन भएको हो भन्नेतर्फ विचार गर्दा यस आयोगले गरेको छानबिन प्रतिवेदन,तथा अन्य संकलित प्रमाणबाट दोषी यकीन गर्न नसकिएतापनि

यस्तो संवेदनशील विषयमा राज्यको जिम्मेवार निकायले अनुसन्धान गरी दोषी पहिचान नगर्ने हो भने मानव अधिकार संरक्षणको विषयमा आम नागरिकहरूमा राज्यप्रति नै वितृष्णा पैदा हुने हुँदा तत्काल उक्त कार्यमा संलग्न तत्कालीन जब्बरजङ गण चारआली व्योरक झापाका क्याप्टेनसहितका सैनिकलाई अनुसन्धानको दायरामा ल्याइ दोषी पहिचान गरी कारबाही गर्न नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड (क) र सैनिकको यातनाबाट पीडित पाइएका नौसद अलीलाई रु. १,००,०००।- (एक लाख मात्र) लाख क्षतिपूर्ति उपलब्ध गराउन तत्कालीन मानव अधिकार आयोग ऐन २०५३ को दफा १३(२), राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपुर्ति निर्धारण) नियमावली २०५७ को नियम १८ र राष्ट्रिय मानव अधिकार ऐन २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने ।

१८ उजुरी नं. ७५९, बेपत्तापछि हत्या, प्रदेश नं. १ कार्यालय, विराटनगर (मोरङ) । मोरङ जिल्ला बयरवन गाविस वडा नं. ६ निवासी सुनील धिमाललाई मिति २०६१ साल भाद्र महिनामा ऐ. स्थित घर छेवैको मन्दिरबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी बेपत्ता बनाएकाले सार्वजनिक गरी पाउँ भनी दर्ता भएको उजुरी सम्बन्धमा अनुसन्धान सम्पन्न भई आज पेस भएको । सो सम्बन्धमा मृतकका हकवालाले राहत/क्षतिपूर्ति पाए-नपाएको सम्बन्धमा मिसिल संलग्न कागजातहरूबाट खुल्न नआएकोले पीडित परिवारले राहत/क्षतिपूर्ति पाए-नपाएको सम्बन्धमा गृह मन्त्रालयलाई पत्राचार गरी जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्ने ।

१९ उजुरी नं. १५००, न्याय-प्रशासन, प्रदेश नं. १ कार्यालय, विराटनगर (मोरङ) । प्रस्तुत उजुरीका सम्बन्धमा प्रहरीबाट प्रभावकारी अनुसन्धान नभएको, अभियुक्तहर हालसम्म पक्राउ नपरेकोले आवश्यक पहल गरी पाउँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा प्रहरी प्रधान कार्यालयको पत्रबाट अनुसन्धान भइरहेको भन्ने देखिँदा तामेलीमा राख्ने ।

२० उजुरी नं. १४६५, हिराशतमा मृत्यु, प्रदेश नं. १ कार्यालय, विराटनगर (झापा) । प्रस्तुत विषयमा जिल्ला प्रहरी कार्यालय झापाको हिराशतमा निज गोविन्दबहादुर कार्कीको रहस्यमय मृत्यु सम्बन्धमा शव परीक्षण प्रतिवेदनको अध्ययन गरी राय उपलब्ध गराउन फरेन्सिक मेडिसिन विभाग त्रिवि शिक्षाण अस्पताल महाराजगञ्जलाई अनुरोध गरेकोमा फरेन्सिक मेडिसिन विभाग त्रिवि शिक्षाण अस्पताल महराजगञ्जको च. नं. १९९ मिति २०७६।०४।१५ को पत्रमा निजको मृत्यु यातनाको का।ण नभई कलेजोको रोगको कारण भएको भन्ने देखिँदा तामेलीमा राख्ने ।

२१ उजुरी नं. १०७, हराएको, प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता :- राजकुमार सेवा (पाथेका ७, खोटाङ) । प्रस्तुत विषयमा समस्या समाधान भइसकेको भन्ने फोनमार्फत जानकारी प्राप्त भएको देखिँदा तामेलीमा राख्ने ।

२२ उजुरी नं. ७४७, सम्पत्ति क्षति, सुदुरपश्चिम् प्रदेश कार्यालय, धनगढी (कैलाली) । उजुरकर्ता :- दुर्गादेवी पाल (बौनिया/दोधारा, ७, कैलाली) । प्रस्तुत विषयमा अदालतमा मुद्दा चली सकेकाले उजुरीको कारबाही टुग्याइदिन भनी उजुरकर्ता स्वयम्ले लिखित निवेदन दिएको देखिँदा तामेलीमा राख्ने ।

२३ उजुरी नं. २०१, बेपत्ता/हराएको, प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : चन्द्रकुमाारी खत्री (मात्तिम ७, खोटाङ) । प्रस्तुत विषयमा हराएकी चुना बस्नेत फेला परी आमा चन्द्रकुमारीले बुझिलिएको भन्ने देखिँदा तामेलीमा राख्ने ।

२४ उजुरी नं. १६५, न्यायप्रशासन (धम्की), प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : सुमीत्रा कुमारी राई (मात्तिमविर्ता २, खोटाङ) । प्रस्तुत उजुरीका सम्बन्धमा आयोग समेतको पहलमा कानुनी उपचार पाइ स्थापित पनि भइसकेको भन्ने देखिँदा तामेलीमा राख्ने ।

२५ उजुरी नं. १२४, अपहरण (नेकपा माओवादीबाट), प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : युवराज राई (दिक्तेल २, खोटाङ) । प्रस्तुत उजुरीका सम्बन्धमा अपहरणमा परेकी आस्कला राई हाल अपहरण मुक्त भई घरमा परिवारसँगै रहेको देखिँदा तामेलीमा राख्ने ।

२६ उजुरी नं. २३५, यातना (प्रहरीबाट), प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : हरीप्रसाद आर्चाय (दिक्तले ३, खोटाङ) । प्रस्तुत उजुरीको सम्बन्धमा प्रहरीले यातना दिएको भनिएता पनि यातना पुष्ट्याई हुने आधार तथा प्रमाण नदेखिँदा तामेलीमा राख्ने ।

२७ उजुरी नं. २००, अस्पतालबाट प्रभावकारी उपचार नभएको (स्वास्थ्यको अधिकार), प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : विनुता राई (दिक्तले ३, खोटाङ) । प्रस्तुत उजुरीका सम्बन्धमा आयोगसमेतको पहलमा पीडित र अस्पतालवीच सहमति भइसकेकोले उजुरी टुङ्ग्याइदिन भनी उजुरकर्ता स्वयम्ले लिखित निवेदन दिएको देखिँदा तामेलीमा राख्ने ।

२८ उजुरी नं. १९२, न्यायप्रशासन (महिला हिंसा), प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : टेनिस रोक्का (खोटाङ) । खोटाङ जिल्ला बाँझे च्यानडाँडाँ गाविस १ निवासी ७० बर्षीया हिरामाया रोक्कालाई ऐ.ऐ. बस्ने धनगज्ज राई तथा निजकी श्रीमती तारा राईले मिति २०७३।२।१३ गते बोक्सीको आरोपमा मरणासन्न हुने गरी कुटपिट गरेको सम्बन्धमा बोक्सी सम्बन्धी अपराधको जाहेरी दिँदा जाहेरी परिवर्तन गरी सार्वजनिक अपराधमा दर्ता गरी कारबाही बढाएकाले जाहेरी परिर्वतन गर्ने प्रहरी कर्मचारीलाई कारबाही गरीपाउँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान सम्पन्न भई पेस भएको । यसमा पीडितले दिएको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय खोटाङमा सार्वजनिक अपराधअर्न्तगत मुद्दा दर्ता भई कारबाही अगाडी बढेको र सोही अनुसार पीडकद्धयलाई जनही रु १०,०००।- (दश हजारका दरले) जरिवाना भएको भनी जिल्ला प्रशासन कार्यालय खोटाङको मिति २०७४।१०।२४, च.न. १२४४ को पत्रबाट देखिँदा निज हिरामाया रोक्का पीडित भएको पुष्टि हुन आयो । पीडकद्धयलाई साधिकार निकायबाट सजाय स्वरूप जरिवाना भइसकेको देखिँदा सो तर्फ केही गरिरहन परेन । अब पीडित हिरामाया रोक्काको पीडाको सम्बन्धमा विचार गर्दा पीडकलाई सजायस्वरूप जरिवान भएतापनि पीडित हिरामाया रोक्काले हालसम्म कहीँ कतैबाट कुनै पनि किसिमको राहत तथा क्षतिपूर्ति पाएको नदेखिँदा निजको पीडालाई ध्यानमा राखी रु. ५०,०००।- (पचास हजारमात्र) क्षतिपुर्ति उपलव्ध गराउन तत्कालीन मानव अधिकार आयोग ऐन २०५३ को दफा १३(२), राष्ट्रिय मानव अधिकार आयोग (उजरी, कारबाही तथा क्षतिपुर्ति

निर्धारण) नियमावली २०५७ को नियम २१ र हालको राष्ट्रिय मानव अधिकार ऐन २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने ।

२९ उजुरी नं. ४५, न्याय-प्रशासन, प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ (ओखलढुङ्गा) । उजुरकर्ता : टीकानन्द वाग्ले (सिंहदेवी ७, ओखलढुङ्गा) । प्रस्तुत उजुरीको सम्बन्धमा तत्कालीन माओवादी कार्यकर्ताहरूले धम्की दिई विस्थापित बनाएको भन्ने उजुरी रहेकोमा हाल स्थापित भइसकेको र अवस्था सामान्य रहेको देखिँदा तामेलीमा राख्ने ।

३० उजुरी नं. ८६, विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ (ओखलढुङ्गा) । प्रस्तुत विषयमा हाल स्थापित भइसकेको, विस्थापित भए वापत नेपाल सरकारबाट राहतसमेत प्राप्त गरी सकेको देखिँदा तामेलीमा राख्ने ।

३१ उजुरी नं. ७६, हत्या तथा विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ (ओखलढुङ्गा) । उजुरकर्ता : विक्रम सुनुवार (रगनी १, ओखलढुङ्गा) । यसमा ओखलढुङ्गा जिल्ला रगनी गाविस वडा नं. १ निवासी टंकप्रसाद सुनवारलाई माओवादी कार्यकर्ताहरूले मिति २०५७।१०।३१ गते हत्या गरेको र अन्य सम्पुर्ण परिवारलाई घरबाट निकाली विस्थापित बनाएको भएको भन्ने उजुरी व्यहोरा रहेको । पीडित परिवार विस्थापित भएको भन्ने उजुरीतर्फ विचार गर्दा हाल सबै परिवारहरू स्थापित भइसकेको,विस्थापित भएकोमा नेपाल सरकारबाट राहतसमेत बुझिसकेको देखिँदा सो तर्फ केही गरी रहन परेन । तत्कालीन माओवादी कार्यकर्ताहरूले टंकप्रसाद सुनुवारको हत्या गरेको भनिएको तर्फ भने कुनै अनुसन्धान भएको देखिएन । यसको साथै हत्यातर्फ राहत/क्षतिपूर्ति पाएनपाएको सम्बन्धमा पनि कुनै प्रष्ट जानकारी नदेखिँदा हत्यातर्फ क्षतिपूर्ति/राहत पाए-नपाएको सम्बन्धमा गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गामा पत्राचार गरी जानकारी माग्ने साथै हत्यातर्फ पीडित परिवारलाई समेत बुझी थप अनुसन्धान गरी पुनः पेस गर्न सक्कल फायल प्रदेश नं. १ शाखा कार्यालय खोटाङ पाठइदिने ।

३२ उजुरी नं. १२०, विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ (ओखलढुङ्गा) । उजुरकर्ता : लोकनाथ दाहाल, ऐसेलुखर्क ७, खोटाङ) । प्रस्तुत उजुरीका सम्बन्धमा हाल स्थापित भइसकेको, कुनै समस्या नरहेको, पीडित परिवारहरू सुनसरी तथा विराटनगरमा बसोवास गदै आएका र विस्थापित वापतमा सरकारबाट राहतसमेत प्राप्त गरी सकेको देखिँदा तामेलीमा राख्ने ।

३३ उजुरी नं. ११०, विस्थापित/सम्पत्ति कब्जा, प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : गंगालक्ष्मी श्रेष्ठ (वाकाचौल ९, खोटाङ), प्रस्तुत उजुरीको सम्बन्धमा कब्जा भएको सम्पत्ति फुकुवा भइसकेको र स्थापितसमेत भइसकेको देखिँदा तामेलीमा राख्ने ।

३४ उजुरी नं. १२७, कुटपिट (माओवादीबाट), प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : तत्कालीन शाही नेपाली सेना, पश्चिम् पृतना, फुलवारी व्यारेक, पोखरा । प्रस्तुत उजुरीको सम्बन्धमा माओवादीले कुटपिट गरेको होइन स्थानीय छिमेकीसँग सामान्य भनाभनमात्र भएकाले उजुरीको कारबाही टुङ्ग्याइदिन भनी टेलीफोन मार्फत पीडित स्वयम्ले जानकारी गराएको देखिँदा तामेलीमा राख्ने ।

३५ उजुरी नं. १२९, विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : खिलकुमार मगर (खार्पा ९, खोटाङ) । प्रस्तुत उजुरीको सम्बन्धमा पीडितहरू हाल स्थापित भइसकेको कुनै समस्या नरहेको भनी उजुरकर्ता स्वयम्ले निवेदन दिएको देखिँदा तामेलीमा राख्ने ।

३६ उजुरी नं. १७०, सम्पत्ति कब्जा, प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : चन्द्रसिंह बस्नेत (डुम्रेधारापानी, खोटाङ) । प्रस्तुत उजुरीको सम्बन्धमा व्यक्तिहरूसँग जग्गा सम्बन्धी विवाद रहेको उक्त विवादको सम्बन्धमा अदालतमा मुद्दा चली हाल सर्वोच्च अदालतमा विचाराधीन रहेको देखिँदा तामेलीमा राख्ने ।

३७ उजुरी नं. २१२, प्रदेश नं १ शाखा कार्यालय खोटाङ (सोलुखुम्बु) उजुरकर्ता : बञ्च कुमार श्रेष्ठ (दुधकुण्ड नगरपालिका ७, सोलुखुम्बु) सोलुखुम्बु जिल्लाको दुधकुण्ड नगरपालिकामा निर्माणधिन माथिल्लो सोलु जलविद्युत आयोजनाका कारण हामी सोलुखुम्बु जिल्ला दुधकुण्ड नगरपालिका वडा नं. ७ का करीब ४५ घरपरिवारहरूको खेतीयोग्य जमिन र घरसमेतमा प्रभाव परी विस्थापित हुनुपर्ने अवस्था आउने भएकाले छानबिन गरी न्याय पाउँ भनी उजुरी दर्ता भएको । यसमा सो आयोजनाबाट पीडित भएका व्यक्तिहरूको हालको अवस्था र आयोजना कार्यान्वयनको हालको अवस्थाका बारेमा बुझी पुनः पेस गर्ने ।

३८ उजुरी नं. ४७, विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ (ओखलढुङ्गा) । उजुरकर्ता : भिमबहादुर भण्डारी (सिंहदेवी ६, ओखलढुङ्गा) । प्रस्तुत उजुरीका सम्बन्धमा हाल पीडितहरू स्थापित भइसकेको कुनै समस्या नरहेको देखिँदा तामेलीमा राख्ने ।

३९ उजुरी नं. १५५, विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : गोविन्द पुरी (जलेश्वर ६, खोटाङ) । प्रस्तुत उजुरीको सम्बन्धमा उजुरकर्तासमेत आगलागीबाट पीडित भएको देखिन्छ । यस्तो अवस्थामा पीडितहरूले त्तकाल मानवीय सहायताको अपेक्षा राखेको र विभिन्न सङ्घसस्थाहरूले तत्काल मानवीय सहायता उपलब्ध गराएको देखिन्छ । हाल अवस्था सामान्य रहेकाले उजुरीको कारबाही टुङ्ग्याइदिन पीडित स्वयम्ले अनुरोध गरेको देखिँदा तामेलीमा राख्ने ।

४० उजुरी नं. १५१, हत्या, (खुम्बुबान मुक्ति मोर्चा), प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : इन्सेक खोटाङ (लोकनाथ घिमिरे) । खोटाङ जिल्ला खाल्ले गाविस वडा नं. २ निवासी नरनाथ पौडेललाई मिति २०५९।१०।७ गते तत्कालीन खुम्बुवान मुक्ति मोर्चाका कार्यकर्ताहरूले आफ्नै घरमा हत्या गरेकाले दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी उजुरी दर्ता भएको । निज नरनाथ पौडेलको हत्या सम्बन्धमा कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता भई अनुसन्धान भइरहेको भन्ने प्रहरी प्रधान कार्यालय नक्सालको मिति २०७६।४।२१ च.नं. ४४ र गृह मन्त्रालयको मिति २०७६।४।२६ च. न. २५ को पत्रमा उल्लेख भएको देखिन्छ । २०५९ सालको घटनामा हालसम्म पनि अनुसन्धान भई रहेको भन्ने जिम्मेवार निकायको जवाफबाट पीडितको न्याय प्राप्त गर्ने हक सुनिश्चत हुन नसक्ने देखिँदा अपराध अनुसन्धान कार्यमा विशेष दख्खल भएको प्रहरीको केन्दीय अनुसन्धान व्युरो (CIB) को प्रयोग गर्नु पर्ने भएमा सो समेत गरी छिटो, छरितो

र प्रभावकारी अनुसन्धानमार्फत घटनाका दोषीलाई कानुनी दायरामा ल्याउन नेपाल सरकारमार्फत नेपाल प्रहरीलाई निर्देशन दिने ।

४१ उजुरी नं. ०२, यातना तथा अमानवीय व्यवहार (प्रहरीबाट), प्रदेश नं. १ शाखा कार्यालय, खोटाङ । उजुरकर्ता : रवीन खुम्बु (दिक्तेल नपा. ७, खोटाङ) एल.वि. मगर (दिक्तेल १, खोटाङ । प्रस्तुत उजुरीका सम्बन्धमा लोकसेवा आयोग खोटाङद्वारा मिति २०७६।४।४ मा खोटाङको दिक्तेलमा सञ्चालित परिक्षा असमावेशी भएको भनी भएको आन्दोलनमा प्रहरीद्वारा अत्याधिक बल प्रयोग गरी कुटपिट तथा यातना दिएको भन्ने व्यहोराको उजुरी रहेको । यसमा पीडितहरूको उजुरी, प्रत्यक्षदर्शीहरूको बयान तथा भनाइ, जिल्ला प्रहरी कार्यालय खोटाङको मिति २०७६।४।१४ च.नं. १४९ र जिल्ला प्रशासन कार्यालय खोटाङको च.नं. १०८ मिति २०७६।४।१६ पत्र, आयोगको अनुसन्धान प्रतिवेदनसमेतबाट निज रवीन खुम्बु र एल.वी. मगरलाई प्रहरीले हिराशतमा राखी यातना दिएको नभई लोकसेवा आयोगद्वारा सञ्चालित परिक्षा बिथोल्ने गरी भएको आन्दोलनमा आन्दोलनकारीहरूलाई तितरबितर पार्नको लागि प्रहरीद्वारा बल प्रयोगको क्रममा चोट लागेको देखिन आयो । संकलित मिसिल संलग्न प्रमाणहरूबाट निजहरूलाई यातना दिएको पुष्टि हुन सकेन तर सुरक्षाकर्मीहरूले कुनै पनि प्रदर्शनलाई निस्तेज पार्न बल प्रयोग गर्नु पर्दा के कस्तो अवस्थामा के कति मात्रामा बल प्रयोग गर्न भन्ने सम्बन्धमा भएका कानुनी व्यवस्था तथा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूका लागि बल तथा हतियार प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त १९९० समेतको पूर्ण पालना गर्नुपर्ने हुन्छ । तसर्थ कुनै पनि प्रदर्शनमा सुरक्षाकर्मीद्वारा बल प्रयोग गर्नु पर्ने अवस्था आएमा सोसँग सम्बन्धित कानुन तथा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूका लागि बल तथा हतियार प्रयोग सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त १९९० समेतको पूर्ण पालना गर्न सम्पूर्ण सुरक्षा निकाय तथा एकाइहरूमा पत्राचार गरी यस आयोगलाई जानकारी गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

४२ उजुरी नं. १५ हत्या (माओवादीबाट), प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, । उजुरकर्ता : खगेन्द्र गिरी (हाँसपोसा २, सुनसरी), खोटाङ जिल्ला महेश्वरी गाविस वडा नं. ८ निवासी भलाकाजी वनलाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले २०६१ साल वैशाख २४ गते सुराकीको आरोपमा घरबाटै नियन्त्रणमा लिई सोलुखुम्बु जिल्लाको जुबु गाविसस्थित हिमालयन मा.वी.मा पुऱ्याई हत्या गरेकाले दोषीलाई कारबाही र पीडितलाई क्षतिपुर्तिको लागि पहल गरी पाउँ भनी दर्ता भएको उजुरीको अनुसन्धान सम्पन्न भई पेस हुन आएको । यसमा निज मृतक भलाकाजी वनलाई २०६१ साल वैशाख २३ गते राती करिब ८:०० बजेको समयमा तत्कालीन माओवादी कार्यकर्ताहरूले नि:शस्त्र अवस्थामा घरबाटै नियन्त्रण लिइसकेपछि सोही रातमै निज भलाकाजी वनलाई सोलुखुम्बु जिल्लाको जुबु गाविसमा पुऱ्याएको र ऐ.२४ गते राती जुबु गाविसस्थित हिमालयन माध्यामिक विद्यालयको प्रांगणमा तत्कालीन माओवादी कार्याकर्ताहरूले अत्याधिक कुटपिट गरेको कारण नीजहरूकै नियन्त्रणमा रहेको अवस्थामा मृत्यु भएको मिसिल संलग्न पीडित तथा साक्षीहरूको बयान समेतबाट देखिँदा निजको बाँच्न पाउने संविधान तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६

द्वारा प्रदत्त मानव अधिकारको हनन भएको ठहर्छ । यसरी मानव अधिकार हनन् भएको अवस्थामा को कसको कामकारबाहीबाट मानव अधिकार हनन भएको हो भन्ने तर्फ विचार गर्दा यस आयोगले गरेको अनुसन्धान, संलग्न प्रमाणहरूबाट दोषी व्यक्ति यकीन गर्न नसकिएतापनि नागरिको जीवनको अधिकारसँग सम्बन्धित यस्तो संवेदनशील विषयमा राज्यको जिम्मेवार निकायबाट अनुसन्धान गरी दोषी व्यक्ति पहिचान गरी कारबाही नगर्ने हो भने मानव अधिकार संरक्षण सम्बन्धमा आम नागरिकहरूमा वितृष्णा पैदा हुने हुँदा तत्काल प्रभावकारी अनुसन्धान गरी उक्त घटनामा संलग्न दोषी तत्कालीन विद्रोही नेकपा (माओवादी) का कार्यकर्ताहरूको पहिचान गरी कानुनी दायरामा ल्याइ कारबाही गर्न नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड (क) बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने । यसके साथै मृतकका हकवाला पीडित परिवारले क्षतिपुर्ति पाइसकेको देखिँदा सो तर्फ केही गरिरहन परेन ।

प्रदेश नं. २ कार्यालय, जनकपुर

अनुगमन विवरण

क्र.स.	अनगमनको विषय	अनुगमन मिति	स्थान	कैफियत
१	–अपहरणपश्चात् हत्या –तिलाठी कोइलाडी र हनुमाननगर नपामा डुबानबाट सिर्जित समस्या	२०७७/४/ १–३	सप्तरी	जम्मा २ ओटा अनुगमन सम्पन्न
२	इप्रका सबैलाको हिरासत कक्षको शौचालयमा मृत अवस्थापछिको विरोध सभा	२०७७/४/११	धनुषा	
३	–बिधुतीकरणको समस्या –सडक बिस्तारका क्रममा घरजग्गा जान सक्ने सम्भावना –अस्पतालको लापरबाहीबाट मृत्यु	२०७७/४/१२–१४	महोत्तरी, सर्लाही र बारा	जम्मा ३ ओटा अनुगमन सम्पन्न
४	संविधान जारी भएको दिन असोज ३ लाईविरोध र समर्थनमा आयोजित कार्यक्रम	२०७७/६/३	जनकपुर, धनुषा	
५	सपथसम्बन्धी कार्यक्रममा भएको झपडमा मृत्यु सम्बन्धमा जिप्रकाबाट जाहेरी दर्ता गर्न इन्कार	२०७७/६/१६–१९	पर्सा	
६	प्रहरीले चलाएको गोलीबाट घाइते १४ वर्षिय बालकको स्वास्थ्यवस्था	२०७७/६/२०–२२	बारा	
७	बालिका (छ वर्ष) बलात्कारपछि हत्या गरिएको भनिएको घट्ना	२०७७/८/०९–११	महोत्तरी	
८	बालिका (१७ वर्ष) माथि आफ्नै बुबाबाट पटक-पटक जबरजस्ती प्रयास गरिएको भनिएको घट्ना	२०७७/८/१७	लोहारपट्टी नपा ४,महोत्तरी	
९	कारागार नाइके/भाइनाइकेबाट केही कैदीबन्दीका परिवारबाट उपलब्ध गराइएका सामान नदिएको सम्बन्धमा	२०७७/९/६–९	जिल्ला कारागार, रौतहट	
१०	कारागार नाइके/भाइनाइकेबाट कैदीबन्दीमाथि कुटपिट	२०७७/९/१०–११	जिल्ला कारागार, रौतहट	
११	एचआइभी/एड्स पीडित अविभावकको पाँच वर्षिया बालिकालाई विद्यालयमा अध्ययन गर्ने वातावरण मिलाउने सम्बन्धमा	२०७७/९/१४	धनुषा	

१२	अपाङ्गता भएको व्यक्तिको अधिकार	२०७७/१०/२–१७	प्रदेश नं. २ को आठ जिल्ला	केकासँग समन्वय
१३	वृद्ध आश्रममा रहेका जेष्ठ नागरिकको मानव अधिकार अवस्था	२०७७/१०/९–१३	प्रदेश नं. २ काआठ जिल्ला	केकासँग समन्वय
१४	गर्भवती बालिकालाई उद्दार गरी सुरक्षित गृहमा राखिएपश्चात्को अवस्था	२०७७/१०/१५	लक्ष्मीनिया ४, धनुषा	
१५	पासवान र महतो समुदायका युवायुवती प्रेम विवाह गरी भागेकोमा युवतीको परिवारबाट शरीर बन्धक र जबर जस्तीकरणी गरेको भनी जाहेरीपछि प्रकाउ र परिवार विस्थापित	२०७७/१०/१९–२०	महोत्तरी	
१६	वातावरणको अधिकार	२०७७/१०/२०–२९	प्रदेश नं. २ को आठ जिल्ला	
१७	प्रचण्ड/माधव पक्षबाट आयोजित हड्तालमा प्रदर्शनकारी र प्रहरीबीच भएको झडप	२०७७/१०/२२	धनुषा	
१८	श्रीमानबाट परिवारका सदस्यहरूको मिलोमतोमा कुटपिट	२०७७/११/४	महोत्तरी	
१९	श्रीमानबाट परिवारका सदस्यहरूको मिलोमतोमा कुटपिट गरी घरबाट निकाला	२०७७/११/७	धनुषा	
२०	घरबाटै दम्पत्ति हराएको सम्बन्धमा	२०७७/११/१६–१७	पिपरा गापा ५, महोत्तरी	
२१	स्वास्थ्यअधिकारको अवस्था	२०७७/११/२३–२९	महोत्तरी, धनुषा	
२२	बालविवाहको अवस्था	२०७७/१२/८– १३	धनुषा र महोत्तरी	
२३	कारागारको अवस्था	२०७७/१२/१९	महोत्तरी	
२४	बोक्सीको आरोपमा कुटपिटको घट्ना	२०७७/१२/३०	महोत्तरी	
२५	कोभिडको दोस्रो लहरपछिको सीमानाकामा परीक्षणलगायता स्वास्थ्य अवस्था	२०७८/१/१९–२१	हनुमानकङ्काली नपा/तलठीकोइलाठी, सप्तरी	
२६	पोखरीमा डुबेर बालिकाको मृत्यु	२०७८/२/३०	मुखियापट्टी मुसहरनिया गापा,धनुषा	

२७	नागरिकको स्वास्थ्य अधिकारको अवस्था	२०७८/३/१३–१९	सरहा, सर्लाही, महोत्तरी र बारा	
२८	महिना दिनदेखि स्थिति अज्ञात महिलाको अवस्था सम्बन्धमा	२०७८/३/१७–१८	लोहारपट्टी नपा १, महोत्तरी	
२९	बेपता भनिएको घटना	२०७८/३/१७–१८	महोत्तरी	

अनुसन्धान विवरण

प्रदेश कार्यालय जनकपुर

क्र.स.	अनुसन्धानको विषय	मिति	स्थान	कैफियत
१	–अन्तरजातीय बिवाह – तत्कालीन नेकपा (माओवादी) बाट सम्पत्ति लुटपाट	२०७७/४/१२–१४	महोत्तरी	जम्मा २ अनुसन्धान सम्पन्न
२	–नेपाल प्रहरीबाट गैरकानुनी पक्राउपश्चात् यातना –तत्कालीन नेकपा (माओवादी)–बाट घरजग्गा कब्जा गरी कार्यालय राख्दा विस्थापित	२०७७/१२/२९–२०७८/१/४	धनुषा	जम्मा २ अनुसन्धान सम्पन्न

संवर्धनसम्बन्धी गतिविधिहरू

प्रदेश कार्यालय जनपकुर

क्र.स.	विषय	मिति	स्थान	सहभागिता	कैफियत
१	व्यवसाय र मानव अधिकार विषयक अन्तरर्क्रिया	२०७७/९/१८	धनुषा	सञ्चारकर्मी र मानव अधिकाकर्मीहरू गरी ४० जना	केकासँग समन्वय
२	जेष्ठ नागरिकहरुको मानव अधिकार विषयमा अभिमुखीकरण	२०७७/१०/१२	धनुषा	१५० जना	केकासँग समन्वय
३	अपाङगता भएको व्यक्तिहरुको मानव अधिकार विषयमा अभिमुखीकरण	२०७७/१०/१५	धनुषा		केकासँग समन्वय
४	मानव अधिकार रक्षाकहरूका लागि मानव अधिकार विषयमा अभिमुखीकरण तालिम कार्यक्रम	२०७७/१०/२८	सप्तरी	४२ जना	केकासँग समन्वय

५	मानव अधिकार रक्षकहरूका लागि मानव अधिकार विषयमा अभिमुखीकरण तालिम	२०७७/१०/३०	महोत्तरी	५६ जना	केकासँग समन्वय
६	मानव अधिकार अवस्थाबारे अन्तरर्क्रिया	२०७७/११/१०	सप्तरी	प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकाय, मानव अधिकारकर्मी, सञ्चारकर्मी गरी २० जना	केकासँग समन्वय/ मा.सदस्य मिहिर ठाकुरसमेतको उपस्थिति
७	मानव अधिकार अवस्थाबारे अन्तरर्क्रिया	२०७७/११/१०	सिरहा	इप्रका लाहान प्रमुख, इ.प्रशासन प्रमुख, जनप्रतिनिधि, मानव अधिकारकर्मी र सञ्चारकर्मी गरी २५ जना	केकासँग समन्वय
८	मानव अधिकार अवस्थाबारे अन्तरर्क्रिया	२०७७/११/११	धनुषा आयोगको कार्यालय	मानव अधिकारको क्षेत्रमा कार्यरत कर्मीहरू ४० जना	केकासँग समन्वय
९	मानव अधिकार अवस्थाबारे छलफल	२०७७/११/११	धनुषा, सामाजिक विकास मन्त्रालय		
१०	न्यायिक दृष्टिकोणबाट मानव अधिकार सम्बन्धमा छलफल	२०७७/११/१२	धनुषा, जनकपुर उच्च अदालत		
११	बाल विबाह अन्त्यको लागि सरोकारवाला निकायको भूमिका विषयक अन्तरर्क्रिया	२०७७/१२/१२	धनुषा	११६ जना – उपस्थिति	केकासँग समन्वय
१२	राष्ट्रिय मानव अधिकार आयोगको छैठौँ रणनीतिक योजना निमार्ण सम्बन्धमा छलफल	२०७७/१२/२०	धनुषा		केकासँग समन्वय

१३	मानव अधिकारको संरक्षणमा न्यायिक निकायको भूमिका र वर्तमान अवस्था सम्बन्धमा छलफल	२०७७/१२/१८	उच्च अदालत, जनकपुर, धनुषा	मुख्य न्यायधीशसहितको टोली	
१४	प्रदेशमा शान्तिसुरक्षाको अवस्थामा सम्बन्धमा छलफल	२०७७/१२/१८	प्रहरी प्रमुख सहितको टोली धनुषा	प्रहरी प्रमुख सहितको टोली	
१५	जिल्लामा मानव अधिकार रक्षाकको मानव अधिकार अवस्थामा सम्बन्धमा अन्तरर्क्रिया	२०७७/१२/१९	महोत्तरी	जिल्लामा कार्यरत मानव अधिकार मानव अधिकार रक्षाक	
१६	जिल्लामा शान्तिसुरक्षाको अवस्थामा सम्बन्धमा अन्तरर्क्रिया	२०७७/१२/१९	महोत्तरी	प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुख	
१६	उपमहानगरपालिकामा मानव अधिकार अवस्था	२०७७/१२/१८	धनुषा	मेयर लाल किशोर शाह, उमनपा, जनकपुर	
१८	नागरिकको स्वास्थ्यको अधिकारसम्बन्धी छलफल	२०७८/१/५	महोत्तरी	महिला १४ र पुरुष ३६ गरी जम्मा ५० जना	
१९	प्रदेशमा शान्तिसुरक्षाको अवस्थामा सम्बन्धमा छलफल	२०७८/३/२०	धनुषा, प्रदेश नं.२ प्रदेश प्रहरी कार्यालय		
२०	वार्षिक समीक्षा	२०७८/३/२१	धनुषा		

सिफारिसहरू

प्रदेश कार्यालय जनपकुर

१ उजुरी नं. २३९ , गैर न्यायिक हत्या, प्रदेश नं. २ कार्यालय जनकपुर, सर्लाहीका कुमार पौडेलको प्रहरी कारबाहीमा मृत्यु भएको विषयमा आयोगबाट मिति २०७६।७।४ मा आयोगबाट भएको निर्णय कार्यान्वयनको लागि मिति २०७६।७।५ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौँसमेतलाई प्रेषित पत्रका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको मिति २०७६।१२।१० च.नं. मा.अ. ७२१/५७८९ मार्फत आयोगमा प्राप्त पत्र मार्फत गृह मन्त्रालयसमेतको आयोगको उक्त मितिको निर्णय कार्यान्वयन गर्न अप्ठेरो रहेको "सर्लाही घटनामा संलग्न भनिएका प्रहरी कर्मचारीको मृतक कुमार पौडेलसँग कुनै पूर्व रिसइवी नरहेको, मृतकको मृत्यु पश्चात सम्बन्धित प्रहरी कर्मचारीले कुनै प्रकारको बढुवा, सरुवा, पुरस्कार वा कुनै प्रकारको लाभ लिएको

देखिदैन । यसरी विशुद्ध कर्तव्यको पालनाको क्रममा आत्मरक्षाको सिलसिलामा भएको बल प्रयोगबाट आक्रमणकारीको मृत्यु भएको घटनालाई आधार बनाइ कर्तव्यपरायण प्रहरी कर्मचारीमाथि गम्भीर प्रकृतिको फौजदारी अभियोग चलाउँदा विषम परिस्थितिमा सीमित श्रोत साधनको बाबजुत ज्यानको समेत प्रवाह नगरी अहोरात्र खटिने प्रहरी कर्माचारीको मनोबल खस्कन गई देशको शान्ति-सुरक्षा जनताको जीउधनको सुरक्षा पदान गर्ने कार्यमा नकरात्मक प्रभाव पर्दछ" त्यस कारण पुन:विचारको लागि अनुरोध भएको सम्बन्धमा छलफल हुँदा प्रहरीले आत्मरक्षाको लागि गोली चलाएको नभई नियोजित रूपमा निजलाई नियन्त्रणमा लिएपश्चात् मारिएको भन्ने तथ्यहरूबाट पुष्टि भएको हुँदा प्रहरीले लिएको दाबीलाई समर्थन गर्दा विधिको शासनको उपहास हुने र दोषीउपर कारबाही नहुने हो भने हातहतियार बल प्रयोग गर्ने निकायका व्यक्तिहरूमा दुस्साहस बढ्ने र मानव अधिकारको उपहास हुने, व्यक्तिको गैरकानुनी हत्यामा संलग्नलाई कारबाही गर्न भएको सिफारिसकै कारण प्रहरीको मनोबल गिरी शान्ति-सुरक्षामा नकारात्मक असर पर्छ भन्न नमिल्ने देखिँदा आयोगको पूर्व निर्णय पुनः विचार गरिरहनुनपर्ने निर्णय गरियो ।

२ उजुरी नं. १०३३, अपहरण, प्रदेश नं. २ कार्यालय, जनकपुर, (सप्तरी) । प्रस्तुत उजुरीका सम्बन्धमा अपहरित भनिएका रविन्द्रकुमार शर्माको वास्तविक नाम अरविन्दकुमार वर्मा भएको र अपहरण भएको ५/६ दिनपछि नै मुक्त भएको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदा तामेलीमा राख्ने ।

३ उजुरी नं. ३९१, स्वच्छेचारी पक्राउ, प्रदेश नं. २ कार्यालय, जनकपुर, (सप्तरी) । प्रस्तुत उजुरीका सम्बन्धमा प्रकाउ परेको व्यक्ति हाल हिराशत मुक्त भई राजनीतिमा सकृय रहेकोले आयोगमा रहेको उजुरी टुँग्याइदिन भनी पीडित स्वयम्ले लिखित निवेदन दिएको देखिँदा तामेलीमा राख्ने ।

४ उजुरी नं. १०४४, न्याय-प्रशासन, प्रदेश नं. २ कार्यालय, जनकपुर, (सप्तरी) । यस विषयमा जाहेरी दर्ता भई अदालतमा मुद्दा दर्ता भइसकेको अनुसन्धान प्रतिवेदनबाट देखिँदा तामेलीमा राख्ने ।

५ उजुरी नं. ८४६, अपहरण, , प्रदेश नं. २ कार्यालय, जनकपुर, (सप्तरी) । यस विषयमा अपहरित तारणीप्रसाद यादवलाई माओवादी कार्यकर्ताहरूले मुक्त गरीसकेको अनुसन्धान प्रतिवेदनबाट देखिँदा तामेली राख्ने ।

६ उजुरी नं. १०५०, अपहरण, प्रदेश नं. २ कार्यालय, जनकपुर, (सप्तरी) । यस विषयमा अपहरित भनिएका राजेन्द्रप्रसाद झा अपहरण मुक्त भई आफ्नै घरमा रहेको भन्ने अनुसन्धान प्रतिवेदनबाट देखिँदा तामेली राख्ने ।

७ उजुरी नं. ९८७, आप्रवासी कामदारको अधिकार,प्रदेश नं. २ कार्यालय, जनकपुर, (सप्तरी) । यस विषयमा मलेसियामा थुनामा रहेको भनिएका इजराइल मियाँ थुनामुक्त भई हाल नेपालस्थित आफ्नै घरमा रहेको भनी पीडित स्वयम्ले पेस गरेको लिखित निवेदनबाट देखिँदा तामेली राख्ने ।

८ उजुरी नं २१६३, हत्या (सुरक्षाकर्मीद्वारा), प्रदेश नं. २ शाखा कार्यालय, जनकपुर (बारा) । बारा जिल्ला बेनौली गाविस वडा नं. २ बस्ने रामानन्द सहनीलाई सुरक्षाकर्मीहरूले मिति २०६०/९/२५

गते ऐ. स्थित पकडिया बजारबाट पक्राउ गरी बेपत्ता बनाएकोले निजको जीवनरक्षाको लागि पहल गरिपाउँ भनी आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान भई पेस भएकोमा छलफल गरियो । यसमा निज मृतक रामानन्द सहनीलाई मिति २०६०/९/२५ गते बारा जिल्लाको तत्कालीन बेनैली गाविसअन्तर्गत पकडिया बजारबाट निःशस्त्र रहेको अवस्थामा तत्कालीन सशस्त्र प्रहरी निरीक्षक रामआधारप्रसाद यादवको नेतृत्वमा गएको सशस्त्र प्रहरीको टोलीले नियन्त्रणमा लिई रौतहट जिल्लाको सशस्त्र प्रहरी बलको बंकुल व्यारेकतर्फ लगेको भन्ने मिसिल संलग्न प्रत्यक्षदर्शीहरूको बयानबाट पुष्टि हुन आयो । प्रहरी प्रधान कार्यालय, मानव अधिकार सेलको बोधार्थ र गृह मन्त्रालयको पत्रबाट भाग्दै गर्दा सुरक्षाफौजको गोली लागि मृत्यु भएको हो, नियन्त्रणमा लिई हत्या गरेको होइन भन्ने रहेको र तत्कालीन सशस्त्र प्रहरी निरीक्षक रामाधार प्रसाद यादवले बन्द सवालमार्फत दिएको जवाफमा निजलाई पक्राउ नै नगरिएको भन्ने मात्र उल्लेख भएको पाइयो । यसरी सुरक्षा निकाय र निज प्रनि रामाधार प्रसाद यादवको भनाइ नै एकापसमा विरोधाभासपुर्ण रहेको अवस्थामा निज प्रनिको भनाइ विश्वसनिय मान्न सकिएन । मिसिल संलग्न पीडित तथा साक्षीहरूको बयान तथा अन्य प्रमाणहरूसमेतबाट तत्कालीन सशस्त्र प्रहरी निरीक्षक रामाधार प्रसाद यादवको नेतृत्वमा आएको सुरक्षाकर्मीको टोलीले निज रामानन्द सहनीलाई निःशस्त्र अवस्थामा नियन्त्रणमा लिईसकेपछि सशस्त्र प्रहरीकै नियन्त्रमा रहेको अवस्थामा मृत्यु भएको देखिँदा निजको संविधान, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ तथा मानव अधिकारसम्बन्धी अन्य सन्धि-सम्झौताद्वारा प्रदत्त मानव अधिकारको हनन भएको ठहर्छ । यसरी मानव अधिकार हनन भएको अवस्थामा को कस्को कामकारबाहीबाट मानव अधिकार हनन भएको हो भन्नतर्फ विचार गर्दा यस आयोगले गरेको छानबिन प्रतिवेदन, प्रमाण तथा प्राप्त सूचनाबाट दोषीहरू यकीन गर्न नसकिए तापनि यस्तो संवेदनशील विषयमा राज्यको जिम्मेवार निकायबाट विस्तृत अनुसन्धान गरी दोषी पहिचान नगर्ने हो भने मानव अधिकार संरक्षण तथा विधिको शासन स्थापना सम्बन्धमा आम जनसमूदायमा वितृष्णा पैदा हुने हुँदा तत्काल उक्त कार्यमा संलग्न सस्शत्र प्रहरी निरीक्षक रामाधार प्रसाद यादव तथा निजमार्फत अन्य संलग्न सुरक्षाकर्मीहरूलाई अनुसन्धानको दायरामा ल्याउन नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड (क) बमोजिम र पीडित परिवारले हालसम्म कुनै पनि प्रकारको क्षतिपूर्ति पाएको नदेखिँदा कानुनबमोजिमका हकवालालाई रु. ३,००,०००।- (तीनलाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन सावि‍क राष्ट्रिय मानव अधिकार ऐन २०५३ को दफा १३(२), राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने ।

९ उजुरी नं. १६४१, बेपत्ता (सेनाबाट), प्रदेश नं.२ कार्यालय, जनकपुर (सप्तरी) । प्रस्तुत उजुरीका सम्बन्धमा आयोगको अनुसन्धानबाट उजुरीमा उल्लिखित सप्तरी जिल्ला बर्दिया गाविस वडा नं.८ बस्ने भनिएकी लीला रायमाझी उक्त ठेगानामा नभएको नरहेको भन्ने देखिँदा तामेलीमा राख्ने ।

१० उजुरी नं. १४४०, महिला हिंसा, प्रदेश नं.२ कार्यालय, जनकपुर (सप्तरी) । प्रस्तुत उजुरीका

सम्बन्धमा आयोगबाट भएको अनुसन्धान प्रतिवेदनबाट उजुरीमा उल्लिखित कुन्तादेवी चौधरी नाम गरेको महिला उल्लिखित ठेगानामा नभएको नभेटिएको देखिँदा तामेलीमा राख्ने ।

११ उजुरी नं. १२०७, न्याय-प्रशासन, प्रदेश नं. २ कार्यालय, जनकपुर (सप्तरी) । प्रस्तुत उजुरीका सम्बन्धमा उजुरीमा उल्लिखित विषयमा अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको देखिँदा तामेलीमा राख्ने ।

१२ उजुरी नं. ८६०, मृत्यु (माओवादीबाट), प्रदेश नं. २ कार्यालय जनकपुर (सप्तरी) । सप्तरी जिल्ला, हर्दिया गाविस वडा नं. ७ निवासी फुलोदेवी यादवलाई ऐ.ऐ. निवासी किशुनदेव महतोसँग दोस्रो विवाह गरेको आरोपमा नेकपा माओवादीका कार्यकर्ताले मिति २०६३।५।१० मा नियन्त्रणमा लिएकोमा निजको मृत्यु भएकाले छानबिन गरी न्याय पाउँ भनी दर्ता भएको उजुरीको अनुसन्धान सम्पन्न भई पेस भएकोमा छलफल गरियो । यसमा मिसिल संलग्न साक्षी प्रमाण समेतका आधारमा मृतक फुलोदेवी यादवलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले आफ्नै घरबाट मिति २०६३।५।१० नियन्त्रणमा लिएको र माओवादी कार्याकर्ताको नियन्त्रणमा रहकै अवस्थामा निजको मृत्यु भएको पुष्टि हुन आयो । सो सम्बन्धमा जिल्ला पहरी कार्यालय सप्तरीको मिति २०६३।७।३० च. नं. १०७७ को पत्रबाट जाहेरी दर्ता भई अनुसन्धानको क्रममा रहेको भन्ने उल्लेख भएपनि हालसम्म आरोपितलाई कानुनी दायरामा ल्याउन सकेको नदेखिँदा तत्कालै शीघ्र र प्रभावकारी अनुसन्धानमार्फत आरोपितहरूलाई कानुनी दायरामा ल्याई पीडितलाई न्याय प्रदान गर्न नेपाल सरकार मार्फत नेपाल प्रहरीलाई निर्देशन दिने सिफारिस गर्ने ।

१३ उजुरी नं. ३५६४, बेपत्ता पछि हत्या (सुरक्षाकर्मीबाट), प्रदेश नं. २ कार्यालय, जनकपुर (धनुषा) । धनुषा जिल्ला सुगा निकास गाविस वडा नं. ५ वस्ने राजदेव मण्डललाई मिति २०६१।८।२ गते जनकपुर बजारबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी लगेको भन्ने गाउँलेहरूबाट थाहा भएतापनि हालसम्म वहाँको बारेमा कुनै जानकारी प्राप्त नभएकोले निजकोस्थिर्ता सार्वजनिक गरी जीवन-रक्षाको लागि पहल गरिपाउँ भनी आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान सम्पन्न भई आज पेस हुन आएको । सो घटनाका सम्बन्धमा निजको धनुषा जिल्ला महेन्द्रनगर गाविस वडा नं. ५ स्थित औवाही खोलामा सुरक्षाकर्मीसँग भएको दोहोरो भीडन्तमा मृत्यु भएको भन्ने व्यहोराको गृह मन्त्रालयको च.न. २६५४ मिति २०६१/९/१६, रक्षा मन्त्रालयको मिति २०६३/३/२६, च.न. २३०, जिल्ला प्रहरी कार्यालय धनुषाको च.नं. ३७१, मिति २०६३/०५/२७ र प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौँको च.नं. २१४ मिति २०६१/९/८ को पत्रहरू उल्लेख भएता पनि आफन्तहरू, घटनाका सम्बन्धमा जानकार व्यक्तिहरू तथा प्रत्यक्षदर्शीको बयानबाट निज मृतकलाई मिति २०६१।८।२ गते छठ पूजाको लागि केरा किन्न भनी जनकपुर गएको अवस्थामा जनकपुर बजारबाटै सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिएको पुष्टि हुन आयो । मिसिल संलग्न शव परिक्षण प्रतिवेदन, प्रहरी मुचुल्का समेतमा मृतकको शव धनुषा जिल्लाको महेन्द्रनगर गाविस स्थित औवाही खोलामा रहेको उल्लेख भएको र मृत्युको कारण Due to gun shot injury to brain and neck भनी उल्लेख भएको पाइयो । यसबाट मृतक राजदेव मण्डललाई सुरक्षाकर्मीहरूले मिति

२०६१।८।०२ गते जनकपुरबाट नियन्त्रणमा लिई धनुषा जिल्लाको महेन्द्रनगर गाविस स्थित औवाही खोलामा पुऱ्याएपछि सुरक्षाकर्मीहरूकै गोलीबाट निजको मृत्यु भएको देखिँदा निजको संविधान तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ द्वारा प्रदत्त बाँच्न पाउने मानव अधिकारको हनन भएको ठहर्छ । यसरी मानव अधिकार हनन भएको अवस्थामा को कस्को के-कस्तो कामकारबाहीबाट मानव अधिकार हनन भएको हो भन्नतर्फ विचार गर्दा आयोगले गरेको अनुसन्धान तथा छानबिन प्रतिवेदनबाट दोषी व्यक्ति पहिचान गर्न नसकिए तापनि यस्तो गम्भीर मानव अधिकारको हनन्को विषयमा राज्यका जिम्मेवार निकायले विस्तृत अनुसन्धान गरी दोषी पहिचान गरी कारबाही नगर्ने हो भने मानव अधिकार संरक्षण तथा कानुनी राज्यको स्थापनामा आम नागरिकहरूमा वितृष्णा पैदा हुने हुँदा तत्कालै प्रभावकारी अनुसन्धानद्वारा घटनामा संलग्न सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपालको संविधानको धारा २४९ को उप धारा २ को खण्ड (क) र पीडित परिवारले हालसम्म कुनै प्रकारको क्षतिपूर्ति पाएको नदेखिँदा कानुनबमोजिमका हकवालालाई रु. ३,००,०००।- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन तत्कालीन मानव अधिकार आयोग ऐन २०५३ को दफा १३(२), राष्ट्रिय मानव अधिकार आयोग (उजरी, कारबाही तथा क्षतिपुर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ र हालको राष्ट्रिय मानव अधिकार ऐन २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने ।

१४ उजुरी नं. १०९१, जातीय भेदभाव, प्रदेश नं. २ कार्यालय, जनकपुर (सप्तरी) । प्रस्तुत उजुरीका सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा मुद्दा चली जरिवानासमेत भइसकेको । यस सम्बन्धमा आयोगबाट यस अघि नीतिगत सिफारिस समेत भइसकेको देखिँदा तामेलीमा राख्ने ।

१५ उजुरी नं. १५३९, धम्की, प्रदेश नं. २ कार्यालय, जनकपुर (सप्तरी) । प्रस्तुत विषयमा २०६४ सालको संविधान सभाको निर्वाचनमा माओवादीबाट धम्की आएको भनी उजुरीमा उल्लेख भएकोमा हालको अवस्थामा सामान्य रहेको र कुनै धम्की नभएको भन्ने देखिँदा तामेलीमा राख्ने ।

१६ उजुरी नं. १२२४, महिला हिंसा, प्रदेश नं. २ कार्यालय, जनकपुर (सप्तरी) । सप्तरी जिल्ला देउरी गाविस वडा नं. २ निवासी एकल महिला तारादेवी दासलाई मिति २०६५।२।३० गते स्थानीय योगेन्द्र यादव समेत भई बोक्सीको आरोपलगाई मत्र मुल खुवाई कुटपिट गरी दुरव्यवहार गरेको विषयमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिन जाँदा जाहेरी दर्ता नगरेकाले आवश्यक पहल गरी पाउँ भनी दर्ता गरेको उजुरीको सम्बन्धमा मिसिल संलग्न प्रतिवेदनबाट पीडित तारादेवी दासलार्य रु. १७,०००।- (सत्र हजार) क्षतिपुर्ति उपलब्ध गाराउने गरी जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भएको भन्ने देखिंदा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट उक्त मिलापत्रको प्रतिलिपि झिकाउने र पीडित तारादेवी दासले क्षतिपूर्तिको रकम पाए-नपाएको सम्बन्धमा निज तारादेवी दासलाई बुझी पुनः पेस गर्ने ।

१७ उजुरी नं. ३०७, सामुहिक बलात्कार (महिला हिंसा), प्रदेश नं. २ कार्यालय, जनकपुर (सप्तरी) । प्रस्तुत विषयमा पीडकहरूउपर अदालतमा मुद्दा चली पीडकलाई जेल सजाय र पीडितले क्षतिपूर्ति पाउने गरी अदालतबाट फैसलासमेत भएको देखिँदा तामेलीमा राख्ने ।

१८ उजुरी नं. १५७२, न्याय-प्रशासन, प्रदेश नं. २ कार्यालय, जनकपुर (सप्तरी) । प्रस्तुत विषयमा सेनिकहरू तथा वन रक्षाकले यातना दिएको भनी जिल्ला अदालतमा मुद्दा चली विचाराधिन अवस्थामा रहेको देखिँदा तामेलीमा राख्ने ।

१९ उजुरी नं. १८, न्याय-प्रशासन, प्रदेश नं. २ कार्यालय, जनकपुर (महोत्तरी) । प्रस्तुत उजुरीका सम्बन्धमा हाल कुनै किसिमको डर/धम्की नरहेकोले उजुरी टुग्याइदिन स्वयम्ले निवेदन दिएको देखिँदा तामेलीमा राख्ने ।

२० उजुरी नं. ४६, राहत प्राप्त नगरेको(न्याय-प्रशासन), प्रदेश नं. २ कार्यालय, जनकपुर (सिराहा) । प्रस्तुत उजुरीका सम्बन्धमा पीडितले राहत पाइसकेको र मुद्दा अदालतमा चलीसकेको देखिँदा तामेलीमा राख्ने ।

२१ उजुरी नं. १८३, धम्की (न्याय-प्रशासन), प्रदेश नं. २ कार्यालय, जनकपुर (धनुषा) । प्रस्तुत उजुरीका सम्बन्धमा हाल दुवै पक्षविच मिलापत्र भई समस्या समाधान भइसकेकोले उजुरीको कारबाही टुङ्ग्याइदिन भनी दिएको लिखित निवेदन मिसिल संलग्न देखिँदा तामेलीमा राख्ने ।

२२ उजुरी नं. २६५, अपहरण (अज्ञात समूहबाट), प्रदेश नं. २ कार्यालय, जनकपुर (महोत्तरी) । प्रस्तुत उजुरीका सम्बन्धमा अपहरित व्यक्ति मुक्त भइसकेको देखिँदा तामेलीमा राख्ने ।

२३ उजुरी नं. ७३, अपहरण (माओवादीबाट), प्रदेश नं. २ कार्यालय, जनकपुर (धनुषा) । प्रस्तुत उजुरीका सम्बन्धमा अपहरित सुरज यादव अपहरणमा परेको ७ दिनपछि अपहरण मुक्त भइसकेको र हाल निज आफ्नै घरमा सकुशल रहेको देखिँदा तामेलीमा राख्ने ।

२४ उजुरी नं. २२, न्याय-प्रशासन, प्रदेश नं. २ कार्यालय, जनकपुर (धनुषा) । उजुरकर्ता :- रामवृक्ष महरा (धनुषा जिल्ला तुलिसिमाही २) । प्रस्तुत विषयमा दुवै पक्षबीच मिलापत्र भइसकेको, हाल अवस्था सामान्य रहेकोले उजुरी टुङ्ग्याइदिन भनी दिएको, लिखित निवेदन मिसिल संलग्न देखिँदा तामेलीमा राख्ने

२५ उजुरी नं. १७७, विस्थापित, प्रदेश नं. २ कार्यालय, जनकपुर (धनुषा) । उजुरकर्ता : रामचन्द्र मुखिया (धनुषा जिल्ला देवडिहा ४) । प्रस्तुत विषयमा निज रामचन्द्र मुखिया हाल जनकपुरमा स्थायी बसोवास गरी रहेको, विस्थापितबापत नेपाल सरकारबाट रु. ५०,०००।- (पचास हजार) राहत समेत प्राप्त गरी सकेको देखिँदा तामेलीमा राख्ने ।

२६ उजुरी नं. ६०४, न्याय-प्रशासन (शान्ति-सुरक्षा), प्रदेश नं. २ कार्यालय, जनकपुर (धनुषा) । उजुरकर्ता : धमेन्द्रकुमार शाह (जनकपुर ५, धनुषा) । प्रस्तुत विषयमा हाल उक्त समस्या समाधान भई अवस्था साामान्य रहेकोले उजुरी टुग्याइदिन पीडित स्वयम्ले निवेदन दिएको देखिँदा तामेलीमा राख्ने

२७ उजुरी नं. ९९, सम्पत्ति क्षति, उजुरकर्ता ...

२८ उजुरी नं. १००, सम्पत्ति क्षति, उजुरकर्ता ...

२९ उजुरी नं. १०२, सम्पत्ति क्षति, उजुरकर्ता ...

३० उजुरी नं. १०४, सम्पत्ति क्षति, उजुरकर्ता ...

३१ उजुरी नं. १०३, सम्पत्ति क्षति, उजुरकर्ता ...

३२ उजुरी नं. १०५, सम्पत्ति क्षति, उजुरकर्ता ...

३३ उजुरी नं. १०७, सम्पत्ति क्षति, उजुरकर्ता ...

३४ उजुरी नं. १०९, सम्पत्ति क्षति, उजुरकर्ता ...

३५ उजुरी नं. १०६, सम्पत्ति क्षति, उजुरकर्ता ...

३६ उजुरी नं. १०८, सम्पत्ति क्षति, उजुरकर्ता ...

३७ उजुरी नं. ११०, सम्पत्ति क्षति, उजुरकर्ता ...

३८ उजुरी नं. १११, सम्पत्ति क्षति, उजुरकर्ता ...

३९ उजुरी नं. ११३, सम्पत्ति क्षति, उजुरकर्ता ...

४० उजुरी नं. ११४, सम्पत्ति क्षति, उजुरकर्ता ...

४१ उजुरी नं. ११२, सम्पत्ति क्षति, उजुरकर्ता ...

४२ उजुरी नं. ११५, सम्पत्ति क्षति, उजुरकर्ता ...

४३ उजुरी नं. ११६, सम्पत्ति क्षति, उजुरकर्ता ...

४४ उजुरी नं. ११७, सम्पत्ति क्षति, उजुरकर्ता ...

४५ उजुरी नं. १२०, सम्पत्ति क्षति, उजुरकर्ता ...

४६ उजुरी नं. ११९, सम्पत्ति क्षति, उजुरकर्ता ...

४७ उजुरी नं. १२४, सम्पत्ति क्षति, उजुरकर्ता ...

४८ उजुरी नं. १४९, सम्पत्ति क्षति, उजुरकर्ता ...

४९ उजुरी नं. १५१, सम्पत्ति क्षति, उजुरकर्ता ...

५० उजुरी नं. १५२, सम्पत्ति क्षति, उजुरकर्ता ...

प्रस्तुत उजुरीहरूका सम्बन्धमा मुख्यतया: २०६३।१०।२ गतेपछिको मधेश आन्दोलनका क्रममा सर्वसाधारण नागरिकहरूको सम्पत्ति क्षति भएकोमा क्षतिपुर्तिको माग भएको देखिन्छ । यस्ता

प्रकृतिका उजुरीहरूमा निर्णय गर्दा आयोगमा हालसम्म रहेका यस्ता प्रकृतिका सबै उजुरीहरूलाई संबोधन हुने गरी एकैसाथ निर्णय गर्न उपयुक्त देखिँदा देहायबमोजिमका कार्यहरू सम्पन्न गरी पुनः पेस गर्ने :

(क) माथि उल्लिखित प्रकृतिका उजुरीहरू हाल अनुसन्धान महशाखामा के-कति रहेका छन् ? सबै एकैसाथ राख्ने ।

(ख) यस्तै प्रकृतिका उजुरीहरू आयोगका विभिन्न कार्यालयहरूमा अनुसन्धानको क्रममा रहेको भए शिघ्र अनुसन्धान सम्पन्न गरी निर्णयार्थ केन्द्रीय कार्यालयमा पठाउन सबै कार्यालयहरूलाई पत्राचार गर्ने ।

(ग) २०६३।१०।२ गतेपछि मधेशमा भएको आन्दोलनका क्रममा सर्वसाधारण नागरिकहरूको सम्पत्ति क्षति भएको सम्बन्धमा हालसम्म कसैले कुनै प्रकारको क्षतिपुर्ति पाए-नपाएको सम्बन्धमा गृह मन्त्रालयलाई पत्राचार गरी विवरण माग गर्ने

वागमती प्रदेश कार्यालय, सानेपा

अनुगमन विवरण

क्र.स.	अनगमनको विषय	अनुगमन मिति	स्थान	कैफियत
१	होल्डिङ सेन्टर र क्वारेन्टिनको अवस्था	२०७७/०४/११–१७	काठमाडौँ, भक्तपुर र काभ्रेपलाञ्चोक	
२	इनफ इज इनफका कार्यकर्ताको भोकहड्ताल	२०७७/०४/११	काठमाडौँ	
३	बालाजुमा घर भत्काइएको सम्बन्धमा	२०७७/०४/२५	काठमाडौँ	
४	मछिन्द्रनाथको रथ यात्रामा प्रहरी र प्रदर्शनकारीबीचको झडप	२०७७/०५/१२	ललितपुर	
५	गंगामाया अधिकारीको स्वास्थ्य अवस्था	२०७७/०५/२८	वीर अस्पताल, काठमाडौँ	
६	भीमफेदी कारागारको अवस्था	२०७७/०७/१२–१६	मकवानपुर	
७	नेपाली काङ्ग्रेसद्वारा आयोजित विरोध प्रर्दशन	२०७७/९/१३	काठमाडौँ	
८	नेपाल कम्युनिष्ट पार्टीद्वारा आयोजित विरोध प्रर्दशन	२०७७/९/१४	काठमाडौँ	
९	राम्रपाद्वारा आयोजित विरोध प्रर्दशन	२०७७/९/१७	काठमाडौँ	
१०	गङ्गामाया अधिकारीको अनशन	२०७७/९/१९	वीर अस्पताल, काठमाडौँ	
११	हिरासको अवस्था	२०७७/१०/७– ८	काभ्रेपलाञ्चोक र ललितपुर	
१२	नेकपा (प्रचण्ड–नेपाल) समूहको विरोध प्रदर्शन	२०७७/१०/०९	काठमाडौँ	
१३	मानव अधिकारको अवस्था	२०७७/१०/१०–१३	चितवन	
१४	नेकपा (प्रचण्ड-नेपाल) द्वारा आयोजित आमहड्ताल	२०७७/१०/२२	काठमाडौँ	
१५	नेकपा (केपी ओली) समूहद्वारा आयोजित विरोध प्रदर्शन	२०७७/१०/२३	काठमाडौँ	
१६	मातृका यादवको स्वास्थ्यवस्था	२०७७/१०/२७	नर्भिक अस्पताल, थापाथली, काठमाडौँ	
१७	गङ्गामाया अधिकारीको अनशन	२०७७/११/१३	वीर अस्पताल, काठमाडौँ	केकासँग समन्वय

१८	आर्थिक, सांस्कृतिक र सामाजिक अधिकारको अवस्था	२०७७/११/२२–२८	धादिङ	
१९	आर्थिक, सांस्कृतिक र सामाजिक अधिकारको अवस्था	२०७७/१२/९–१२	मकवानपुर	
२०	कारागारको अवस्था	२०७८/१/४–६	चितवन	
२१	मानव अधिकार अवस्था	२०७८/२/२५–३१	काभ्रेपलाञ्चोक	
२२	मानव अधिकार अवस्था	२०७८/३/३–९	ललितपुर र धादिङ	
२३	मानव अधिकार अवस्था		सिन्धुपाल्चोक र मकवानपुर	

अनुसन्धान विवरण

प्रदेश कार्यालय, सानेपा

क्र.स.	अनुसन्धानको विषय	मिति	स्थान	कैफियत
१	• यातना • स्वास्थ्यको अधिकार • स्वतन्त्र हिडडुल गर्ने अधिकार • जग्गाकब्जा	२०७७/०४/१६–२५	चितवन	जम्मा ४ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न
२	• यातना • न्याय-प्रशासन • अपाङ्गता भएका व्यक्तिको अधिकार • जीवन सुरक्षा • गैरकानुनी थुना, शान्तिसुरक्षा	२०७७/०८/३–१०	काठमाडौँ, धादिङ र ललितपुर	जम्मा ५ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न
३	• धम्की, • रोजगारीको हक, • यातना	२०७७/०८/११–१७	काठमाडौँ, भक्तपुर र धादिङ	जम्मा ३ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न
४	• जबरजस्ती विवाह तथा बेचबिखन • प्रहरीद्वारा कुटपिट • यातना/भेटघाटबाट वञ्चित • महिला अधिकार • न्याप्रशासन • पारिश्रमिक सम्बन्धमा • आवासको अधिकार	२०७७/९/१४–२०	काठमाडौँ, ललितपुर र काभ्रेपलाञ्चोक	जम्मा ७ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न

५	• यातना • बेपत्ता • न्याय-प्रशासन • शान्तिसुरक्षा • क्षतिपूर्ति • गैरकानुनी थुना • न्याय-प्रशासन	२०७७/९/२१–२७	सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक	जम्मा ७ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न
६	• न्याय-प्रशासन- २, • यातना-२, • जातीय विभेद, • घरजग्गा कब्जा, • आदिवासीको अधिकार	२०७७/९/२८–१०/०६	चितवन	जम्मा ७ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न
७	• न्याय-प्रशासन-३ • शान्तिसुरक्षा-२ • गैरकानुनी थुना • महिला हिंसा	२०७७/११/०६–१२	काठमाडौँ र चितवन	जम्मा ७ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न
८	हत्या/न्याय-प्रशासन	२०७७/११/२२–२८	धादिङ	
९	• सुरक्षाकर्मीबाट कुटपीट-२, • न्याय-प्रशासन-३, • यातना, • विस्थापित, • शान्तिसुरक्षा	२०७७/१२/२८–२०७८/१/३	चितवन	जम्मा ८ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न
१०	• यातना-२, • न्याय-प्रशासन • धम्की	२०७८/१/१२–१८	सिन्धुली	जम्मा ४ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न

संवर्धनसम्बन्धी गतिविधिहरू

प्रदेश कार्यालय, सानेपा

क्र.स.	विषय	मिति	स्थान	सहभागिता	कैफियत
१	वार्षिक गतिविधि पुस्तिका विमोचन/आयोगको बारेमा प्रस्तुतिकरण	२०७७/०७/२०	काठमाडौँ	वाग्मती प्रदेशका सभामुखसहित ८६ जना	
२	शान्तिसुरक्षा र मानव अधिकार अवस्था सम्बन्धमा छलफल	२०७७/०९/२४	ललितपुर	प्रमुख जिल्ला अधिकारी काठमाडौँ र ललितपुर	

३	मानव अधिकारसम्बन्धी तालिम	२०७७/१०/१२	चितवन	शसस्त्र प्रहरी बल अधिकृत	
४	मानव अधिकार तालिम/अभिमुखीकरण	२०७८/०१/१३	सिन्धुली	कमलामाई नगरपालिकाका जनप्रतिनिधि	
५	मानव अधिकार तालिम/अभिमुखीकरण	२०७८/०१/१४	सिन्धुली	मरिण गाउपालिकाका जनप्रतिनिधि	
६	स्वास्थ्यकर्मीहरूसँग परामर्श बैठक	२०७८/०१/३१	ललितपुर		

सिफारिस

प्रदेश कार्यालय, सानेपा

१ उजुरी नं. ५२, ५३ वागमती प्रदेश, गैरकानुनी हत्या, सिन्धुपाल्चोक जिल्ला मेलम्ची नपा वडा नं. ९ (साविक ज्यामरी गाविस) स्थायी घर भई हाल काठमाडौँ महानगरपालिका वडा नं. ३२, काँडाघारी बस्ने ११ वर्षिय बालक निशान खड्काको अपहरणपछि हत्या र अपहरणको आरोप लागेका सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे नपा वडा नं. २ कर्थली बस्ने गोपाल तामाङ र नुवाकोट जिल्ला सामरी गाँउपालिका वडा नं. ६ बस्ने अजय तामाङलाई प्रहरीले गोली हानी मारेको भन्ने उजुरीको सम्बन्धमा छानबिन गर्न गठित सर्वोच्च अदालतको पूर्व न्यायधीश ताहिरअलि अन्सारीको संयोजकत्वमा गठित समितिले पेस गरेको प्रतिवेदनमाथि छलफल गरियो । उक्त प्रतिवेदनका आधारमा देहायबमोजिम गर्न गराउन निर्णय गरियो:

- प्रतिवेदनको सुझावका खण्डमा उल्लेख भएका सुझावहरूमा गहन छलफल हुँदा उक्त सुझावहरू कार्यान्वयन गर्न गराउन कानुनसम्मत र मानव अधिकारका दृष्टिकोणबाट समेत आवश्यक देखिएकोले घटनामा मृत्यु भएका बालक निशान खड्काका परिवारलाई क्षतिपूर्तिस्वरूप रु तीन लाख र गोपाल तामाङ र अजय तामाङको परिवारलाई रु. एक लाखका दरले उपलब्ध गराउन ।
- प्रतिवेदनमा उल्लिखित दोषी पहिचान भएको प्रहरी कर्मचारीहरू प्रहरी नायव उपरीक्षक श्री रुगमबहादुर कुँवर, प्रनानि दीपेन्द्र चन्द, प्रनानि प्रसन्न मल्ल, प्रनानि रञ्जित लामा र प्रसनि राजन खड्कासमेतले कानुनी व्यवस्थाको उपेक्षा गर्ने गरी कारबाही गरेकोले निजहरूउपर कानुनबमोजिम कारबाही गर्न ।
- छानबिन तथा अनुसन्धानलाई विश्वसनिय पारदर्शी साथै वैज्ञानिक बनाउन प्रतिवेदनमा उल्लेख गरिएका बाँकी नीतिगत सुझावहरू कार्यान्वय गर्न-गराउन नेपाल सरकारलाई लेखी पठाउने ।
- इन्काउण्टरमा मारिएका भनिएका देहायबमोजिमका अन्य उजुरीहरूका सम्बन्धमा छलफल गर्दा सम्बन्धित परिवारका सदस्य लगायत बुझनुपर्ने आवश्यकता देखिएका व्यक्तिहरूसँग बुझन प्रयास गरी पुन: पेस गर्ने निर्णय गरियो:

देहाय :

१ दिनेश अधिकरी, धादिङ फा.नं. ७४७

२ प्रविण खत्री, ललितपुर फा.नं. ९८१

३ अशोक भुलन, ललितपुर फा.नं. ३७

४ विष्णु तामाङ, सिन्धुपाल्चोक फा.न. १३६

५ कुमार श्रेष्ठ, काठमाडौँ फा.न. ७८९

२ उजुरी नं. ५१०, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर (चितवन) । यसमा मिसिल संलग्न कागजातबाट निज इन्दिरा कोइरालालाई मुद्दा फिर्ता लिन र मिलापत्र गर्न कसैबाट कुनै पनि किसिमको दबाब वा धम्की नदिने सहमति भई हाल अवस्था सामान्य रहेको देखिँदा तामेलीमा राख्ने ।

३ उजुरी नं. ८४७, यातना, वागमती प्रदेश कार्यालय, सानेपा ललितपुर, ललितपुर जिल्लाको एकान्तकुना स्थित यातायात व्यवस्था कार्यालयमा नासु पदमा कार्यरत सूर्यप्रसाद ओझालाई यातायत विभागका निर्देशक वसन्त अधिकारीले विभिन्न अपशब्दहरू प्रयोग गरी धम्क्याउने गरी कार्यालयमा कार्य गर्न नै अप्ठ्यारो पारी मानसिक यातना दिने गरेकाले निज वसन्त अधिकारीलाई कारबाही गरी मेरो जीउज्यानको रक्षा गरी पाउँ भनी दर्ता भएको उजुरीको अनुसन्धान सम्पन्न गरी आज पेस भएकोमा छलफल गरीयो । मिसिल अध्ययनबाट यस सम्बन्धमा थप पत्राचार गरी बुझन आवश्यक देखिएकाले सो पत्राचार गरी जवाफ प्राप्त भएपछि पुनः पेस गर्ने निर्णय गरियो ।

४ उजुरी नं. ४३२, ज्यान मार्ने धम्की, वाग्मती प्रदेश कार्यालय, सानेपा, पीडित उजुरवाला दिर्घ नारायण ढकाल, चितवन । विवादित जग्गाको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा विचाराधिन रहेको, शान्ति-सुरक्षाको अवस्था पनि सामान्य रहेको र मेरो परिवारले साामान्य रूपमा जीवन निर्वाह गरिरहेकोले आयोगमा दर्ता रहेको मेरो उजुरी टुङ्ग्याइदिन भनी पीडितले लिखित निवेदनसमेत दिएको हुँदा उजुरी तामेलीमा राख्ने ।

५ उजुरी नं. २४३५, संस्था नविकरण नभएको, वाग्मती प्रदेश कार्यालय, सानेपा, नीलहिरा समाजको तर्फबाट संजिव (गुरुङ) (पिङकी), काठमाडौँ । संस्था नविकरणमा आएको कठिनाई हालमा समाप्त भइसकेको भनी नील हिरा समाजबाट मिति २०७४/४/२६ को पत्र प्राप्त भएकोले उजुरी तामेलीमा राख्ने ।

६ उजुरी नं. ६५१, बेपत्ता/न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, सानेपा, पीडित रमेश प्रसाद पाण्डे, पुर्णकाजी बज्राचार्य उजुरवाला रेश्मा बज्राचार्य, रविता भेटुवाल, नुवाकोट। विवादित विषयमा नुवाकोट जिल्ला अदालतमा मुद्दा दर्ता भई मिति २०७१/५/३० मा फैसलासमेत भइसकेको फायल संलग्न कागजातबाट देखिन आएको हुँदा उजुरी तामेलीमा राख्ने ।

७ उजुरी नं.८०१, नागरिकता प्रमाणपत्र नपाएको, वाग्मती प्रदेश कार्यालय, सानेपा, उजुरवाला

लालबहादुर मित्रकोटी पीडित माइला दमाई, ललितपुर । राष्ट्रिय मानव अधिकार आयोगको पहलमा नागरिकता प्राप्त भएकोले आयोगमा दर्ता रहेको उजुरी टुङ्ग्याइदिन पीडितको लिखित निवेदन परेकोले उजुरी तामेलीमा राख्ने ।

८ उजुरी नं. ८११, धम्की, वाग्मती प्रदेश कार्यलय, सानेपा, उजुरवाला यशोदा विष्ट, परमेश्वरी खड्गी, काठमाडौँ । हालमा उजुरीमा उल्लिखित समस्या नरहेको र स्वतन्त्रतापूर्वक जीवनयापन गर्दै आएकोले आयोगमा दर्ता रहेको उजुरी तामेलीमा राखिदिन पीडितको लिखित निवेदन पर्न आएको देखिँदा उजुरी तामेलीमा राख्ने ।

९ उजुरी नं. ८१५, प्रहरीद्वारा बल प्रयोग, वाग्मती प्रदेश कार्यलय, सानेपा, उजुरवाला पीडित उजुरवाला नारायणप्रसाद तिवारी, काठमाडौँ । पीडित नारायण प्रसाद तिवारीबाट प्रहरीले यातना दिएको र त्यसबाट भएको क्षतिको सम्बन्धमा पुष्टि हुने प्रमाण पेस नभएको र पीडित आफैले आयोगमा दर्ता रहेको उजुरी टुङ्ग्याइदन लिखित निवेदन दिएको हुँदा उजुरी तामेलीमा राख्ने ।

१० उजुरी नं. ८६०, शिक्षाको अधिकार, वाग्मती प्रदेश कार्यालय, सानेपा, उजुरवाला बाबुराम ज्ञवाली, पीडित सफल ज्ञवाली, काठमाडौँ । पीडितको माग सम्बन्धमा विद्यालयको स्रोतसाधनले भ्याएसम्म आवासीय सुविधा दिलाएको भन्ने विद्यालयको जवाफ रहेको तथा विद्यालयले निजलाई शिक्षाबाट बञ्चित गराएको फायल संलग्न कागजात तथा अनुसन्धान प्रतिवेदनबाट नदेखिएकाले उजुरी तामेलीमा राख्ने ।

११ उजुरी नं. ८९३, बाल अधिकार, वाग्मती प्रदेश कार्यालय, सानेपा, उजुरवाला पीडितको बुवा हेमबहादुर लम्साल, पीडित अनुग्रह लम्साल, काठमाडौँ । आरोपित शिक्षाकले विद्यालय छोडिसकेको, उजुरीकर्ताले उजुरीमा थप कारबाही गर्न नचाहेको र प्रहरी र पीडक दुवै पक्षबीच मिलापत्र भएको भन्ने अनुसन्धान प्रतिवेदनबाट देखिन आएको हुँदा उजुरी तामेलीमा राख्ने ।

१२ उजुरी नं. ९०३, महिला हिंसा, वाग्मती प्रदेश कार्यालय, सानेपा, आयोगबाट स्वविवेकमा उजुरी ग्रहण पीडित लक्ष्मी परियार, काभ्रेपलाञ्चोक । यस विषयमा सम्मानित काभ्रेपलाञ्चोक जिल्ला अदालतमा मुद्दा दर्ता भई मिति २०७४/५/६ मा फैसलासमेत भइसकेको फायल संलग्न कागजातबाट देखिन आएकोले उजुरी तामेलीमा राख्ने ।

१३ उजुरी नं. ९५८, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, सानेपा, उजुरवाला पीडितकी बुवा जयबहादुर स्याङतान, धादिङ । यस विषयमा जिल्ला प्रहरी कार्यालय धादिङको मिति २०७६/८/९ को पत्रमा उच्च सरकारी वकील कार्यालय, ललितपुरबाट मिति २०७५/२/१५ मा उक्त मुद्दा सम्बन्धमा कोही कसैउपर मुद्दा नचलाउने गरी निर्णय भएको भन्ने उल्लेख भएकोले प्रस्तुत विषय फौजदारी अपराधसँग सम्बन्धित देखिँदा उजुरी तामेलीमा राख्ने ।

१४ उजुरी नं. ३, गैरकानुनी गिरफ्तारी, वाग्मती प्रदेश कार्यालय, सानेपा, उजुरवाला प्रभात चलाउने, पीडित उजुरवालासमेत अन्य ८ जना, काठमाडौँ । महानगरीय प्रहरी परिसर, काठमाडौँको मिति २०७४/९/२५ को पत्रबाट उजुरवाला/थुनुवालाई कानुनी रूपमै गिरफ्तार गरी थुनामा राखिएको

देखियो र हालको अवस्थामा थुना मुक्त भइसकेको फायल संलग्न कागजातबाट देखिन आएकोले उजुरी तामेलीमा राख्ने ।

१५ उजुरी नं. ३८, गैरकानुनी थुना, वाग्मती प्रदेश कार्यालय, सानेपा, उजुरवाला प्रभात चलाउने, पीडित उजुरवालासमेत अन्य ८ जना, काठमाडौँ । यस विषयमा सम्मानित भक्तपुर जिल्ला अदालतमा मुद्दा दर्ता भई फैसलासमेत भइसकेको कुरा फायल संलग्न कागजातबाट देखिन आएकोले उजुरी तामेलीमा राख्ने ।

१६ उजुरी नं. ६२, गैरकानुनी थुना, वाग्मती प्रदेश कार्यालय, सानेपा, पीडित उजुरवाला रवि खड्का, काठमाडौँ । आयोगको समेत पहलमा हाल म स्वतन्त्र र सम्मानपूर्वक जीवनयापन गर्दै आएको छु । हाल मेरो सुरक्षा सम्बन्धमा कुनै समस्या नभएकोले उजुरी तामेलीमा राखिदिन भनी पीडितले लिखित निवेदन दिएको हुँदा उजुरी तामेलीमा राख्ने ।

१७ उजुरी नं. १२१, बेपत्ता, वाग्मती प्रदेश कार्यालय, सानेपा, उजुरवाला पीडितकी आमाकुमारी मगर, पीडित शर्मिला मगर, सिन्धुली । बेपत्ता भएको भनिएकीशसर्मिला मगर भेटिइ सकुशल रहेको भन्ने उजुरीकर्ताको निवेदनबाट देखिएको र आयोगमा दर्ता रहेको उजुरी टुङ्गयाई दिन उजुरवालाले लिखित निवेदनसमेत दिएकोले उजुरी तामेलीमा राख्ने ।

१८ उजुरी नं. १४१, कुटपीट, वाग्मती प्रदेश कार्यालय, सानेपा, उजुरवाला पीडित दिनेशकुमार थिङ (सुनीता लामा) । यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय काठमाडौँको मिति २०७३/३/१७ को आदेशले प्रतिवादीहरू जनही रु. ८,०००।- धरौटीमा तारेखमा छुटेको भन्ने देखिँदा साधिकार निकायबाट कारबाही भएको देखिएकोले उजुरी तामेलीमा राख्ने ।

१९ उजुरी नं ३५३, यातना, गण्डकी प्रदेश कार्यालय, पोखरा, (स्याङजा) । उजुरी नं. ३५३, यातना, स्याङ्गजा जिल्ला विरुवा अर्चले गाविस वडा नं. ३ घर भई मिलन टोल, पोखरामा बस्दै आएका लोकबहादुर थापा मगरलाई कास्कीको विजयपुर व्यारेकबाट आएका क्याप्टेन समीरजंग राणा सहितको टोलीले नेकपा माओवादीको आरोपमा २०५८ साल माघ महिनामा आफ्नै निवासबाट पक्राउ गरी श्री ३ नं. बाहिनी बिजयपुर व्यारेकमा राखी अत्याधिक यातना दिई २०५९ साल मङ्सिर महिनामा मात्र रिहा गरेकाले छानबिन गरी न्याय पाउँ भनी दर्ता भएको उजुरीको निर्णयार्थ आज पेस भएको । रक्षा मन्त्रालयको मिति २०६६/०३/०७ च.नं. १४६१६ को पत्रमा निजलाई पक्राउ गरेको रेकर्ड नभएको भन्ने उल्लेख भएपनि रक्षा मन्त्रालयकै मिति २०६८/०६/२५ च.नं. १४६१६ को पत्रमा निज लोकबहादुर थापा मगरलाई श्री बर्दबहादुर गणले मिति २०५८/१०/२७ गते पक्राउ गरी ३ नं. बाहिनी अड्डामा बुझाएको र मिति २०५९/९/२७ मा छाडिएको भन्ने उल्लेख छ । यसबाट पनि निज पीडितलाई तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी ३ नं. बाहिनी अड्डा विजयपुर व्यारेक पोखरामा राखेको पुष्टि हुन आयो । सेनाको हिरासतबाट मुक्त भएपछि उसले उपचार गराएको मिसिल संलग्न कागज, के-कसरी सेनाको हिरासतमा रहँदा यातना दिइएको थियो भन्ने सम्बन्धमा विस्तृत रूपमा खुलाइ पीडित स्वयम्ले दिएको उजुरी तथा भनाई र तत्कालीन द्वन्द्वको समयमा सेनाले आतंककारीको आरोपमा नियन्त्रणमा लिईसकेपछि माओवादीको थप गतिविधिको

बारेमा जानकारी लिने उद्देश्यले अत्याधिक कुटपिट गरी यातना दिने प्रवृत्ति तथा अभ्यास समेतका आधारमा यातना दिएको पुष्टि हुन आयो । यसरी नि:शस्त्र अवस्थामा रहेका निज लोकबहादुर थापा मगरलाई सेनाको टोलीले निवासबाटै नियन्त्रणमा लिई कुटपीट गरी सेनाको तत्कालीन ३ नं. बाहिनी अड्डा विजयपुर व्यारेकको हिरासतमा राखी यातना दिएको देखिँदा निज लोकबहादुर थापा मगरको संविधान, कानुन, यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८४ द्वारा प्रदत्त मानव अधिकारको हनन भएको ठहर्छ । यसरी मानव अधिकार हनन भएको अवस्थामा को कस्को कामकारबाहीबाट मानव अधिकार हनन भयो भन्नेतर्फ विचार गर्दा आयोगको छानबिनबाट दोषी यकीन गर्न नसकिएता पनि यस्तो संवेदनशील विषयमा दोषी यकीन गर्ने जिम्मेवारी राज्यको निकायको हुने हुँदा तत्काल उक्त कार्यमा संलग्न देखिएका सेनाका तत्कालीन क्याप्टेन समीरजङ्ग राणासहित संलग्न अन्य सैनिकहरूलाई अनुसन्धानको दायरामा ल्याउन नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड (क) र यातना पीडित लोकबहादुर थापा मगरलाई रु. एक लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

२० उजुरी नं. ५५१, न्याय-प्रशासन, केन्द्रीय कार्यलय, ललितपुर । प्रस्तुत उजुरीमा उजुरीमा उजुरकर्ताले उठाएका विषयहरू स्पष्ट नभएको, कोबाट के-कस्तो मानव अधिकार उल्लङ्घन भएको हो भन्ने स्पष्ट नभएको हुँदा अष्पष्ट उजुरी खारेज गर्ने ।

२१ उजुरी नं. ८९६, हत्या (सुरक्षाकर्मीबाट) केन्द्रीय कार्यलय, ललितपुर (काभेपलाञ्चोक) । काभ्रपलाञ्चोक जिल्ला पोखरी नारायण स्थान गाविस वडा नं. ३ बस्ने धर्मराज लामा र ऐ.ऐ. वडा नं. ८ बस्ने चन्द्रलाल तामाङलाई मिति २०६०/५/१९ गते गस्तीमा रहेका सुरक्षाफौजले गोली हानी हत्या गरेकोले न्याय पाउँ भनी दर्ता भएको उजुरीको अनुसन्धान सम्पन्न भई पेस भएकोमा छलफल गरियो । यसमा मृतकद्धयलाई मिति २०६०/५/१९ गते साँझको समयमा ऐ. स्थित न्यागलिग चोकबाट सेनाको टोलीले नि:शस्त्र अवस्थामा नियन्त्रणमा लिएको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आयो । निजहरूको मृत्यु दोहोरो भिडन्तमा मृत्यु भएको भन्ने जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक र जिल्ला प्रहरी काभ्रेको पत्रमा उल्लेख भएपनि उक्त स्थानमा दोहोरो भिडन्त भएको भन्ने पुष्टि हुने कुनै आधार प्रमाण देखिँदैन । मिसिल संलग्न प्रमाण कागजात तथा अनुसन्धान प्रतिवेदनबाट विरेन्द्र शान्ति कार्य तालिम केन्द्र पाँचखालबाट खटिएका सेनाको टोलीले मिति २०६०/५/१९ गते काभ्रेपलाञ्चोक जिल्ला साविक नारायणस्थान गाविस स्थित न्यांगलिग चोकबाट मृतकद्धयलाई नि:शस्त्र अवस्थामा नियन्त्रणमा लिई नजिकैको जङ्गलमा पुऱ्याएपछि सेनाको गोलीबाट निजहरूको मृत्यु भई निजहरूको संविधान तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ द्वारा प्रदत्त मानव अधिकारको उल्लङ्घन गरेको ठहर्छ । अब को कसको कामकारबाहीबाट मानव अधिकार हनन भएको हो भन्नेतर्फ विचार गर्दा आयोगको छानबिनबाट दोषी यकीन गर्न नसकिए तापनि यस्तो संवेदनशील विषयमा राज्यका जिम्मेवार निकायले अनुसन्धान गरी दोषी पहिचान नगर्ने हो भने मानव अधिकार संरक्षण तथा विधिको शासनको सम्बन्धमा आम नागरिकमा बितृष्ण पैदा हुने हुँदा तत्काल अनुसन्धान

गरी दोषीलाई कानुनी दायरामा ल्याउन र मृतकका परिवारले दुई लाख क्षतिपूर्ति पाइसकेको भन्ने देखिँदा थप जनही रु. १ लाखका दरले क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

२२ उजुरी नं. ३९५, गैरकानुनी थुना, वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर (काठमाडौँ) । उजुरकर्ता :- भुपबहादुर थापा (काठमाडौँ ७, रातोपुल) । प्रस्तुत विषयमा अदालतमा मुद्दा चली निज गीता खड्का थुनाबाट रिहा भइसकेको देखिँदा तामेलीमा राख्ने ।

२३ उजुरी नं. २०३२, अन्धा कल्याण सङ्घको कार्यालय जाने बाटो बन्द गर्न लागेको, वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर (काठमाडौँ) । उजुरकर्ता : नेपाल अन्धा कल्याण सङ्घ, काठमाडौँ । यस विषयमा काठमाडौँ जिल्ला त्रिपुरेश्वरस्थित नेपाल अन्धा कल्याण सङ्घको कार्यालयमा जाने बाटो सडक निर्माणको क्रममा बन्द गर्न लागेको भन्ने उजुरी रहेकोमा हाल उक्त बाटोमा कुनै अवरोध नभएको भन्ने उजुरीकर्ता स्वयम्को लिखित पत्र देखिँदा तामेलीमा राख्ने ।

२४ उजुरी नं. ४४५४, न्याय-प्रशासन (हत्या), वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर । उजुरकर्ता : नेपाल मुस्लिम महिला कल्याण समाज काठमाडौँ । प्रस्तुत विषयमा अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको भन्ने महानगरिय प्रहरी परिसरको मिति २०७६।५।२४ च.नं. २६९६ को पत्रबाट देखिँदा तामेलीमा राख्ने ।

२५ उजुरी नं. ४६०९, न्याय-प्रशासन (हत्या), वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर (काठमाडौँ)। उजुरकर्ता : ओरेक नेपाल, प्रस्तुत विषयमा धादिङ जिल्ला अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको भन्ने जिल्ला प्रहरी कार्यालय धादिङको मिति २०७०।४।२७ च.नं. १३६ को पत्रबाट देखिँदा तामेलीमा राख्ने ।

२६ उजुरी नं. ४६५०, क्षतिपूर्ति सम्बन्धमा, वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर (काठमाडौँ) । उजुरकर्ता : सुमिता शाक्य (लगनटोल घर नं. ७०, काठमाडौँ), काठमाडौँ जिल्ला लगनटोल निवासी सप्तराज शाक्यको अज्ञात समूहले चलाएको गोली लागि मृत्यु भएको र डाँकाको समूहले सुनचाँदीको पसलबाट सुन तथा गहना चोरीसमेत भएको सम्बन्धमा प्रहरीबाट प्रभावकारी अनुसन्धान नभएको साथै पति सप्तराज शाक्यको हत्यापछि घरको आम्दानीको अन्य श्रोत नहुँदा २ जना छोराहरू म समेतको विचल्ली भएको हुँदा क्षतिपूर्ति तथा रोजगारीको लागि आवश्यक पहल गरी पाउँ भनी उजुरी दर्ता भएको । यसमा निज पीडित सुमिता शाक्यले हालसम्म कहि कतैबाट कुनै प्रकारको राहत/क्षतिपूर्ति पाए-नपाएको सम्बन्धमा पीडित सुमिता शाक्य र सुनचाँदी व्यवसायी सङ्घ केन्द्रीय कार्यालयमा पत्राचार गरी जानकारी माग गर्ने ।

२७ उजुरी नं. १०१, न्याय-प्रशासन (हत्या), वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर (ललितपुर)। उजुरकर्ता : माधवराज पाण्डे (इन्सेक, पर्वत) । प्रस्तुत उजुरीका सम्बन्धमा मृतक रमेशबहादुर क्षेत्री सानेपा प्रहरी चौकी । सानेपा ललितपुरमा ड्युटीमा रहेको अवस्थामा अचानक बेहोस भई वीर अस्पतालमा उपचार गराएको र सोही क्रममा मृत्यु भएको भनी महानगरीय प्रहरी परिसरको च.नं. ३१९ मिति २०७६।११।१९ को पत्रबाट देखिँदा तामेलीमा राख्ने ।

२८ उजुरी नं. ११९४ हत्या (माओवादीबाट), वाग्मती प्रदेश कार्यालय, सानेपा ललितपुर (मकवानपुर)
उजुरीकर्ता: गणेशबहादुर स्याङ्ब्रो (हाँडीखोला ४, मकवानपुर) । मकवानपुर जिल्ला हाँडीखोला गाविस वडा नं. ४ निवासी अकलबहादुर स्याङ्ब्रो (देव स्याङ्ब्रो) लाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले खोलामा माछा मार्न गएको बेलामा मिति २०६२/३/२२ गते सिद्दकाली खोलाबाट ऐ. पदमपोखरी गाविस हात्तीगौंडाका माओवादी कमाण्डर रामजी नेपाल समेत भई नियन्त्रणमा लिई गएको र हत्या गरेकाले न्याय पाउँ भनी उजुरी दर्ता भएको । यसमा घटनाको बारेमा जानकारी उपलब्ध गराउन जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई पत्राचार गरेकोमा कुनै जवाफ प्राप्त नभएको । साक्षीहरूको बयान, अनुसन्धान प्रतिवेदनको निष्कर्ष समेतको आधारमा निज अकलबहादुर स्याङ्ब्रोलाई मिति २०६२/३/२२ गते सिद्दकाली खोलाबाट तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले नियन्त्रणमा लिएको पुष्टि हुन आयो । मिति २०६२/३/२७ गते मात्रै निज मृतकको शव फेला परेको मिसिल संलग्न प्रमाणहरूबाट देखिँदा निजको मृत्यु माओवादी कार्यकर्ताहरूकै नियन्त्रणमा रहेको अवस्थामा भएको पुष्टि हुन्छ । यसरी निज मृतकलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६२/३/२२ गते मकवानपुर जिल्ला स्थित सिद्धकाली खोलाबाट निःशस्त्र अवस्थामा नियन्त्रणमा लिई केही दिन आफुसँगै राखी कुटपिट समेत गरेको र नियन्त्रणमा रहेकै अवस्थामा मृत्यु भएको देखिँदा निजको बाँच्न पाउने संविधान र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ द्वारा प्रदत्त मानव अधिकारको हनन भएको ठहर्छ । यसरी मानव अधिकार हनन् भएको अवस्थामा को-कसको कामकारबाहीबाट मानव अधिकार हनन भएको हो भन्नेतर्फ विचार गर्दा यस आयोगबाट भएको अनुसन्धान प्रतिवेदन समेतबाट दोषी व्यक्तिहरू यही नै हो भनी यकीन गर्न नसकिएतापनि द्वन्द्वको समयमा भएका यस्ता प्रकृतिका घटनाहरूको संवेदनशीलतालाई विचार गरी राज्यको जिम्मेवार निकायले अनुसन्धान गरी दोषी व्यक्तिहरूको पहिचान गरी कारबाही गर्न आवश्यक हुन्छ । यस्ता विषयमा गहन अनुसन्धानमार्फत घटनामा संलग्न दोषी व्यक्तिहरूको पहिचान गरी कारबाही गर्नुपर्ने दायित्व पनि सरकारको नै हुन आउने हुँदा तत्काल प्रभावकारी अनुसन्धान गरी उक्त कार्यमा संलग्न दोषी तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनी दायरामा ल्याइ कारबाही गर्न नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड (क) बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने । साथै पीडित परिवारले क्षतिपुर्ति पाइसकेको देखिँदा सोतर्फ केही गरिरहन परेन ।

२९ उजुरी नं. १२२२, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर (काठमाडौँ) ।
उजुरीकर्ता : नेपाल मानव अधिकार सङ्गठन, काठमाडौँ । प्रस्तुत विषयमा पीडिततर्फबाट नेपाल मानव अधिकार सङगठनले यस आयोगमा उजुरी दिएको । पीडित भनिएका व्यक्ति हाल जर्मनीमा बसोबास गरिरहेको भन्ने उजुरकर्ताबाट जानकारी प्राप्त भएको । उजुरकर्ता आयोगमा सम्पर्क राख्न नै नआएको र हाल आयोगबाट सर्म्पक गर्न खोज्दा सम्पर्कसमेत हुन नसकेकाले तामेलीमा राख्ने ।

३० उजुरी नं. १२७७, सम्पत्ति क्षति, वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर (कञ्चनपुर) ।
उजुरकर्ता : दिवान आग्री (महेन्द्रनगर ५, कञ्चनपुर) । कञ्चनपुर जिल्ला महेन्द्रनगर नगरपालिका वडा नं. ५ निवासी दिवान आग्रीको घरमा माओवादी कार्यकर्ताहरूले मिति २०६१।१२।१ गते राती

शक्तिशाली बम विष्फोट गराइ क्षति गराएकाले क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी दर्ता भएको उजुरीको अनुसन्धान पश्चात पेस हुन आएको । यसमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वको स्थानीय क्षति मूल्याङ्कन समितिबाट प्राविधिकसहितको मूल्याङ्कनबाट जम्मा रु.१७,०८,५४७।- (सत्र लाख आठ हजार पाँच सय सत्चालीस) क्षति कायम भई सोहीअनुसार क्षतिपूर्तिको लागि सिफारिस भएकोमा हालसम्म निज दिवान आग्रीले जम्मा रु. ९३,५२९।- मात्र राहतस्वरूप प्राप्त गरेको भनी शान्ति तथा पुनः निर्माण मन्त्रालयको मिति २०६९।१०।२५ च.नं.६७४ को पत्रबाट देखिँदा के-कति कारणले निजले मूल्याङ्कनबमोजिम क्षतिपूर्ति प्राप्त नगरेको हो ? गृह मन्त्रालयबाट जानकारी माग गरी जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्ने ।

३१ उजुरी नं. ६७७, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर (काठमाडौँ) । उजुरकर्ता : कञ्चन सुवेदी (दाहाल) कलैया, हाल कमलपोखरी, काठमाडौँ । प्रस्तुत विषयमा समस्या समाधान भइसकेको र उजुरी कानुनबमोजिम गरिदिनुहुन भनी मिति २०७८ साल वैशाख ७ गते आयोगको बैठक स्थलबाट निज पीडितको मोवाइमा सर्म्पक गर्दा निज स्वयम्ले जानकारी गराएको हुँदा तामेलीमा राख्ने ।

३२ उजुरी नं. ३२७५, निवृत्तिभरणबाट वञ्चित, वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (काठमाडौँ) । उजुरकर्ता : जयन्त भट्टराई (इनरुवा ५, सुनसरी), प्रस्तुत उजुरीका सम्बन्धमा उपदान फिर्ता गरी निवृत्तिभरणको व्यवस्था गरी पाउन विभिन्न निकायमा निवेदन दिएकोमा विद्यालय शिक्षक किताबखानाले गरेको निर्णय उपर अदालत जान सकिने व्यवस्था भएको । आयोगलाई विद्यालय शिक्षक किताबखानाको निर्णय हेर्ने क्षेत्राधिकार समेत नभएकाले प्रस्तुत उजुरी खारेज गर्ने ।

३३ उजुरी नं. ३९७४, कुटपिट/दुरव्यवहार (माओवादीबाट), वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर(रामेछाप), । उजुरकर्ता : नेपाल मानव अधिकार सङ्गठन (काठमाडौँ), प्रस्तुत उजुरीका सम्बन्धमा पीडितलाई पटक-पटक सम्पर्क गर्न खोज्दा सम्पर्कमा नआएको देखिन्छ तर विद्रोही पक्षबाट कुटपिट दुरव्यवहार गरेको विषय देखिँदा थप प्रमाणसहित पीडित आयोगमा सम्पर्क गर्न आएका खण्डमा जाग्ने गरी हाललाई तामेलीमा राख्ने ।

३४ उजुरी नं. ४५४१, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (ललितपुर) । उजुरकर्ता : नन्दप्रसाद बन्जरा (टिकाथली ४, ललितपुर), प्रस्तुत उजुरीका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय काभ्रेमा आत्महत्या शिर्षकमा मुद्दा दर्ता भई तामेली समेत भइसकेको देखिँदा प्रस्तुत उजुरी तामेलीमा राख्ने ।

३५ उजुरी नं. ४५८३, सम्पत्ति कब्जा (माओवादीबाट), वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (मकवानपुर) । उजुरकर्ता : राम हरी शर्मा ढकाल (हेटौँडा ११, मकवानपुर), प्रस्तुत उजुरीका सम्बन्धमा जग्गाको विवाद रहेको, सो विवाद व्यक्ति व्यक्तिबीच रहेको र तत्कालीन माओवादीको संलग्नता रहेको नदेखिँदा तामेलीमा राख्ने ।

३६ उजुरी नं. ४७१७, यातना (प्रहरीबाट), वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (रामेछाप) । प्रस्तुत उजुरीका सम्बन्धमा अदालतमा मुद्दा चली यातना दिने कार्यमा संलग्न प्रहरी नायब उपरीक्षक

जयनारायण यादवलाई विभागीय कारबाही र पीडितलाई रु. २०,०००।- (वीस हजारमात्र) क्षतिपूर्ति उपलब्ध गराउने गरी फैसलासमेत भइसकेको देखिँदा तामेलीमा राख्ने ।

३७ उजुरी नं. ३५२/३५१, न्याय-प्रशासन (क्षतिपुर्ति प्राप्त नभएको), वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर । उजुरकर्ता : शमशेर थिङ, खैराङ ८, मकवानपुर हाल हेटौँडा नगरपालिका ५ मकवानपुर, तेजप्रसाद चौलागाईंसमेत द्वन्द्व पीडित सहयोग समूह मकवानपुर । प्रस्तुत उजुरीका सम्बन्धमा द्वन्द्वपीडित भएका नातालै क्षतिपुर्ति प्राप्त नगरेको भन्ने उजुरी व्यहोरा रहेकोमा जिल्ला प्रशासन कार्यालय मकवानपुरको च. नं. ९७९ मिती २०७६।५।१८ को पत्रबमोजिम निजहरूले क्षतिपूर्तिबापतको रकम प्राप्त गरिसकेको भन्ने देखिँदा तामेलीमा राख्ने ।

३८ उजुरी नं. १२६२, महिला अधिकार (दुरव्यवहार प्रहरीबाट) वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर । उजुरकर्ता : नेपाल मानव अधिकार संगठन के.का. काठमाडौँ, पीडितः सोनाम छेदेन (तिब्बती शरणार्थी), प्रस्तुत उजुरीका सम्बन्धमा पीडितको तर्फबाट नेपाल मानव अधिकार संगठनले उजुरी दिएको, सो सम्बन्धमा आयोगबाट निज पीडितलाई भेट गर्न प्रयास भएकोमा भेट गर्न नसकिएको पीडित वा उजुरकर्ताले पनि पीडितलाई आयोगमा उपस्थित गराउन नसकेको देखिँदा निजलाई यातना दिएको वा दुरव्यवहार भएको भन्ने पुष्टि हुन नसकेकोले तामेलीमा राख्ने ।

३९ उजुरी नं. ८८२, धम्की (प्रहरीबाट), वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (काठमाडौँ) । उजुरकर्ता : दिपक खड्का, नवराज खड्का र रिता थापा, काठमाडौँ महानगरपालिका ५, हाडीगाउँ । पीडितः उजुरीकर्ताहरू स्वयम्, प्रस्तुत उजुरीका सम्बन्धमा परमानन्द प्रसादको प्रभावमा प्रहरीले अदालतको आदेश विपरीत पक्राउ गर्ने धम्की दिएको भन्ने उजुरी भए पनि हाल सो समस्या समनधान भइसकेको, प्रहरीबाट कुनै प्रकारको धम्की नरहेको देखिँदा तामेलीमा राख्ने ।

४० उजुरी नं. ८८८, न्याय-प्रशासन (हराएको), वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (काठमाडौँ) । उजुरकर्ता : सरिना महर्जन, काठमाडौँ २६, नरदेवी, पीडित- छोरी मैया महर्जन, ऐ.ऐ., प्रस्तुत उजुरीका सम्बन्धमा शरिर बन्धक तथा अपहरणा विषयमा मुद्दा चली फैसलासमेत भइसकेको देखिँदा तामेलीमा राख्ने ।

४१ उजुरी नं. ८९३, आप्रवासी कामदारको अधिकार, वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (मकवानपुर), उजुरकर्ता : विष्णु लामा, फनगेल, मकवानपुर, पीडितः राजेश लामा ऐ.ऐ., प्रस्तुत उजुरीका सम्बन्धमा पीडित इराकबाट फर्की घर आइ हाल रोजगारीको सिलसिलामा बराइन रहेको देखिँदा तामेलीमा राख्ने ।

४२ उजुरी नं. ८९६, क्षतिपूर्ति (न्याय-प्रशासन), वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (ललितपुर),। उजुरकर्ता : प्रविण गुरुङ, महांकाल ६, सिन्धुपाल्चोक हाल ललितपुर ३, धोवीघाट (अधिकारकर्मी), प्रस्तुत उजुरीका सम्बन्धमा आदीवासी जनजाति महासङ्घले आह्वान गरेको बन्दको अनुगमनका क्रममा बन्दकर्ताहरूले मोटरसाइकल जलाई क्षति गरेको र दुरव्यवहार गरेको भन्ने उजुरी रहेकोमा मोटरसाइकल क्षतिको सम्बन्धमा क्षतिपूर्तिको लागि सिफारिस भइसकेको भनी महानगरीय प्रहरी परिसर ललितपुरको च.नं. २३७४ मिती २०६९।८।१९ गतेको पत्रबाट देखिँदा तामेलीमा राख्ने ।

४३ उजुरी नं. ६७३, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर । उजुरकर्ता : राष्ट्रिय अपाङ्ग महासघं नेपाल, काठमाडौँ, पीडित : मानबहादुर लोप्चन, जोरपाटी ४, प्रस्तुत उजुरीका सम्बन्धमा यस आयोगबाट नेपाल सरकारका विभिन्न निकायहरूमा पत्राचार गरी आवश्यक पहल भएको । त्यस्तै जिल्ला प्रहरी प्रशासन कार्यालय काठमाडौँको पहलमा मृतकका परिवार र राष्ट्रिय पारालिम्पिक कमिटीवीच सहमति भई शव बुझी सदगतसमेत भइसकेको देखिँदा तामेलीमा राख्ने ।

४४ उजुरी नं. ९४५, महिला हिंसा, वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (काठमाडौँ) । उजुरकर्ता : मनोज आले मगर, बालाजु, काठमाडौँ, पीडितः निरा राई, जरायोटार ५, भोजपुर, प्रस्तुत उजुरीका सम्बन्धमा आयोगबाट भएको अनुसन्धानअनुसार सोही विषयमा सम्मानीत काठमाडौँ जिल्ला अदालतमा मुद्दा चली पीडकहरूउपर कारबाही र पीडितलाई रु.५०,०००।- क्षतिपूर्ति उपलब्ध गराउने गरी मिती २०७०।१।९ गते फैसला भइसकेको साथै ठगीतर्फ छुट्टै मुद्दा चली रहेको भन्ने महानगरीय प्रहरी परिसर काठमाडौँको च. नं. १४३६९ मिती २०७०।३।१७ गतेको पत्रबाट देखिँदा तामेलीमा राख्ने ।

४५ उजुरी नं. ९५२, यातना (प्रहरीबाट), वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (मकवानपुर) । उजुरकर्ता :- कविराज राई, नागी ८, भोजपुर, हाल ललितपुर १४, नख्खीपोट, ललितपुर, पीडितः उजुरीकर्ता स्वयम्, प्रस्तुत उजुरीका सम्बन्धमा यातना पुष्टि हुने आधार प्रमाणहरू नरहेको, उजुरीकर्ता स्वयम्ले प्रमाण नरहेकाले उजुरी टुङ्ग्याइदिन भनी लिखित निवेदनसमेत दिएको देखिँदा तामेलीमा राख्ने ।

४६ उजुरी नं. ३५, धम्की/विस्थापित, यातना, वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (मकवानपुर) । उजुरकर्ता : देवकी वि.क., आमभञ्ज्याङ ७, मकवानपुर, पीडितः उजुरीकर्ता तथा परिवारहरू, प्रस्तुत उजुरीका सम्बन्धमा उक्त स्थानमा एक बालिकाको हत्या भएको र सो को अनुसन्धानको क्रममा प्रहरीले निज देवकी वि.क. समेतलाई पक्राउ गरे पनि पछि छाडेका पाइयो । सोही जरियाबाट पीडितहरूलाई अन्य गाउँलेहरूले धम्की दिएको र सोही कारण पीडितहरू गाउँ छाडी अन्यत्र बसेको भएतापनि हाल समस्या समाधान भइसकेको । पीडितहरूलाई आफ्नो घरमा गई बस्न कुनै बाधाअवरोध नभएको देखिँदा तामेलीमा राख्ने ।

४७ उजुरी नं. ६९३, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (काठमाडौँ) । उजुरकर्ता : निरमाया रेग्मी, शंकरनगर २, रुपन्देही हाल गौशाला, काठमाडौँ, पीडितः उजुरीकर्ता स्वयम्, प्रस्तुत उजुरीका सम्बन्धमा प्रंहरीबाट धम्की भएको भन्ने उजुरी व्यहोरा रहेतापनि सोही विषयमा अदालतमा मुद्दा चली फैसला भइसकेको र हाल कुनै समस्या नरहेको देखिँदा तामेलीमा राख्ने ।

४८ उजुरी नं. ७०६, गैरकानुनी थुना, वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (ललितपुर) । उजुरकर्ता : राजू खड्गी, ललितपुर १३, ललितपुर, प्रस्तुत उजुरीका सम्बन्धमा यातना दिएको पुष्टि हुने आधार कारण नदेखिएको । पीडित स्वयमले उजुरीको कारबाही टुङ्ग्याइदिन भनी लिखित रूपमा दिएको निवेदन मिसिल संलग्न देखिँदा तामेलीमा राख्ने ।

४९ उजुरी नं.७०५, कुटपिट/यातना (प्रहरीबाट), वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (काठमाडौँ)। उजुरकर्ता : अनु बराल, तातोपानी, सिन्धुपाल्चोक हाल लाजिम्पाट, काठमाडौँ। पीडित: उजुरकर्ता स्वयम्, प्रस्तुत उजुरी सम्बन्धमा कुटपिट दुरव्यवहार भएको भनी उजुरी दर्ता भएकोमा प्रहरीबाट कुटपिट दुरव्यवहार भएको भन्ने आधार प्रमाण नभएको। पीडितले उजुरी दिएपछि एकपटक पनि आयोगमा सम्पर्क नगरेको देखिँदा तामेलीमा राख्ने।

५० उजुरी नं.७०९, अपाङ्गता भएका व्यक्तिको अधिकार (रोजगारी सम्बन्धी), वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (काठमाडौँ)। उजुरकर्ता : बसुन्धारा ढकाल (फापरथुम ५, स्याङजा) हाल काठमाडौँ, पीडित: उजुरकर्ता स्वयम्, प्रस्तुत उजुरी सम्बन्धमा पीडित करार सेवामा रहेको अवस्थामा स्थायी पदपूर्ति भएको र सो पछि निजको जागीर समाप्त भएको कानुनबमोजिम देखिएको। चित्त नबुझेमा सो निर्णय उपर कानुनी उपचारमा जाने मिल्ने अवस्था देखिँदा तामेलीमा राख्ने।

५१ उजुरी नं. ७१२, धम्की (न्याय-प्रशासन), वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर (काठमाडौँ)। उजुरकर्ता : शोभा थापा/सपना थापा, बवरमहल, काठमाडौँ, पीडित: उजुरकर्ता स्वयम्, प्रस्तुत उजुरी सम्बन्धमा हाल समस्या समाधान भइसकेकाले उजुरी टुङ्ग्याइदिन भनी निवेदन दिएको देखिँदा तामेलीमा राख्ने।

गण्डकी प्रदेश कार्यालय, पोखरा

अनुगमन विवरण

क्र.स.	अनुगमनको विषय	अनुगमन मिति	स्थान	कैफियत
१	स्वास्थ्य अधिकारको अवस्था	२०७७/०९/०९– १५	पर्वत, म्याग्दी र वाल्लुङ	
२	व्यवसाय र मानव अधिकार	२०७७/०९/१८ –२४	नवलपुर	
३	मानव अधिकारको अवस्था	२०७७/१०/०९–११	पर्वत	
४	कैदीबन्दीबीच भएको झडप	२०७७/११/१७	जिल्ला कारागार शाखा, तनहुँ	
५	मानसिक स्वास्थ्यको अवस्था	२०७७/१२/०४ –०७	गोरखा	
६	स्वास्थ्य अधिकारको अवस्था	२०७७/१२/०८–१४	स्याङ्जा र तनहुँ	
७	कोभिड १९ र मानव अधिकार अवस्था	२०७८/०३/०३–०५	लम्जुङ	
८	कोभिड १९ र मानव अधिकार अवस्था	२०७८/०३/०६–०८	गोर्खा र तनहुं	
९	–कोभिड १९ महामारीको अवस्थामा नागरिकको स्वास्थ्य अधिकार, –उपभोक्ताको अधिकार र –प्राकृतिक विपद्बाट सिर्जित अवस्था	२०७८/०३/०९–१३	पर्वत, वाग्लुङ र स्याङ्जा	जम्मा ३ ओटा अनुगमन सम्पन्न
१०	कोभिड खोपको अवस्था	२०७८/०३/२४	कास्की	

अनुसन्धान विवरण

प्रदेश कार्यालय, पोखरा

क्र.स.	अनुसन्धानको विषय	मिति	स्थान	कैफियत
१	• तत्कालीन माओवादीवाट धम्की तथा विस्थापित • बाल विवाह • बालिकाको शिक्षा तथा सुरक्षा • सम्पत्तिको अधिकारबाट वञ्चित • अपाङ्गता भएका व्यक्तिको अधिकार • हिरासतमा कुटपिट	२०७७/०९/२४–१०/०१	स्याङ्जा र कास्की	जम्मा ६ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न

२	• सुरक्षाकर्मीद्वारा हत्या • प्रजन्न स्वास्थ्य आधिकार • गैरन्यायिक थुना/यातनाको भय	२०७७/१०/०२–१०/०८	पर्वत, म्याग्दी र बाग्लुङ	जम्मा ३ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न
३	• प्रहरीद्धारा यातना • .नेकपा माओवादीवाट धम्की, लुटपाट तथा विस्थापित–४ • .सेना तथा माओवादीबाट अमानवीय व्यवहार	२०७७/११/१९–२५	कास्की र तनहुँ	जम्मा ६ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न
४	• उपचारको अधिकारबाट वञ्चित • स्थानीय तहबाट उपभोक्ता अधिकारको हनन् • गैरराज्य पक्षबाट जातीय विभेद • न्याय-प्रशासन • गैरकानुनी थुना	२०७७/०९/२४–१०/०१	कास्की	जम्मा ५ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न

संवर्धनसम्बन्धी गतिविधिहरू

प्रदेश कार्यालय, पोखरा

क्र.स.	विषय	मिति	स्थान	सहभागिता	कैफियत
१	मानसिक स्वास्थ्यको अवस्था र प्रदेश तथा स्थानीय तहको भूमिका विषयक अन्तर्क्रिया/छलफल	२०७६/०४/२७	कास्की	प्रदेश र स्थानीय तहका जनप्रतिनिधि	
२	मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा अभिमुखीकरण	२०७६/०७/२८	कास्की	मानव अधिकार/ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मीहरू	
३	अन्तर्राष्ट्रिय अपाङ्गता दिवस	२०७७/०८/१८	तनहुँ जिल्ला	५० जना	
४	कोभिड १९ र मानव अधिकार रक्षाकको अवस्था सम्बन्धमा छलफल	२०७७ ०८/२४	कास्की	२८ जना	
५	७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस	२०७७/०८/२५	कास्की	८७ जना	
६	ज्येष्ठ नागरिकको अधिकारसम्बन्धी अभिमुखीकरण	२०७७/०८/२५	कास्की	२५ जना	

७	आप्रवासी कामदारको अधिकारसम्बन्धी छलफल	२०७७/०९/०३	कास्की	४५ जना	
८	नागरिकको स्वास्थ्य अधिकारको अवस्थासम्बन्धी छलफल	२०७७/०९/०९–१५	पर्वत, म्याग्दी, वाग्लुङ	७० जना	जम्मा ३ ओटा कार्यक्रम
९	व्यवसाय र मानव अधिकार सम्बन्धमा छलफल	२०७७/०९/२१	नवलपुर	४८ जना	
१०	तेस्रो अन्तर्राष्ट्रिय शिक्षा दिवसको सन्दर्भमा श्रवणविहीन बालबालिकाहरूको शिक्षामा पहुँचको अवस्थासम्बन्धी छलफल	२०७७/१०/०८	कास्की	५० जना	
११	परिचय तथा गण्डकी प्रदेशको मानव अधिकार अवस्थासम्बन्धी अन्तर्क्रिया कार्यक्रम	२०७७/११/८	कास्की जिल्ला	४५जना	मा.सदस्य मनोज दुवाडीको उपस्थिति
१२	१११ औं अन्तर्राष्ट्रिय नारी दिवस छलफल	२०७७/११/२४	कास्की	६१ जना	

सिफारिस

प्रदेश कार्यालय, पोखरा

१ उजुरी नं. ४१२, जीवनको अधिकार, गण्डकी प्रदेश कार्यालय, (मुस्ताङ्ग) । पीडितलाई आयोगको टोलीले मुस्ताङ कारागारमा भेटेको भन्ने तथ्य अनुसन्धान प्रतिवेदनबाट खुल्न आएकोले उजुरीको मागदावीमा भएको जस्तो आशंकाको सम्भावना हालमा नरहेको हुँदा केही गरिरहन परेन उजुरी तामेलीमा राख्ने ।

२ उजुरी नं. ४२६, प्रहरीद्वारा कुटपिट, गण्डकी प्रदेश कार्यालय, (कास्की) । पीडित र पीडक बिच मिलापत्र भइसकेकाले आयोगमा रहेको उजुरी टुङ्ग्याई दिन लिखित निवेदनसमेत दिएको हुँदा उजुरी लगतकट्टा गरी तामेलीमा राख्ने ।

३ उजुरी नं. १४५, अपहरण तथा यातना ,गण्डकी प्रदेश कार्यालय, (तनहुँ) । पीडित शिक्षाक पेसाबाट सेवा निवृत्त भई निजको पुरा परिवार अमेरिका बस्दै आएको र यातना पुष्टि हुने कुनै आधार प्रमाण मिसिल संलग्न नभएको, निज हालको अवस्थामा स्वस्थ्य रूपमा हिडडुल गर्न सक्ने भएको भन्ने स्थानीयको भनाइ रहेको भन्ने आयोगको अनुसन्धान प्रतिवेदनबाट खुल्न आएकोले उजुरी तामेलीमा राख्ने ।

४ उजुरी नं. ४०३, जातीय भेदभाव/अपहरण, गण्डकी प्रदेश कार्यालय, पोखरा, पीडित उजुरवाला जुद्धवीर दमाई (म्याग्दी) । यस विषयमा उच्च अदालत पोखरा बाग्लुङ्ग इजलासमा मुद्दा दर्ता भई

फैसलासमेत भइसकेको फायल संलग्न कागजातबाट देखिन आएकोले उजुरी तामेलीमा राख्ने ।

५ उजुरी नं. ७०५, माओवादीद्वारा सम्पत्ति कब्जा, गण्डकी प्रदेश कार्यालय, पोखरा, पीडित उजुरवाला सुदमबहादुर गुरुङ, कास्की । माओवादीद्वारा कब्जामा लिएको सामानहरू फिर्ता भई समस्या समाधान भइसकेकोले आयोगमा दर्ता भएको उजुरी टुङ्ग्याइदिन पीडितको लिखित निवेदन परेको हुँदा उजुरी तामेलीमा राख्ने ।

६ उजुरी नं. ३७६, प्रहरीद्वारा कुटपिट, गण्डकी प्रदेश कार्यालय, पोखरा, उजुरवाला पीडित गणेश बहादुर विष्ट, कास्की । उजुरीको सम्बन्धमा आयोगबाट भएको पहलबाट "हाल आफुमाथि कुनै किसिमको र्दुव्यवहार नभएको" र प्रहरी जवान पदबाट हवल्दार पदमा बढुवा भई जिल्ला प्रहरी कार्यालय कास्कीमा सेवामै रहेकोले आयोगमा दर्ता रहेको मेरो उजुरी तामेलीमा राखिदिनु भनी पीडितले लिखित निवेदन दिएको हुँदा उजुरी तामेलीमा राख्ने ।

७ उजुरी नं. ४१३, न्याय-प्रशासन, गण्डकी प्रदेश कार्यालय, पोखरा, उजुरवाला उक्तबहादुर पहारी, पीडित सुशिला कार्की, कास्की । यस विषयमा कास्की जिल्ला अदालतमा मुद्दा दर्ता भई विचाराधिन अवस्थामा रहेकोले आयोगमा दर्ता रहेको मेरो उजुरी टुङ्ग्याइदिन भनी पीडितको दाजु तथा उजुरवाला उक्तबहादुर पहारीले लिखित निवेदनसमेत दिएकोले उजुरी तामेलीमा राख्ने ।

८ उजुरी नं. ४६३, गैरकानुनी थुना, गण्डकी प्रदेश कार्यालय, पोखरा, उजुरवाला पीडित राजुराज अधिकारी, कास्की । पीडित भनिएका राजुराज अधिकारीलाई कानुनबमोजिम नै थुनामा राखिएको र थुनामा रहँदा कुनै यातना दिने तथा अमानविय व्यवहार नगरेको भन्ने व्यहोराको वडा प्रहरी कार्यालय, बैदामको पत्र र आयोगमा दर्ता रहेको उजुरी टुङ्ग्याइदिन पीडितले लिखित निवेदनसमेत दिएको देखिँदा उजुरी तामेलीमा राख्ने ।

९ उजुरी नं. ४०१, बालयौन दुर्व्यवहार, गण्डकी प्रदेश कार्यालय, पोखरा, आयोगबाट स्वयंम जानकारीमा लिएइक,ो पीडित सरस्वती आधारभुत विद्यालयमा कक्षा ४ र ५ का बालिका, म्याग्दी । यस सम्बन्धमा म्याग्दी जिल्ला अदालतमा मुद्दा दायर भई निज पीडक भनिएका शिक्षकलाई दोषी ठहर गरी फैसलासमेत भइसकेको देखिँदा केही गरी रहनुपरेन उजुरी तामेलीमा राख्ने ।

१० उजुरी नं. ४२८, बाल अधिकार/मानसिक स्वास्थ्य, गण्डकी प्रदेश कार्यालय, पोखरा, आयोगबाट स्वयंम जानकारीमा लिइएको, पीडित सुमिना लामगादे, म्याग्दी । राष्ट्रिय मानव अधिकार आायोगको गण्डकी प्रदेश कार्यालय पोखराको पहलबाट बालिका साङ्लोमुक्त भई हाल मानव सेवा आश्रम, पोखराले स्वास्थ्य जाँच, मानवोचित व्यवहार गरी पारिवारिक वातावरणमा नियमित सरसफाइ गराउने सन्तुलित भोजनको व्यवस्था, उचित आवास तथा पठनपाठनको लागि तयारी भइरहेको भन्ने आयोगको अनुसन्धान प्रतिवेदनबाट देखिन आएकोले केही गरी रहनुपरेन उजुरी तामेलीमा राख्ने ।

११ उजुरी नं. ४७७, सम्पत्ति क्षति, गण्डकी प्रदेश कार्यालय, पोखरा, पीडित उजुरवाला नेत्र बहादुर महत, (म्याग्दी) । जिल्ला प्रशासन कार्यालय म्याग्दीबाट रु. २९,५०,२८३।९० क्षति मूल्याङ्कन भई पीडितले रु. २,५६,५८२।- रकम पाएको मूल्याङ्कनबमोजिमको बाँकी रकम उपलब्ध

गराइदिनेतर्फ पहल गरी दिने भन्ने उजुरीको मागदावी रहेको देखियो । बाँकी रकम उपलब्ध गराउने सम्बन्धमा स्थानीय शान्ति समितिको कार्यालय म्याग्दीबाट शान्ति तथा पुनः निर्माण मन्त्रालयमा सिफारिस गरिएको कुरा स्थानीय शान्ति समितिको कार्यालय म्याग्दीको मिति २०७६/१०/१२ को पत्रबाट देखिन आएकोले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (४) बमोजिम केही गरिरहन नपर्ने हुनाले उजुरी तामेलीमा राख्ने ।

१२ उजुरी नं. ६७९, सुरक्षाकर्मीद्वारा हत्या, गण्डकी प्रदेश कार्यालय, पोखरा, उजुरवाला लोकबहादुर दर्जी ,पीडित सोमबहादुर परियार, पर्वत । घटनाको अनुसन्धान प्रतिवेदन तथा फायल संलग्न अन्य कागजातबाट पीडित सोम बहादुर परियारलाई सुरक्षाकर्मीले पर्वतको उल्लेरीस्थित एक पसलमा चाउचाउ खाँदै गर्दाको अवस्थामा सुरक्षाकर्मीले पक्राउ गरी लगी गोली हानी हत्या गरेको अनुसन्धान प्रतिवेदनबाट खुल्न आएको हँदा घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारसमक्ष लेखी पठाउने । पीडित सोमबहादुर परियारको परिवारले राज्य पक्षबाट मृत्यु भएबापत रु. १०,००,०००।- (दस लाख) राहत प्राप्त गरिसकेको देखिँदा त्यसतर्फ केही गरी रहनु परेन ।

लुम्बिनी प्रदेश कार्यालय, बुटवल

अनुगमन विवरण

क्र.स.	अनुगमनको विषय	अनुगमन मिति	स्थान	कैफियत
१	स्वास्थ्यको अधिकार .	२०७७/९/१–४	नवलपरासी र रुपन्देही	पृथ्वी चन्द्र अस्पताल, स्वास्थ्य कार्यालय, लुम्बिनी प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालय पाल्पा, तथा प्रहरी कार्यालयहरूको अस्पतालहरूमा अनुगमन सम्पन्न
२	स्वास्थ्यको अधिकार	२०७७/९/५–८	कपिलवस्तु	जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु अस्पताल, शिवराज अस्पताल र कृष्णनगर नगरपालिका स्वास्थ्य शाखामा अनुगमन
३	स्वास्थ्यको अधिकार	२०७७/९/१२–१५	पाल्पा र रुपन्देही	प्रदेश जनस्वास्थ्य प्रयोगशाला, पाल्पा अस्पताल, स्वास्थ्य कार्यालय पाल्पा, प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य निर्देशनालय, बुटवल विषेश कोरोना अस्पताल, बाल सुधार गृह, सामाजिक विकास मन्त्रालय तथा प्रहरी कार्यालयहरूमा अनुगमन
४	न्यायमा पहुँचको अवस्था	२०७७/१०/१४	शुद्धोधन गापा, रुपन्देही	
५	–आर्थिक सामाजिक अधिकार –आमहड्तालबाट अधिकार उपभोगमा परेको प्रभाव	२०७७/१०/२२	बुटवल, रुपन्देही	जम्मा २ वटा अनुगमन सम्पन्न
६	–स्वास्थ्यको अधिकार –कारागार/बाल सुधार गृहको अवस्था	२०७८/३/१–३	कपिलवस्तु र रुपन्देही	जम्मा २ वटा अनुगमन

७	बन्दाबन्दी खुलेपश्चात् विभिन्न सीमा नाकाहरूबाट अव्यवस्थित आवतजावत हुँदा जनजीवनमा परेको र पर्न सक्ने प्रभाव	२०७७/४/११- १३	नवलपरासी र रुपन्देही	
८	नेटुवा समुदायको आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार अवस्था	२०७८/१/६-७	कपिलवस्तु	
९	सीमा कोभिड १९ सङ्क्रमण जोखिम र व्यवस्थापन र मानव अधिकारको अवस्था	२०७८/१/१४	रुपन्देही, कपिलवस्तु, नवलपरासी, पाल्पा, अर्घाखाँची र गुल्मी	
१०	कोभिड १९ सङ्क्रमण र समग्र स्वास्थ्य अवस्था	२०७८/१/२३–२७	रुपन्देही, कपिलवस्तु, नवलपरासी, पाल्पा, अर्घाखाँची र गुल्मी	
११	निषेधाज्ञाको कार्यान्वयन र मानव अधिकार अवस्था	२०७८/०२/१९–२०	पाल्पा	
१३	कोभिड १९ र नागरिकहरूको स्वास्थ्य अवस्था	२०७८/०२/२८	कान्ति माविः बुटवल उमनपा ४, रुपन्देही	
१४	–कोभिड १९ को सङ्क्रमण र स्वास्थ्य अवस्था –सीमा क्षेत्रमा मानव अधिकारको अवस्था	२०७८/०२/२५–२७	पृथ्वीचन्द्र जिल्ला अस्पताल, नवलपरासी	जम्मा २ वटा अनुगमन
१५	–कोभिड १९ को दोस्रो सङ्क्रमणमा अस्पताल र बिरामीको समग्र अवस्था –कारागार/बाल सुधार गृहको अवस्था	२०७८/०३/०१–०३	कपिलवस्तु र रुपन्देही	जम्मा २ वटा अनुगमन
१६	–कोभिड १९ बाट सिर्जित अवस्था –बाढीपहिरोको कारण सिर्जित अवस्था	२०७८/०३/६–९	पश्चिम् नवलपरासी	जम्मा २ वटा अनुगमन
१७	स्वास्थ्यको अधिकार	२०७८/०३/१४–१७	कपिलवस्तु र रुपन्देही	

अनुसन्धान विवरण

प्रदेश कार्यालय, बुटवल

क्र.स.	अनुसन्धानको विषय	मिति	स्थान	कैफियत
१	• लुटपाट • क्षतिपुर्ति • कुटपिट • यातना • विस्थापित • न्याय-प्रशासन	२०७७/९/२१–२७	रुपन्देही र नवलपरासी	जम्मा ६ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न
२	• सम्पत्ति क्षति • यातना • रोजगारी • बम विष्फोट • हत्या	२०७७/१०/२८–११/४	अर्घाखाची	जम्मा ५ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न
३	• विस्थापित • धम्की • वेपत्ता • सम्पत्ति कब्जा	२०७७/११/२६–१२/३	अर्घाखाची	जम्मा ४ ओटा उजुरीमाथि अनुसन्धान सम्पन्न

संवर्धनसम्बन्धी गतिविधिहरू

प्रदेश कार्यालय, बुटवल

क्र.स.	विषय	मिति	स्थान	सहभागिता	कैफियत
१	बालविवाह र घरेलु हिंसा अन्त्यको लागि सरोकावालहरूको भूमिका विषयक सार्वजनिक सुनुवाइ/ अन्तर्क्रिया	२०७७/१२/२३	कपिलवस्तु	स्थानीय तह, प्रहरी, प्रशासन, बालक्लब, नगरपालिकाका कार्यसमितिका सदस्यहरूसहित महिला ३१ र पुरुष २९ गरी जम्मा ६० जना	
२	बालविवाहले बालबालिकाको स्वास्थ्यमा पार्ने असर विषयक अन्तरर्क्रिया	२०७७/१२/२५	रुपन्देही	गापा कार्यपालिका सदस्यहरू, आमा समूह, मानव अधिकारकर्मी, सञ्चारकर्मी, स्वास्थ्यकर्मी र प्रहरीसहित महिला ४४ पुरुष ४२ गरी जम्मा ८६ जना	

३	आयोगको छैटौं रणनीति योजना परामर्श तथा अन्तर्क्रिया	२०७७/१२/२६	रुपन्देही	प्रदेश मन्त्रालयका महाशाखा प्रमुखहरू गैसस, नागरिक समाज र सञ्चारकर्मीसहित महिला १४ र पुरुष २४ गरी जम्मा ३८ जना	
४	गुल्मी जिल्लाका नागरीकको स्वास्थ्य अधिकार उपभोगको अवस्था बिषयक अर्न्तक्रिया	२०७७/१२/३१	रुरुक्षेत्र गाउँपालिका, सभाकक्ष, गुल्मी	महिला स्वास्थ्य स्वयम सेविका, स्वास्थ्यकर्मी तथा जनप्रतिनिधि महिला १४ पुरुष १५गरी २ ९ जना	
५	गुल्मी जिल्लाका नागरीकको स्वास्थ्य अधिकार उपभोगको अवस्था बिषयक अर्न्तक्रिया	२०७८/१/३	धुर्कोट गाउँपालिका, सभाकक्ष, गुल्मी	महिला स्वास्थ्य स्यम सेविका, स्वास्थ्यकर्मी तथा जनप्रतिनिधि महिला १० पुरुष २१ गरी ३१ जना	
६	नागरिकको स्वास्थ्य अवस्था विषयक अन्तर्क्रिया	२०७८/२/१०	मर्चवारी रुपन्देही	जनप्रतिनिधि, पालिकाका कर्मचारी , स्वास्थ्यस्यम सेविका तथा नागरिक समाज महिला ४१ पुरुष ४९ गरी जम्मा ९०जना	
७	नागरिकको स्वास्थ्य अवस्था विषयक अन्तर्क्रिया	२०७८/२/११	गैडहवा, गापा रुपन्देही	जनप्रतिनिधि, पालिकाका कर्मचारी , स्वास्थ्यस्यम सेविका तथा नागरिक समाज महिला १५ पुरुष २५ गरी जम्मा ४० जना	
८	नागरिकको स्वास्थ्य अवस्था विषयक अन्तर्क्रिया	२०७८/२/१२	यशोधरा,गा.पा. कपिलबस्तु	जनप्रतिनिधि, पालिकाका कर्मचारी , स्वास्थ्यस्यम सेविका तथा नागरिक समाज महिला २७ पुरुष ३३ गरी जम्मा ६० जना	

अनुगमन विवरण

प्रदेश शखा कार्यालय, नेपालगञ्ज,

क्र.स.	अनुगमनको विषय	अनुगमन मिति	स्थान	कैफियत
१	सीमा नाकामा नेपालीको आवतजावत र कोभिड १९ को अवस्था	२०७७/०४/१२–१५	बाँके र बर्दिया	

२	आइसोलेसन वार्ड, क्वारेन्टाइन र स्वास्थ्य संस्थाहरूको अवस्था	२०७७/०५/१७	बाँके	
३	नेपाल मुस्लिम समाज बाँकेले समाजमा घटेका विभिन्न घटनाहरूको सम्बन्धमा प्रहरी प्रशासनले बेवास्ता/ लापरबाही गरेको भनी दिइएको नियमित धर्ना कार्यक्रम	२०७७/०६/१३	बाँके	
४	कोभिड १९, सीमा नाका, स्थानीय निकायको भूमिका र मानव अधिकार अवस्था	२०७७/०९/०३–०६	बाँके र बर्दिया	
५	सरकारसँग शिक्षा, स्वास्थ्य, आवास, रोजगारी आदिको माग राखी वादी समुदायबाट आयोजित धर्ना कार्यक्रम	२०७७/११/१८–२०	सुर्खेत	
६	घरेलु हिंसा न्यूनीकरणमा सरोकारवालाहरूको भूमिका	२०७७ /१२/२३–२६	बाँके र बर्दिया	
७	कोभिड १९ र त्यसबाट परेको प्रभाव	२०७८/०१/०२–०५	बाँके र बर्दिया	
८	कारागार/ कोभिड अस्पताल/ सम्बन्धित सरकारी निकायहरूबाट प्रवाहित सेवा सम्बन्धमा	२०७८/२/१३– १८	बाँके र बर्दिया	

अनुसन्धान विवरण

प्रदेश शखा कार्यालय, नेपालगञ्ज,

क्र.स.	अनुसन्धानको विषय	मिति	स्थान	कैफियत
१	–न्याय-प्रशासन–२ –सुरक्षाकर्मीबाट पक्राउपछि बेपत्ता–५ –बलत्कार –बेपत्तापछि हत्या –दोहोरो भिडन्तमा मृत्यु –सेनाले बिछ्याएको एम्बुसमा परी मृत्यु	२०७७/१०/१९–२५	बाँके/बर्दिया बाँके/बर्दिया बाँके बर्दिया बाँके	जम्मा ११ उजुरीमाथि अनुसन्धान सम्पन्न
२	–सुरक्षाकर्मीबाट पक्राउपछि बेपत्ता -४ –सुरक्षाकर्मीबाट यातना ७ –प्रहरीबाट धम्की –माओवादीबाट हत्या –सुरक्षाकर्मीबाट हत्या २ –ज्यानमार्ने धम्की	२०७७/११/१२–१७	बाँके र वर्दिया	जम्मा १६ उजुरीमाथि अनुसन्धान सम्पन्न

३	–हत्या–९ – अपाङ्गताको हैसियता प्राप्त गर्ने सुविधाबाट वञ्चित	२०७७/११/१६-२६	बर्दिया	जम्मा १० उजुरीमाथि अनुसन्धान सम्पन्न
४	–गैरकानुनी थुना –बेपत्ता–२ –हत्या–३ –अपहरण –न्याय-प्रशासन–९ –विस्थापित	२०७७/११/२१–२७	बाँके	जम्मा १७ उजुरीमाथि अनुसन्धान सम्पन्न
५	–धम्की –यातना–६	२०७७/१२/१०	बाँके	जम्मा ७ उजुरीमाथि अनुसन्धान सम्पन्न

प्रदेश शाखा कार्यालय, नेपालगञ्ज,

सम्बर्द्धन गतिविधिहरु

क्र.स.	विषय	मिति	स्थान	सहभागिता	कैफियत
१	अन्तराष्ट्रिय बेपता दिवसको अवसरमा रक्तदान	२०७७/५/१४	नेपालगञ्ज, बाँके,	महिला २२ र पुरुष ३४ गरी ५६ जना	
२	४० औँ विश्व खाद्य दिवसको अवसरमा हाम्रो पहल दिगो कृषि पोषिलो आहार विषयक अन्तर्क्रिया	२०७७/०६/२८	नेपालगञ्ज, बाँके	महिला १० र पुरुष २० गरी ३० जना	
३	मानव अधिकारका अवस्था विषयक छलफल	२०७७/०८/१९	आयोगको सभा हल, नेपालगञ्ज	मानव अधिकार सञ्जालसमेत ३९जना	
४	द्वन्द्वपीडित तथा एकल महिलाको मानव अधिकार अवस्थाबारे छलफल	२०७७/०८/२२	आयोगको सभा हल, नेपालगञ्ज		
५	कानुनव्यवसायीको मानव अधिकार अवस्थाबारे छलफल	२०७७/०८/२३	आयोगको सभा हल, नेपालगञ्ज		
६	७२ औँ अन्तराष्ट्रिय मानव अधिकार दिवस	२०७७/०८/२५	बाँके	८३ जना	
७	मानव अधिकार दिवसको समीक्षा बैठक	२०७७/०८/२९	आयोगको सभा हल, नेपालगञ्ज	१६ जना	

८	विश्व आप्रवासी कामदारको मानव अधिकार र सञ्चारकर्मीहरूको भूमिका विषयक अन्तरक्रिया	२०७७/०९/३	आयोगको सभा हल, नेपालगञ्ज	विभिन्न अल्पसंख्यक समूदायको प्रतिनिधिहरू र मानव अधिकार सङ्घ सँस्थाका प्रतिनिधीहरू	
९	विश्व सामाजिक न्याय दिवसको सन्दर्भमा पछाडि पारिएका समुदायको मानव अधिकार संरक्षण तथा संवर्धनमा सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया	२०७७१/११/७	आयोगको सभा हल, नेपालगञ्ज	२६ महिला १७ पुरुष तथा २६ महिला गरी ४३ जना	
१०	अपाङ्ग महिलाको मानव अधिकारको अवस्था	२०७७/११/२३	बाँके		
११	घरेलु हिंसा न्यूनीकरणमा सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया/ छलफल	२०७७/१२/२३	बाँके		केकासँग समन्वय
१२	विश्व स्वास्थ्य दिवसको सन्दर्भमा स्वास्थ्यको अधिकार र मानव अधिकार विषयक अन्तरक्रिया	२०७७/१२/२८	बैजनाथ गापा .१, बाँके		
१३	कोभिड १९ महामारीको सन्दर्भमा मा.अ. संरक्षण कार्यविधि २०७८ सम्बन्धमा छलफल	२०७८/०३/११	बाँके		भर्चुअल माध्यम

सिफारिस

प्रदेश कार्यालय, बुटवल

१ उजुरी नं. २४९, सम्पत्तिको हक, लुम्बिनी प्रदेश कार्यलय, बुटवल (कपिलवस्तु) । प्रस्तुत उजुरीका सम्बन्धमा जबरजस्ती कब्जा गरी बसेको भनिएको सेवाको व्यारेक अन्यत्र सारी सकिएको र उजुरकर्ताले जग्गाको भाडा वापतमा रकम बुझी सकेको देखिँदा तामेलीमा राख्ने ।

